

२९०

# भक्तपुर मासिक

Bhaktapur Monthly

पुस २०७७

ISSN 2705-4454

# भक्तपुर नगरपालिकाको
# ७१ औँ स्थापना दिवस

- 'प्रधानमन्त्रीलाई विशेषाधिकार दिइनुपर्छ'
- 'निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएको वचन पूरा गर्न हामी प्रयासरत छौँ'
- नेपाल भाषा उत्पत्तिकालदेखि नै उपेक्षित र उत्पीडित
- 'रगतको समुद्र'को कथा
- भक्तपुर दरबार क्षेत्रका ऐतिहासिक स्मारकहरू
- ज्यापू जातिको बालककालीन संस्कारहरू
- मल्लकालीन आर्थिक तथा सामरिक गढ वाभुँ
- भक्तपुर नगरपालिकाका गतिविधिहरू

# भक्तपुर नगरपालिकाको ७१ औं स्थापना दिवस (पुस २ गते)






भक्तपुर नपाको ७१ औँ स्थापना दिवसमा मञ्चासीन
अतिथिहरू (माथि) र सहभागी अतिथिहरू

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ̀{ #* ✯ cÆ @ ✯ g}; ≢!!$! ✯ lj=; ≢@)&&k'; ✯ A.D.2021

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**'मानिस ठीक त्यही मात्रामा महान् बन्दछ, जुन मात्रामा ऊ मानव कल्याणको लागि श्रम गर्छ ।' – सुकरात**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | 'प्रधानमन्त्रीलाई विशेषाधिकार दिइनुपर्छ' | नारायणमान बिजुक्छेँ | ३ |
| २) | 'निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएको वचन पूरा गर्न हामी प्रयासरत छौँ' | सुनिल प्रजापति | ८ |
| ३) | नेपाल भाषा उत्पत्तिकालदेखि नै उपेक्षित र उत्पीडित | प्रा. माणिकलाल श्रेष्ठ | ११ |
| ४) | तराईमा पुनः किसान आन्दोलनको आवश्यकता | विवेक | १४ |
| ५) | भक्तपुर दरबारक्षेत्रका जीर्ण, भग्न एवं लुप्त भइसकेका ऐतिहासिक स्मारकहरू | डा. बलराम कायस्थ | १६ |
| ६) | मल्लकालीन आर्थिक तथा सामरिक गढ वाभुँ | ओम धौभडेल | २० |
| ७) | ज्यापू जातिको बालककालीन जीवनमा गरिने विभिन्न संस्कारहरू–३ | डा. हरिराम सुवाल | २३ |
| ८) | उत्साहित पार्नुपर्ने उखु कृषकलाई भगाउँदै उखु उद्योग | सबिन ख्याजु | २६ |
| ९) | किम इल सङको संस्मरण : शताब्दीका साथ – भाग ९ (२) | – | २९ |
| १०) | भक्तपुर नपाको स्थानीय पाठ्यक्रम-केही चर्चा | कृतिका प्रजापति | ३४ |
| ११) | प्रकृतिको चिहानमाथि समृद्धिको महल | डा. मेरी डेसन | ३६ |
| १२) | भक्तपुर नपा कार्यपालिकाको बैठक निर्णय | – | ४१ |
| १३) | ख्वपको धिमे बाजाको बोल | इन्दिरा लाछिमस्यु | ४९ |
| १४) | भक्तपुर नगरपालिकाको ७१ औँ स्थापना दिवस | – | ५१ |
| १५) | 'संसद विघटन स्वाभाविक कदम' | नारायणमान बिजुक्छेँ | ५४ |
| १६) | उखु किसानको आन्दोलनप्रति नेमकिपाको ऐक्यबद्धता | – | ५४ |
| १७) | प्रमुख र उपप्रमुखद्वारा शिशुस्याहार तथा बालविकास केन्द्रहरूको निरीक्षण | – | ५५ |
| १८) | कक्षा सञ्चालनबारे प्रधानाध्यापकहरूसँग बैठक | – | ५५ |
| १९) | प्रतिनिधिसभा संसदीय समितिबाट प्रदूषण गर्ने उद्योगहरूको अनुगमन | – | ५६ |
| २०) | भूकम्प पीडितहरूलाई रु. १० लाख अनुदान दिनुपर्ने | – | ६१ |
| २१) | कक्षा ११ को पाठ्यक्रमको अन्योल अन्त्य गर्न नेक्राविसङ्घको माग | – | ६२ |
| २२) | गोविन्दप्रसाद लोहनीको निधन | – | ६३ |
| २३) | 'उपत्यकामा आधुनिक सहरको विकास गर्ने नेपाल सरकारको योजना समयसापेक्ष छैन' | प्रमुख प्रजापति | ६५ |
| २४) | विद्यालय सञ्चालन गर्ने बारे छलफल | – | ६७ |
| २५) | नगर प्रमुख र उपप्रमुखद्वारा विद्यालयहरूको निरीक्षण | – | ६८ |
| २६) | नेकपा विभाजन सिद्धान्त नभई सत्ता र व्यक्तिगत स्वार्थबाट | प्रमुख प्रजापति | ६९ |
| २७) | भक्तपुर नपाबाट अपाङ्गता सहायक सामग्री वितरण | – | ७० |
| २८) | रानीपोखरी पुनःनिर्माणसम्बन्धी प्रतिवेदन हस्तान्तरण | – | ७३ |
| २९) | लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सम्पन्न | – | ७४ |
| ३०) | भक्तपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईलाई स्वागत | – | ७६ |
| ३१) | प्रमुख प्रजापतिसित प्रधानको भेट | – | ७९ |
| ३२) | कोभिड सङ्क्रमितको शव व्यवस्थापनमा महिला सैनिक | – | ८० |
| ३३) | चिनियाँ छाङ अ-५ को सफल चन्द्र अभियान | – | ८२ |
| ३४) | संवैधानिक 'कू' कस्तो हुन्छ ? (सम्पादकको पृष्ठ) | – | ९२ |

**साथमा** : आफन्तीको कथा-१९/बसिबियाँलो-२९/भक्तपुरमा कोरोना सङ्क्रमितको विवरण-३५/तस्बिरमा केही गतिविधि (रंगीन पृष्ठ)-४५/सम्यक महादान पर्व औपचारिकतामा सीमित गर्ने-५८/जिल्ला प्रशासनलाई भक्तपुर नपाका कर्मचारीहरूको निवेदन-५९/सैनिक महाविद्यालयको ४३ औँ वार्षिकोत्सव-६१/भक्तपुर नपाबाट मल बिक्रेताहरूको अनुगमन-६२/दुईतिहाइको प्रतिनिधिसभा विघटन-६४/भक्तपुर सल्लाघारीदेखि नगरकोट जाने वैकल्पिक मार्गको स्थलगत निरीक्षण-६४/कलेज सञ्चालनबारे प्राचार्यहरूसँग बैठक-६६/बजार अनुगमन-६८/स्वास्थ्य मापदण्ड पालना गरी कक्षा सञ्चालन गर्न प्रधानाध्यापकहरू प्रतिबद्ध-७१/पुस १ गतेबाट आंशिक कक्षाहरू सञ्चालन-७१/तार तथा केबुलहरू व्यवस्थापन सम्बन्धी बैठक-७२/भक्तपुरका कीर्तिमानी खेलाडी राजेशलाई विश्वकपमा रजत प्राप्त-७५/प्रकोप व्यवस्थापनलाई सहयोग जारी-७६/उत्कृष्ट स्वयंसेविका पुरस्कृत-७७/भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. विष्णुदत्त पौडेललाई बधाई तथा स्वागत-७८/भक्तपुर साना उद्योग क्षेत्रमा पीडितको धर्ना-७८/उपभोक्ता समिति गठन-८१/बढ्यो सगरमाथाको उचाइ-८४/नेपालमा कोरोना सङ्क्रमण-८५/विश्वमा कोभिड-१९ को स्थिति-८६/स्थानीय सरकार सञ्चालन ऐन २०७४ (१४)-८८/SKETCHES FROM NIPAL (56) -Henry Ambrose Oldfield-90।

संवाद



# "प्रधानमन्त्रीलाई विशेषाधिकार दिइनुपर्छ"

## – नारायणमान बिजुक्छें

संविधानमा सबै कुरा लेखेर साध्य हुँदैन।

प्रतिनिधिसभा पुनर्स्थापना भयो भने गञ्जागोल हुन्छ।

वैशाखमा चुनाव भएन भने सरकारको नेतृत्व फेर्नु हुँदैन।

(समसामयिक राजनीतिक विषयवस्तुमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँसँग अन्नपूर्ण पोस्ट्का **अखण्ड भण्डारी** र **शम्भु कट्टेल**ले गरेको कुराकानीको सम्पादित अंश)

**प्रश्न** : *प्रधानमन्त्रीद्वारा भएको प्रतिनिधिसभा विघटनको धेरैले विरोध गरिरहेका छन्; तपाईंले भने समर्थनमा अभिव्यक्ति दिँदै आउनुभएको छ । यो कदम ठीक लाग्नुको कारण के हो ?*

**बिजुक्छेँ** : कामै गर्न नसक्ने स्थितिमा देशलाई बसाइराख्नु हुँदैन । उपाय पनि छैन अरू । संविधान बनाउने बेलैमा हामीले प्रधानमन्त्रीलाई विशेषाधिकार दिइनुपर्छ भनेका थियौँ । उहाँहरू (तत्कालीन ठूला दल) ले कुन समझदारीमा उल्टो पार्नुभयो, थाहा भएन । संसारका कुनै पनि देशमा राष्ट्रपति र प्रधानमन्त्रीलाई विशेषाधिकार नदिइएको हुँदैन । नत्र सरकारले कामै गर्न सक्दैन । हामीकहाँ ६–७ महिना त झगडैमा बित्यो । कुनै निर्णय हुन पाएन । उहाँहरूका मनमा फेरि–फेरि प्रधानमन्त्री बन्ने भन्ने थियो होला । त्यसो हुँदा हरेक एक–डेढ वर्षमा प्रधानमन्त्री फेरिने भए । पार्टीका सबै प्रधानमन्त्री हुने भए । त्यसैले प्रधानमन्त्री केपी ओलीको विघटनसम्बन्धी निर्णयको औचित्य छ भनेको हो मैले ।

**प्रश्न** : *तर, संविधानमा त्यसको प्रस्ट व्यवस्था छैन नि ?*

**बिजुक्छेँ** : संविधानमा सबै कुरा लेखेर साध्य हुँदैन । अविश्वासको प्रस्ताव ल्याउनुपर्ने, ल्याएनन् । बहुमत पनि देखाएनन् । तर्साएरै, झगडा गरेरै प्रधानमन्त्रीले छाडोस् र आफू बन्न पाइयोस् भन्ने राम्रो खेल त थिएन । त्यसो भएकाले विघटनै बरु ठीक हो ।

**प्रश्न** : *प्रधानमन्त्री ओलीलाई त्यस्तो के बाध्यता आइलाग्यो जसले संसद् भङ्ग गर्न बाध्य पार्‍यो ?*

**बिजुक्छेँ** : कुर्सीको खेलले भङ्ग गर्‍यो । एउटा मेचलाई दुईतिरबाट तानियो । संसद् भङ्ग हुने परिस्थिति बन्नुमा कुनै सैद्धान्तिक आधार छैन । त्यसैले त म यिनीहरूलाई कम्युनिस्ट हैनन् भन्दै आएको छु ।

**प्रश्न** : *आफ्नो विकल्प खोज्नेबित्तिकै संसद् नै भङ्ग गर्न मिल्छ ?*

**बिजुक्छेँ** : यो कसरी थाहा पाउने ? अहिले पद र पैसामा राजनीति भइरहेको छ । सिद्धान्तमा राजनीति भएकै छैन । विभाजित भएकाहरूको पनि केही टुङ्गो छैन । मन्त्री पद र पैसामा राजनीतिक कित्ता परिवर्तन गराइरहेका छन् । सिद्धान्तका आधारमा कार्यकर्ताहरू विभाजित भएका छैनन् । पैसा र पदको प्रलोभनमा कार्यकर्ता विभाजित भइरहेका छन् । दुवै पक्षलाई आफ्ना कार्यकर्ता को हुन् छुट्टयाउन कठिन छ ।

**प्रश्न** : *झन्डै दुईतिहाइ बहुमतको सरकार थियो; अब त स्थिरता हुन्छ भन्ने ठानिएको थियो; यस्तो संसद् पनि बीचमा भङ्ग गरिएपछि मुलुक पछाडि धकेलिँदैन ?*

**बिजुक्छेँ** : पछाडि त बहुमत नआए पनि धकेलिन्छ । दुईतिहाइ बहुमत आए पनि धकेलिन्छ । सबै कुरा छैन हाम्रो आफ्नो हातमा । बाहिरबाट प्रभाव पार्ने भएकाले समर्थन गरिदिएकाले दुईतिहाइ भयो । फर्काइदे भन्ने हो भने फेरि फर्काइदिन्छ । हामी आफ्नै खुट्टामा छैनौँ । सत्य कुरा यही हो ।

**प्रश्न :** *त्यसो भए नेकपाको झगडा किन र केका लागि होलाजस्तो लाग्छ ?*

**बिजुक्छैँ :** हामीले अखबार हेर्दा झगडा भएको छ, झगडा भएको छ भन्छ । कुरा मिल्छ, फेरि सामसुम हुन्छ । ठेक्कापट्टाका कुरामा आएर फेरि झगडा हुन्छ । त्यसमा पनि ल त भन्यो, कुरा मिल्छ । यी सबै कुरा हेर्दा यिनीहरूका झगडा पैसाको पछाडि हो, सैद्धान्तिक होइन, राजनीतिक होइन । सैद्धान्तिक भए त सैद्धान्तिक ढङ्गले जानुपर्छ । सरकारकै कुरा गर्ने हो भने सरकारले बजेटमा केलाई प्राथमिकता दिने, त्यो आएन । केही नआउने, झगडा हुने । केही दिनपछि मनोनीतहरू हुने, नियुक्तिहरू हुने हुन्छ । सकिन्छ ।

**प्रश्नः** *सरकारले काम गर्नै नसकेर झगडा भएको पो हो कि ?*

**बिजुक्छैँ :** बितन्डता भएपछि काम गर्न सक्दैन । सरकारले काम गर्न नसक्नु भनेको प्रधानमन्त्री केपी ओलीको मात्रै बेइज्जतीको कुरा होइन । अरू जो अध्यक्ष भएका छन् वा केन्द्रीय समिति, पोलिटब्युरोमा छन्, सबै जिम्मेवार छन् यसमा । ओली एकजनालाई दोष दिएर हुँदैन । मैले ओलीको पक्ष लिएको होइन । म त ओलीको धेरै आलोचक हुँ । यो साँचो कुरा भनेको हो । कम्युनिस्ट पार्टी भनेपछि जसरी आउनुपर्ने होस त्यसरी आएनन् । मैले त्यो भनेको हो ।

**प्रश्न :** *प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गरेसँगै नेकपा फुट्यो । त्यसले नेपाली कम्युनिस्ट आन्दोलन नै कमजोर भयो, होइन ?*

**बिजुक्छैँ :** मैले त सधैँ भन्ने गरेको छु– यो भाइ–कांग्रेस हो, कम्युनिस्ट नै होइन । मेरो विचारमा त यसले खास केही असर पर्दैन । हाम्रै कतिपय साथीहरू छिटो क्रान्ति हुन्छ भन्दै लोभ देखाएर ताने । कालिकोट त झन्डै आधा लगे । हामीलाई जान्छौँ भनेर उनीहरूले सोधेका थिए । 'जानुहोस् तर गलत बाटोमा जानुभयो' भनिदियौँ ।

**प्रश्न :** *के आधारमा भाइ कांग्रेस भन्नुहुन्छ ? कम्युनिस्टमा हुनुपर्ने गुण छैन र नेकपामा ?*

**बिजुक्छैँ** : नेकपासँग कम्युनिस्टको चरित्रै छैन । जनता र कामदार वर्गको सेवा गर्ने भाव छैन । उदाहरणका लागि कम्युनिस्टको सरकार आएपछि भूमिसुधार गर्नुपर्ने, मजदुरलाई तालिम दिनुपर्ने, आर्थिक समानताको निम्ति काम गर्नुपर्ने थियो; त्यो केही भएन । आफ्नो सरकार भएपछि त गर्न सकिन्छ नि । केही गऱ्यो ? केही गरेन तल्लो वर्गको निम्ति ! जनताको स्वास्थ्य अवस्था सुधार्नुपर्ने थियो । कम्युनिस्टको मुख्य चरित्र नै त्यही हो । शिक्षालाई निःशुल्क गर्नुपऱ्यो । शिक्षकलाई तालिम दिनुपऱ्यो । यस्तो केही भएन । आफ्ना छोराछोरीलाई विदेश डाक्टर पढ्न पठाउने तर जनताका योग्य छोराछोरीलाई नपठाउने । जिल्ला जिल्लामा महिला चिकित्सकहरू उत्पादन गर्ने योजना ल्याउन सकेनन् । अनि यिनीहरूलाई कसरी कम्युनिस्ट भन्ने ?

**प्रश्न :** *तपाइँलाई के लाग्छ, नेकपाका नेताहरूको पुनर्मिलन हुन सक्ला ?*

**बिजुक्छैँ :** आजको अखबार हेर्दा ओलीजीले 'तपाइँहरू किन यसरी बस्नुहुन्छ ? आउनुहोस् कुरा गरौँ' भन्नुभएको छ– 'मिटिङमा नआई बाहिर कुरा नगर्नुहोस्, मैले तपाइँहरूलाई पार्टीबाट हटाएको छैन ।'

**प्रश्न :** *भनेपछि आउने सम्भावना देख्नुहुन्छ ?*

**बिजुक्छैँ** : खोइ के होला ? जसले उचालेको छ; उसले भनेपछि आउने पो होलान् कि ? केही ठेगान छैन । जुन झगडा बाहिर आयो; त्यसमा सैद्धान्तिक वा नीति विषय देखिन्न त्यो झगडा त केटाकेटीको गुच्चा खेल्दाको जस्तो छ ।

**प्रश्न :** *नेकपा झगडामा आन्तरिक कलह मात्र होला कि कुनै अन्तर्राष्ट्रिय चलखेल पनि कारक हुन सक्छ ?*

**बिजुक्छैँ** : त्यो पनि सँगै रहन्छ । जस्तो कि प्रचण्डजीलाई हामीले उतिबेलै भनेका हौँ– भारतले भनेको मान्नुभयो भने हामी (नेपाली) सकिन्छौँ, मान्नुभएन भने तपाइँहरू सकिनुहुन्छ । अहिले देखिरहनुभएको छ ।

**प्रश्न :** *भूराजनीतिक प्रभाव कुनै न कुनै घटनामा कुनै न कुनै रूपमा परेकै हुन्छ । पछिल्लो घटनामा त्यो प्रधान हो कि गौण ?*

**बिजुक्छैँ** : ओलीजीहरू दौडादौडमा लागेकाले हेर्दा बाहिरी प्रभाव प्रधान देखिन्छ । बाहिरकै हावा हो यो । बैठकमा तार्किक ढङ्गले केही हुँदैन भनेको हुन्छ । बाहिर आएपछि आफूभन्दा बलियो शक्तिले 'कहाँ हुन्छ यो, ठेल्' भनिदिन्छ । भोलिपल्टै झगडा भइहाल्छ । अर्को कुरा हिन्दु राजा बनाउने भन्नेबारे भारतमा पनि धेरै चर्चा चलेकै हो । राजालाई पुनर्स्थापना गर्न एउटा पक्षलाई हात लिने काम भयो । पहिल्यै भारतमा हामी जाँदा एक मात्र हिन्दु राजा भन्दै 'तपाइँको राजा त हाम्रो पनि राजा हो' भन्थे । राजा त्रिभुवनलाई समेत फसाउन खोजेकै हो । प्रचण्डजस्तो भावुक मान्छे फस्नु कुन ठूलो कुरा हो ! पछि त उहाँले भन्नुभयो, 'मेरो ज्यानको खतरा छ; माइनर म्यानेजमेन्टमा हात हाल्यो ।' कहाँ छाड्छ र छाड्दैन नि !

**प्रश्न :** *चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरू नेकपा मिलाउन आए भन्ने छ नि । तपाइँलाई के लाग्छ ?*



**बिजुक्छेँ** : नेकपा कम्युनिस्ट नै होइन । तर उनीहरूले आफूहरूलाई अन्तर्राष्ट्रिय जगतमा कम्युनिस्ट भनेर चित्रण गरेका छन् । चिनियाँ कम्युनिस्ट पार्टीले नेकपामा विभाजन आयो भन्ने थाहा पायो र त्यही कुरा बुझ्न आएको होला । छिमेकीका घरमा आगो लागेपछि के भयो भनेर हेर्ने भयो । त्यही भएर चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरू आएका होलान् । चिनियाँ कम्युनिस्ट पार्टी र नेकपाको सम्बन्ध त छ तर अमेरिका, भारतको जस्तो नेपालमा चिनियाँहरूको सामाजिक आधार छैन । अमेरिका र भारतलाई जस्तो थाहा हुने गर्दैन । चीनलाई नेपालमा सरकारी स्तरबीचको वास्तविकता मात्र थाहा हुन्छ ।

**प्रश्नः** *चिनियाँ कम्युनिस्ट पार्टीले नेकपाको विवाद मिलाउला त ?*

**बिजुक्छेँ** : मिलाउन सक्दैन । तिमीहरूलाई के थाहा छ हाम्रो कुरा भनेर उल्टै नेकपाका नेताहरू चिनियाँलाई भन्छन् ।

**प्रश्न** : *तपाईंले हिन्दु राजाको कुरा गर्नुभयो; संविधानमा भारतको जुन असन्तुष्टि थियो त्यसकै बाछिटा अहिले आइपुगेको भन्न खोज्नुभएको हो ?*

**बिजुक्छेँ** : त्यो पनि होला । उनीहरूसँग नसोधी केही नबोलोस् भन्ने हुन्छ । जस्तो– पहिला माओवादी र राजावादीको बेलायतमा भेटघाट हुने थियो । एमाओवादीहरू हामी भारतबाटै पासपोर्ट लिन्छौँ भन्ने भयो । नक्कली पासपोर्ट लिएर जाँदा दक्षिण भारतमै पक्राउ पऱ्यो । पछि बुझ्दा बाबुरामको काम रहेछ । बाबुरामको टाउकाको मोल तोकेको बेला थियो । भनेपछि सबै भारतले मिलाएको रहेछ । सबै कुरा उताबाटै आउने रहेछ ।

**प्रश्न** : *सबैभन्दा ठूलो सत्तारूढ दल फुट्नु; प्रतिनिधिसभा भङ्ग हुनु र राजावादीले सङ्घीयता र व्यवस्थाविरोधी नारा लगाएर सडक तताउनु सँगसँगै हुनु के संयोग मात्र हो त ?*

**बिजुक्छेँ** : हाम्रो देशमा राजा नभई हुँदैन भन्ने राजावादीको जुन तर्क छ; संसारका सबैजसो राजा किन गए त त्यसो भए ? राजाका नाममा तलमाथि बस्ने अरूले रजाइँ गर्ने हुन् । कम्बोडियाका राजाले सोसलिस्ट कम्युनिटी खोले । उसबेला राजा ठीक थिए होलान्; अहिले विकल्प धेरै आए । अहिले नाडी छामेकोजस्तो गरेको होला दक्षिण र पश्चिमले ।

**प्रश्न** : *प्रतिनिधिसभा विघटनको विषय सर्वोच्चमा विचाराधीन छ; यसले संवैधानिक मान्यता पाउन पनि सक्छ र नपाउन पनि सक्छ; कुन अवस्थामा राजनीति कता जालाजस्तो लाग्छ तपाईंलाई ?*

**बिजुक्छेँ** : प्रतिनिधिसभा पुनर्स्थापना भयो भने गञ्जागोल हुन्छ । त्यसो भयो भने धेरै नोक्सान पुग्छ ।

**प्रश्न** : *कसरी ?*

**बिजुक्छेँ** : भाँडभैलो हुन्छ त्यहाँ । सदनमा फेरि झगडा चल्छ । निर्वाचन भयो भने नेपाली कांग्रेसले पनि सास फेर्ने मौका पाउँछ ।

**प्रश्न** : *निर्वाचन भयो भने पनि फेरि छानिएर आउने अनुहार त यिनै हुन्, होइन र ?*

**बिजुक्छेँ** : अब फरक हुन्छन् । हिजो प्रचण्ड कस्ता कमान्डर इन चिफ थिए, अहिले यो हालतमा छन् । सधैँ उही पात्र शक्तिमा हुन्छन् भन्ने छैन ।

**प्रश्न** : *अर्थात्, निर्वाचनको विकल्प छैन भन्न खोज्नुभएको हो ?*

**बिजुक्छेँ** : हो, निर्वाचन अपरिहार्य छ । अहिलेसम्म भित्री कुरा आएको छैन । पद र पैसाको कारणले यिनीहरूको झगडा भएको हो । त्यसैले संसद् पनि भङ्ग भयो । चुनाव गर्दा वास्तविक विषय बाहिर आउँछ । एउटा विश्वविद्यालयले केही हजारजनालाई राजनीतिक रूपले सचेत गर्छ । चुनावले लाखौँलाख जनतालाई सचेत गर्छ । हरेक गाउँमा, हरेक ठाउँमा, हरेक जिल्लामा चुनावले राजनीतिक कक्षा सञ्चालन गर्छ ।

**प्रश्न** : *वैशाखमा चुनाव भएन भने त्यसपछि वर्तमान सरकारको भविष्य के हुन्छ ?*

**बिजुक्छेँ** : त्यसबेला पनि वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीकै सरकारले निरन्तरता पाउँछ । वैशाखमा चुनाव भएन भने पनि त्यसपछि सरकारको नेतृत्व फेर्ने वैकल्पिक शक्ति खोज्नु हुँदैन । विगतमा चुनाव गराउन

प्रधानन्यायाधीशको अध्यक्षतामा सरकार गठन भयो। वैशाखपछि फेरि त्यस्तै प्रयत्न हुन सक्छ; त्यो राम्रो होइन। राजनीतिक शक्तिको विकल्प खोज्नु हुँदैन।

**प्रश्न :** *कोरोना खोप ल्याउन खर्च गर्ने बेलामा चुनाव गर्दा खर्च कसरी जुटाउने ?*

**बिजुक्छेँ :** इमानदारीपूर्वक हेर्ने हो भने एक वर्षमा हुने भ्रष्टाचारको सानो अंशले चुनाव गर्न सकिन्छ। भ्रष्टाचार रोक्नुपर्‍यो।

**प्रश्न :** *कोरोना खोपचाहिँ जनतालाई दिनु पर्दैन त सरकारले ?*

**बिजुक्छेँ :** कोरोना खोपको विषय फरक हो। त्यो पनि सरकारले उपलब्ध गराउनुपर्छ। खोपका कुरा छाड्नुहोस् न चुनावको कुरा गरौँ।

**प्रश्न :** *उसो भए चुनावका लागि पैसा कहाँबाट ल्याउने ?*

**बिजुक्छेँ** : सरकारले जुटाउँछ नि चुनावी खर्च। गएको चुनावमा विदेशीले धेरै पैसा दिए। तर, विदेशीले दिएको पैसा विगतमा महँगा गाडी खरिद गर्न खर्च भयो। त्यो पैसामा पनि भ्रष्टाचार भएको छ। अनावश्यक खर्च भएका छन्। राज्यले अनावश्यक खर्च र भ्रष्टाचार रोक्नुपर्‍यो।

**प्रश्न :** *चुनाव गर्न विदेशसँग पैसा माग्ने त ? त्योचाहिँ विदेशी हस्तक्षेप होइन ?*

**बिजुक्छेँ :** हामी विदेशीबाट पैसा मागेर राज्यले चुनाव खर्च जुटाओस् भन्ने पक्षमा छैनौँ। चुनाव गर्न विदेशी पैसा प्रयोग गर्नु हुँदैन। त्यसको हामी विगतदेखि नै विरोध गर्दै आएका छौँ। सरकारले आन्तरिक बजेटबाट खर्च जुटाउनुपर्छ।

**प्रश्न :** *सङ्घीय गणतन्त्रलाई कत्तिको बलियो देखिरहनुभएको छ ?*

**बिजुक्छेँ** : त्यस विषयमा पनि हामीले भनेका थियौँ– स्वायत्तता र विकेन्द्रीकरणको अधिकार दिने हो भने यो सङ्घीयताको आवश्यकता छैन भनेकै हो। सुनेको भए पो ? बाहिरबाट जे भन्छ, त्यही भयो। हाम्रो कुरा किन नसुन्ने ? हामीले त्यसै भनेनौँ होला, तर्क गरेका थियौँ होला। राज्य पुनर्संरचनाको म दुई वर्ष सभापति भएको थिएँ। महिलाहरूको अलग प्रदेश चाहिने भन्ने प्रस्ताव आयो। सोधेँ, 'लोग्ने मान्छे चाहिँदैन ?' उत्तर आयो, 'अहँ।' साँच्चै हो ? भन्दा 'हो' भने। त्यसो भए लेखेर दिनुहोस् भनेँ। गएर सोध्ने फेरि कहाँ भन्दा एनजीओमा। अर्को निस्कियो फेरि दलितको अलग्गै राज्य राख्ने भन्ने प्रस्ताव। कहाँ राख्नुहुन्छ ? भन्दा 'लुम्बिनी अञ्चलमा' रे। उनलाई पनि लेखेर दिनुहोस् भनेँ। खासमा जगै नभएका सबैलाई संविधानसभामा ल्याएपछि कहाँ गतिलो होस् ? यसमा कार्यकर्ता दोषी छैनन्; नेता नै दोषी छन्।

**प्रश्न :** *के होला त अब ?*

**बिजुक्छेँ :** घरि–घरि प्रणाली फेरिरहनु पनि ठीक हुँदैन। मनमा त नेकपा र कांग्रेस सबैलाई सङ्घीयता असहज भइरहेको हुन सक्छ। तर, मुखले भन्दैनन्। किनकि, संविधानविरुद्ध हुन्छ त्यो। मैले त उतिबेलै बारबार भनेको हुँ। सानो पार्टीले भनेको कुरा सुनेपछि उनीहरूको इज्जतै जाने भयो। भोग्दैछन्।

संविधानमा सबै कुरा लेखेर साध्य हुँदैन।
प्रतिनिधिसभा पुनर्स्थापना भयो भने गञ्जागोल हुन्छ।
संसद भङ्गहुने परिस्थिति बन्नुमा कुनै सैद्धान्तिक आधार छैन।
नेकपा भाइ कांग्रेस हो, कम्युनिस्ट नै होइन।
जसले उचालेको छ, उसले भनेपछि फेरि मिल्न आउने पो होलान् कि ?
नेकपा विभाजन बाहिरकै हावा हो।
प्रचण्डजस्तो भावुक मान्छे फस्नु कुन ठूलो कुरा हो !
तिमीहरूलाई के थाहा छ हाम्रो कुरा भनेर उल्टै नेकपाका नेताहरू चिनियाँलाई भन्छन्।
निर्वाचन भयो भने नेपाली कांग्रेसले पनि सास फेर्ने मौका पाउँछ।
वैशाखमा चुनाव भएन भने सरकारको नेतृत्व फेर्नु हुँदैन।
जनताको सेवा गर्ने भावना भित्रैबाट आउनुपर्छ।
नेताहरूमा सेवाभाव छैन। यी सबै विषयको छिनोफानो चुनावले गर्छ।
स्वायत्तता र विकेन्द्रीकरणको अधिकार दिने हो भने यो सङ्घीयताको आवश्यकता छैन भनेकै हो।

**प्रश्न** : *संविधानका मूल मर्म गणतन्त्र, सङ्घीयता र धर्म निरपेक्षता तीनओटैमाथि पछिल्लोपटक धावा बोल्ने काम भइरहेको छ; तपाइँले कसरी हेरिरहनुभएको छ ?*

**बिजुक्छैं** : तीनओटै कुरामा जनता र कार्यकर्ताले राम्ररी नबुझ्नेसम्म यस्तै हुन्छ । मैले भनेजस्तै स्विट्जरल्यान्डको संविधान ल्याएर पढाउँदा हुन्छ नि । एक हप्ता त हो । अमेरिका, भारत, सोभियत सङ्घ, फ्रान्सलगायत देशहरूका संविधान ल्याएर फरक छुट्याउने गरी सिकाउँदा के बिग्रन्छ ? केटाकेटीलाई हात्ती देखाए पनि गाई 'हो' भन्छ, गधा देखाए पनि गाई 'हो' भन्छ । छुट्याउनै सक्दैन नि । त्यस्तै भएको हो यहाँ । कतिसम्म भने नेपालको नामै फेर्ने रे । के राख्ने त भन्दा नयाँ मुलुक राख्ने रे । झन्डा पनि फेर्ने रे । किन फेर्ने ? राजा-महाराजाको रे । राजा-महाराजा आउनुभन्दा पहिल्यै थियो यो । बन्दुक बोकाउन त सजिलो छ, शिक्षित गराउन गाह्रो छ ।

**प्रश्न** : *तपाइँको घुमिफिरी आशय नेपाली राजनीतिको विग्रहको नायक पुष्पकमल दाहाल भन्न खोज्नुभएको हो ?*

**बिजुक्छैं** : प्रचण्ड त अगाडि राखिएका पात्र मात्र हुन्; भारतले गरेको संसारलाई थाहा भएकै कुरा हो । फेरि भारतका सर्वसाधारण यो माओवादी भनेको चीनले बनाइदिएको ठान्छन् । दिल्लीका सीमित ठूलाबडालाई मात्र थाहा छ खास कुरो । हामीले प्रचण्ड भन्ने व्यक्तिले भारतमै तालिम प्राप्त गरेको भन्दा कसैले पत्याउँदैनन् ।

**प्रश्न** : *कतै प्रचण्ड मन नपरेकै कारण यो परिस्थितिमा ओलीलाई साथ दिन पुग्नुभएको त होइन ?*

**बिजुक्छैं** : म हरेक विषयलाई राजनीतिक ढङ्गले हेर्छु । निर्वाचनजस्तो शुद्धीकरणको आन्दोलन केही छैन । अहिले मैले प्रचण्डको विरोध गरेँ भने मुद्दा लाग्न सक्छ । तर चुनाव भयो भने त प्रचण्डलाई समेत हराउन सक्छन् जनताले । त्यसैले राजनीतिक शुद्धीकरणका लागि पनि चुनाव आवश्यक छ । पप्पु कन्स्ट्रक्सनबाट कति खाएका छन् नेताहरूले । विभिन्न व्यवसायीबाट कति रकम नेताहरूले खाएका छन्; त्यो चुनावका क्रममा खुल्छ । जनताको सचेतताका लागिसमेत चुनाव राम्रो छ । चुनावले धेरै कुराको शुद्धीकरण गर्छ ।

**प्रश्न** : *गएको तीन वर्षमा यो सरकारले के गर्‍यो, के गरेन भन्ने लाग्छ तपाइँलाई ?*

**बिजुक्छैं** : धेरै काम भएको छैन । भारतमा कोरोना फैलनासाथ बोर्डरमा क्वारेन्टिन बनाउनुपर्ने थियो तर सरकारले केही सुनेन । हामीले सुरुमै नेपाल-भारत सीमा क्षेत्रमा स्वयंसेवक खटाऔँ भनेका थियौँ । सरकारले जनता मरे मरून् भन्यो, केही सुनेन । भनेको एउटा सुन्ने होइन सरकारले के गर्नु । तर, कोराना फैलिनुमा प्रधानमन्त्री ओली मात्र दोषी छैनन् । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) समेत दोषी छ । सरकारले गरेन, तर पार्टीले कोरोना महामारी रोक्न भोलेन्टियरहरू खटाउनु पर्दैन ? भोट मागेजस्तो घरघरमा गएर कोरोना महामारीबारे नेकपाका भोलेन्टियरले चेतना फैलाउनुपर्ने थियो तर पार्टीले त्यो गर्न सकेन । हाम्रा साथीहरूले चुनावमा मत मागेजस्तो घरघरमा गएर चेतना फैलाएका छन् । हामीले भन्दा सरकारले धेरै चेतना फैलाउन सक्थ्यो । सरकारले सेवाभाव नै देखाएन ।

**प्रश्न** : *कोरोना नियन्त्रणमा सरकार असफल भयो भन्न खोज्नुभएको ?*

**बिजुक्छैं** : हो, म त नेपाल कम्युनिस्ट पार्टी (नेकपा) लाई पनि दोष दिन्छु । सरकारले कोरोना रोकथाम गर्न सकेन भन्दैमा पार्टीले छाड्न मिल्थ्यो त ? पार्टी चुप लाग्न हुन्छ ? हामी त चुप लागेर बसेनौँ । सरकारलाई जनताको ध्यान छैन । लुटेर खाने बुद्धि छ नेताहरूको । जनताको सेवा गर्ने भावना भित्रैबाट आउनुपर्छ । नेताहरूमा सेवाभाव छैन । यी सबै विषयको छिनोफानो चुनावले गर्छ । व्यावहारिक कुरा गरेको हो मैले ।

**प्रश्न** : *चुनाव भयो भने तपाइँको पार्टी कसरी सहभागी हुन्छ ?*

**बिजुक्छैं** : हामीले चुनावलाई उपयोग गर्दै आएका छौँ । हाम्रो सङ्गठन विस्तार भएका सबै ठाउँमा लड्छौँ । सकेसम्म गाउँगाउँमा गएर प्रचार गर्छौँ । कांग्रेस, नेकपाको झगडा र यिनीहरूका वास्तविक चरित्र जनतामाझ पुर्‍याउँछौँ ।

**प्रश्न** : *प्रदेश सरकार फेरबदलका कुरा भइरहेका छन्; प्रदेशमा कसलाई सहयोग गर्नुहुन्छ ?*

**बिजुक्छैं** : त्यसबारे प्रदेशका अन्य पार्टीहरूसँग छलफल गर्छौँ । जसको तर्क राम्रो हुन्छ; जसले सत्य बोल्छ; उसैलाई सहयोग गर्छौँ । केन्द्रका भन्दा प्रदेशका कम्युनिस्टहरू तुलनात्मक रूपमा इमानदार छन् ।

**प्रश्न** : *अन्त्यमा, ४६ वर्षदेखि नेमकिपाको अध्यक्ष हुनुहुन्छ; नयाँ पुस्तालाई कहिले सुम्पिनुहुन्छ नेतृत्व ?*

**बिजुक्छैं** : पार्टीले जे निर्णय गर्छ; त्यो मलाई मान्य हुन्छ । सम्मेलनले निर्णय गर्नुपर्छ । म विस्तारै छाड्ने विचारमा छु । हाम्रो पार्टीमा केही विवाद छैन । पार्टी एक ढिक्का छ हाम्रो ।

तस्बिर : अशोक दुलाल

(अन्नपूर्णपोस्ट, पुस १९ मा प्रकाशित)

भक्तपुर नगरपालिकाको ७१ औं स्थापना दिवस

# 'निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएको वचन पूरा गर्न हामी प्रयासरत छौं'

– सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिका स्थापना भएको आज ७१ वर्ष पूरा भयो । २००६ सालमा स्थापना भएको नगरपालिका विभिन्न उतारचढाबबीच आजको स्थितिमा आइपुगेको छ । सांस्कृतिक नगरको पहिचान बोकेको भक्तपुर नगरपालिकाको विकास र प्रगति तथा यहाँका जनताको जीवनस्तर उठाउने जिम्मेवारी आज हाम्रो काँधमा आएको छ । निर्वाचित भएको साढे तीन वर्षको अवधिमा हामी जनप्रतिनिधिहरूले जनतालाई केन्द्रबिन्दुमा राखेर काम गर्दै आयौँ । निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएको वचन पूरा गर्न हामी कोसिस गर्दैछौँ । कामको सिलसिलामा भएका कमी कमजोरीहरूको आत्मसमीक्षा गर्दै अझ बढी जनताको सेवा गर्ने भावनाले काम गर्दैछौँ ।

२०७७ सालको विगत ८ महिना कोरोना महामारीबीच नै बित्यो । हामी अत्यन्तै जटिल, कठिन र प्रतिकूल अवस्थामा काम गर्दैछौँ । कोरोनाबाट जनतालाई बचाउनु अहिलेको हाम्रो पहिलो प्राथमिकता हो । भक्तपुर नगरपालिकाले कोरोना रोकथाम र नियन्त्रणको लागि जनतामा जनचेतना जगाउने, सङ्क्रमण हुन नदिन विभिन्न उपायहरूबारे जानकारी दिने र सङ्क्रमण भइहालेको अवस्थामा उपचार गर्नेसम्मको काममा जनतालाई सहयोग गर्दै आएको छ ।

विदेशबाट आएकाहरूका लागि क्वारेन्टाइनको व्यवस्था, नगरपालिकाकै ७५ शय्याको आइसोलेसन केन्द्र स्थापना, घर घरमा एकान्तवास बसेकाहरूका लागि उचित व्यवस्थापनलगायतका काममा भक्तपुर नगरपालिकाले सक्दो सेवा प्रदान गर्दै आएको छ । नगरपालिकाले विदेशबाट आएका १५६ जना र आइसोलेसन केन्द्रमा बसेका ९६ जनाको सेवा गरिसकेको छ भने आगामी दिनहरूमा पनि आवश्यकता अनुसार सहयोग गरिरहनेछ । नेपाल सरकारको स्वीकृतिमा हाल भक्तपुर नगरपालिकाले अस्पतालको वार्डभन्दा माथिल्लो र आइसियुभन्दा कम तहको २५ शय्याको एचडीयु (हाइ डिपेन्डेन्सी युनिट) सञ्चालनको तयारी गरिरहेको छ ।

यस चुनौतिपूर्ण घडीमा हामीले अत्यन्तै सचेततापूर्वक काम गर्दैछौँ । हालसम्म भक्तपुर नगरपालिका क्षेत्रभित्र कूल सङ्क्रमितहरू १७५५ जना पुग्यो भने १६५० जना निको भइसकेका छन् र हाल सक्रिय सङ्क्रमितहरू ६१ जना मात्र छ । हालसम्म जम्मा ४४ जनाको मृत्यु भइसकेको छ । कोरोना रोकथाम तथा नियन्त्रणको लागि जनस्तरबाट सहयोगको आह्वान गरिएकोमा आ. व. २०७७/७८ को साउनदेखि मङ्सिरसम्मको चार महिनामा विभिन्न सङ्घ–संस्थाबाट प्रकोप व्यवस्थापन कोषमा रु. ४० लाख ८० हजार ७ सय ५५ रूपैयाँ रकम जम्मा भएको छ । नगरपालिकाको आह्वानलाई स्वीकार गरी सहयोग गर्नुहुने सम्पूर्ण सङ्घ संस्था र महानुभावहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । कोभिड १९ रोग समुदाय स्तरमा फैलन नदिन एवं सङ्क्रमितहरूको उपचार, कन्ट्याक्ट ट्रेसिङ र आइसोलेसन व्यवस्थापनको लागि हालसम्म भक्तपुर नगरपालिकाले रु. २ करोड ३१ लाख ४३ हजार ९ सय गरिसकेको छ ।

जनताको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै भक्तपुर



नगरपालिकाले घरदैलो नर्सिङ सेवा, नगरका ठाउँ–ठाउँमा जनस्वास्थ्य केन्द्रहरू सञ्चालन गर्दै आएको छ । क्यान्सर अस्पताल, शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र र भक्तपुर अस्पतालजस्ता सङ्घ र प्रदेशअन्तर्गतका अस्पतालहरू पनि भक्तपुर नगरपालिका क्षेत्रभित्रै छन् । ती सबै अस्पतालहरूले जनताको सेवा गर्दै आएका छन् । भक्तपुर नगरपालिकाले रु. ७६ करोडको लागतमा ख्वप अस्पताल भवन निर्माण गर्दैछ । हाम्रै कार्यकालमा एक व्यवस्थित अस्पताल सञ्चालन गर्ने उद्देश्यकासाथ निर्माण कार्य तीव्र गतिमा अगाडि बढ्दैछ । हाल जनस्वास्थ्य केन्द्रहरूले दैनिक तीन चार सय बिरामीहरूको सेवा गर्दै आएकोमा अस्पताल सञ्चालनमा आएपछि अहिलेभन्दा धेरै बिरामीहरूको सेवा गर्न पाउनेछौँ ।

भक्तपुर क्यान्सर अस्पताल देशकै एक महत्त्वपूर्ण अस्पताल हो । नगरपालिकाले प्रदान गरेको जग्गामा एउटा गैरसरकारी संस्थाले आफ्नो निजी सम्पत्तिसरह प्रयोग गर्दै वर्षमा करोडौँको

भ्रष्टाचार गरिरहेको समाचार सार्वजनिक भयो । स्थानीय जनप्रतिनिधिको हैसियतले समाचारमा आएको विषयमा सत्यतथ्य बुझ्ने कोसिस गर्‍यौँ तर तत्कालीन व्यवस्थापन समितिका कोही पनि पदाधिकारी नगरपालिकासँग छलफल गर्न चाहेनन् । अस्पतालका अधिकांश स्वास्थ्यकर्मी र कर्मचारीहरूले नगरपालिकाले अस्पतालको संरक्षण गर्न आग्रह गरेपछि २०७६ साउन ३० गते नगरपालिकाका प्रमुखको संयोजकत्वमा समिति गठन गरी कार्य अगाडि बढाइयो । सर्वोच्च अदालतले नगरपालिकाद्वारा गठित समितिलाई काम नगर्न अन्तरिम आदेश दिएपछि हाम्रा औपचारिक बाटाहरू बन्द भए । जनताको सम्पत्ति संरक्षण गर्ने कार्यमा नगरपालिका चुप लागेर बसेन । २०७७ कार्तिकको अन्तिम साता नेपाल सरकार मन्त्रिपरिषद्ले भक्तपुर क्यान्सर अस्पताल गठन आदेश जारी गरी सङ्घीय सरकारअन्तर्गत सञ्चालन गर्ने निर्णय गर्‍यो । क्यान्सर अस्पतालको अरबौँको सम्पत्ति गैरसरकारी संस्था (एनजीओ) को हातबाट सार्वजनिक सम्पत्ति बनाउन सफल भयौँ । त्यस काममा स्थानीय जनताले निरन्तर साथ र सहयोग गर्नुभयो । सरकारको त्यस कदमलाई सकारात्मक रूपमा लिँदै अबका दिनमा जनताले सस्तो र गुणस्तरीय उपचार सेवाको निम्ति हामी निरन्तर लागि रहनेछौँ ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरिने श्वासप्रश्वास पुन:स्थापना केन्द्र र आयुर्वेदिक स्वास्थ्य सेवा केन्द्र पनि अन्तिम तयारीमा छन् । श्वासप्रश्वास केन्द्र कोभिडकै कारण उद्घाटन हुन सकिरहेको छैन भने आयुर्वेदिक स्वास्थ्य उपचार केन्द्र छिट्टै नै सञ्चालनमा ल्याइनेछ ।

**शिक्षा** :

शिक्षा मन्त्रालयले विद्यालयहरू सञ्चालनको जिम्मा स्थानीय तहलाई दिएपछि कोरोनाको कारण नौ महिनाअघि बन्द भएका विद्यालय र कलेजहरू चरणबद्ध सञ्चालनको तयारी गर्दैछौँ । लामो समय विद्यालय र कलेजहरू बन्द हुँदा लाखौँ विद्यार्थीहरूलाई नकारात्मक असर पर्ने सम्भावनालाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले वैकल्पिक शिक्षण विधिलाई पनि निरन्तरता दिँदै विद्यालय सञ्चालन गर्दै लाने नीति लिएको हो । तर सङ्घ सरकारका दुईवटा मन्त्रालय शिक्षा र स्वास्थ्य मन्त्रालयको बेग्लाबेग्लै निर्णयले स्थानीय तहहरूलाई अन्योल बनाइदिएको छ ।

स्वास्थ्य मापदण्डलाई पालना गरी विद्यालयहरू सञ्चालन गर्न शिक्षा मन्त्रालयबाट सबै स्थानीय तहको नाउँमा पत्र जारी गरेपछि धेरै स्थानीय तहहरूले कक्षा सञ्चालनको तयारी गर्दैछन् । मङ्सिर २६ गते स्वास्थ्य मन्त्रालयका प्रवक्ताले कक्षा सञ्चालनमा आपत्ति जनाउँदै पठनपाठन सुरु गर्दा सङ्क्रमण भए जिम्मेवारी कसले लिन्छ ? भनी अप्रत्यक्ष रूपमा कक्षा बन्द गर्न दबाब दिए । एउटै सरकारका दुई मन्त्रालयको परस्पर विपरीत निर्णयले लाखौँ विद्यार्थीहरू प्रभावित हुनेछन् । सङ्घ सरकारले अन्योलको स्थितिको तत्काल सुधार गर्न आवश्यक छ ।

**भक्तपुर औद्योगिक क्षेत्र स्थानान्तरण** :

भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित साना औद्योगिक क्षेत्रमा सञ्चालित केही उद्योगपतिहरूसँग नगरपालिकाको विवाद कायमै छ । उक्त औद्योगिक क्षेत्र २०३६ सालमा परम्परागत सीपमा आधारित हस्तकला उद्योग स्थापना गर्न जग्गा अधिग्रहण गरेको थियो । पछि ध्वनि, धुँवा र रसायन प्रदूषण फाल्ने उद्योगहरू स्थापना गरियो । जनताको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने टेक्सटायल, डाइङ, प्लाष्टिक र रङ्रोगन उद्योग हटाउन स्थानीय जनताले बारम्बार माग गरे । त्यहाँ स्थापित उद्योगहरूले वर्षौंदेखि नगरपालिकालाई कानुनबमोजिम तिर्नुपर्ने करसमेत तिरेका छैनन् । नगरपालिकालाई तिर्नुपर्ने झण्डै एक करोड रूपैयाँ कर समेत तिरेका छैनन् । नेपाल सरकारले २०७३/७४ को बजेटमा समेत उद्योगहरू काठमाडौं उपत्यकाबाहिर स्थानान्तरण गर्ने उल्लेख गरेको थियो । स्थानीय जनताको मागअनुसार उद्योगहरू स्थानान्तरणको लागि हामीले उद्योग राज्यमन्त्री, उद्योग क्षेत्र व्यवस्थापन समितिका पदाधिकारीसित पटक-पटक अनुरोध गर्‍यौँ । माननीय प्रेम सुवालज्यूले यसबारे निरन्तर पहल गरिरहनुभएको छ भने संसदीय समितिमा पनि उहाँले यस विषयमा कुरा उठाउनुभएको छ । उद्योग मन्त्रालयको तर्फबाट मन्त्रालयका सहसचिवको संयोजकत्वमा एउटा अनुगमन समिति गठन गरिएको छ भने संसदीय समितिको तर्फबाट पनि अर्को समिति गठन गरिएको जानकारी प्राप्त भएको छ । समिति गठन गरेर जनताको भावनालाई पन्छाउने काम नहोस्, समितिले जनताकै पक्षमा प्रतिवेदन दिने र त्यसको कार्यान्वयन हुनेमा हामी आशावादी छौँ ।

**रासायनिक मल अभाव** :

कृषिप्रधान देशमा खेतीको समयमा रासायनिक मल छैन भन्नुपर्दा सरकारमा बसेका मन्त्रीहरूलाई लाज लाग्नुपर्ने हो । मलको हाहाकार भएर जनता नगरपालिकामा डेलिगेसन आउन थालेपछि जनताको समस्याबारे कृषिमन्त्री घनश्याम भूषाल, साल्ट ट्रेडिङ कर्पोरेसन प्रा.लि. का प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठ र कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्धक सञ्चालक नेत्रबहादुर भण्डारीलाई भेटी यथाशक्य चाँडो मल आपूर्तिको लागि ध्यानाकर्षण गर्‍यौँ । तापनि हालसम्म सहज रूपमा मल उपलब्ध गराइएको छैन । समयमा रासायनिक मल दिन नसकेमा त्यसले राष्ट्रिय उत्पादनमा समेत प्रत्यक्ष असर पार्नेछ । यसबारे भक्तपुर नगरपालिकाले बारम्बार सम्बन्धित पदाधिकारीहरूको ध्यानाकर्षण गर्दै आएको छ ।

**ङातापोल्हँ जीर्णोद्धार कार्य** :

धेरै सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धारसँगै यो वर्ष प्रसिद्ध ङातापोल्हँ (पाँचतले) मन्दिरको जीर्णोद्धार सम्पन्न भयो । २०७६ साल कार्तिकबाट सुरु भएको जीर्णोद्धार कार्य २०७७ असार मसान्तमा सम्पन्न भयो । उक्त मन्दिर जीर्णोद्धारमा उल्लेख्य जनश्रमदान र आर्थिक तथा भौतिक सहयोग प्राप्त भएको

थियो । रु. ६५ लाख १३ हजारको लगत इष्टमेटमा मन्दिर जीर्णोद्धार कार्य शुरु गरिएकोमा रु. १५ लाख ४७ हजार आर्थिक सहयोग, ५ लाख ६३ हजारको भौतिक सामग्री सहयोग प्राप्त भयो भने ४१८७ जना नगरवासीहरूले श्रमदान गर्नु भएको थियो । सम्पदा पुन:निर्माण वा जीर्णोद्धारमा भक्तपुर नगरवासीहरूमा स्वयम्स्फूर्त रूपमा श्रमदान गर्ने भावना छ । यो भावनालाई निरन्तर जीवन्त राख्न प्रयास जारी राख्न आवश्यक छ । मन्दिर जीर्णोद्धारसम्बन्धी सम्पूर्ण विवरणसहितको पुस्तक निकाल्ने तयारी पनि गर्दैछौं ।

**सङ्घीयताबारे** :

सङ्घीयताको अर्थ अधिकार बाँडफाँड हो । नेपालको संविधानले नै सङ्घ, प्रदेश र स्थानीयको अधिकार विभाजन गरेको छ । तर सङ्घ र प्रदेश सरकार योजना छनोटदेखि कर्मचारी नियुक्तिसम्म सम्पूर्ण क्षेत्रमा हात हाल्दैछन् । विशेष र स:शर्त अनुदानको नाउँमा स्थानीय तहले गर्ने विकास निर्माणका योजनाहरूको छनौट सङ्घ र प्रदेशले गर्दैछ । योजना छनोटको अधिकारसमेत सङ्घ र प्रदेशको नियन्त्रणमा राख्नु एकात्मक राज्य प्रणालीकै पुनरावृत्ति हो र त्यो सङ्घीयताको मर्मविपरीत कार्य हो । राज्यको अधिकांश बजेट स्थानीय तहलाई पठाउनु पर्ने र आवश्यकताको आधारमा योजना छनोट गर्ने अधिकार स्थानीय तहलाई हुनुपर्दछ ।

स्थानीय तहहरूले केन्द्रले पठाएका कर्मचारीहरूलाई हाजिर नगराएको भन्दै सरकारले पठाउने अनुदानसमेत कटौती गरेको छ । स्थानीय आवश्यकताअनुसार स्थानीय तहले नै कर्मचारी राख्न पाउनुपर्ने माग हामीले गर्दै आएका छौं । सङ्घ र प्रदेशले पठाएका कर्मचारीलाई स्वीकार गर्नुपर्ने बाध्यकारी बनाउनु स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप हो । स्थानीय तहले तलब खुवाउँदै आएका शिक्षकहरू स्थानीय तहप्रति नै उत्तरदायी बनाउनु पर्ने हो । जसले तलब खुवाउँछ, नियन्त्रण उसको हुनु पर्ने नियन्त्रणको सामान्य नियम हो । तर शिक्षकहरू सरुवा वा कुनै काम गर्दासमेत जिल्ला शिक्षा समन्वय एकाइको अनुमति लिनुपर्ने व्यवस्था मन्त्रालयको हस्तक्षेपको अर्को नमूना हो ।

प्रदेश सरकारले कर्मचारीसम्बन्धी कानुन निर्माण गरी नदिँदा लामो समयसम्म सेवामा कार्यरत कर्मचारीहरूको वृत्तिविकासमा बाधा पुगिरहेको छ । यसतर्फ प्रदेश सरकारको ध्यान जाने आशा गर्दछौं ।

भक्तपुर नगरपालिकाले सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार मौलिक शैलीमै गरिरहेको छ । पुन:निर्माण प्राधिकरणले भक्तपुरमा सम्पदाहरूको पुन:निर्माणका लागि बजेट विनियोजन गर्ने पटक–पटक आश्वासन दिए पनि हालसम्म कुनै रकम प्राप्त भएको छैन । अर्बौं रूपैयाँ बैंकमा राखेर सम्पदा आफै निर्माण हुँदैन भन्ने कुरा सम्बन्धित पदाधिकारीहरूले बुझ्नु पर्ने हो ।

हरेक कुरा ठेक्कामै गराउने, संरचनाको गुणस्तरमा भन्दा कमिसनमा लोभ गर्ने पदाधिकारीहरूले देशको मौलिक प्रविधिलाई बचाइराख्न सक्दैनन् । हरेक कामको लागि जनप्रतिनिधिहरू सिंहदरबार धाउने प्रवृत्तिले सङ्घीयताको उपहास गरिरहेको छ ।

स–साना विकास निर्माणको लागि समेत विदेशीसामु हात थाप्ने बानीले हामीलाई कहिल्यै आत्मनिर्भर र स्वाभिमानी बन्न दिनेछैन । सहयोगको नाउँमा आउने विदेशीको स्वार्थसँग भक्तपुर नगरपालिका अत्यन्त सचेत छ । भक्तपुर नगरपालिका 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' को नारालाई सार्थक बनाउन स्थानीय जनताकै सहयोगमा यहाँका सम्पदाहरू उठाउन प्रयत्नशील छ । भक्तपुरको पुरानो बस्तीको पहिचानलाई बचाइराख्न मौलिक शैलीमा घर निर्माण गर्नेहरूलाई नगरपालिकाले आर्थिक सहयोग पनि गर्दै आएको छ ।

**उपस्थित साथीहरू,**

भक्तपुर नगरपालिका जनताको जीवनप्रति जति जिम्मेवार भएर काम गर्दैछ र त्यति नै आफ्नो काम, कर्तव्य र अधिकारप्रति सचेत पनि छ । खानेपानीको व्यवस्था, ट्राफिक व्यवस्थापन, सहकारीलाई जनताप्रति बढी जिम्मेवार बनाउने लगायतका कार्यमा भक्तपुर नगरपालिका निरन्तर लागिरहेको छ ।

जनसङ्ख्या वृद्धिसँगै पूर्वाधारहरूको आवश्यकतालाई ध्यानमा राखी तुमचो दुगुरे चोखा जग्गा एकीकरण आवास योजना हालै सम्पन्न भएको छ भने देको मिवा इटापाके आवास योजना सञ्चालनमा छ ।

भक्तपुर नगरपालिकाले युवा, महिलालक्षित विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्दै आएकोमा यो वर्ष कोभिडको कारण रोकिएको छ र परिस्थिति सामान्य भएपछि ती कामहरूलाई पनि निरन्तरता दिइनेछ ।

सार्वजनिक, सरकारी तथा पर्ति जग्गा संरक्षणलाई निरन्तरता दिँदै आएका छौं । ज्येष्ठ नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी आदर निकेतन सञ्चालनको तयारी गर्दैछौं । साथै शहरको सुन्दरता बढाउन सरसफाइ, हरियाली प्रवर्द्धन र जथाभावी छरिएर रहेका तारहरू व्यवस्थित रूपमा भूमिगत बनाउने प्रक्रिया पनि सुरु भएको छ ।

अन्त्यमा, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइजस्ता जनताका आधारभूत आवश्यकता पूरा गर्दै जनताको जीवनस्तर उठाउन पनि हामी जनप्रतिनिधिहरू निरन्तर लागिरहेका छौं । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. रोहितले कल्पना गर्नुभएको 'सय वर्षपछिको भक्तपुर' हाम्रो सपना हो । हामी त्यसैलाई मार्गदर्शनको रूपमा लिँदै काम गर्दैछौं । सांस्कृतिक प्रशिक्षण, सम्पदाहरूको संरक्षण, सांस्कृतिक गतिविधिहरू र मौलिकता संरक्षण यसैको सिलसिला हो । ढिलो या चाँडो हामी आफ्नो गन्तव्यमा पुग्न सफल हुनेमा आशावादी छौं । धन्यवाद !

*(भक्तपुर नगरपालिकाको ७१ औं स्थापना दिवसको अवसरमा पुस २ गते आयोजित कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

# नेपाल भाषा उत्पत्तिकालदेखि नै उपेक्षित र उत्पीडित



प्रा. माणिकलाल श्रेष्ठ

नेपाल भाषा विश्वकै सबभन्दा पुराना भाषाहरूमध्ये एक हो। तर नेपाल भाषाको इतिहास हेर्ने हो भने शुरुदेखि अहिलेसम्म यो भाषा एक किसिमले उत्पीडित र उपेक्षित नै रहेको छ। यो भाषाप्रति कमै शासकहरूको मात्र राम्रो दृष्टिकोण रहेको देखिन्छ।

**नेपाल भाषाको उत्पत्ति**

यो भाषाको उत्पत्ति कहिले भयो भन्ने विषयमा भारतका एकजना ठूला विद्वान सुनीतिकुमार चटर्जीको विचारमा यो भाषाको उत्पत्ति आजभन्दा करिब १९०० वर्ष पहिले भएको थियो। मेरो विचारमा पनि नेपाल भाषाको विकास लिच्छविहरू नेपाल उपत्यकाभित्र प्रवेश भएपछि भएको थियो। उनीहरूको नेपाल प्रवेश करिब १८-१९ सय वर्ष पहिले भएको थियो। यहाँ आउनुभन्दा अगाडि लिच्छविहरूको भाषा मैथिली थियो। यहाँ आएपछि उनीहरूले यहाँ प्रचलित किराँत भाषा बोल्न थाले। उनीहरूले किराँत भाषा बोल्दा आफूलाई नआएको शब्दजति मैथिली शब्द राखेर बोल्न थाले। त्यसैले नेपाल भाषा भनेको मैथिली शब्दहरू मिसिएको किराँत भाषा हो भन्न सकिन्छ। यो भाषाको उत्पत्तिपछि नेपाल मण्डल (उपत्यका तथा वरिपरिका केही इलाका)का जनता सबैले यही भाषा बोल्न थाले। यसरी त्यतिबेला जनताले बोल्ने भाषा भए तापनि लिच्छविकालभरि यो भाषा उपेक्षित नै रह्यो। लिच्छवि राजाहरूले यो भाषालाई कहिल्यै आधिकारिक भाषाको रूपमा मान्यता दिएनन्। आधिकारिक भाषा संस्कृतलाई नै गरियो।

लिच्छविहरूपछि उपत्यकामा मल्लहरूले राज्य गरे। मल्लकालको शुरु शुरुमा मैथिली र खस भाषा (नेपालीको पूर्वज भाषा)लाई नै महत्त्व दिइयो। मल्लकालको केही शताब्दीपछि मल्ल राजाहरू आफैले नेपाल भाषा बोल्न थाले। उनीहरूले यो भाषा बोल्न थालेपछि यसलाई देश भाषाको रूपमा मान्यता दिए। राष्ट्रभाषा भन्ने शब्द प्रयोग नगरे पनि देशभाषाको अर्थ एक किसिमले राज्यभाषा थियो। दुई-तीन सय वर्षसम्म यस भाषाले देशभाषाको रूपमा मान्यता पायो। मल्ल राजाहरूले साहित्य लेख्दा पनि मैथिली र नेपाल भाषामा लेख्ने गर्दथे।

**राष्ट्र भाषाको रूपमा मान्यता**

पृथ्वीनारायण शाहले उपत्यका विजय गरेपछि उनले प्रशासनिक भाषाका रूपमा आफ्नै भाषा खस (पर्वते वा गोर्खाली) प्रयोग गर्न थाले। नेपालमा उनले धेरै वर्षसम्म राज्य गर्न नपाएकाले नेपाल भाषाप्रति उनले कस्तो नीति अपनाए भन्ने कुरा स्पष्ट हुनसकेन। उनको मृत्युपछि उनका छोरा प्रतापसिंह शाह नेपालका राजा भए। उनले नेपाल भाषालाई ठूलो महत्त्व दिए। त्यतिबेला यो भाषालाई एक किसिमले राष्ट्र भाषाको रूपमा नै मान्यता दिइयो। देशभित्रको प्रशासनिक काममा नेपाली भाषा प्रयोग गरिए तापनि विदेशीहरूसँग सम्झौता गर्दा सम्झौतापत्र भने नेपाल भाषामा लेखिएको पनि देखिन्छ। ने.सं. ८९५ (वि.सं. १८३२) मा तिब्बतसँग सन्धि हुँदा सन्धिपत्रको एकप्रति तिब्बती भाषामा र एकप्रति नेपाल भाषामा लेखिएको पाइएको छ। राजा रणबहादुर शाह र राजा राजेन्द्रविक्रम शाहले नेपाल भाषामा साहित्य लेख्ने गरेको देखिन्छ।

**नेपाल भाषामाथि दमन**

त्यसपछि जंगबहादुरले आफ्नो हातमा सत्ता लिएपछि नेपाल भाषामाथि दमन शुरु गरे। उनले भाषाको कारणले नभएर धर्मको कारणले यो भाषामाथि दमन गरेका थिए। उनी ज्यादै कट्टर आस्तिक व्यक्ति थिए। बुद्ध धर्म अनिश्वरवादी र अनात्मवादी विचारको धर्म हो। जंगबहादुरभन्दा केही शताब्दी पहिलेका बौद्ध विद्वान असंघ गुरुले लेखेका थिए- *'मानिसहरूले गंगा अथवा विष्णुमती, वागमतीमा नुहाएपछि स्वर्ग पुगिन्छ भन्ने विश्वास गर्छन्। यदि यो कुरा साँचो हो भने तपाईँहरू कहिल्यै स्वर्ग पुग्न सक्नुहुन्न। स्वर्ग त माछा र भ्यागुताहरूले भरिइसक्यो होला, किनभने उनीहरू सधैँ पानीमा बस्छन्।'*

यस्ता यस्ता कुरा भएका ग्रन्थहरूको कुरा सुनेर होला, जंगबहादुरले देखेजति बौद्धधर्मसम्बन्धी नेपाल भाषाका पुस्तकहरू फालिदिए र दमन गर्न शुरु गरे। ती पुस्तकहरू तत्कालीन ब्रिटिश राजदूत हड्सनले बेलायतमा लगे। अहिले पनि ती पुस्तकहरू लण्डनको म्यूजियममा सुरक्षित छन्।

त्यसपछि नेपाल भाषामाथि चर्को दमन चन्द्र शमशेरको शासनकालमा भयो। उनले प्रत्यक्ष रूपमा नै भाषामाथि दमन त गरेनन्। तर नेपाल भाषामा लेख्नेहरू र बोल्नेहरूलाई सरकारी जागिर नदिई त्यो भाषा बोल्न निरुत्साहित गरियो।

त्यस्तै गरेर चन्द्र शमशेरले वि.सं. १९६२ मा नेपाल भाषामा लेखिएका कुनै पनि दस्तावेज प्रमाणका लागि अदालतमा पेश गर्न नपाइने सूचना निकाले। यसले गर्दा नेपाल भाषामा लेखिएका सबै तमसुकहरू नेपालीमा अनुवाद गरी सरकारी अफिसमा प्रमाणित गरेर मात्र अदालतमा पेश गर्न पाउने भयो। त्यतिबेला उपत्यकामा धेरैजसो वकिलहरू नेवारहरू नै भएकाले गैरनेवारहरूका

तमसुकहरू पनि नेपाल भाषामा नै लेख्ने चलन थियो । त्यो सूचना प्रकाशित भएपछि बाध्य भएर सबैले तत्कालीन पर्वते वा गोरखा भाषा (नेपाली भाषा) मा नै तमसुकहरू लेख्न थाले ।

भीम शमशेरको पालामा पनि नेपाली भाषा बोल्नेहरूलाई मात्र जागिर दिने, नेपाल भाषा बोल्ने र लेख्नेहरूलाई हतोत्साहित गर्न थालियो । यसले गर्दा चाकडीवाला खरदार र सुब्बा पदमा सरकारी जागिर खाने परिवारहरूले घरमा पनि नेपाल भाषा नबोली नेपाली भाषा बोल्न थाले ।

राणा शासनकालमा सबभन्दा बढी जुद्ध शमशेरको पालामा नेपाल भाषामाथि दमन गरियो । वि.सं. १९९७ सालको काण्डमा सजायँ पाएकाहरूमध्ये नेपाल भाषामा साहित्य लेख्नेहरू पनि परेका थिए । उनीहरू थिए- योगवीर सिंह कंसाकार, फत्तेबहादुर सिंह, सिद्धिचरण श्रेष्ठ र चित्तधर हृदय । योगवीर सिंह वृद्ध भएका र जुद्ध शमशेर प्रधानमन्त्री हुनुभन्दा पहिले आफूलाई चाहेको बेलामा उनीसँग ऋण लिने गरेकाले उनलाई कुनै सजायँ दिइएन । बाँकी ३ जनामध्ये चित्तधर हृदयलाई ६ वर्ष कैद, सिद्धिचरण श्रेष्ठलाई १८ वर्ष कैद र फत्तेबहादुर सिंहलाई सर्वस्वसहित जन्म कैदको सजायँ सुनाइयो ।

**भाषानीतिमा उदार**

पद्म शमशेरको शासन शुरु भएपछि भाषानीतिमा केही उदार नीति अपनाइयो । उनको समयमा कसैले नेपाल भाषामा साहित्य सृजना गर्न चाहन्छ भने 'नेपाली भाषा प्रकाशिनी समिति'मा जँचाएर स्वीकृति लिई छाप्न पाइने नीति अपनाइयो । त्यही नीतिअनुरूप नेपाल भाषाका कृतिहरू हेर्नका लागि त्यस समितिमा खड्गमान मल्ललाई जिम्मा दिइयो । उनले त्यहाँ ल्याइएका कृतिहरू राणाहरूलाई प्रत्यक्ष रूपमा गाली गरिएकाबाहेक अरु कृतिहरूको सन्दर्भमा सच्याउने र सुझाव दिने काम पनि गर्न थाले । त्यो नीतिमा मोहन शमशेरले केही परिवर्तन गरेनन् । २००७ सालको परिवर्तनपछि त देशमा एउटा ठूलो उत्साह नै आयो । हनुमान ढोकाभित्रै नेपाल भाषाको साहित्य सम्मेलन गर्ने अनुमति राजा त्रिभुवनले दिए । ०८-९ सालतिर त्यहाँ तीन दिनसम्म सम्मेलन भयो । स्कूल-स्कूल र कलेज-कलेजमा नेपाल भाषाबाट साहित्य लेख्ने लहर नै आयो ।

**नेपाल भाषामाथि फेरि दमन**

२०१७ सालपछि फेरि नेपाल भाषामाथि दमन शुरु भयो । त्यो दमनले २०२२ सालमा गएर चर्को रूप लियो । त्यही सालमा रेडियो नेपालबाट प्रसारण भइरहेको नेपाल भाषाबाट दिइने समाचार र 'जीवन दबु' भन्ने नेपाल भाषाको साहित्यिक कार्यक्रम हटाइयो ।

त्यहीबेला नेपाल भाषाका विज्ञापनहरू प्रसारण बन्द गरियो । यस सम्बन्धमा एउटा चाखलाग्दो घटना यहाँ प्रस्तुत गर्दछु । जापानी होण्डा मोटरसाइकलको एउटा विज्ञापन रेडियो नेपालले नेपालीहरू कसैले नबुझ्ने जापानी भाषामा लेखिएको विज्ञापन प्रसारण गर्‍यो । तर नेपाल भाषामा लेखिएको विज्ञापन प्रसारण गरेन ।

त्यस्तै जेलमा बन्दीहरूसँग भेट्न जाने आफन्तहरूसँग समेत नेपाल भाषा बोल्न प्रतिबन्ध लगाइयो । अफिसहरूमा पनि नेपाल भाषा बोल्न नपाइने गरियो । नेपाल भाषामाथि मात्र नभई नेपाल संवत्को नयाँ वर्षमा निकालिएको मोटर साइकल र्‍यालीमा समेत समय समयमा क्रुर दमन गरियो ।

२०४६ सालपछि बनेको संविधानमा नेपाल भाषालाई राष्ट्रिय भाषाको रूपमा मान्यता त दिइयो, तर त्यसै संविधानमा 'नेपाली भाषा राष्ट्र भाषा हो र त्यो सरकारी कामकाजको भाषा हो' भनेर लेखियो । यसबाट के बुझिन्छ भने अरु भाषालाई राष्ट्रिय भाषाको मान्यता दिइए तापनि सरकारी कामकाजमा नेपाली भाषाबाहेक अरु भाषाले मान्यता पाउँदैनन् । त्यसैले यस भाषाले राष्ट्रिय भाषाको मान्यता पाए तापनि यसको कुनै मूल्य छैन । त्यसैको आधारमा २०५५ सालमा काठमाण्डौं महानगरपालिका र राजविराजको नगरपालिकाले स्थानीय भाषा प्रयोग गर्दा सर्वोच्च अदालतले त्यसमाथि प्रतिबन्ध लगाइदिएको थियो ।

अहिले आ-आफ्नो क्षेत्रमा राष्ट्रिय भाषामा कक्षा ५ सम्म निजी स्कूल खोल्न पाइन्छ भन्ने नीति बनेको छ । बाहिर हेर्दा सरकारले यो एउटा राम्रै काम गरेको जस्तो लाग्छ । तर यसलाई कसरी राम्रो काम भन्ने ? जनताहरू आफैले स्कूल खोलेर आफ्नै भाषामा पढाउन त नीति नै चाहिँदैन । तिब्बतीयनहरू र इण्डियनहरूले आफ्नै भाषामा नेपालमा स्कूल चलाइराखेका छन् । राज्यले नै सञ्चालन गरेका स्कूलहरूमा राष्ट्रिय भाषाको माध्यमबाट शिक्षण गरेको भए त्यसलाई उपलब्धि मान्न सकिन्थ्यो ।

यसरी २०४६ सालमा भएको परिवर्तनपछि पनि नेपाल भाषालाई प्रत्यक्ष रूपमा हतोत्साहित र उपेक्षा नै गरिएको छ, जसलाई दमन नै भन्न सकिन्छ ।

**उत्पीडनविरुद्ध आन्दोलन**

यो दमन र उत्पीडनविरुद्ध नेपाल भाषा बोल्नेहरूले आन्दोलन पनि गरेका छन् । त्यो आन्दोलन अझैसम्म पनि जारी छ । सबभन्दा पहिला नेपाल भाषाको आन्दोलन चन्द्र शमशेरको पालामा भएको थियो । चन्द्र शमशेरले नेपाल भाषा बोल्नेहरूलाई निरुत्साहित गर्न थालेपछि मानिसहरूले नेपाल भाषा पढ्न र लेख्न छोड्न थाले । यसले गर्दा यो भाषा लेख्न पढ्न जान्नेहरू हराउँदै गए । नेवारी अक्षर (प्रचलित नेपाल लिपी) पढ्न जान्नेहरू त झन् हुँदै भएनन् । यसो भएपछि नेपाल भाषा नै हराएर जाने सम्भावना बढ्नथाल्यो । यसलाई जसरी भएपनि बचाउने उद्देश्य लिएर दुईजना व्यक्ति देखापरे । ती व्यक्तिहरू हुन्- सिध्दिदास र निष्ठानन्द । उनीहरूले देवनागरी लिपीमा नेपाल भाषा लेख्न थाले । सिध्दिदासले सबभन्दा पहिले 'रामायण' र नीतिकथाहरू नेपाली भाषामा लेख्नथाले । त्यसपछि उनले विस्तार विस्तारै साहित्य पनि लेख्न शुरु गरे । उनी जति पनि

रचनाहरू लेख्थे, त्यसको दशप्रति हातैले लेख्थे र विभिन्न व्यक्तिहरूलाई बाँड्थे । यसो गर्नुमा उनको धारणा के थियो भने अहिले यो भाषा दमित अवस्थामा रहेतापनि कुनै न कुनै समय अवश्य पनि यो भाषा प्रचारमा आउँछ र ती कृतिहरू छापिने छन् । तिनै कृतिहरू अहिले प्रकाशित भएका छन् ।

निष्ठानन्दले नेपाल भाषामा बुद्धको जीवनी लेखेर प्रकाशित गरे र त्यसको कथा पनि टोल-टोलमा भन्न शुरु गरे । त्यही समयमा योगवीर सिंहले नेपाल भाषामा कविता लेख्न थाले । धमादित्य धर्माचार्यले 'बुद्ध धर्म व नेपाल भाषा' भन्ने साहित्यिक पत्रिका कलकत्ताबाट निकाले । त्यस्तै गरेर शुक्रराज शास्त्रीले नेपाल भाषाको व्याकरण लेखे भने जगतसुन्दर मल्लले भक्तपुरमा स्कूल खोलेर नेपाल भाषामा पढाउन शुरु गरे । उनले नेपाल भाषामा मात्र पढाएनन्, भूगोल, इतिहास, अङ्क गणित, बीज गणित आदि पुस्तकहरू पनि नेपाल भाषामा अनुवाद गरे । **यसरी यी ६ जना व्यक्तिले राणा शासनको दमनलाई पूरै बेवास्ता गरी नेपाल भाषाको विकासका लागि सिर्जनात्मक र प्रचारात्मक आन्दोलन गरेका थिए ।** यो नै नेपाल भाषामाथि भएको दमनविरुद्ध गरिएको पहिलो आन्दोलन थियो ।

त्यसपछि १९९७ सालमा जेलमा परेका फत्तेबहादुर सिंह, चित्तधर हृदय र सिध्दिचरण श्रेष्ठले जेलभित्रै पनि आन्दोलन शुरु गरे । उनीहरूले जेलभित्रै प्रत्येक हप्ता साहित्य सम्मेलन गर्न थाले । ती सम्मेलनहरूमा सबैले आ-आफ्नो एउटा रचना दिनुपर्ने व्यवस्था गरियो । त्यसमा गणेशमान सिंहको ठूलो योगदान थियो । उनले आफूले त कुनै रचना लेखनन्, तर उनले जेलका सबै बन्दीहरूलाई साहित्य सम्मेलनमा जम्मा गरेर आफूले सञ्चालन समेत गर्दथे । त्यतिबेला नै राजनैतिक मुद्दामा परेका धर्मरत्न यमि, केदारमान व्यथित, हरिकृष्ण श्रेष्ठले पनि साहित्य लेख्न शुरु गरेका थिए ।

त्यसपछि २०२२ सालको दमनको विरुद्ध ठूलो आन्दोलन भयो । त्यतिबेलाको आन्दोलन टोल टोलमा भाषण र साहित्य सम्मेलनको रूपमा नै भयो । त्यतिबेला हरेक हप्ता, हरेक टोलमा नेपाल भाषाको साहित्य सम्मेलन हुनथाल्यो । त्यो क्रियाकलाप करिब १४-१५ महिनासम्म भयो । यसलाई सरकारले दबाउन खोजे तापनि दबाउन सकेन । दबाउन नसकेपछि सरकारले साहित्यकारहरूकै बीचमा नै फाटो ल्याइदियो । र, नयाँ र पुराना पुस्ताबीचमा परस्पर झगडा गराइदियो । यसले गर्दा त्यो कार्यक्रम त्यसै सेलाएर गयो । तर त्यतिबेलाको आन्दोलनले नेपाल भाषाको क्षेत्रमा कैयौं राम्रा राम्रा साहित्यकारहरूको जन्म पनि दियो । त्यसबेला निस्केका लेखकहरूमध्ये अधिकांश कवि थिए र नेपाल भाषाको आधुनिक कवितामा ठूलो प्रगति भयो ।

अहिले सबै भाषालाई समान अधिकार दिनुपर्छ भन्ने मागसहित अन्य भाषाहरूको पनि भाषिक आन्दोलन चलिरहेको छ । र, भाषाको आधारमा जातीय स्वशासन हुनुपर्छ भन्ने कुरा पनि उठिरहेको छ । नेपालमा अहिले संसदीय बहुदलीय व्यवस्था छ । यो व्यवस्था भनेको उदारवादी पूँजीवादी लोकतन्त्र हो । कुनै पनि देशभित्रका सबै भाषाहरूको स्वतन्त्रताका लागि आन्दोलन यूरोपमा सामन्तवादी व्यवस्थाको विरोधमा उठेको पूँजीवादले अठारौं शताब्दीदेखि नै शुरु गरेको थियो ।

साँच्चैको लोकतन्त्र भनेको राष्ट्रिय राज्य हो र एक जातिको एक राज्य हुनुपर्छ भन्ने त्यतिबेला पूँजीवादी प्रजातन्त्रको धारणा थियो । त्यसैले उनीहरूले एउटै भाषा बोल्नेहरूको एउटै राज्य हुनुपर्छ भनेर जर्मनी, इटालीको एकीकरण गरेका थिए । तर एउटै राज्यमा विभिन्न भाषा बोल्ने मान्छेहरू छन् र त्यसलाई टुक्रा राज्यमा विभाजन पनि गर्न सम्भव छैन भने त्यहाँ भएका सबै भाषालाई राष्ट्रभाषाको मान्यता दिनुपर्छ भन्ने धारणा पनि उनीहरूको थियो, जस्तो स्वीजरलैण्ड । त्यहाँको जनसङ्ख्या २५ लाख मात्र छ र त्यहाँ जर्मन, फ्रेन्च, इटालियन र रोमन गरी चार भाषा बोल्नेहरू छन् । अझ रोमन भाषा बोल्ने त ५० हजार जनसङ्ख्यामात्र छ । तैपनि त्यहाँ रोमन भाषासमेत चारै भाषालाई राष्ट्रभाषा बनाइयो ।

राष्ट्रमा भएका सबै भाषालाई समान अधिकार दिनुपर्छ, एउटा भाषालाई मात्र विशेष स्थान दिनुहुँदैन, सबै नागरिक र जातिहरूलाई समान अधिकार दिनुपर्छ भन्ने संसदीय व्यवस्थाको सिद्धान्त हो । यदि हामीले पनि संसदीय व्यवस्था नै अपनाएका छौं भने देशका सबै भाषालाई समान अधिकार दिइनुपर्छ । भारतमै पनि हिन्दी भाषालाई राष्ट्रभाषा मानिएता पनि सरकारी रिकर्ड राख्नका लागिमात्र त्यो भाषा प्रयोग गरिन्छ । जनताले अड्डा- अदालतहरूमा र सांसदहरूले संसदमा आफ्नै भाषा बोल्न पाउँछन् । त्यस्तै गरेर शिक्षा पनि आफ्नै भाषामा लिन पाउँछन् । यहाँ भने नेपाली भाषालाई सरकारी कामकाजको मात्र भाषा नबनाएर शिक्षासहित सबै क्षेत्रमा प्रयोग हुने राष्ट्रभाषाको मान्यता प्रदान गरियो । त्यसले गर्दा अरु भाषाभाषीहरूका लागि पढ्न गाह्रो पर्नुका साथै जागिर खाने अवसरबाट पनि उनीहरू केही हदसम्म वञ्चित भएका छन् । उनीहरूलाई जहिले पनि नेपाली भाषाभाषीहरूले जित्ने भए । र, अरु भाषाभाषीहरू जहिले पनि नेपाली भाषाभाषीहरूभन्दा पछाडि पर्ने भए । यो त संसदीय उदार लोकतन्त्रको खिल्ली उडाउने काम भएन र ?

यही कारणले गर्दा सबै भाषाभाषीहरूलाई समान अधिकार दिनुपर्छ भन्ने माग उठेको हो । यदि हाम्रो देशले पनि संसदीय उदारवादी व्यवस्था अपनाएको छ भनेर घमण्ड गर्ने हो भने यहाँ पनि भाषा, जाति र संस्कृतिको आधारमा जुन जुन ठाउँमा जुन जुन मान्छेको बाहुल्य छ, तिनलाई केन्द्रको अधीनमा रहेर पनि स्वायत्तता दिनुपर्छ । यसो गर्दा सबै जातजातिले समान अधिकार पाउँछन् ।

(२०७२ भाद्र १)

*(उपशीर्षक हामीले दिएका छौं-'भक्तपुर')*

# तराईमा पुनः किसान आन्दोलनको आवश्यकता

**विवेक**

२०६२/६३ को आन्दोलन चलिरहेको बेला नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. रोहितले एमाले र माओवादीका नेताहरूलाई तराईमा किसान आन्दोलन उठाउन पटक पटक जोड दिनुभएको थियो । किसान आन्दोलनले मात्रै त्यहाँका सामन्तहरूलाई तह लगाउन सकिने उहाँको निष्कर्ष थियो । ती 'ठूला' दलका नेताहरूले का. रोहितको कुरालाई ध्यान दिएनन् । परिणाम जन आन्दोलनको सफलता पछि पनि तराईका जनता सामन्तहरूकै शासनमा बस्न बाध्य छन् । मधेसवादी दलका अधिकाँश नेताहरू रूपमा जे भए पनि सारमा भारतको निर्देशनमा चल्ने सामन्तहरू नै हुन् । उनीहरूले दशकौँसम्म नागरिकताको मुद्दा भजाएर खाए । अहिले सङ्घीयता भजाएर खान्दैछन् । पंचायत कालदेखि त्यहाँका जनताको जीवनमा कुनै सुधार आएको छैन । नेपालमा गणतन्त्र आए पनि तराईका गरिबहरूका लागि 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' झैँ भएको छ ।

वि.सं. २००८ सालदेखि २०१३/१४ सालसम्म तराईमा सशक्त किसान आन्दोलनहरू भए । जमिनदारहरूको विरुद्ध चलेका ती आन्दोलनहरूले सामन्तहरूको अत्याचारको भण्डाफोड मात्रै गरेनन् जाली तमसुकहरू च्याट्ने र गरिब जनतालाई नागरिकको रूपमा व्यवहार गर्न समेत बाध्य बनाए । त्यसबेला अखिल नेपाल किसान सङ्घको नेतृत्वमा बारा, रौतहट, धनुषा, सिराहा र सप्तरीलगायतका जिल्लाहरूमा किसान आन्दोलन भएका थिए । आन्दोलनमा धेरै किसानहरूले ज्यानसमेत गुमाउनु परेको थियो । तराईका विभिन्न जिल्लाहरूको अनुभव **'ऐतिहासिक किसान आन्दोलनका दस्तावेजहरू'**मा पढ्न पाइन्छ ।

नेपाल भारत खुला सीमा भएको हुँदा नेपालका हरेक क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भारतको प्रभाव परिरहेको छ । त्यसबेला किसान आन्दोलनको क्रममा भारतीय गुप्तचर संस्थाले नक्कली कम्युनिष्ट खडा गरी त्यसमार्फत विभिन्न गतिविधि अगाडि बढाइएको र पछि जनताले थाहा पाएर त्यसलाई नङ्ग्याएको घटना पनि इतिहासमा पढ्न पाइन्छ । का. रोहितले प्रतिगमनविरोधी आन्दोलनको बेला तराईमा भारतको प्रभाव घटाउन र किसानहरूलाई राजनैतिक रूपले सचेत पारेर त्यहाँको राजनीति गरिब जनताको हातमा जाओस् भन्ने आशयले तराईमा किसान आन्दोलन अगाडि बढाउन प्रचण्ड र माधवकुमार नेपालहरूलाई भन्नु भएको सहजै बुझ्न सकिन्थ्यो ।

दुइ हप्तासम्म काठमाडौँमा उखु किसानहरू आन्दोलन गरे । नेपाल मजदुर किसान पार्टीले पनि उखु किसानहरूको आन्दोलनमा ऐक्यबद्धता जनाएको छ । त्यस आन्दोलनले फेरि पनि तराईको किसान आन्दोलनको सम्झना गराएको छ । खेती गर्न बैंकबाट लिएको ऋणसमेत तिर्न नसकेपछि बाध्य भएर आन्दोलनमा आउनुपरेको आन्दोलनरत किसानहरूले बताउँदै आएका छन् ।

सार्वजनिक भएको विवरणअनुसार चिनी मिलहरूले बीसौँ हजार किसानहरूलाई रु. ९० करोडभन्दा बढी तिर्न बाँकी छ । वर्षौँसम्म गरेको मिहिनेतको फल नपाएपछि किसानहरू आफ्नो घरमा भएको बाख्रा, कुखुरासमेत बेचेर आन्दोलनमा आएका छन् । मङ्सिर–पुसको यो कठ्याङ्ग्रिने जाडोमा तराईबाट आएका किसानहरू धेरै बिरामी पनि भए । एक जनाको ज्यान गयो त्यसको जिम्मेवारी कसले लिन्छ ? कृषि मन्त्री घनश्याम भूषालले केपी ओलीले संसद विघटन गरेको बहानामा आइतबार राजीनामा गरे । गरिब जनताको समस्याबारे कुनै वास्ता नगर्ने भूषालले राजीनामा होइन प्रधानमन्त्रीले यस अघि नै अक्षम घोषणा गरी मन्त्रीबाट निकाल्नु पर्ने थियो । उनको राजीनामा 'कुचोले बढार्नु पर्ने कसिङ्गर हावाले उडाएको' जस्तै भएको छ । अब किसानको समस्या बुझ्ने सक्षम व्यक्तिलाई कृषिमन्त्री नियुक्त गरेर ओली नेतृत्वको सरकार अगाडि बढ्ने आशा धेरैले गरेका छन् ।

कुनै पनि आन्दोलन वा सङ्घर्ष मौसम हेरेर गरिँदैन । राजनैतिक दलले नेतृत्व नगरेका धेरै स्वस्फुर्त आन्दोलनहरू सफलताभन्दा असफलतामा टुङ्गिएको इतिहास छ । अहिले केही सय उखु किसानहरू काठमाडौं आएर आन्दोलन गर्दैमा त्यसले सफलता हासिल गर्न सक्छ भने होइन । काठमाडौं जस्तो अत्यन्त महँगो ठाउँमा लामो समयसम्म आन्दोलनले निरन्तरता पाउन सजिलो छैन । आफ्नो परिवार पाल्न समेत धौ धौ भएका गरिब किसानहरू लामो समय बस्नुपर्‍यो भने बिरामी पर्न थाल्नेछन् अथवा खर्चको अभावमा घर फर्कन बाध्य हुनेछन् । सरकारले त्यो स्थिति आउन कडापि दिनु हुँदैन । यथाशिघ्र किसानहरूको

जायज माग सम्बोधन गरिनु पर्दछ । आन्दोलनरत किसान र तिनका परिवारलाई केही भयो भने त्यसको जिम्मेवारी सरकारले लिनु पर्नेछ ।

निर्वाचनको बेला तराईका तिनै गरिबहरूले नेकपालाई सरकारमा पुऱ्याएका हुन् भने नेकालाई प्रमुख प्रतिपक्ष र आजको जनता समाजवादी पार्टीलाई तेस्रो ठूलो दल बनाएका हुन्। जनतालाई समस्या परेको बेला ती दलका नेताहरू कुन दूलोमा लुकेर बसेका छन् ? जनताको उखुको पैसा नदिने चिनी मिल मालिकहरूलाई ठाउँका ठाउँ कारबाही गर्न ती दलका नेता कार्यकर्ताहरूलाई कसले रोक्यो ? तराईमा किसान आन्दोलन अगाडि बढाएको भए चिनी मिल मालिकहरू किसानहरू सामु झुक्न बाध्य हुने थिए ।

## चिनी कारखानाहरू राष्ट्रियकरण किन नगर्ने ?

उत्पादनका साधनहरू राष्ट्रियकरण समाजवादको विशेषता हो । अहिले कानूनले दिएको सुविधा प्रयोग गर्दै कारखाना मालिकहरूले उद्योगको नाउँमा सयौँ बिघा जग्गा र अर्बौंको सम्पत्ति राखेका छन् । देशको उत्पादनले नपुगेर वर्षको अर्बौंको चिनी विदेशबाट ल्याउनु परेको छ । सरकारले चिनी कारखाना स्थापना गरेको खण्डमा उखु किसानहरूलाई फाइदा हुने मात्र होइन नेपाल चिनीमा आत्मनिर्भर हुनेछ र विदेश निर्यात गरेर विदेशी मुद्रा आर्जन पनि गर्न सकिन्छ । नेपाल सरकारले छुट्टै चिनी कारखाना स्थापना गर्नुभन्दा उखु किसानको तिर्न बाँकी रकम सरकारले नै तिरेर सबै चिनी कारखाना राष्ट्रियकरण गर्नु बुद्धिमानी हुनेछ । यो कामले एकातिर जनता खुशी हुनेछन् भने अर्कोतिर समाजवादउन्मुख कामको सन्देश पनि जानेछ ।



कृषिप्रधान देशमा किसानको समस्या समाधान भएमा देशका आधा समस्या समाधान हुनेछ । धान रोप्ने समयमा किसानले मल पाउँदैनन् । मल बिना धान रोप्दा राष्ट्रिय उत्पादन घटेको छ । बंगलादेशबाट ५० हजार टन मल पैँचोमा ल्याउने भनिए पनि 'अर्काको आश भोकै बास' भने झैं भयो ।

गत वर्ष पुष १८ गते सरकार, किसान र उद्योगीबीच माघ ७ गतेभित्र उखु किसानहरूको बाँकी रकम भुक्तानी दिने सहमति भएको थियो तर चिनी उद्योगीहरूले त्यो सहमति पालना गरेनन् । यो पटक पनि त्यसै त हुने होइन भन्ने आन्दोलनरत किसानहरू सशङ्कित छन् ।

कति किसानहरू पैसा फिर्ता नलिई घर नफर्कने बताउँदैछन् भने कतिले 'मर्नै परे मन्त्रीको ढोकामा गएर मर्छु' भनिरहेका छन् । यो गरिबको आक्रोश र चित्कार हो । अहिलेको आन्दोलनबाट पनि किसानहरूले आफ्नो पैसा लिन सकेनन् भने कति परिवारका सन्तानहरूले पढाइ छोड्ने छन्, भने कति युवाहरू विदेश पलायन भएको समाचार सुन्नु पर्नेछ । भारतमा धेरै किसानहरूले बैंकको ऋण तिर्न नसकेर झुण्डिएर वा बिष खाएर आत्महत्या गरेको समाचारहरू सुन्नु परेको छ । नेपालमा पनि त्यस्तो घटनाको पुनरावृति नहोला भन्न सकिन्न । यस्ता तमाम घटनाहरूको दोषी सरकार हुनेछ ।

तराईका नेताहरूकै कारण त्यहाँका किसानहरू आर्थिक र सांस्कृतिक रूपले पछाडि परेका हुन् । त्यहाँका नेताहरूले किसानहरूलाई शैक्षिक र सांस्कृतिक स्तर उठाउने काम कहिल्यै गरेनन् । निर्वाचनमा पैसा, भोज भतेर र छोराछोरीलाई जागिर खुवाउने नेताहरूको आश्वासनलाई विश्वास गरेर जनताले मतदान गरे । त्यसको परिणाम आज सारा जनताले दुःख पाइरहेका छन् ।

एकपटक नेकाका नेता कृष्णप्रसाद सिटौलाले भनेका थिए– 'वर्षको ३६४ दिन अर्को पार्टीमा लागेको भए पनि जनताले निर्वाचनको दिन भोट हाल्ने बेलामा कि नेकालाई दिन्छन् होइन भने एमालेलाई दिन्छन् किनभने अन्य दलहरूले नेका र एमालेको विकल्पै दिन सकेका छैनन् ।' जनताको व्यवहार हेर्दा सिटौलाको भनाइलाई गलत भन्न मिल्दैन ।

विगतको इतिहासबाट शिक्षा लिँदै किसानहरूलाई राजनैतिक र सांस्कृतिक रूपले सचेत पार्न तराईमा पुनःकिसान आन्दोलन अगाडि बढाउनुको विकल्प छैन ।

# भक्तपुर दरबारक्षेत्रमा रहेका जीर्ण, भग्न एवं लुप्त भइसकेका ऐतिहासिक स्मारकहरू



डा. बलराम कायस्थ

**पृष्ठभूमि–** युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत भक्तपुर दरबार क्षेत्र नेपालका प्रमुख सम्पदास्थलहरु मध्ये एक हो । यहाँका प्राचीन र मध्यकालीन आश्चर्यलाग्दा कलाकृतिहरु संसारभर नै प्रसिद्ध छन् । यसको अध्ययन अवलोकनका लागि प्रत्येक दिन यहाँ ठूलो सङ्ख्यामा पर्यटकहरु आउने गर्दछन् । तर धेरैलाई यो कुरा थाहा नहुन सक्छ कि हाल कायम रहेको दरबार क्षेत्र त्यो मल्लकालीन दरबार क्षेत्रभन्दा पाँच गुणा सानो क्षेत्रफलमा खुम्चिएको अवस्थामा रहेको छ अर्थात् वर्तमान दरबार क्षेत्रभन्दा मल्लकालीन दरबारक्षेत्र क्षेत्रफलका दृष्टिकोणले पाँच गुणा ठूलो रहेको अनुमान हुन्छ । त्यसबेला यो दरबार क्षेत्र पूर्वमा साकोठा र त्रिपुरासुन्दरी बीचको विद्यार्थी निकेतन स्कूलदेखि पश्चिममा खौमा टोलसँगै रहेको पद्म हाइस्कूलसम्म अनि उत्तरमा ब्यासी टोलदेखि दक्षिणमा लास्कुढोकासम्म फैलिएको थियो भन्ने थाहा हुन्छ । त्यस्तैगरेर इतिहासमा मात्र पढ्न पाइने भक्तपुर दरबार क्षेत्रको प्रसिद्ध उन्नान्सय चोक हाल नरहे पनि त्यसमध्येका केही प्रमुख चोकहरु भने अद्यापि अस्तित्वमा रहेको देख्न सकिन्छ । मल्लकालमा यस दरबार क्षेत्रमा धेरै दरबारहरु बनेका थिए । मठमन्दिरहरु पनि धेरै थिए । तर बेलाबेलामा आउने भूकम्पहरु विशेषगरेर वि.सं. १९९० को महाभूकम्पले यस दरबार क्षेत्रको संरचनामा ठूलो क्षति पुऱ्यायो । समग्र दरबार क्षेत्र भग्नावशेषमा परिणत भयो । जसको फलस्वरुप पछिल्लो मल्लकालीन केही दरबारहरुका साथ यो आजको सीमित क्षेत्रमा मात्र खुम्चिएर रहन बाध्य हुनु पऱ्यो । वास्तवमा त्यसबेला आजको जस्तो पुरातत्त्व विभाग, दरबार हेरचाह अड्डा, नगरपालिका आदि कला संस्कृतिको संरक्षण सम्बर्द्धन गर्ने सम्बद्ध निकायहरु स्थापित भइसकेका थिएनन् । तत्कालीन समाजमा इतिहास, कला, संस्कृतिको महत्त्वबारे जानकारी राख्ने बौद्धिक जमात पनि विकास भइसकेको थिएन । सरकारी नीति पनि अनुदारवादी नै थियो । अतः मौलिक कलाकृतिले युक्त ऐतिहासिक धरोहरहरु रहेका ठाउँमा भक्तपुरका प्रमुख अड्डा, अदालत, जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालयलगायतका सरकारी निकायहरु अनि उल्लिखित विद्यालयहरुका आधुनिक भवन बनाइए । यस अतिक्रमणले गर्दा यो दरबार क्षेत्र सीमित ईलाकामै खुम्चिएर रहन बाध्य हुनु परेको छ ।

भक्तपुर दरबार क्षेत्रमा रहेका मल्लकालीन ऐतिहासिक सम्पदाहरूको स्वरूपलाई दृष्टिगत गर्दा त्यसलाई मूलतः चार वर्गमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । जस्तो–

१) **धर्तीको गर्भभित्र विलुप्त हुन पुगेका सम्पदाहरू** जस्तै– वसन्तपुर दरबार, उन्नासय चोक, लापाँ देगः (हरिशङ्कर मन्दिर), शारदा स्कूल रहेको ठाउँको नारायण मन्दिर, खौमा टोलको गहिरो धारासँगै पूर्वको ढुङ्गाको बसाहा मात्र बाँकी रहेको महादेवको मन्दिर आदि । अझ अगाडि जाने हो भने पूर्वमध्यकालीन लासकुस ध्वाका, राजवास किल्ला, युथनिमम दरबार, त्रिपुर दरबार आदि आदि ।

२) **भग्न अवस्थामा रहेका सम्पदाहरू** जस्तै–थंथु दरबारको (१९९० सालको भूकम्पले क्षति पुऱ्याएपछि बनाइएको) पुनर्निर्मित अर्धयुरोपेली शैलीको पहिले जिल्ला बडाहाकिम बस्ने गरेको र पछि भक्तपुर नगरपालिका बसेको भवन ।

३) **जीर्ण अवस्थामा रहेका सम्पदाहरू** जस्तै– सिंहध्वाका वा न्हायकँ झ्याः दरबार, जसलाई २०४५ साल २०७२ सालको महाभूकम्पले थिलथिलो अवस्थामा पुऱ्याएको देखिन्छ । हाल काठको टेको दिएर ठड्याई राखिएको यो दरबार कुनै पनि बेला ढल्न सक्ने अवस्थामा रहेको छ ।

४) **पुनर्निर्मित सम्पदाहरू** जस्तै– पचपन्न झ्याले दरबार, च्यासीं मण्डप, वत्सलादेवी मन्दिर, दरबारक्षेत्रको पूर्वतिर रहेको यताचपरी भन्ने लामो पाटी आदि ।

पछिल्लो मल्लकालमा बनेका माथि उल्लेख गरिएका सम्पदाहरू जुन छन्, ती मध्ये भग्न, जीर्ण र लुप्त भइसकेका केही ऐतिहासिक स्मारकहरू विशेषगरेर तीनवटा दरबारहरूको समस्तीगत अध्ययन यहाँ प्रस्तुत गरिएको छ ।

**१. वसन्तपुर दरबार–** दरबारक्षेत्र प्रवेश गर्ने बित्तिकै देब्रेतिर एकजोडी प्रस्तरका विशाल सिंह सहितको एउटा प्रवेशद्वार भेट्टिन्छ । त्यसको दायाँ–बायाँ दुवैतिर उग्रचण्डी र भैरवका




बसन्तपुर दरबारको प्रवेशद्वार

कलात्मक प्रस्तर मूर्तिहरू पनि देखिन्छन् । हो, यो प्रवेशद्वार नै मल्लकालीन वसन्तपुर दरबारको मूल प्रवेशद्वार हो । प्रवेशद्वारका यी कलात्मक प्रस्तर देवमूर्तिहरू राजा भूपतीन्द्र मल्लले बनाउन लगाएका हुन् भने विशाल वसन्तपुर दरबारको निर्माण भने उनका बाजे राजा जगतप्रकाश मल्लले गरेका हुन् । ३३ वर्षको जवान अवस्थामा नै बिफर रोगका कारणले मृत्यु भएका यी राजा जगतप्रकाश मल्लले आफ्नो २८ वर्षको राज्यकालमा धेरै रचनात्मक कार्यहरू गरेका थिए, जसमध्ये यो वसन्तपुर राजप्रासादको निर्माण पनि एक थियो । यो दरबार नौ तलाको भएकाले विशाल देखिन्थ्यो । यसको ईलाका पश्चिममा खौमा टोल, उत्तरमा ब्यासी टोल, पूर्वमा भण्डाखाल पोखरीको चौकोट दरबारसँग जोडिएको थियो भने दक्षिणमा लायकूको मूल बाटोसम्म आइपुगेको थियो ।

प्रत्येक वर्ष वसन्त पञ्चमीका दिन वसन्त रागको श्रवण गराइने हुनाले यस राजप्रासादको नाम वसन्तपुर रहन गएको अनुमान हुन्छ । यस दरबारमा नाचगानको प्रदर्शनको निम्ति रङ्गशाला पनि बनाइएको थियो । यसैले यसलाई वसन्त विहार पनि भनिन्थ्यो । नाचगानको तयारीका निम्ति सङ्गीत र नृत्यको पूर्वाभ्यास गर्न विविध कक्षहरूको व्यवस्था गरिएको थियो । यसैले यस दरबारमा सङ्गीतकार, नृत्यकार, नाटककारहरूको हरबखत जमघट भइरहन्थ्यो भन्ने अनुमान हुन्छ । यस अतिरिक्त यो राजपरिवारका सदस्यहरू विशेषगरेर रानी र राजकुमारीहरूको आमोदप्रमोद गराउने सामग्रीहरूले परिपूर्ण थियो । यहाँबाट मूलचोकको तलेजु मन्दिर जाने बाटो पनि बनाइएको थियो । यस दरबारमा धेरै चोकहरू र अनेक प्रवेशद्वारहरू थिए । दरबारका अधिकांश कोठाहरू बहुमूल्य सामानहरूले सजाइएका थिए । तर ने.सं. ८०१ (वि.सं. १७३७) मा आएको भूकम्पले यो दरबार नष्ट हुन पुगेको थियो । यसलाई उनका पुत्र राजा जितामित्र मल्लले जीर्णोद्धार गरेको कुरा एउटा थ्यासफूबाट जान्न सकिन्छ । त्यस्तै ने.सं. ८२७ ( वि.सं. १७६३) मा उनका नाति राजा भूपतीन्द्र मल्लले पनि यस दरबारको पुनः जीर्णोद्धार गराएका थिए । त्यसबेला उनले प्रवेशद्वारमा रहेको सिंहको जोडीलाई कायमै राखी दायाँतर्फ उग्रचण्डी र बायाँतर्फ भैरवका मूर्ति प्रतिष्ठा गरेर द्वारमाथि कलशपूर्ण तोरण समेत बनाउन लगाएका थिए । यी दुवै मूर्तिका पादपीठमा अभिलेख पनि उत्कीर्ण छन् । जसमा राजा भूपतीन्द्र मल्लले ने.सं. ८२७ वैशाख शुक्ल अक्षय तृतीयाका दिन यो दरबारको प्रवेशद्वारमा उल्लेखित देवदेवीका मूर्तिहरू प्रतिस्थापन गरेको कुरा उल्लेख गरिएको छ ।

यसरी मल्लकालमा बरोबर संरक्षण र सम्वर्द्धन पाइरहेको यो दरबार मल्लकालपछि पनि यथावत रूपमा कायमै



सिंहध्वाका दरबार

रहेको थियो । तर वि.सं. १९९० मा आएको महाभूकम्पले जगैसम्म भत्काइ दिएपछि भने उक्त स्थानमा वि.सं. २००३ सालमा हालको पद्म हाइस्कूल निर्माण हुन गएको हो । यद्यपि भक्तपुर निर्माण कार्यालयका हाकिम खरदार उपेन्द्रराज प्रधानाङ्ग (जैमल खरदार) ले उक्त स्थानमा वसन्तपुर दरबार नै निर्माण होस् भन्ने चाहेका थिए तर उनलाई कसैले साथ नदिएपछि त्यहाँ हालको पद्म हाइस्कूल निर्माण हुन पुगेको हो । २०७२ सालको महाभूकम्पले हाइस्कूल पनि भग्नावस्थामा पुगेपछि सो स्थानमा फेरि मल्लकालीन सम्पदालाई नै पुनरुत्थान गर्ने बारे सम्बद्ध निकायहरूले चासो राख्न थालेको बुझिन्छ ।

**२. सिंहध्वाका दरबार**– दरबार प्रवेश गर्ने मूलढोकाको दायाँबायाँ एक जोडी अत्यन्त शोभायमान, आकर्षक, भीमकाय सिंहका प्रस्तर मूर्तिहरू स्थापना गरिएकाले यस दरबारको नाम सिंहध्वाका दरबार रहन गएको देखिन्छ । जोडी सिंहसँगै त्यहाँ हनुमान र नरसिंहका कलात्मक प्रस्तर मूर्तिहरू पनि प्रतिस्थापित छन् । एकातर्फ हनुमान र भैरव एकाकार भएको तान्त्रिक शक्तिले युक्त हनुमन्त भैरवको मूर्ति छ भने अर्कातर्फ हिरण्य कस्यपुलाई वध गर्न लागेको भगवान नरसिंहको मूर्ति रहेको छ । कालो ढुङ्गामा बनेका यी दुवै मूर्तिहरू एकदम सजीव र सुन्दर लाग्दछन् । नरसिंहको मूर्तिमा आजसम्म पनि पूजाआजा हुँदै आएको छ । विशेषगरेर राहुले पिरोलेका, दिनदशा बिग्रेकाहरू, भूतप्रेत, पिशाच जस्ता अदृश्य शक्तिले सताइएकाहरू यहाँ पूजा गर्न आउने गर्दछन् । साथै त्यतिबेला यो दरबार न्हायकँ झ्या दरबार नामले पनि प्रख्यात थियो । कहिं प्रचलनमै नभएको न्हायकँ (सिसा), जुन कसैले मधेसतिरबाट ल्याइदिएको बुझिन्छ,

त्यसलाई सर्वप्रथम झ्यालमा राखेर बनाइएको हुनाले यसलाई न्हायकँ झ्याः दरबार भनिएको हो। वास्तवमा भक्तपुर दरबारक्षेत्रलाई थप सुन्दर र भव्य बनाउन अहोरात्र लागी पर्ने राजा भूपतीन्द्र मल्ल यस्तै नयाँ-नयाँ कुराको प्रयोग गरेर आफ्नो निर्माण कार्यलाई अझ सार्थक र अनुपम बनाउन चाहन्थे। संस्कृतिविद् लीलाभक्त मुनंकर्मीकाअनुसार दिल्लीका मुगल बादशाहले उपहारस्वरूप पठाइदिएका सिसालाई झ्यालमा राखेर राजा भूपतीन्द्र मल्लले यो दरबार बनाएका हुनाले यस दरबारलाई न्हायकँ झ्याः दरबार भनिएको हो। हाल यस दरबारको पश्चिमतर्फको आधा खण्ड मौलिक शैलीमै छ भने पूर्वतर्फको आधा खण्ड अर्द्धयूरोपेली शैलीमा पुनर्निर्मित छ। यो पुनःनिर्माणको कार्य वि.सं. १९१३ मा जिल्ला बडाहाकिम धीर शम्शेर (श्री ३ महाराज जङ्गबहादुर राणाका कान्छो भाइ)ले गरेका थिए। पुनःनिर्मित खण्डको पहिलो तलामा यूरोपेली शैलीको एउटा ठूलो बैठक रहेको छ, जुन लाल बैठक नामले प्रसिद्ध छ। त्यसको मुनि भुइँतलामा भने छ वटा खम्बा भएको खुल्ला दलान रहेको छ। वि.सं. २०१६ देखि राष्ट्रिय कला सङ्ग्रहालय रहेको यस दरबारको भित्रपट्टि एउटा चोक छ, जसलाई मालतीचोक भनिन्छ। त्यहाँ एउटा सानो सुनको पाताले मोडिएको बोकाको टाउकोको मुखबाट पानी झर्ने आकर्षक धारा र धारामाथि शक्तिलाई काखमा लिएको पाँचवटा शिर भएको भैरवको मूर्ति प्रतिस्थापित गरिएको छ/थियो। यो धाराको दायाँबायाँ अनेक ससाना मूर्ति र एउटा घण्टा पनि स्थापना गरिएका छन्/थिए। यी सबै देवदेवीको पूजाआजाका निम्ति राजा भूपतीन्द्र मल्लले एघार रोपनी जग्गा गुठी राखिदिएका थिए। तर दुर्भाग्यको कुरा यी कलात्मक वस्तुहरू हाल लापता भइसकेका छन् भने घण्टा एउटा भने तलेजु मन्दिर पछाडिको गणेश चोकमा राखिएको छ।

दक्षिणाभिमुख यस दरबारको पश्चिमतिर भण्डारखाल पोखरी र चौकोट दरबार, पूर्वतिर स्वर्णद्वार र त्यसभित्रको जमदारचोक, एवं पछाडितिर महादेवचोक र तलेजु भवानीको दैनिक नित्यपूजाको लागि भोग तयार गरिने भान्साघर भएको जहाँ चोक छन्। करीव दुई हात अग्लो पेटीमाथि निर्माण गरिएको यो दरबार भुइँतला समेत गरी चार तलाको छ। चौथो तलामा छानामाथि बुर्जा थियो। छानामुनितिर विभिन्न आकृति कुँदिएका टुँडालहरूले छानालाई टेको दिइरहेका छन्। तेश्रो तलामा पाँच-पाँच वटा संझ्याल जोडेका पन्ध्रवटा तोरण सहितका आँखेझ्याल हालिएको थियो। दोश्रो तलामा सूक्ष्म कलाले परिपूर्ण तोरणहरूमा विभिन्न देवदेवीका मूर्तिहरू कुँदिएका छन्। यी तोरणहरू मुनि अनेक ससाना झ्यालहरू छन्, जसमध्ये बीचका झ्यालहरू ठूलठूला छन्। र भुइँतलामा सिंहढोकाबाट दाँयातिर सानो आँखीझ्याल, ढोका, आँखीझ्याल र ढोकालाई क्रमशः मिलाएर राखिएका छन्। मन्दिरको यो स्वरूप पनि १९९० सालमा आएको भूकम्प पछिको हो। र २०७२ सालको भूकम्पले गर्दा यो दरबार जीर्णावस्थामा पुगेको छ। तर अब चाँडै नै यो दरबार पुरानै स्वरूपमा देख्न पाइने भएको छ। किनभने नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय यो दरबार पुनः मल्लकालीन शैलीमा बनाउन सहमत भइसकेको छ। *(स्मरणीय छ भक्तपुर नगरपालिकाले उक्त दरबार पुरानै शैलीमा पुनःनिर्माण गर्न जोड दिँदै विदेशी सहयोगसमेत स्वीकार गरेको छैन-'**भक्तपुर**')*

**३. थंथु दरबार**– यद्यपि वसन्तपुर दरबार जस्तै यो थंथु दरबार पनि हाल अस्तित्वमा रहेको पाइँदैन। तर पनि तलेजु बाहिर ईशान कोणतिर रहेको गहिरो धारामा प्राप्त एउटा शिलालेख[१] का आधारमा यस दरबारका बारेमा केही जानकारी मिल्दछ, जसबाट यो दरबार राजा जितामित्र मल्लले वि.सं. १७३५ मा बनाएको बुझिन्छ। यसमा अनेक बगैंचा, चोक, कौसी तथा धारासमेतले युक्त भएका हुनाले यो दरबार निक्कै आकर्षक र सुन्दर देखिन्थ्यो होला भन्ने अनुमान हुन्छ। वर्तमान दरबार इलाकाको पूर्वपट्टिको छेउ अर्थात् पहिले मजिस्ट्रेट बस्ने गरेको र पछि भक्तपुर नगरपालिकाको कार्यालय बसेर सरेको भवनको पूर्वस्वरूप नै थंथु दरबार थियो भन्ने कुरामा सङ्कोच मान्नु पर्दैन। यस दरबारभित्र अनेक नामका चोकहरू थिए। त्यस्तै तलेजु मन्दिरको उत्तरपूर्वी कुनामा रहेको गहिरो धारा अनि बगैंचाहरू पनि यसै दरबारको चारकिल्लाभित्र पर्दथे। मौलिक कला र शिल्पलाई समेटेर निर्माण गरिएको यो दरबार निक्कै भव्य देखिन्थ्यो। तर तयार भएको तीन वर्षपछि नै नेपाल उपत्यकामा गएको ठूलो भूकम्पले यसलाई पुरै भत्काइदियो। यसैले यस दरबारको दक्षिणतिरको भागको जगमाथि खप्टेर पछिबाट राजा भूपतीन्द्र मल्लले वर्तमानको पचपन्न झ्याल दरबार बनाएका थिए भन्ने भनाई पनि पाइन्छ।



थंथु दरबारको नयाँ स्वरूप (२०७२ को भूकम्प अघि)

वि.सं. १९९० सालको भूकम्पले पचपन्न झ्याल दरबारको दुई तला भत्काएपनि तत्काल त्यसको पुनर्निर्माण हुनसकेकोले मौलिक स्वरूप कायमै रह्यो भने पूर्वाभिमुख थंथु दरबार भने जगसम्म नै भत्केकाले त्यसको पुनर्निर्माण अर्द्धयूरोपेली शैलीमा सेतो चुनले पोतेर, ठूल्ठूला झ्यालका खापा राखेर, जस्ताको छानाले छाएर सम्पन्न गरियो र पछिल्लो राणाकालमा त्यसलाई जिल्ला बडाहाकिम बस्ने आवासगृहमा परिणत गरिएको थियो। यताबाट यस दरबारको झिँगटी छाना, टुँडाल, तोरणहरू हटाई जीर्णोद्धार गरिएकोले यसको मल्लकालीन कलाको सौन्दर्य लोप हुन गयो। तरपनि यस दरबारको मूलद्वार बाहिरपट्टि दायाँबायाँ दुवैतिर स्थापित अर्धकदका प्रस्तर सिंहका कलात्मक मूर्तिहरू भने निकै चित्ताकर्षक देखिन्छन्। तर सिंहका यी प्रस्तर मूर्तिहरू यसै दरबारको नभएर पुनर्निर्माणको क्रममा अन्यत्रबाट ल्याएर यहाँ स्थापना गरिएको भन्ने भनाइ पनि पाइन्छ।

**(१) शिलालेखको पाठ**

*'श्री श्री सुमती जयजितामित्र मल्लदेव प्रभु ठाकुरले आफ्ना श्री श्री इष्ट देवतालाई खुशी पार्ने इच्छाले भागीराम प्रधानमन्त्री भएको बेलामा यो थंथु राजदरबार बनाउनु भयो। अब यस थंथु दरबारलाई कसैले बिगार्नु हुँदैन। चोकहरुभित्र बाहिरका भागहरु बगैँचा, कौसी, धारासमेत राजदरबारमा अघिदेखि चलिआएको नियम बमोजिम नै गर्नुपर्छ। राजदरबारको विषय नियम उल्लङ्घन गर्न पाईंदैन। श्री श्री टीकाधारी (गद्दीनसिन) राजाले जीर्णोद्धार गर्नुपर्छ। श्री श्री जय जितामित्रदेव, श्री श्री जय उग्रमल्लदेव, श्री श्री जय भूपतीन्द्र मल्लदेव ने.सं. ७९८, शक संवत् १६००, कलिगत संवत् ४७७९, वि. संवत् १७३५ आषाढ शुक्ल दशमी स्वाती नक्षत्र, सिद्धी योग, तैतिल कर्ण, बुद्धबार मिथुन राशीमा चन्द्रमा बसेको दिन थंथु दरबार बनाइयो।'*

**सन्दर्भ सामग्रीहरू–**


कायस्थ, बलराम, **मध्यकालीन भक्तपुर**, काठमाडौं : रत्न पुस्तक भण्डार, वि.सं. २०७५।

पेटेक, लुसियानो, **मिडियभल हिस्ट्री अफ नेपाल**, रोम : मेडिया इस्ट्रिमो ओरिन्टे, सन १९५८।

पौडेल, भोलानाथ, **भक्तपुरको राजकुलो**, काठमाडौं : आगम प्रकाशन, वि.सं. २०६५।

मुनकर्मी, लीलाभक्त, **नेपालको सांस्कृतिक र ऐतिहासिक दिग्दर्शन**, भक्तपुर : भवानी केसरी, वि.सं. २०४१।

राइट, डेनियल, **हिस्ट्री अफ नेपाल**, न्यु दिल्लीः कस्मो पब्लिकेसन, सन १९८३।

लम्साल, देवीप्रसाद, **भाषा वंशावली**, भाग २, काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३।

**स्थलगत अध्ययन**बाट प्राप्त प्रत्यक्ष जानकारी।

तलेजुका पुजारी **सुरेन्द्रवीर कर्माचार्य**बाट प्राप्त मौखिक जानकारी।

संस्कृतिविद् लीलाभक्त मुनंकर्मीको **नेवा विज्ञान** (दि जर्नल अफ नेवार स्टडिज), नं. २, ने.सं. १११९ मा प्रकाशित लेख।


(तस्बिर : इन्टरनेट)



आफन्तीको कथा



विनय कुमार कसजू

## एक खुट्टे हाँस

एक पल्ट आफन्ती गाउँको मुखियालाई भेट्न उनको घर गएका थिए। मुखियालाई हाँसको मासु मन पर्छ भन्ने उनलाई थाहा थियो। यसैले उनले एउटा मोटो हाँस काटेर सिङ्गै हाँस सेकेर मुखियालाई उपहार लगेका थिए।

जाँदाजाँदै उनलाई बाटोमा भोक लाग्यो। उनले हाँसको एउटा खुट्टा भाँचेर खाए। मुखियाको घरमा पुगेपछि उनले मुखियालाई हाँसको सेकुवा उपहार दिए।

हाँसको सेकुवाको बासना मुखियाको नाकले चाल पाएपछि उनले आफूलाई रोक्न सकेनन्। आफन्तीको अगाडि नै उनले हाँसको सेकुवा झिकेर खान थाले। तर हाँसको एउटा खुट्टा गायब भएको देखेर उनी छक्क परे। उनले आफन्तीसँग हाँसको एउटा खुट्टा कहाँ गयो भनेर सोधे।

आफन्तीलाई मुखियाले सिङ्गै हाँस यसरी खालान् भन्ने लागेको थिएन। अब के जवाफ दिने ? यसैबेला उनले एउटा कुरा सम्झे। उनी मुखियाको घरभित्र पस्ने बेलामा घरको आगनमा हाँसहरू आराम गरिरहेका थिए। ती हाँसहरूले एउटा खुट्टा उचालेर पखेटाभित्र लुकाएका थिए र एउटा खुट्टाले मात्रै उभिएर निदाएका थिए।

आफन्तीले आगनमा आराम गरिरहेका हाँसहरू तिर औँल्याउँदै भने, 'भगवानले हाँसलाई एउटामात्रै खुट्टा दिएका छन्। कुखुराको झैं हाँसको दुईटा खुट्टा कहाँ हुन्छ र ! नपत्याए बाहिर आगनमा बसिरहेका हाँसहरूलाई हेर्नुस्त। सबैका एउटा मात्रै खुट्टा छन्।'

मुखियाले झ्यालबाट बाहिर हाँसहरूलाई हेरे अनि 'स्यो ! स्यो !' भन्दै हाँसहरूलाई तर्साए।

मुखियाको स्वर सुनेर हाँसहरू जागे र दुई खुट्टाले टेक्दै भागे। अनि मुखियाले भने, 'आफन्ती ! खै यी हाँसहरूमध्ये कुनै हाँस पनि एक खुट्टेछैन त।'

आफन्तीले कत्ति पनि नआत्तिइकन जवाफ दिए, 'मुखियाज्यू, यस्तरी तर्साएको भए त तपाईँका पनि दुईटा खुट्टाको ठाउँमा चार खट्टा हुने थियो होला।'

# मल्लकालीन आर्थिक तथा सामरिक गढ वाभुँ



**ओम धौभडेल**

नेपालको मल्लकालीन इतिहासमा  लिच्छवि राजा आनन्ददेवदेखि यक्ष मल्लसम्मको करिव ३६७ वर्षको अवधिमा नेपाल मण्डलको राजधानीको नाताले भक्तपुरले कला, संस्कृति, साहित्य, धर्म, भाषा  लगायत हरेक क्षेत्रमा वैभवताले सम्पन्न हुने मौका पाएको थियो । यता यक्ष मल्लपछि नेपाल मण्डल टुक्रिन पुग्दा भक्तपुरमा राज्य गर्ने राय मल्लदेखि रणजित मल्लसम्मका प्रायः मल्ल शासकहरू हरेक क्षेत्रमा सफल हुँदा भक्तपुर अझ विकसित राज्य बन्न पुगेको र तत्कालीन समयमा कैयौं पटक कान्तिपुर र पाटनको नजरमा तारोसमेत बन्न पुगेको थियो । कान्तिपुर र पाटनको मित्रता भक्तपुरको लागि अभिशाप नै बनेको त्यो समयमा भक्तपुरले हरेक क्षेत्रमा सफलता पाउन सकेपनि सामरिक क्षेत्रमा कमजोर बन्नु परेको थियो । गुहार युगीन त्यो समयमा कान्तिपुर र पाटन मिली भक्तपुरको कैयौं महत्त्वपूर्ण भेग कब्जा गरेको थियो । जसमा चाँगु र वाभुँको नाम अगाडि आउँछ । धार्मिक क्षेत्र भएकोले कुनै बल प्रयोग नगरिकनै कान्तिपुरले चाँगु क्षेत्रलाई कब्जा गर्न सफल भए पनि आर्थिक र सामरिक महत्त्वको वाभुँलाई आफ्नो अधिनमा लिन कान्तिपुर र पाटनले थुप्रै पटक साम, दाम, दण्ड र भेद प्रयोग गर्नुपऱ्यो  । वाभुँ र वाभुँलाई सुरक्षा दिँदै आएको सोमलिंगकोटबारे यो आलेख समर्पित छ ।

उब्जाउ योग्य कृषि क्षेत्र र परिश्रमी किसानहरूको कर्मभूमि भक्तपुर प्राचीनकालदेखि नै कृषिबाट आर्थिक क्षेत्रको साथै कला, संस्कृति, भाषा, साहित्य, सम्पदा, गीत सङ्गीतलगायत हरेक क्षेत्रमा सबल बन्न सकेको थियो । तत्कालीन समयमा भक्तपुरलाई यसरी हरेक क्षेत्रमा अगाडि ल्याउन कृषि तथा त्यसबाट प्राप्त हुने धानको विशेष महत्त्व छ । त्यही भएर हाम्रा पुर्खाहरूले धानलाई सुअन्नको रूपमा मात्र लिएको छैन, देवदेवीको रूपमा समेत पुजिएको छ । कृषिबाट आर्थिक उन्नतिसमेत हुने हुँदा राजकीय तवरले समेत कृषिलाई महत्त्वपूर्ण स्थान दिएको हुन्थ्यो । भक्तपुरमा राज्य गर्ने प्रायः शासकहरूले कृषि क्षेत्रलाई बढी चासो दिएको एउटा ज्वलन्त प्रमाण राजा जितामित्र मल्लको एउटा कीर्तिबाट थाहा पाउन सकिन्छ । जितामित्र मल्लले आफ्नो शासनकालमा कृषिबाट प्राप्त प्रशस्त आर्थिक श्रोतबाट भक्तपुरलाई हरेक क्षेत्रमा सक्षम बनाउन सम्भव भएको थियो । नेपाल संवत् ७९८ मा नालदुमको तिंचा महादेव पोखरीबाट भक्तपुर नगरसम्म राजकुलोको ब्यवस्था गरेको थियो । यसबाट जीतपुर, ताथली, छालिङ, वागिश्वरी जस्ता नगरको पूर्वी भेगको फाँटबाट प्रशस्त उब्जनी हुन पुग्यो । जसरी नगरको पूर्वी भेगमा प्रशस्त उब्जाउ योग्य फाँट थियो, नगरको पश्चिमतर्फ दुवाकोट, बोडे, थिमी, नगदेश, दधिकोट जस्ता उब्जाउ योग्य भुमि भक्तपुरको कृषि सम्पत्ति थियो । यसमा नगरको दक्षिण पश्चिममा पर्ने वाभुँ विशेष थियो । यो ठाँउको नाम नै वाभुँ रहनुको विशेष कारण यहाँ प्रशस्त धान उत्पादन हुने भएर नै हो । वा भनेको धान र भुँ चाहीँ बुँ (खेत)को अपभ्रंष स्वरूप हो । अर्थात धान प्रशस्त फल्ने खेत वा फाँट नै वाबुँ वा वाभुँ कहलिन पुग्यो ।

नेपालको इतिहासमा वाभुँ नजिकैको सोमलिंगको उल्लेख मल्लकालमा सर्वप्रथम नेपाल संवत् ४९२ को एउटा घटनासित जोडिएर आएको देखिन्छ । नेपाल संवत् ४९२ वैशाख बदि अमावस्याको दिन आफ्नो विरुद्ध षडयन्त्र गरेको अभियोगमा तकालीन राजा जयस्थिती मल्लले महामात्य (प्रधानमन्त्री) जयरामसिंहबर्द्धनलाई यही वाभुँ नजिकको चरखण्डी तिर्थबाट पक्रेर नेल ठोकेको गोपाल राजवंशावलीमा  उल्लेख छ । यसको विरुद्धमा पाटन मणिगलका महापात्रहरू लुभुँ हुँदै यही वाभुँसम्म लड्न आएको बखत यता भक्तपुरबाट जयस्थिती मल्ललाई साथ दिई थिमीका जनता उठेपछि पाटनका महापात्रहरूको विद्रोह शान्त भयो । यसबाट अति खुशी भएका जयस्थिती मल्लले थिमीमा एउटा ठूलो भोज आयोजना गरी त्यँहाका जनताको लागि एउटा राजकुलो बनाई दिएको इतिहासमा उल्लेख छ ।

यक्ष मल्लपछि विभाजित नेपालमण्डलमा कान्तिपुर, ललितपुर र भक्तपुर छुट्टाछुट्टै राज्य बनेको समयमा यो वाभुँ भक्तपुर राज्य अर्न्तगत थियो । जुन भक्तपुरको लागि आर्थिक हिसावले महत्त्वपूर्ण ठाउँ बन्न पुग्यो । तर त्यहाँ कुनै बाक्लो बस्ती नभैदिँदा साथै पाटन र कान्तिपुरबाट नजिक परेको हुँदा सामरिक हिसावले अति कमजोर रह्यो ।  यस्तो अवस्थामा वाभुँको सुरक्षार्थ मल्लकालमै यहाँ सुमेरी क्वाथको निर्माण हुनु यसको ज्वलन्त उदाहरण मान्न सकिन्छ । विशेषगरी भक्तपुरलाई अप्ठ्यारो पार्ने उदेश्यले कान्तिपुर र ललितपुर मिली नेपाल संवत् ७८३ मा यहाँ आक्रमण गरेको इतिहासमा उल्लेख छ ।

नेपाल संवत् ७८३ मा प्रताप मल्ल र श्रीनिवास मल्लका सेना एक भई वाभुँमा पहरा दिई बसेका भक्तपुरका सबै सैनिकहरू मारिदिएको थियो । उक्त वर्ष भक्तपुर टौमढीस्थित भैरवमन्दिरमा राखेको पात्र सुकेर फलाम जस्तो रातो भएकोमा शान्तिस्वस्ति नगर्दा यसरी शत्रु पक्षले वाभुँमा उत्पात मच्चाएको भनी पछि भैरवनाथकोमा दीप जागरण पूजासहित शान्तिस्वस्ति गरियो । यता नेपाल संवत् ८१५ मा कान्तिपुरका राजमाता ऋद्धिलक्ष्मी र उनका छोरा भूपालेन्द्र मल्ल तराईमा हात्ती खेदा गर्न गएको मौका पारी भक्तपुरले पाटनको सहयोगमा कान्तिपुरमा आक्रमण गऱ्यो । यसको बदला स्वरूप कान्तिपुरले नेपाल संवत् ८१६ मा वाभुँमा आक्रमण गऱ्यो । त्यस समय भक्तपुरमा राजा जितामित्र मल्ल र उनका छोरा भूपतीन्द्र मल्ल बीच सत्ताको खिचातानी चलिरहेको हुँदा भक्तपुरले कान्तिपुरको आक्रमणको सामना गर्न सकेन । केही समयको लागि वाभुँमाथि कान्तिपुरको अधिनता कायम भयो । पछि भूपतीन्द्र मल्ल भक्तपुरको राजा बनिसके पछि कान्तिपुरले वाभुँ माथिको अधिकार त्यागिदियो । उता पाटनमा योगनरेन्द्र मल्ल राजा भएपछि भक्तपुरको उनीसितको सुमधुर सम्बन्धको कारण वाभुँको सुरक्षार्थ भूपतीन्द्र मल्लले किल्ला बलियो बनाउने मौका पायो । भक्तपुरको अन्न ढुकुटीको रूपमा रहेको वाभुँलाई जोगाउन भक्तपुरले त्यहाँ बलियो पर्खाल सहितको गढ निर्माण गऱ्यो । एकताका कान्तिपुर र भक्तपुर मिली पाटनलाई एक्लो बनाएपछि योगनरेन्द्र मल्ल क्रुध्द भई नेपाल संवत् ८२५ भाद्रतिर भक्तपुरको वाभुँमा आक्रमण गर्न पुगे । तर भक्तपुरले वाभुँको किल्ला बलियो बनाइसकेको हुँदा पाटनले केही गर्न सकेन । त्यसपछि योगनरेन्द्र मल्लले कान्तिपुरको सहयोग लिई चारपटकसम्म वाभुँमा आक्रमण गरे । तर पनि वाभुँ माथि जित हासिल गर्न सकेन । यसबाट योगनरेन्द्र मल्ललाई लाज महसुस भयो । वाभुँमाथि आक्रमण गर्न पुगेका योगनरेन्द्र मल्ल पाटन फिर्ता नगई चाँगु बस्न पुगे । यता चाँगुमा योगनरेन्द्र मल्ल आए पछि भक्तपुरका राजा भूपतीन्द्र मल्ल भक्तपुर छोडी बनेपा बस्न गए । दशैं नजिक आइपुग्दा पनि योगनरेन्द्र मल्ल चाँगुमै बसिराखे पछि भूपतीन्द्र मल्लले आफ्ना गुप्तचरहरू मार्फत तमाखुमा विष मिलाई योगनरेन्द्र मल्ललाई मारिदिएछ । त्यसपछि चाँगुमा बसेका कान्तिपुर र पाटनका सेनाहरू भाग्नुपऱ्यो । यता योगनरेन्द्र मल्लको मृत्युपछि पाटनको गद्दीमा उत्तराधिकारीको अभाव भई कमजोर राज्य बन्न पुग्यो । नेपाल संवत् ८४२ मा भूपतीन्द्र मल्लको मृत्युपछि यिनका छोरा रणजित मल्ल भक्तपुरका राजा बने । यिनी अति सोझा सिधा स्वभावका हुँदा तत्कालीन गुहारयुगीन र छलकपट राजनीतिको शिकार बन्नुपऱ्यो । फलस्वरूप नेपाल संवत् ८५१ मा पाटनका राजा विष्णु मल्ल, कान्तिपुरका राजा जगज्जय मल्ल र गोरखाका राजा नरभूपाल शाह मिली भक्तपुरको वाभुँमा आक्रमण गरे । भक्तपुरलाई आफ्नो राज्य जोगाउन धौ धौ परेको अवस्था रणजित मल्लले ब्यहोर्नु पऱ्यो । कान्तिपुर र ललितपुर मिली भक्तपुरको दक्षिण पश्चिमको एउटा महत्त्वपूर्ण भाग वाभूँ किल्लामा आँखा गाडिरहेको अवस्थामा गोरखा र तनँहुसमेत भई आक्रमण गर्न पुग्दा रणजित मल्लले प्रत्याक्रमण गर्न सकेन । यस्तो अवस्थामा राजा रणजित मल्लले जुक्ति लगाई प्युठानले गोरखामाथि आक्रमणको लागि सहयोग मागे । यता प्युठानले आक्रमण गर्ने सुइँको पाएर गोरखा र तनहुँका थोरै सेना उपत्यकामा राखी धेरै सङ्ख्याका सेना फर्केपछि भक्तपुरका बोडे, थिमि, नगदेश, चोपुरका जनता उठाई रणजित मल्लले कान्तिपुर र ललितपुरलाई वाँभूबाट भगाए । वाभुँ जितेको भोलिपल्ट अर्थात मार्ग शुक्ल तृतिया शनीबारको दिन वाभुँमा एउटा थापूजा गरी भब्य भोजसमेत आयोजना गरे । उक्त थापूजा तथा भोज सम्बन्धी एउटा धर पौ लेख्न लगाएको छ । उक्त धर पौमा वाभुँमा थापूजा गर्दा उपयोग गरेको पूजा सामग्री, भोजको परिकार, भोज खानेहरूको सूचीलगायत अन्य विवरणहरू समावेश गरिराखेको छ । 'वाभुँलीया थापूजाया धरोट' नामको उक्त ग्रन्थबाट वाभुँको महत्त्व कतिको छ भन्ने प्रष्ट हुन्छ । उक्त थापूजाको सङ्कल्प वाक्य यस प्रकारको छ–

*माघ बदि ३ श्री रणजीत मल्ल नं ढल थाना ॥ वाभुँ तेलाया ॥ मानवगोत्र जजमानस्य श्री २ जयरणजीत मल्ल नृपति श्री ३ स्वेष्टदेवता प्रित्यर्थ प्रतिवर्ष पन्चोपचार देर्वाचन ।*

वाभूँ जितेकोमा अत्यन्त खुशी भई राजाले थिमी, बोडे, नगदेश, चोपुरका जनतालाई विभिन्न प्रशस्ति दिए । यसमा पनि शत्रुहरूलाई वाभुँबाट लखेट्न विशेष भूमिका खेल्ने थिमी र नगदेशका जनतालाई ठूलो आर्थिक सहयोगसमेत गरे । राजाबाट पाएको आर्थिक सहयोगलाई सदुपयोग गर्ने क्रममा थिमीका जनताले थिमी स्थित बालकुमारी मन्दिरको दक्षिणतर्फ सुनको तोरण राखे । यसको जानकारी दिने ताम्रपत्र पनि हाले । जसमा स्पष्टसँग थिमी, बोडे, नगदेश, र चोपुरका जनताले कान्तिपुर, पाटन र गोरखाविरुद्ध लडी वाभुँ फिर्ता ल्याएकोमा राजा रणजीत मल्ल अति खुशी भई दोहाका साथ नगद सहयोग गरेको उल्लेख छ । जुन यसप्रकारको छ–

**थिमी बालकुमारी मन्दिरको ताम्रपत्र**

*१. ॐ स्वस्ति ॥ श्री मत्पशुपतिचरणकमलधलिधुसरितशिरोरुह श्रीमन्माने*

*२. श्वरीष्टदेवतावरलब्धप्रसादित रघुवंशावतार वेदिप्यमान मानोन्नत नेपाल भू*

*३. मण्डलाखण्डल महाराजधिराज श्रीश्रीजयरणजित्मल्लदेव प्रभु थाकुलसन्*

*४. वाभु कायाव तयाव सोमलिंग कोटस थाना वव वेलस ञ, ञला,गोर्षा सो*

*५. म्हा राजायां थाना भाचय याङाव ओ कुन्हु वाभु लितेलाव, थ्यमि, बुंदे, नकदे*

*६. श, चोतपुरया पंच प्रजापनिस्त छपुरुस दोहा प्रसन्न जुया जुरो ॥*

*७. अत्र पत्रार्थे साक्षी यज्ञनारायण भागीराम कृष्णसिंह, थ्येमिया पुर्ण्णसि*
*८. ह धनमानसिंह, रत्नाकरसिंह, संकर दुवार ॥ नेपालसंवत् ८५१ माघकृ*
*९. ष्ण द्वितिया पर तृतिया, हस्तनक्षत्र, शूलयोग, शनैश्चरवार शुभंभूयात् ॥*

वाभुँलाई पुनः आफनो कब्जामा ल्याउन लडाइँ गर्ने थिमी, बोडे, नगदेश र वाभुँ चोपुरका जनताको नाममा दोहा (गीत) लेखी ठाउँ ठाउँमा रहेको दाफा भजनमा दिनहुँ गाउनुपर्ने ब्यवस्था गरिदिएको थियो। वाभुँको विजयमा रणजित मल्लले यस्तै प्रकारले दोहा लेखि भक्तपुरका जनताको नाममा दाफाहरूमा गाउने ब्यवस्था गरे। भक्तपुरस्थित श्री तलेजु भवानीकोमा एउटा ताम्रपत्र समेत राखे।

### भक्तपुर तलेजुको ताम्रपत्र

*१. ॐ स्वस्ति ॥ श्री मत्पशुपतिचरणकमलधलिधुसरितशिरोरुह श्रीमन्माने*
*२. श्वरीष्टदेवतावरलब्धप्रसादित रघुवंशावतार वेदिप्यमान मानोन्नत*
*३. नेपालमहीमण्डलाखण्डल महाराजधिराज श्रीश्रीजयरणजित्मल्लदेव*
*४. प्रभु थाकुलसन प्रजा पंचयाता, ञ, ञला,गोर्षा सोम्हा राजाया सोमलिं*
*४. गस गाना भाचय याङाव वाभु लितेला वेलस छपुरुस दोहा प्रसन्न*
*५. जुया जुरो ॥ अत्र पत्रार्थे साक्षी जज्ञनारायण भागीराम कृष्णसिंह*
*६. नेपालसंवत् ८५१ चैत्र कृष्ण एकादशी बुधवार कुन्हु शुभमस्तु*
*७. न्हापाया सोपुलिस छपुलिस ताङाव प्रसन्न जुया जुरो ॥ शुभम ॥*

यस्तै तरिकाले वाभुँ फिर्ता ल्याउन विशेष भूमिका खेलेका नगदेशका जनताबाट अति खुशी भई राजा रणजित मल्लले सोही तवरले दोहा तथा नगद सहयोग गरेका थिए। नगदेशका जनताले पनि सो सहयोग नगदबाट नगदेशस्थित सिद्धी गणेश मन्दिरमा ताम्रपत्र राख्न लगाए।

### नगदेश सिद्धी गणेशको ताम्रपत्र

१. ॐ स्वस्ति ॥ श्रीश्रीजयरणजित्मल्लदेवसल् गोर्षारि
२. लाङाव, सोमलिंग दल थाङाव, वाभु लितेला वेल
३. स, नकदेशया प्रजा पंचयात, प्रसाद बिया दामन
४. श्री ३ गणेशस्त स्वर्णस्थानमाल दुंता ॥ सं ८५२ आषाढ सु ३ शुभं ॥

यसबाहेक भक्तपुर तलेजु भित्र प्रत्येक वर्ष भाद्रवदि अष्टमीको दिन एउटा थापूजा वाभुँकै नामबाट सञ्चालन हुँदै आएको छ। वाभुँ तेला थापूजा नामको उक्त थापूजाको आधारमा वाभूँ सदैव भक्तपुरको लागि सामरिक महत्त्वले भरिएको ठाउँ बनेको सर्न्दभमा भाद्र बदि ८ को दिन श्री तलेजुमा मनाइने  था पूजा एउटा महत्त्वपूर्ण प्रमाण हुन आउँछ। वाभूँ तेला था पूजाबाट चिनिने उक्त था पूजाको सङ्कल्प वाक्यमा जगज्र्योति मल्लको नाम आउनु अर्को अनुसन्धान गर्नुपर्ने विषय हुन आउँछ। वाभूँको इतिहाससँग भूपतीन्द्र मल्ल र रणजित मल्लको मात्र नाम जोडिएकोमा यो था पूजाको माध्यमबाट पहिलोपटक जगज्र्योति मल्लको पनि नाम आएको हुँदा यो अनुसन्धानयोग्य विषय हुन आएको हो। यसको अर्थ ने.सं. ७२३ देखि ने.सं.७५९ को बीचमै जगज्र्योति मल्लले वाभुँमाथि आधिपत्य जमाएको र यसैलाई आधार बनाई उनले प्रत्येक वर्ष भाद्र बदि ८ को दिन वाभुँतेला था पूजा चल्दै आएको छ।

यस्तो महत्त्वले भरिएको वाभुँ वर्तमान समयमा भक्तपुर जिल्ला अर्न्तगत सूर्यविनायक नगरपालिकामा रहे पनि यसको खासै चर्चा र उल्लेख भएको देखिँदैन। कैयौं विद्वानहरूले त अझ वाभुँ कहाँ पर्छ भन्नेबारे गलत जानकारी दिएको कारण वाभुँबारे थप अन्यौलता उत्पन्न भएको देखिन्छ। इतिहास शिरोमणि स्व. बाबुराम आचार्यले वाभुँ दुवाकोट नेर हुनुपर्ने जिकिर गरे। यता अर्का विद्वान इतिहासकार मोहनप्रसाद खनालले वाभुँ भक्तपुर नगरको उत्तर झौखेलको दक्षिण भागमा पर्छ भनी आफनो अडान राखे। वास्तवमा इतिहास शिरोमणि बाबुराम आचार्य र इतिहासकार मोहनप्रसाद खनालले दुवाकोट र झौखेलमा वाभुँ हुनुपर्ने अडान पछाडि वाभुँ र चाँगु को नाम सँगसँगै आएकोले हुनुपर्छ। अर्थात वाभुँ चाँगुको नजिकको ठाउँ हुनसक्ने आधारमा आ–आफ्नो मत राखेको हुनसक्छ। तर यसको पहिलोपल्ट सही जानकारी अर्का विद्वान स्व. धनवज्र वज्राचार्यले वाभुँ थिमीबाट आधा कोश दक्षिण पश्चिममा पर्छ भनी उल्लेख गर्नु भएको यहाँ सगर्व उल्लेख गर्न चाहन्छु। वज्राचार्यको भनाइअनुसार वाभुँ भक्तपुर, काठमाण्डौं र पाटनको सिमाना जोड्ने हाल भक्तपुर जिल्लाको दधिकोटमा पर्छ। वाभुँबाट नजिककै लुभुँ महालक्ष्मी नगरपालिका रहेको छ। हाल चोपुर कहलिने सो ठाउँको विशाल फाँट नै वाभुँ हो। जहाँ भक्तपुरबाट बग्ने चरखण्डी चनमति र लुभुँ हुँदै बग्ने मनमति खोला मिली एउटा दोभान बनाएको छ। सोही दोभान नजिक गुप्तेश्वर महादेवको मन्दिर छ। यही ठाउँमा सोमलिंगेश्वर महादेवको अर्को प्राचीन मन्दिर छ। यो फाँटसँगै दधिकोटको चोपुर बस्ती छ। जुन राजथला वा राजवाहकहरूको मूलबस्ती हो। उनीहरूको मूल पेशा चिउरा कुट्ने हो। स्थानीय नेवार भाषामा चोकमी भनिनेहरूको ठाउँ नै चोपुर कहलिएको हो। नजिककैको विशाल वाभुँ फाँटमा प्रशस्त धान फल्ने भएर उनीहरूको पेशा सोही धान कुटेर चिउरा बनाउने भयो। यो नै वास्तविक वाभुँको विगत र वर्तमान हो।

### सन्दर्भ सामग्री


१. गोपालराज वंशावली
२. ऐतिहासिक पत्रसङ्ग्रह भाग २
३. अभिलेख सङ्ग्रह भाग ११
४. मल्लकालया छुं घटनावली
५. पासुका वर्ष ४ अङ्क ५
६. नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन
७. राष्ट्रिय अभिलेखालय, माइक्रोफिल्म A 1257/14 ? A 620/24

# ज्यापू जातिको बालककालीन जीवनमा गरिने विभिन्न संस्कारहरु-३



डा. हरिराम सुवाल
वडाध्यक्ष, भनपा ६

**कयता पूजा यायेगु (व्रतबन्ध गर्नु)**

कय्तापूजा यायेगु भनेको व्रतबन्ध गर्नु हो। ज्यापू जातिमा बालकहरूलाई जोशीको सल्लाहअनुसार सात वा नौ वर्ष भएपछि व्रतबन्ध गर्ने चलन छ। नेवार समुदायमा प्रायः व्रतबन्ध गर्ने चलन रहेको छ। व्रतबन्ध गर्ने भनेको छोरालाई शरीरका बारे केही कुरा सिकाउनु र बुझाउनु हो। यौवनावस्थाले छोएपछि शरीरमा विभिन्न परिवर्तनहरू देखा पर्दछन्। त्यसैलाई पर्दा राख्ने उद्देश्यले कय्ता पूजा गरी कय्ता (लँगौटी) हस्तान्तरण गरिन्छ (राजवंशी, २०६५, पृ. २१)। वैज्ञानिकता खोज्ने हो भने बालकहरू युवा अवस्था पुग्न लागेको समयमा शारीरिकरूपमा आउने परिवर्तनहरूको सम्बन्धमा जानकारी गराउने र परिवार र समाजप्रति पालना गर्नु पर्ने कर्तव्यहरूप्रति सचेत र सजग बनाउनको लागि यो संस्कार गर्ने चलन चलेको हो। जसरी बालिकाहरू तरुणी केटीमा परिवर्तन हुने समयमा यौन सम्बन्धी जानकारी दिने हिसाबले इहि र गुफा राख्ने संस्कारबाट यौन सम्बन्धी जानकारी गराइन्छ, त्यसरी नै केटाहरू युवा अवस्थामा परिणत हुने समयमा यौन तथा आफ्नो जिम्मेवारी सम्बन्धमा जानकारी बोध गराउने हिसाबले यो संस्कारको विकास भएको हो। धार्मिक रूपले हेर्दा पनि धर्मले मानिसको सामाजिक व्यवस्था सुदृढ गर्नलाई धर्मको विकास भएको पाइन्छ। व्रतबन्ध गर्ने संस्कारले केटाहरूलाई आफ्नो यौवनावस्थाबारे, परिवार र सामाजिक परम्पराबारे जानकारी दिने हिसावले यो संस्कारको विकास भएकोले यसको धार्मिक महत्त्व पनि रहेको छ।

कय्ता भनेको बालकको यौनाङ्ग छोप्नलाई बनाएको पातलो कपडाले बनाएको लामो कपडा हो, जसको एक छेउमा पुटु अर्थात् डोरी जस्तो कपडाले नै सिएको हुन्छ भने अर्को छेउ अलि सानो हुन्छ। कय्ता पूजा गर्नको लागि श्राद्ध पनि गर्नु पर्दछ। श्राद्धको एक दिन अगाडि बेलुका सबै ज्वाइँहरूलाई बोलाई छलफल गरिन्छ। यही छलफलको क्रममा भिजेको केराउ र फसी चो अर्थात् फर्सी र फर्सीको टुप्पा घरको पछाडि सागल (मल बनाउन प्रयोग गरिने खाल्डोलाई 'सगाल' भनिन्छ।) मा खसाल्ने गरिन्छ। यसरी खसाल्नु भनेको मरेका पितृहरूलाई भोजको निम्तो दिनु हो भने विश्वास गरिन्छ। व्रतबन्ध गर्ने दिनको एक दिन अगाडि घरमा बजु बोलाई प्याँथय् (श्राद्ध) गर्ने चलन छ। यसलाई खोर्सी प्याँथय् अर्थात् श्राद्ध गर्ने पनि भनिन्छ। यस दिन बिहानै नुहाउने गरिन्छ। कुनै पनि ठूलो कार्य गर्नलाई चार दिन अथवा आठ दिन अगाडि नान्हीमुखी श्राद्ध गरिन्छ। यो श्राद्ध बयरले गर्ने गरिन्छ। त्यो श्राद्ध गरेपछि ठूलो परिवारमा कसैको मुत्यु भएपनि जुन कार्यको लागि श्राद्ध गरेको हो, उक्त कार्य गर्न नसकेसम्म जुठो लाग्दैन भनेर शाश्त्रमा लेखेको पाइन्छ। प्याँथय् भनेको घरमा मरेको आफ्नो बुबा बाजे तथा वंशज (पितृ) लाई खुवाउने चलन हो। साथै टोल भरिका जति पनि मानिस मरेका छन् उनीहरूको आत्मालाई खुवाउने काम गरिन्छ। श्राद्ध गर्दा नाम लिएर पिठो चढाउँछन्। यसरी गरेमा घरमा पितृले दुःख दिँदैन भने विश्वास गरिन्छ। श्राद्ध सकिएपछि नजिकैको खोलामा ब्वो (भोजको एक भाग) लप्तेमा (लपेसमा) राखी बाटामा राखेर चढाउन जान्छन्। खोलाको पानीले अनुहार र हात खुट्टा सफा गरी घर फर्कन्छन्। घरमा आएपछि सबैलाई सम्हे खुवाइन्छ। त्यसको केही समयपछि कला वागु (एक प्रकारको भोज हो। जसमा स्यू दिने चलन छ।) गर्नलाई भोज खुवाउने गर्दछन्। सम्हे खाइसकेपछि ज्वाइँ आफूलाई जिम्मा परेको घरमा व्रतबन्धको भोज बोलाउन जाने गरिन्छ। तर अहिले एक दुई दिन अगाडि नै कार्ड दिन जाने चलन चलिसकेको छ। अहिलेपनि आफ्नो नजिकको मानिसलाई कार्ड दिनु हुँदैन, बोलाउन नै जानु पर्ने चलन बाँकी नै छ।

व्रतबन्धको दिनमा बिहान सबेरै नुहाउने गरिन्छ। नजिकको खोलामा राति पानी लिएर कलशमा राख्ने र पूजा राख्ने गरिन्छ। पूजाको लागि गोजा, हाँसको अण्डा, चतामारी (एक प्रकारको चामलको पीठोको रोटी), तसी (बिमिरो), सिफाम्, टुमा (उखु), अण्डा चाहिन्छ। आचाजुले पूजा जा (भात) बनाउने गर्दछन्। आचाजुले पूजा गर्छन् र बच्चालाई लुगाफाटा लल्हाय् (हस्तान्तरण गर्ने) गर्ने गरिन्छ। किसली चार ओटा पाँच ठाउँमा दलिनमा कपडामा बेरी झुण्ड्याउने, टुमा (उखु) राख्ने, अण्डा दिने गरिन्छ। त्यसपछि निनीहरू (फुपूहरू) ले बच्चालाई सर्वखौ



मामाले भान्जाको केश खौरन्दै

(तोरीको तेल पिसेर बचेको पदार्थ) ले नुहाई दिन्छन् । बच्चालाई सुनको छुराले (ब्लेड) भिजेको टाउकोमा मामाले केश अलिकति खौरि दिए पछि नौचा (नङ काट्ने व्यक्ति) ले छुरा (ब्लेड) मार्फत केश खौरि दिन्छ । यसरी खौरने क्रममा बजुले टाउकोको टुप्पोमा केही केशहरू बाँकी राख्ने चलन छ । यसलाई आंगुसा (टुपी) राख्ने भनिन्छ । निनीहरूले साँ (केश) फेगु गर्दछन् । मिमिचा (एक प्रकारको पात हो) माथि गोबर, प्वचुं, मासु एक टुक्रा राख्ने र त्यसमाथि बच्चाको केश राखी बाँधिन्छ । अनि आचाजुले कयता लगाई दिनु भने पछि घरको मूलीले कयता (लँगौटी) लगाई दिने गरिन्छ र सिफाम (काठको पाथी) ले बच्चालाई लुके (फूल राखेर सिँचन) गरिन्छ । पाथीभित्र सौ वा (चामल), फलफूल राख्ने गरिन्छ । त्यसपछि कलांली (पूजाको सामग्री राखेर देव स्थानमा लानको लागि प्रयोग गरिने एक प्रकारको भाँडो), पूजाको सामग्री लिएर आफ्नो लागाको गणेशको मन्दिरमा जान्छन् । गणेशको मन्दिरमा पूजा गरी बलि दिने गरिन्छ । यस क्रममा बच्चाको मामाले बच्चालाई कयता लगाइ दिने र लुगाफाटा उपहार दिने गरिन्छ । त्यसपछि सबैलाई सम्हे खुवाउने चलन छ । सम्हेमा चिउरा, राँगाको मासु, बोडी, भटमास, माछा, लसुन, अदुवा, बारा, अण्डा आदि र तरकारीहरू राखी खुवाउने गरिन्छ ।



व्रतबन्धको समयमा सिफामले (काठको पाथी) बच्चालाई लुके (फुल राखेर सिँचन) गर्दै

त्यही दिन बेलुकी आफ्ना नातेदार र इष्टमित्र सबैलाई आफ्नो गच्छे अनुसार भोज खुवाइन्छ । यस दिन मामा घरबाट कु (भोजको परिकार) ल्याउने चलन छ । भोलिपल्ट बिहान चतुर्थी गर्ने (भोज सकेको उपलक्ष्यमा भोजमा बाँकी भएका परिकारहरू भोजमा भारी भई काम गर्ने नातेदारहरू बोलाई खुवाउने चलन) गरिन्छ । चर्थीको दिनमा बिहान खा (कुखुरा) र पूजा लिएर गई घरको मूल व्यक्ति तथा परिवारका मूल व्यक्तिहरू आफ्नो लागाको गणेश मन्दिरमा गई पूजा गरिन्छ । त्यसपछि त्यही मन्दिरमा नै सम्हे खाने गरिन्छ । त्यहाँबाट फर्की त्यही कुखुराको मासु पकाउने र अघिल्लो दिन बाँकी भएका परिकारहरू राखेर आफ्ना परिवार र चेली बेटीहरूलाई बिहान भोज खुवाउने गरिन्छ । यसैलाई चर्थी याइगु भनिन्छ । त्यस दिन बेलुका भारी थाने (भोज सकेको उपलक्ष्यमा भोजमा बाँकी भएका परिकारहरू भोजमा भारी भई काम गर्ने नातेदारहरूलाई बोलाई खुवाउने र कू ल्याउँदा ल्याएको सामग्रीहरू खुवाई भोज समापन गर्ने चलनलाई भारी थाने भनिन्छ) गरिन्छ । त्यसको लागि धन बाराही (मध्यपुर थिमीमा अवस्थित नील बाराही मन्दिरमा रहेको देवतालाई धन बाराही भनिन्छ) गई भोज भएको लप्ते चढाउने र एक भाग घरमा ल्याई भारी कोठामा जाँड र चिउरा राखी पूजा गर्ने गरिन्छ । यसलाई नै धन बाराही तान्ने भनिन्छ । भारी कोठा मामाको जिम्मामा रहन्छ । भारी थाने गर्ने दिनमा त्यही भारी कोठाको भोज भाग चढाउन जाने गरिन्छ । भारी थाने भोजमा भारी भएका सबैलाई भोज खुवाई रमाइलो गरिन्छ । भारी थाने भोजमा कु ल्याउँदाको चिउरा र अन्य सामग्री सबैलाई खुवाउने पनि गरिन्छ ।

**बाह्राः तयेगु (गुफा राख्ने)**

नेवारहरूमा केटीहरूको रजस्वला हुनु अघि बाह्राः राख्ने चलन रहेको छ । ज्यापू जातिमा पनि केटीहरू बालिग हुनु अघि अर्थात् रजस्वला हुनु अघि बाह्राः राख्ने गरिन्छ (राजवंशी, २०६५, पृ. २३) । नेपालको बौद्ध धर्म दर्शन र बौद्ध परम्पराअनुसार नेवार बौद्ध समाजमा गरिने संस्कार पद्धति अन्तर्गत गर्भाधान प्राग्जन्म संस्कार हो । यथार्थ रूपमा यसलाई बौद्ध समाजमा शिशु जन्मनुभन्दा अगाडिको संस्कार अर्थात गर्भोत्पत्ति वा योनी संशोधन कर्मका रूपमा मानिन्छ (वज्राचार्य, २०६५, पृ. ३७) । रजस्वला अघि बालिकाहरूलाई यौन शिक्षा दिनको लागि यो चलन ज्यापू जातिमा चलेको छ । बौद्ध नेवारमा प्रथम पटक स्त्री रजस्वला हुने वित्तिकै एउटा कोठामा विधिवत गुप्तवास (दुसूकी) गराइन्छ र बाह्रौं दिनमा रजस्वला भएकी स्त्रीलाई विधिपूर्वक कोठा बाहिर ल्याइन्छ (वज्राचार्य, २०६५, पृ. ३७) । बालिग भएपछि बिस्तारै शरीरमा हुने परिवर्तन सम्बन्धमा जानकारी दिनको लागि पहिले यौन शिक्षा दिने चलन नभएको समयमा यो प्रचलन चलेको हुनु पर्दछ । लेखक स्वयम्ले पनि छिमेकका बहिनीहरू आफ्नै घरमा बाह्राः राख्न ल्याएको देखेको छु र साथसाथै कतिपय छिमेकीहरूको घरमा बाह्राःको भोज पनि खान गएको छु । हालपनि वर्षको दुई तीन ठाउँमा यस्तो भोज गइरहेको छ । भान्जीहरूलाई आफ्नै घरमा बाह्राः राखेकोले गर्दा यस सम्बन्धमा लेखकलाई धेरै जानकारी छ । इहीपछि र विबाह अघि रजस्वला हुनु अगाडि किशोरीलाई १२ दिनसम्म सूर्यको प्रकाश र लोग्ने मान्छेको अनुहारसम्म नदेखाई कोठामा थुनेर यौनशिक्षा दिने परम्परालाई बाह्राः तयेगु (गुफा राख्ने) भनिन्छ (कायस्थ, २०६३, पृ. १६९) । गुफा राख्ने तिथि मिति सम्बन्धमा जोशीकहाँ गएर बुझ्न जाने गरिन्छ । त्यही जोशीले भनेको समयमा पटु राखेर स्वगं दिने गरिन्छ । त्यसपछि अँध्यारो कोठामा त्यस दिनदेखि राख्ने गरिन्छ ।

बाह्राः बस्ने केटीले पुरुषलाई हेर्नु हुँदैन । बाह्राः बस्ने केटी एक जना मात्र भए बाह्राः कोठामा कपासको बाह्राः ख्याक बनाएर कसैले नछुने गरी अलग्ग राखिन्छ । एक जनाभन्दा बढी



काँचो इँटा अगाडि राखी नकींले पूजा गर्दै

भएमा बाह्राः ख्याक राख्नु पर्दैन । बाह्राः बस्ने केटीका आफन्तहरूले ल्याएका खानेकुराको भाग बाह्राः ख्याकलाई पनि राख्नु पर्दछ । केटीलाई बाह्राः राखेको चांथो दिनसम्म नुन खुवाईंदैन । चौथो दिनमा दिउँसो स्वगं दिने गरिन्छ । छैटौं दिनमा सिंके (पातलो हाँगो), वाउंचा (हरियो तरकारी) पटु, इसिचा (रस), वः, बजि राखेर बच्चा बजि (विभिन्न परिकारहरू राखेर बनाएको सम्हेबजीजस्तै परिकारसहितको भाग) दिने गरिन्छ । छैटौं दिन पछि सुरुमा घरको परिवारले छुस्यामुस्या खुवाउँछन् । त्यसपछि अरू नातेदारहरू पालैपालो आउँछन् । बाह्राः बस्नेहरूलाई दिउँसोको खाजा खुवाउने चलनलाई नै 'छुस्यामुस्या नकेगु' (मकै, भटमास, बकुला, गहुँ अलग अलग भुटेर मिसाएकोलाई छुस्यामुस्या भनिन्छ) भनिन्छ । बाह्राः बसेकाहरूलाई हेर्न जाँदा मकै, भटमास, बदामका साथै फलफूल, रोटी र दूध लिएर जानुपर्दछ । यसलाई 'बाह्राःस्वः वनेगु' पनि भनिन्छ । यसरी हेर्न गएपछि त्यही ठाउँमा क्वचिकं (तोरी पिनेर बनाएको तेल) लगाएर आउनु पर्दछ । किनकी गुफा राखेको समयमा पनि जुठो नै परेको मानिन्छ, जसलाई जयगुली मागु भनिन्छ । यस अवधिमा मठ मन्दिर जाने गरिँदैन । यस अवधिमा आफ्ना नातेदारहरूले कुनै भोज भतेर गर्नु हुँदैन ।

बाह्रौं दिनमा बच्चालाई बाह्राः पासा (बाह्राः बस्नेसँगै सुत्ने साथी) ले बिहान सवेरै नुहाई दिने, घरमा लिप्ने, भाँडाकुँडाहरू सफा गर्ने गर्छन् । बिहान बजु र नौचा आउँछन् । नौचाले सबैको नङ काट्ने र अलः लगाई दिन्छ । बजुले बाऱ्हाः राखेको बाऱ्हौं दिनमा बाह्राः बसेकी केटीहरूलाई बाह्राः कोठाबाट बाहिर निकालेर कौशीमा सूर्यको दर्शन गराउन लगिन्छ । यसबेला बाह्राः बसेकी केटीले एक हातले ज्वला न्हायकं र अर्को हातमा सिन्हः मू लिई पूजा गर्दछिन् । बच्चाको अगाडि तीन ओटा काँचो (नपाकेको) इँटा राखिन्छ । साथै म्हेखा पा (मयूरको पखेटाको लामो एउटा प्वाँख), सिनं, चुल्ठो आदि चाहिन्छ । बाऱ्हाः कोठाबाट निक्लने बित्तिकै तुरुन्तै सूर्य-दर्शन गराइँदैन । विभिन्न विधि सकिएपछि मात्र सूर्य-दर्शन गराइन्छ । सूर्य-दर्शनसँगै अर्घ (दूध पानी चढाउने) दिन लगाइन्छ । बच्चालाई सिन्दुर लगाई दिन्छ । त्यस लगत्तै बच्चालाई कपडामा पैसा राखेर उपहार दिने गरिन्छ । त्यसपछि खोलामा फ्याँक्न पठाइन्छ र त्यहीबेला ख्याः बो (लप्तेमा भोजको परिकारराखी) बाह्राः राखेको कोठामा राख्न लाने गरिन्छ । खोलामा तीनओटा काँचो इँटा पनि फ्याँक्न लगिन्छ । परिवारका केही सदस्यहरूले बच्चालाई नजिकैको मन्दिरमा दर्शन गर्नको लागि लैजान्छन् । मन्दिर घुमाउँछन् । त्यही ख्याः बो भोलि बिहान बच्चालाई खुवाउने चलन छ । सूर्य-दर्शन सकिएपछि कंलावे भोज खुवाउनु पर्दछ । बेलुका पनि नातेदारहरूलाई आफ्नो गच्छेअनुसार भोज खुवाउने गरिन्छ । भोजमा आउने आफन्तहरूले बच्चालाई बाह्राः छुके (चामल र अरू सगुन बच्चालाई ढोग्न लगाउने) गर्छन् र साथै विभिन्न उपहारहरू पनि दिने चलन चलेको छ ।



सिन्दुर लगाइँदै

नेवार ज्यापूहरूमा कुनै केटीलाई गुफा राख्दा विरामी भएर वा अन्य कुनै कारणले मृत्यु भएमा उक्त केटीलाई छुन नहुने संस्कार छ । यसरी मरेमा त्यो केटी जुन ठाउँमा मरेको हो, त्यो केटीसँगै दलिनहरू प्वाल पारी झार्दै जमिन तलामा ल्याइन्छ । जमिन खनेर पुरिदिने चलन अझै बाँकी छ । भक्तपुर नगरको क्वाछेँस्थित एउटा परिवारमा केही वर्ष पहिले यस्तै घटना घटेको लेखक स्वयम्ले प्रत्यक्ष अनुभव गरेको थियो । तर त्यो केटीको आत्माले परिवारलाई समय समयमा सताएको भनी केटीको परिवार काठमाडौं बसाइँ सरेको थियो । पछि डेरामा बसेको परिवारले जोशीको सल्लाहअनुसार घरमा शान्ति गरेपछि सताउन छोडेको भनाइ सुनिन्छ ।

## सन्दर्भ सामग्री सूची


कायस्थ, कृ. (२०६३). **नेवाः संस्कार र संस्कार,** काठमाडौंः जगतलक्ष्मी स्मृति समाज ।

बज्राचार्य, र., (२०६५). **नेवार बौद्ध संस्कार,** काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

राजवंशी, ल. (२०६५). **नेवार सांस्कृतिक चिनारी,** ललितपुरः नागार्जुन पब्लिकेशन प्रा. लि. ।


## स्रोत व्यक्तिहरू

| | | |
|---|---|---|
| विष्णु सुवाल | सुनमाया सुवाल | सुनकेशरी ग्वाछा |
| तुल्सीनारायण सुवाल | पुण्यश्वरी सुवाल | राज्यलक्ष्मी कुम्पाख |
| डा.सत्यनारायण सुवाल | राज्यलक्ष्मी सुवाल | सुलोचना अवाल |

# उत्साहित पार्नुपर्ने उखु कृषकलाई भगाउँदै उखु उद्योग



सबिन ख्याजू

## पृष्ठभूमि

सर्लाहीका कृषकहरूले उखु बेचेको भुक्तानीका लागि अघिल्लो वर्ष काठमाडौंमा १५ दिनसम्म आन्दोलन गरे। उखु किसान र नेपाल सरकारसँग सम्झौता भयो तर कार्यान्वयन भएन। यो दृष्य यस वर्ष पनि दोहोरिरहेको छ। अहिले नेपालका सम्पूर्ण सञ्चार माध्यममा यो समाचारले प्राथमिकता पाएको छ। नेपाल सरकारले सुने पनि नसुनेझैं कानमा तेल हालेर बसेको छ। उखु किसानको अधिकारबारे जिम्मेवार निकायको मौनताले नराम्रो सङ्केत गर्दछ। एउटा प्रश्न स्वतः उठ्छ, उखु खेती अब कतातिर लाग्छ ?



उखु स्वास्थ्यवर्धक कृषि वस्तु हो। यसको प्रशोधनबाट बन्ने चिनी विशेष रूपमा सबैको भान्साको अत्यावश्यकीय चीज हो। उचित भू-बनौट, माटो र हावापानीका कारण नेपालको तराई भेग उखु खेतीको लागि उपयुक्त छ। उखु खेती हुने देशहरूसँग दाँज्दा, नेपालको उखु उत्पादन (३२.३५ लाख टन) मा ३९ औँ, उत्पादन क्षेत्र (७१,४६६ हेक्टर) मा ३४ औँ र उत्पादकत्व ४५.१२ टन प्रति हेक्टर छ (FAOSTAT, 2018)। विश्वको औसत उत्पादकत्व ५६.२९ टन प्रति हेक्टर छ। कृषि कुल ग्राहस्थ उत्पादनमा २.१ प्रतिशत ओगटेको सरकारको प्रतिवेदनमा उल्लेख छ। नगदे बाली भएकाले पनि यस बालीले महत्त्व पाउने गर्दछ। तराईका कृषकहरूलाई अन्य बालीभन्दा उखु खेती नाफामूलक वा नगदे बालीमा पर्दछ। समस्या के छ भने नेपाली उखु खेती परम्परागत ज्ञान र सीपका आधारमा हुने गरेको छ।

नेपालमा जितपुर १, २, ३ र ४ गरी चार थरीका उखुलाई दस्तावेजमा राखिएको देखिन्छ। नेपालमा रैथाने उखुहरूको अनुसन्धान र अभिलेखीकरण पक्ष फितलो छ। गुणस्तर सुधारमा विशेष ध्यान दिन सके किसानको समस्या सम्बोधन गर्न सकिन्थ्यो। उखु उत्पादनको लागि उपयुक्त हावापानी भएको तराई क्षेत्रमा अनुसन्धान केन्द्रहरूको स्थापना गर्ने, किसान र प्राविधिकको ज्ञान र सीप आदानप्रदान गर्ने, अनुसन्धानको उपलब्धि किसानलाई आफ्नो खेतमा प्रयोग गर्न दिने आदि कार्यहरूलाई प्राथमिकता दिनु राम्रो हुन्छ। विभिन्न रोग कीराहरूको व्यवस्थापन र उन्नत बीउको बन्दोबस्तका साथै कम लागतमा बढी उत्पादन लिन सकिने प्रविधिको विस्तार गरिनु आजको आवश्यकता हो।

## उखु किसान, उद्योग र सरकारी निकाय बीच समन्वय

उखु उत्पादनको लागि आवश्यक बीउ, सिँचाइ, मल, विषादी, ट्र्याक्टर, आदि समय मै बन्दोबस्त भएमा उखु किसानलाई हौसला मिल्छ र उत्पादन पनि राम्रो हुन्छ। चिनी उद्योगलाई समय मै उखु उपलब्ध भएमा चिनी उत्पादनले निरन्तरता पाउँछ। अझ नेपालका उद्योगहरूले ६–८ महिनाको लागि मात्र उखु पाउने गरेको र वर्षभरि नै काम गर्न नपाएको प्रतिवेदन छ। उत्पादकत्व बढी भएको उखुको जात उपलब्ध गराउन सके उत्पादनमा वृद्धि गर्न सम्भव हुन्छ। परम्परागत रूपमा चलिआएको उखु खेतीलाई व्यवसायिक र आधुनिक बनाउनु नै अहिलेको माग हो। कृषकहरूले आधुनिक ज्ञान र सीप पाउन सके उखु खेतीबाट निराश हुनु पर्ने अवस्थाबाट सुरक्षित हुन सक्छन्। समस्या समाधान गर्न सक्षम हुन्छन्। समय समयमा कृषि प्राविधिकहरूसँग अन्तरक्रिया र छलफललाई निरन्तरता दिन सके कृषकहरूले लाभ उठाउन सक्छन्।

नेपालमा हालसम्म दर्ता भएका ३४ वटा चिनी मिलहरू मध्ये १४ वटा चिनी मिलहरू मात्र सञ्चालनमा छन्। सरकारको असफल नीतिका कारण यो दृष्य देखिएको हुनुपर्दछ। उद्योगहरूको सञ्चालन उखु कृषकमा भर पर्दछ। उखुको खेती क्षेत्र, उत्पादन र उद्योगलाई उपलब्धताको आधारमा उद्योगहरू सञ्चालन



हुन्छन् । आवश्यक मात्रा र गुणस्तरको उखु उपलब्ध नभएमा उद्योगहरूले पनि निरन्तरता पाउन सक्दैनन् । उत्पादन क्षमताको पूर्ण प्रयोग गर्न सक्ने अवस्था हुँदैन । साथै, उद्योगका मेसिनहरूको मर्मत गर्ने र प्रभावकारिता बढाउनु पनि त्यत्तिकै आवश्यक छ ।

उद्योग मालिक पनि अनुशासित हुनु जरुरी छ । सामान लिएपछि कृषकलाई भुक्तानी त दिनै पर्‍यो नि । कानूनको कमजोरीहरूमाथि फाइदा उठाएर कृषकलाई झुक्याउने र शोषण गर्ने अधिकार उनीहरूसँग नहोला । जति समय ढिलो भुक्तानी भएको छ त्यसमा नियमानुसार ब्याजसहित कृषकलाई दिइनु उत्तम हुन्छ । कृषक र मिल उद्योगबीचको यो अन्तरसम्बन्धले नै उत्पादनले गति लिन्छ ।

कम्युनिष्ट सरकार भएको देशमा कृषकलाई माथिल्लो स्थानमा राख्दछ । कृषिलाई व्यवसायिक र आधुनिक बनाउनतिर कुराभन्दा कामको जरुरत रहन्छ । आवश्यक मात्रामा अनुदान उपलब्ध गराउने, बजारको प्रत्याभूति गराउने काम गर्नु आवश्यक छ । सरकारले विज्ञान र प्रविधिलाई विशेष प्राथमिकतामा राखेर अनुसन्धानलाई व्यवस्थित तरिकाले अगाडि बढाउनु राम्रो हुन्छ । अनुसन्धानले कृषकका समस्याहरूको सम्बोधन गरेर उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सक्नु पर्दछ ।

सामान लिएर वर्षौंसम्म भुक्तानी नदिने जोसुकैलाई कारबाहीको दायरामा ल्याउने काम सरकारको हो । कृषकको आँसुको खोला र रगतको भेल नबगेसम्म मौन बस्नु लाजको विषय हो । सरकार भित्रै कमिसनको लोभमा यो परिस्थिति तयार गरेको भए ती व्यक्तिलाई कडा कारबाही आवश्यक हुन्छ । उखुको न्यूनतम मूल्य निर्धारणलाई प्रभावकारी बनाउनु जरुरी छ ।

कृषकलाई खेतीको बेला आवश्यक रासायनिक मल, विषादी, सिँचाइ आदिको बन्दोबस्त सरकारले पुग्दो, सहज र ठीक समयमा उपलब्ध गराउने प्रणाली विकास गर्नु पर्दछ । कृषकले व्यवसायिक रूपमा गर्न चाहँदा सहुलियतमा ऋणको बन्दोबस्त गर्नु पर्ने हुन्छ । कृषकलाई प्रोत्साहन गर्नको लागि कृषि बिमाको पनि आवश्यक हुन्छ । कृषकलाई समयानुकुल नयाँ तालिमहरूको बन्दोवस्त गर्न सके कृषक अझ सक्षम बन्ने देखिन्छ । यसरी कृषक, उद्योग र सरकारी निकायबीच राम्रो सहकार्य र समन्वय भएमा कृषि उत्पादनमा वृद्धि भई अर्थतन्त्रमा नै सकारात्मक नतिजा निकाल्न सकिन्छ ।

**उखुमा आत्मनिर्भर बनौं**

उखु भनेपछि चिनी नै दिमागमा आउँछ । नेपालमा वार्षिक प्रति व्यक्ति ८ किलो चिनी खपत हुने गरेको छ । तथ्याङ्कअनुसार नेपालीको मागको ६० प्रतिशत चिनीमात्र नेपाली चिनी मिलले उत्पादन गरिरहेको छ र बाँकी ४० प्रतिशत चिनी विदेशबाट आयात गरिन्छ । चिनीमा आत्मनिर्भर बन्न सकिन्छ, बन्ने लक्ष्य राख्नु आवश्यक छ । उखु खेतीको क्षेत्रफलमा वृद्धि गर्ने, उन्नत जातका उखुको बीउको प्रयोग गर्ने, आवश्यक मात्रामा मल र सिँचाइको प्रयोग, उखु खेती गर्नेलाई सहुलियत दरमा ऋण र बिमाको बन्दोवस्त गर्ने, उखुको मूल्य र खरिद गर्ने ग्यारेन्टीको बन्दोवस्त आदि गर्न सके मात्र अगाडि बढ्न सकिन्छ । यसका साथै, सरकार स्वयंले उखु कारखानाहरूको स्थापना गर्न सके निजी स्तरबाट हुने जोखिम व्यवस्थापन गर्न सम्भव हुन्छ ।




भारतसँगको खुल्ला सिमानाका कारण भन्सारबाहेकबाट चोरी पैठारी भई भारतीय चिनीले नेपाली बजार ओगटेको समाचारहरू पनि सुन्नमा आउँछ । धेरै अनुदान भएका भारतीय चिनीले नेपाली चिनीको बजारलाई पक्कै प्रभाव पारेको हुन्छ । सरकारले सिमानालाई कडाई गर्न त्यत्तिकै जरुरी छ । नेपालको उत्पादनमा अनुदानका साथै यस्ता बाहिरी पक्षको पनि निगरानी र व्यवस्थापन आवश्यक हुन्छ ।

रोजगारीको सिलसिलामा विदेशिन बाध्य भएका नेपाली युवाहरूको अभावका कारण नेपालको अधिकांश जमिन बाँझो बनेको छ । कृषिमा नयाँ प्रविधिका मेसिनहरूको प्रयोगले लागतमा कमि ल्याउन सकिन्छ । सरकारले बेरोजगार ठूलो जनशक्तिलाई कृषि उत्पादनमा लगाउन सके बेरोजगारीको

समस्या हट्ने, नेपाली बजारको लागि आवश्यक मात्राको उत्पादन गर्न सकिने र आयातको ठाउँमा निर्यात गर्न सहज हुन्थ्यो। युवाहरूलाई नेपालमै रोजगारी सृजना गर्ने अनेक उपाय लगाउनु आवश्यक छ। यसले नेपाली कृषकहरूको जीवनस्तर उकास्न मद्दत गर्न सक्दछ।

**समस्या सम्बोधन गरौं**

कृषकले उद्योग मालिकलाई उखु दिएको वर्षौं बित्दा पनि भुक्तानी पाउँदैनन्। भएको जमिन धितोमा राखेर ऋण लिएर उखु खेती गर्ने धेरै कृषकहरूको निम्ति यो झन् भयानक हुने गर्छ। उखु कृषक र उसको परिवारमाथि यो कष्टसाध्य समय हुने गरेको छ। उत्साह लिएर उखु खेती गर्ने यस्ता कृषकहरू उखु खेतीबाट नै पलायन भएका धेरै समाचारहरू आएका छन्। निश्चित रूपमा यसले समग्र कृषिबाट हुने कुल ग्राहस्थ उत्पादनमा नकारात्मक असर पर्दछ। कृषि क्रान्तिको कुरा गर्नेहरूले यसलाई विशेष चासो दिएर समाधानमा लाग्नु नै बुद्धिमानी हुन्छ।





धर्नामा उखु किसान

सरकारको मातहत भएका उद्योगहरूलाई चुस्त, प्रभावकारी र समस्यारहित बनाउन सम्बन्धित निकायलाई जिम्मेवार बनाउनु आवश्यक छ। आवश्यक भएमा उपयुक्त स्थानमा नयाँ उद्योगहरूको विस्तार गर्नु राम्रो हुन्छ। उखु खेतीको लागि आवश्यक मल, सिँचाइ, बजार, ऋण, अनुदान आदिको उचित बन्दोबस्त गर्नमा चुक्नु हुन्न। उखु उद्योगबाट बिजुली, मल, मिश्री, सखर, आदिको पनि उत्पादन हुने गरेको हुँदा काम गर्ने क्षेत्र विस्तार गर्न सकिन्छ।

नेपालको कृषि क्षेत्रलाई पनि भ्रष्टाचारले गाँजेको छ। अनुदानको ४०-५० प्रतिशत सरकारी कर्मचारीले नै कमिसनको रूपमा खाएको समाचार फैलिएकै हो। कमिशनतन्त्र र भ्रष्टाचारलाई पूर्ण निर्मूलन गर्न भ्रष्टाचार गर्नेलाई कडाभन्दा कडा कारबाहीको दायरामा ल्याउन हतार भइसकेको छ।

## बासिबियाँलो




दिइएको चित्रका प्रत्येक तारा चिन्हमा १ देखि ९ सम्मका अङ्क कसरी राख्दा र सङ्केतअनुसार गुणन र जोड गर्दा हिसाब मिल्छ? एउटा अङ्क हामीले राखिदिएका छौं। (उत्तर ७२ पृष्ठमा)

भक्तपुर नगरपालिकाको

रेडियो कार्यक्रम


'ख्वप स:' अर्थात्
'भक्तपुर आवाज'

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म



# किम इल सङ्को संस्मरण 'शताब्दीका साथ'




(भाग ९ (२)

## 'रगतको समुद्र' को कथा...

त्यत्तिबेलाको प्रगतिशील साहित्य र कला आन्दोलनको रुप र सार दुवैको मूल प्रवृत्ति देशभक्तिपूर्ण थियो । कोरियाको राष्ट्रिय संस्कृति निर्मूल पार्ने जापानको साम्राज्यवादी नीतिबाट कोरियाली राष्ट्रिय संस्कृतिको जगेर्ना र विकासमा कोरियाली प्रगतिशील साहित्य र कला आन्दोलन अग्रसर भएको अर्थमा यसो भन्न उपयुक्त हुन्छ ।

जापानको साम्राज्यवादी शासनकालमा हाम्रो देशको प्रगतिशील साहित्यले जनतामा देशभक्तिपूर्ण भावनाको विजारोपण गर्न र स्वाधीनताको विचार सम्प्रेषण गर्न नेतृत्वदायी भूमिका खेल्यो । नाटक, सिनेमा, सङ्गीत, कला, नृत्यलगायत कलाका अरू सबै विधाको विकासका साथै तिनको मूल विषयलाई निर्देशित गर्न प्रगतिशील साहित्यले नै अग्रणी भूमिका निभायो । प्रगतिशील लेखकहरूको साहित्यिक आन्दोलनलाई त्यत्तिबेला **'नयाँ धारको साहित्य'** भनिन्थ्यो । सन् १९२५ मा 'नयाँ धारको साहित्य' को प्रवर्द्धनमा लागेका केही लेखकहरू मिलेर कोरियाली प्रगतिशील लेखक सङ्घ (केएपीएफ) स्थापना गरे । केएपीएफको स्थापना पछि कोरियाका प्रगतिशील साहित्यले सर्वहारावादी कला र साहित्यको विकासमा योगदान पुर्‍यायो । त्यस्ता सर्वहारावादी कला र साहित्यले मजदुर, किसान र अन्य श्रमिक जनताको हितको प्रतिनिधित्व र रक्षा गर्थे । रि कि योङ, हान सो या, सोङ योङ, पाक सी योङ, जो म्योङ हुईलगायत केएपीएफका लोकप्रिय लेखकहरूको अग्रसरतामा 'मेरो गृह नगर', 'सन्ध्याकाल', 'सबै अन्तरवार्ताको अस्वीकार !', 'रिकतोङ नदी' लगायत धेरै उत्कृष्ट कृतिहरुको प्रकाशन भए । ती कृतिहरू जनप्रिय पनि भए ।

केही लेखकहरू आफ्नो जीविकोपार्जनको निम्ति सोल सहरको जोङ्नो बजारमा रातो सिमीको खोले बेच्थे । तर, उनीहरूले लेखेका उत्कृष्ट कृतिहरूले जनतालाई सधैं बाटो देखाउने बौद्धिक खुराकको भूमिका खेल्थे । उनीहरूले लेखेका हरेक कृति बारुदको घर बराबर थियो किनभने तिनले जापानी साम्राज्यवादीहरूको खतरनाक उपनिवेशवादी शासनको जगै हल्लाउने काम गर्थे ।

> गताङ्कमा संस्मरणको शीर्षक **'रगतको समुद्र'को कथा'** छुटेकोले सच्याउनुहुन अनुरोध छ– सम्पादक

केएपीएफका लेखकहरूका आवाजलाई विचारमाथि दमनमा विश्वास गर्ने जापानी सेना र प्रहरीका साथै गुप्तचरहरूले छायाँमा पार्न खोजिरहन्थे । लेखकहरूका आवाज जति ठूलो हुँदै जान्थ्यो, शत्रुहरू त्यत्ति नै दमनमा उत्रन्थे । दुई पटकको भेलापश्चात सन् १९३५ मा केएपीएफ विघटन भयो । सन् १९३५ केएपीएफको दसौं स्थापना वर्ष थियो ।

प्रगतिशील लेखकहरूसामु त्यो परिस्थितिमा दुई ओटा विकल्प थिए–

**पहिलो**, जापानी साम्राज्यवादीहरूले उनीहरूमाथि थोपरेको 'राष्ट्रिय साहित्य' अथवा बद्लिएको साहित्य चुपचाप स्वीकार्ने अथवा

**दोस्रो**, आफ्ना कलमको नीब भाँचेर लेखन कार्य नै बन्द गर्ने । तर, अधिकांश प्रगतिशील लेखकहरूले आफ्नो विवेक गुमाएनन् । उनीहरूले प्रगतिशील लेखकको रूपमा आफ्नो भूमिका कायम नै राखे । रि कि योङ भित्री कुमगाङको पहाडी क्षेत्रमा गएर जङ्गल फडानी गरेर खेतीपातीतिर लागे । उनले इमानदार बुद्धिजीवी र सशक्त देशभक्त लेखकको रूपमा आफ्नो कर्तव्य निर्वाह गरिरहे । हान सोल या र सोङ योङलाई हात–मुख जोड्न पनि धौ धौ भए पनि आफ्नो आत्मस्वाभीमान भने त्यागेनन् ।

जापानी साम्राज्यवादीहरू केएपीएफलाई छिन्नभिन्न बनाउन त सफल भए । तर, देशभक्तिको माटोमा बीजारोपण भएको र हुर्केको कोरियाली साहित्य र त्यसको प्राणवायुको अदम्य प्रतिरोधी भावनालाई भने कति पनि क्षति पुर्‍याउन सकेन ।

केएपीएफका लेखकहरू कतिलाई कारागारमा कैद गरियो । कति लेखकहरू कोपभाजनबाट जोगिन पहाडतिर भागे । तथापि, जापानविरोधी क्रान्तिका बुद्धिजीवी, उत्तरी सीमा क्षेत्रका लेखक, चीनको लाल इलाका र समाजवादी

सोभियत सङ्घमा निर्वासित कोरियाली लेखकहरूले जुझारु क्रान्तिकारी साहित्यको रचना गरिरहे । ती साहित्यले कोरियाली कम्युनिष्ट आन्दोलन र राष्ट्रिय मुक्ति आन्दोलनमा सक्रिय योगदान पुऱ्याइरहे ।

दुर्गम पेकडु पर्वत र मञ्चुरियाका दुसाध्य भूगोलमा वर्षौं वर्षदेखि अन्त्यहीन रक्तपातपूर्ण लडाइँ लडिरहेका जापानविरोधी क्रान्तिकारीहरूलाई ती लेखकहरूले देशकै नायकको रूपमा चित्रण गरे । उनीहरूप्रति प्रेम र प्रंशसा गरे । उनीहरूप्रति लगातार सद्भाव जनाइरहे ।

'मानवीय प्रश्न' नामको पुस्तकबाट ख्याति कमाएकी महिला उपन्यासकार काङ क्योङ एईले लोङजिङमा 'नुन' नामको एउटा उपन्यास लेखिन् । त्यो उपन्यासमा उनले क्रान्तिकारी सेनालाई सहयोग गरिरहेका जियानडाओका जनताको वर्णन गरेकी छिन् ।



कविहरू रि चान र किम राम इनले सीमा क्षेत्रमा सिर्जनात्मक गतिविधि गरिरहेका थिए । उनीहरूका गतिविधिले हाम्रो ध्यानाकर्षण गरेको थियो । हामी पश्चिम जियानडाओमा छँदा रि चान अमनोक नदीको अर्को किनाराको सामसु र हेसानजिनमा सक्रिय थिए । त्यही समयमा उनले 'पोसोङको वर्फिलो रात' नामको गीत लेखेका थिए । त्यो गीतमा उनले कोरियाली जनताको क्रान्तिकारी सेनाको निकै प्रशंसा गरेका छन् ।

त्यही सालको नोभेम्बर महिनामा हामीले दोङगाङमा पितृभूमि पुनःस्थापना सङ्गठन गठन गऱ्यौं । लिनजिआङ नदीको अर्को किनाराको जुङगाङजिनमा सक्रिय किम राम इनले 'काव्य विकास' नामको साहित्यिक पत्रिका प्रकाशन थालेका थिए । त्यसको आवरणमा फहरिरहेको रातो झण्डा छापिएको थियो । उनले जापानविरोधी सशस्त्र सङ्घर्षको प्रशंसा गर्दै र कोरियाली स्वाधीनताको पक्षपोषण गर्दै धेरै क्रान्तिकारी कविताहरू लेखेर छपाएका थिए । उनले आफ्ना छापाखानामा गोप्य रूपमा पितृभूमि पुनःस्थापना सङ्गठनको दस बुँदे कार्यक्रम छापेर हामीलाई पठाएका थिए ।

कोरियाली क्रान्तिकारी जनसेनाले लडाइँमा हासिल गरेका सफलताबाट प्रभावित भएर केही लेखकहरूले सेनामा भर्ती हुने प्रयास गरेका थिए । उपन्यासकार किम सा र्याङले सेनामा भर्ती हुने दृढ सङ्कल्पका साथ मञ्चुरियाको दुसाध्य भूगोलको यात्रा गरेका थिए । तर, हाम्रो कुनै पनि एकाइसँग उनको सम्पर्क भएन । त्यहाँबाट उनी येनान गए । त्यहाँ उनले लामो यात्रा वृत्तान्त लेखे–'हजारौं माइल लामो पत्थर' ।

नयाँ कोरिया निर्माणकाल र संरा अमेरिकासँगको भीषण लडाइँ हुँदा हाम्रो साहित्यिक वृत्तबाट 'पेक्डु पर्वत', 'चट्याङ', 'लड्छ कोरिया', 'स्पातजस्ता कोरियाली युवा' लगायत अन्य सफल कृतिहरू लेखिनु कुनै आश्चर्यको कुरा थिएन । ती कृतिहरू लेख्ने लेखकहरू क्रान्तिकारी सङ्गठनहरूमा आबद्ध थिए अथवा उनीहरू मुक्तिपूर्व कोरियाली जनमुक्ति सेनामा भर्ती हुन चाहन्थे ।

कोरिया मुक्त भएको छोटो अवधिमा नै कोरियाली जनताको मौलिकतामा आधारित नयाँ संस्कृति विकास गर्न हामी सफल भयौं । सशस्त्र मोर्चामा प्रत्यक्ष सामेल नभए पनि सशस्त्र लडाकुहरूकै भावना बोकेर आफ्ना कलममार्फत् कोरियाली जनतालाई सचेत बनाउन सक्रिय योगदान गरे । अनेकन कठिनाईबीच हाम्रो देशका देशभक्त कलाकार र प्रगतिशील व्यक्तित्वहरूले पनि चलचित्र कलाको क्षेत्रमा हात हाले । चलचित्रहरूमार्फत् जनताको सेवा गर्न उनीहरू दृढसङ्कल्पित थिए । त्यो क्षेत्रमा जापान वा अरू कुनै पनि विकसित देशहरूभन्दा पछि नपर्नेमा उनीहरू कटिबद्ध थिए । साथै चलचित्रको क्षेत्रमा पनि हामी आफ्नो खुट्टामा उभिन सक्षम छौं भन्ने कुरा संसारलाई पनि देखाउन पनि उनीहरू अग्रसर थिए । र उन ग्यु र अन्य सचेत कलाकारहरू मिलेर 'अरिराङ' लगायत कोरियाली मौलिकताका धेरै चलचित्र बनाएर कोरियाको वास्तविकता प्रदर्शन गरे ।

सन् १९२० र ३० को दसकमा साहित्य र कलाको क्षेत्रमा जापानी शैली र चालचलनको 'रहस्यवादी' धाराको प्रतिरोधमा राष्ट्रिय भावनाको रक्षा र राष्ट्रिय निधिको विकासको लागि प्रतिबद्ध सङ्घर्षहरू भए । यही समयमा चोई सुङ हुईले कोरियाली नृत्यहरूलाई आधुनिक बनाउने प्रयत्न गरिन् । उनले कोरियाली लोक नृत्य, बौद्ध नृत्य, जादुगर्नी नाच, राजदरबार नाच, किसैङ नाच आदिको गम्भीर अध्ययन गरिन् । अनि सशक्त राष्ट्रिय रङको सभ्य नाच आन्दोलन सञ्चालन गरिन् । यसो गरेर उनले आधुनिक कोरियाली नाचको विकासको लागि जग हाल्ने काम गरिन् ।

त्यसअघि हाम्रा कोरियाली राष्ट्रिय नाचहरू दबुमा प्रस्तुत गर्ने खालका थिएनन् । सङ्गीत, स्वर, वाद्यवादन र कथाकथन दबुमा प्रस्तुत गर्ने चलन थियो, तर नृत्य भने दबुमा

प्रस्तुत गरिँदैनथ्यो । चोई सुङ हुईले कोरियाली नाचमा थालेको परिस्कार र त्यसपछि बनेका नाचहरूले आधुनिक स्वाद दिनुका साथ विगतको अवस्थामा परिवर्तन गरिन् । सङ्गीत, गीत, कथाकथनसँगै नाच पनि अब दबुमा प्रस्तुत गरिन थाल्यो ।

चोई सुङ हुईका नाचहरूलाई कोरियाली जनताले मन पराए । फ्रान्स, जर्मनी र अन्य विकसित देशहरूमा पनि ती नाचहरू मन पराइयो ।

हामी पश्चिमी जियानडाओतिर अघि बढ्दै गर्दा अनायास एउटा अचम्मको खबर आयो । पेक्डु पर्वतको बेसीतिर गृहभूमिबाट त्यो खबर आइपुगेको थियो । उदाउँदो सूर्य अङ्कित जापानको झण्डा हटाउने अभियानसम्बन्धी खबर थियो–त्यो । तोङ–ए इल्बो नामको पत्रिकाले सन् १९३६ को अगस्टमा बर्लिनमा भएको ग्रीष्मकालीन ओलम्पिक खेलकुद प्रतियोगिताअन्तर्गत म्यारानथ दौडमा सोङ कि जोङले स्वर्ण पदक जिते पछि उनको लुगामा छापिएको जापानको झण्डा मेटेर उनको विषयमा समाचार र तस्बिर छापिएको थियो ।

तोङ–ए इल्बोको यस्तो कामबाट आक्रोशित जापानी सरकारी अधिकारीहरूले पत्रिकामाथि प्रतिबन्ध लगाउनुका साथै सो घटनामा संलग्न व्यक्तिहरूलाई पक्राउ गरेका थिए । यो समाचार सुन्ने बित्तिकै हामीले सोङ कि जोङले ओलम्पिकमा प्राप्त गरेको सफलता र जापानी झण्डा हटाएको घटनाबारे सार्वजनिक सम्भाषण दिएका थियौँ । हाम्रो एकाइका सबै सदस्यहरूले सम्भाषण सुनेपछि तोङ–ए इल्बो पत्रिकाका सबै सम्पादक मण्डलका सदस्यहरूप्रति ऐक्यबद्धता व्यक्त गरेका थिए । पत्रिकाको सम्पादक मण्डलले देशभक्तिपूर्ण अडान र साहसिक काम गरेको थियो ।

**'रगतको समुद्र'** को लेखन सकाएर मैले 'सुर्ती बूढा' लाई देखाएँ । उनले पाण्डुलिपि अद्योपान्त पढे र खुब चित्त बुझाए । अनि **'रगतको समुद्र'** को त्यो पाण्डुलिपि हल्लाउँदै खुशीले बाहिर दौडे ।

मानजियाङमा भएका नाटक प्रदर्शनसम्बन्धी धारावाही संस्मरण र सो अभियानमा सामेल भएका व्यक्तिहरूका भनाइ पनि यसअघि नै प्रकाशित भइसके । सम्झना धमिलिँदा कति कमी–कमजोरी पछि सतहमा आए भने कतिपय तथ्य र घटना त पूर्णतः विस्मृतिमा पनि ओइलाए । रि तोङ बैकको सक्रियताबारे त्यो संस्मरणमा केही पनि उल्लेख नहुनु भने साँच्चै दुःखद् थियो ।

नाटकको निर्देशकको रूपमा काम गरेका सुर्ती बूढाले अनेक थरी कठिनाइ सामना गर्नुपरेको थियो । 'शत्रु सेनाको कमाण्डर' को भूमिका खेल्न कोही पनि तयार थिएन । पटक–पटकको छलफलपश्चात खुला हृदयका धनी कम्पनी कमाण्डर रि तोङ हक सो भूमिका खेल्न तयार भए । उल नामकी आमाको भूमिका सुरुमा जाङ चोल गुलाई दिइएको थियो । पछि त्यो भूमिका किम ह्वाक सिलले निभाइन् । काप सुनको भूमिकामा किम हे सुन थिए । काप सुनका भाइ उल नामको भूमिका खेल्ने कलाकारको छनौट गर्न पनि धौ–धौ परेको थियो । 'शत्रु सेनाको कमाण्डर' को भूमिका खेल्न तयार हुने कलाकार खोज्न जस्तै निर्देशक सुर्ती बूढालाई उल नामको भूमिका खेल्ने मान्छे खोज्न पनि गाह्रो परेको थियो । हाम्रो एकाइमा दस वर्षको केटोको भूमिका खेल्न सुहाउने कोही पनि थिएन । अन्ततः हामीले मानजियाङको एउटा गाउँबाट एक जना केटोलाई ल्याएर त्यो भूमिकामा अभिनय गराउनुपरेको थियो ।

नाटक निर्देशन गर्न पनि सुर्ती बूढालाई कम समस्या परेको थिएन । उल नामको भूमिका खेलेको केटोले कस्तो अभिनय गर्ला भनी उनी निकै चिन्तित थिए । तथापि, त्यो गाउँले केटोले निर्देशकको मनको कुरा ठ्याक्कै अभिनयमा उतारिहाल्थ्यो । उसले भन्दा अरू उमेरले पाका कलाकारहरूले निर्देशकलाई पार्नु समस्यामा पारेका थिए । उनीहरूको अभिनयकला ज्यादै खराब थियो । कोही पनि कलाकारसँग दबुमा उभिएको कुनै अनुभव थिएन । त्यसकारण सबै कलाकारहरू दबुमा उभिँदा मरिचजस्तै खुम्चिएका हुन्थे ।

दबुमा उभिँदा निकै संवदेनशील र भावुक किम हे सनको समेत आँखा रुखो हुन्थे र उनी ज्यादै अनौठो पारामा बोल्थिन् । उनी रुनुपर्ने एउटा दृश्य थियो । रुनुको सट्टा उनले ओठमात्र टम्म बाँधेर बसिन् । निर्देशकले उनलाई रुवाउन गर्न सक्ने सबै प्रयास गरे । उनलाई सम्झाए–बुझाए । त्यत्तिले पनि नभए पछि निर्देशक रिसाए पनि । तर, अहँ । केही फलदायी हुन सकेन ।

निर्देशकले उनलाई निकै मिहिनेतपूर्वक अभिनय सिकाएका थिए । तथापि, उनले किन यस्तो रुखो अभिनय गरिन्, कसैलाई थाहा थिएन । किम हे सन गरिब परिवारमा जन्मेकी थिइन् । उनले विद्यालयको दैलोमा कहिल्यै पाइला राख्ने मौका पाइनन् । विद्यालयको पर्खालबाहिर बसेर भित्र अरु विद्यार्थीहरूले लेखेको, पढेको र गाएको सुनेर र हेरेर उनले पनि लेख्न र गीत गाउन सिकेकी थिइन् ।

गृहभूमि र जियानदाओमा उनले भोगेका समयबारे मैले उनलाई स्मरण गराएँ । **'रगतको समुद्र'** नाटक उनीजस्तै मानिसहरूको कथा भएको कुरा पनि बताएँ । मैले भनें,'किम हे सन ! एक छिनलाई मान जापानीहरूले गोली हानी हत्या गरेका उल नाम तिम्रो आफ्नै भाइ हो । एक छिनअघिसम्म तिमीलाई 'दिदी ! दिदी !' भनिरहेको उल नाम अहिले लास बनेको छ । आफ्नो भाइको यस्तो दुःखद् निधनमा को दिदी धरधरी रुँदैन होला त !'

मेरो यति कुरा सुनेपछि उनको अभिनयमा अनौठो सुधार देखियो ।

रि तोङ हकलाई भने मैले झपार्नुपरेको थियो। उनले जापानी सेनाका कमाण्डरको भूमिकामा अभिनय गरेर आफ्नो मुख फोहोर बनाउनुको सट्टा त्यस्ता केही 'शत्रु सेनाका कमान्डर' लाई समातेर ल्याउने जिद्दी गरेर निर्देशकलाई दुःख दिइरहेका थिए। मैले 'शत्रु सेनाको कमाण्डर'को भूमिकामा कुशलतापूर्वक अभियन गर्नु नै उनको लागि तोकिएको मिसन भएको र उपरान्त निर्देशकसामु आफ्नो भूमिकाबारे कुनै पनि गुनासो नगर्न भनें।

गाउँमा पस्दा हातमा राइफल र कुममा आफ्ना झोलाझम्टा सिवाय केही नबोकेका हामी गुरिल्ला लडाकाहरूले दबु बनाएर यसरी नाटक देखाउँदा गाउँलेहरू तीनछक परे।



'रगतको समुद्र' चलचित्रको एक दृश्य

नाटक हेर्नु उनीहरूको लागि पनि नयाँ अनुभव थियो।

दबुमा नाटकका दृश्यहरू एक पछि अर्को मञ्चन हुँदै गए। आफ्नै जीवनका अनुभव दबुमा मञ्चन हुँदा उनीहरूका श्वास रोकिए। उनीहरू नाटकले बुनेको संसारमा चुर्लुम्म डुबे। नाटकका पात्र काप सुनसँगै उनीहरू पनि सुकसुकाए र उनकी आमासँगै धरधरी रोए। एक जना बूढो मान्छे त आफूले नाटक हेरिरहेको कुरा पनि बिर्सेर दबुमै हाम फालेर आई आफ्नो सुर्ती तान्ने हुक्काले रि तोङ हकको निधारमै हिर्काए। रि तोङ हक 'जापानी सेनाका कमान्डर'को भूमिकामा थिए। उनले नाटकमा उल नामको हत्या गरेका थिए।

**'रगतको समुद्र'** नाटक हेरेर फर्केका गाउँलेहरू राति राम्ररी निदाउन सकेनन्। पहाडको त्यो दूर्गम गाउँका साधारण जनता टुकी बालेर वरपर नाटकबारे कुराकानी गरिरहेका थिए। कुनै घरबाट मानिसहरू चर्को स्वरले कराएको त कुनै घरबाट धेरै मानिसहरू एकसाथ हाँसेको आवाज सुनिएको थियो।

त्यो रात म रातभर गाउँको कहिले माथि, कहिले तल ओहोरदोहोर गरिरहें। नाटक हेरेको अनुभवबारे गाउँलेहरूको मसिनो स्वरको कुराकानी, हाँसो र लामो निस्वासले मलाई पनि त्यो रात सुत्न दिएन।

कलाको त्यस्तो प्रभावकारिताबाट म आल्हादित भएँ। आजको मानकमा फर्केर हेर्दा मानजियाङमा त्यत्तिबेला भएको नाटक प्रदर्शन त उल्लेख गर्न पनि योग्य नहुन सक्छ। त्यति रुखोसुखो थियो, त्यो प्रदर्शन। तथापि, त्यत्तिबेला मानिसहरू रोएको, हाँसेको, छाती पिटेको, ताली बजाएको र खुट्टा बजारेको सुन्दा मलाई आश्चर्य लागेको थियो। मानजियाङका दिनहरू फर्केर हेर्दा हामीले त्यो दिन नाटक प्रदर्शन नगरेका भए गाउँलेहरू के गर्दा हुन् भनी मैले विचार गरें। गाउँको मुखियाले भने, 'साँझ नपर्दै हामी घरमा टुकी फुकेर अँधकारमा या त सुतिसक्थ्यौं नभए कालो आकाश नियाल्दै सपना देखिरहेका हुन्थ्यौं।' तथापि उनीहरूको गाउँमा अझै प्रकाश बलिरहेको छ। अझ भनौं, हामीले उनीहरूको गाउँमा त्यो चेतनाको उज्यालो पुऱ्यायौं। के हामीले गाउँलेहरूको लागि त्यो दिन एक सय बोरा चामल लगिदिएको भए उनीहरूको दिमागमा त्यस्तो उद्वेगको आगो बाल्न सक्थ्यौं होला त ?

मानजियाङमा हामीले मञ्चन गरेको नाटकले पहाडी गाउँका ती युवा–ज्येष्ठ सबै नागरिकलाई जापानविरोधी क्रान्तिमा सक्रियतापूर्वक सहभागी बन्न र हाम्रा सहयोगी बन्न तयार बनायौं। धेरै युवा गाउँलेहरू दबुमै आएर हाम्रो सेनामा भर्ती हुने घोषणा गरे। मानजियाङबाट धेरै मानिस हाम्रो सेनामा भर्ती मात्र भएनन्, बरु त्यो क्षेत्र नै हाम्रो लागि एउटा भरपर्दो आधार बन्यो।

त्यो साँझको नाटक मञ्चनको बीस वर्षभन्दा बढी समयपछि त्यहाँ पुग्दा गाउँलेहरूले नाटकमा उल्लेखित ठाउँ र पात्रका नामसमेत कण्ठस्त सम्झेका थिए। नाटकको कथावस्तुमात्र उनीहरूले प्रष्ट सम्झेका थिएनन्, बरु पुरानो क्रान्तिकारी लडाइँक्षेत्रमा लडेका लडाकाहरूले बोलेका केही संवादहरूसमेत मुखाग्र सुनाएका थिए। यसबाट गाउँलेहरूमा त्यो दिनको नाटक मञ्चनले पारेको बलियो प्रभावबारे सजिलै बुझ्न सक्छौं।

**'रगतको समुद्र'** नाटक मञ्चनमार्फत् क्रान्तिकारी सेनाको विचार र भावना जनताको दिमाग, मन र श्वासमा मानजियाङको नदी जस्तै प्रवाहित भएको थियो।

छोटोमा म भन्न सक्छु, जापानविरोधी क्रान्तिकालका कला र साहित्यले निस्पट अँध्यारोमा उज्यालो प्रकाशको भूमिका खेलेको थियो, मानिसलाई लडाइँको निम्ति तयार बनाउन दुन्दुभीले जस्तै काम गरेको थियो। हामी कला र साहित्यका गतिविधिलाई 'मादल बन्दुक' भन्थ्यौं। त्यो नाम सबै कोणबाट उचित थियो।

मलाई लाग्छ, आजको कला र साहित्यको लक्ष्य पनि त्यही हो। आजको कला र साहित्यको मूल लक्ष्य भनेको जनतालाई स्वाधीन र अर्थपूर्ण जीवनको लागि असल विचार, असल नैतिकता र असल संस्कृतिबाट शिक्षित बनाउनु हो।

हाम्रा साथीहरू प्रतिभावान छन् । सारमा भन्दा कलाले मानिसलाई विशिष्ट बनाउँछ । तर, कला कुनै पनि कोणबाट रहस्यपूर्ण विषय रहेन । मानिसहरूले कलाबाट मनोरञ्जनमात्र प्राप्त गर्दैनन् । उनीहरूले शब्दको सही अर्थ पनि हृदयंगम गर्छन् । **'रगतको समुद्र'** नाटक मञ्चनले गुरिल्ला लडाकुहरूलाई उत्तम वैचारिक, सांस्कृतिक र भावनात्मक प्रशिक्षण दिन ठूलो योगदान पुऱ्यायो ।

मुक्ति पछि मेरो घरमा आएका लेखकहरूलाई मानजियाङका दिनहरूको विस्तारमा स्मरण गर्दै मैले भनेको थिएँ, 'पहाडमा गुरिल्ला युद्ध गर्दै गर्दा हामीसँग कोही पनि पोख्त लेखक र कलाकार नहुँदा साह्रै थकथक लाग्थ्यो । हामी आफैले सङ्गीत सिर्जना गर्थ्यौं । आफै नाटक लेख्थ्यौं र त्यसको निर्देशन पनि आफै गर्थ्यौं । अहिले तपाईंहरू पोख्त हुनुहुन्छ । मलाई आशा छ, तपाईंहरूले राम्रा-राम्रा कृतिको सिर्जना गरेर नयाँ कोरिया बनाउन कम्मर कसेर लागेका कोरियाली जनतालाई उत्साहित गर्नु हुनेछ ।'

जापानविरोधी क्रान्तिकालका साहित्य र कलामार्फत् हामीले एउटा उत्कृष्ट कविता, नाटक वा कथाले हजारौं हजार हृदयहरूमा हलचल ल्याउन सक्ने र एउटा क्रान्तिकारी गीतले बन्दुकको सङ्गिनले छेड्न नसक्ने शत्रुको हृदयलाई धुजा-धुजा पार्न सक्ने कुरा अनुभव गऱ्यौं ।

***जनतालाई क्रान्तिकारी चेतनाबाट सचेत बनाउनु पनि एउटा प्रक्रिया हो जहाँ हामी क्रान्तिकारी विचारधाराप्रति उनीहरूको मन जित्छौं र त्यसको निम्ति अग्रसर बनाउँछौं । जनतालाई प्रभावित बनाउने साहित्य र कला सबभन्दा प्रभावकारी हतियारमध्ये एक हो ।***

जापानका प्रसिद्ध गायक एवम् त्यहाँका पूर्व सांसद अडाका योशिको (लि सियान-लान) लाई मैले एउटा सन्दर्भमा भनेको थिएँ, 'गीत र नाच जीवनका हिस्सा हुन् । जहाँ जनता छन्, त्यहाँ जीवन हुनुपर्छ । जहाँ जीवन हुन्छ, त्यहाँ कला हुनुपर्छ । कला नभएको संसारलाई कसरी मानव संसार भन्न सकिन्छ र ? कला नभएको जीवनलाई कसरी मानव जीवन भन्न सकिन्छ र ?'

समयान्तरमा मैले जनतालाई सधैं कला र साहित्यलाई प्रेम गर्नुपर्ने कुरा बताइरहें । सिङ्गो राष्ट्रले कला र साहित्यमा खुशी हुने र सिर्जना गर्ने कुरा सिक्नमा जोड दिइरहें ।

हामीले संसारभर चर्चित 'कलाको अधिराज्य' बनाएका छौं । त्यहाँ सबै मानिस नाचगान गर्छन् । मानजियाङमा सल्लाको काठ र मट्टितेलको टुकी बालेर जसोतसो उभिएको दबुमा **'रगतको समुद्र'** नाटक मञ्चन गर्दा हाम्रो मनमा हुर्केको व्यग्र चाहना र सपनाले नै हामीलाई त्यस्तो नाचगानको केन्द्र बनाउन अभिप्रेरित गरेको थियो ।

अहिले हामीले देशैभरि हजारौं-हजार जनता अट्ने सांस्कृतिक केन्द्र, नाटकघर, चलचित्र घर आदि बनाएका छौं । हरेक प्रान्तमा आज कला विश्वविद्यालयहरू छन् । मलाई आशा छ, हाम्रो भावी पुस्ताले ती सबै गीतहरू गाउनेछन् जुन गीतहरू अघिल्लो पुस्ताले गाउन पाएका थिएनन् । नयाँ पुस्ताले पेक्डु पर्वतको भावनाअनुसार कला र साहित्य सिर्जना गर्दै जानेछन् । आज हामी त्यो नाटकलाई हाम्रो मातृभाषामा 'फिबादा' भनिरहेका छौं । त्यसको खास नाम 'ह्योलहाए' हो । नाटक मञ्चनमा सहभागी बनेका केही दर्शकले विभिन्न ठाउँमा त्यसलाई 'ह्योलहोएगा' वा 'ह्योलहैजिचाङ' नामबाट पनि मञ्चन गर्ने गरेका छन् । आज नाटकका पात्र र दृश्यमा मूल नाटकको तुलनामा केही अन्तर आएको छ । कुनै ठाउँमा केही दृश्यलाई स्थानीय जनताअनुकूल अरू दृश्यले हेरफेर गरिएको छ ।

**'रगतको समुद्र'**को मञ्चन पछि 'आत्मरक्षा दलको नियति' नामको अर्को नाटक पनि मञ्चन गरियो । त्यो नाटकमा अभिनय गर्न **'रगतको समुद्र'** मा खेलेका कलाकारबाहेक अरू कलाकारहरूबीच आपसमा प्रतिस्पर्धा नै भयो ।

मानजियाङमा प्रस्तुत गरिएका सबै कृतिहरू मुक्तिपछि लेखक र कलाकारहरूले पुनः खोजेर नयाँ रूप दिए ।

कमरेड किम जङ इलले हामीले जापानविरोधी क्रान्तिताका रचना गरेका ती कृतिहरूलाई 'अभिभावक कृति', हाम्रो क्रान्तिकारी नाटक र नृत्यनाटिका (अपेरा) को मूलआत्माको संज्ञा दिए । ती नाटक र अपेरालाई उनले चलचित्र, उपन्यास, अपेरा र नाटकमै रूपान्तरणको लागि उर्जाशील मार्गनिर्देश दिए । त्यही क्रममा क्रान्तिकारी चलचित्र, क्रान्तिकारी उपन्यास, **'रगतको समुद्र'** क्रान्तिकारी अपेरा र नाटकहरू मूल प्रतिको आधारमा विकास गरिएका हुन् । यसप्रकार जापानविरोधी गुरिल्ला कला प्रवृत्तिलाई आकार दिने काम भयो ।

**'रगतको समुद्र'** चलचित्र हेर्दा मलाई मानजियाङको त्यो गएगुज्रेको दबुको सम्झना भयो । दबु वरपर बालिएका सल्लाका मसाल । दबुअघि पराले सुकुलमा बसेर हाँसिरहेका, ताली पिटिरहेका र सुक्क सुक्क रुँदै गरेका दर्शकहरू सम्झें ।

म अझै पनि त्यत्तिबेला जनताको अनुहारमा पोखिएका भाव सम्झन्छु जसले हाम्रो प्रस्तुतिलाई हार्दिकतापूर्वक स्वीकारेका थिए । आधा शताब्दीभन्दा लामो समय व्यतीत भइसकेको छ । त्यत्तिबेलाका ज्येष्ठ नागरिकहरू आज बितिसकेका होलान् । मेरो उमेर र मभन्दा कान्छो मानिसहरू अझै पनि मानजियाङमा छन् । उल नामको भूमिका खेलेको सानो केटो आजसम्म बाँचेका भए अहिले साठी वर्षको बूढो मान्छे भइसकेका होलान् । **(क्रमशः)**

**नेपालीमा अनुवाद : नीरज**

# भक्तपुर नपाको स्थानीय पाठ्यक्रम : केही चर्चा




कृतिका प्रजापति

नेपाल विभिन्न कला, संस्कृति, सम्पदा, जातजाति, भाषा, रीतिरिवाज र भेषभूषालगायत विविधताले भरिएको देश हो। विविध भौगोलिक, सांस्कृतिक, भाषिकलगायतका परिवेशका कारण समाजको आवश्यकता र चाहना पनि फरक हुनु स्वाभाविक हो। त्यसैले विद्यालय तहमा केन्द्रबाट वितरित पाठ्यक्रमले मात्र विद्यार्थीहरूको सैद्धान्तिक स्तर, आवश्यक ज्ञान र सीप प्रदान गर्न सक्दैन भन्ने मान्यताले स्थानीय पाठ्यक्रमको अवधारणा अगाडि ल्याइएको हो। स्थानीय पाठ्यक्रम भनेको स्थानीय स्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षिक सामग्री हो। जसअनुरूप स्थानीय क्षेत्रका प्राथमिकताका विषयवस्तुहरूलाई समेटेर तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षाकोठामा पठनपाठन गराइन्छ। स्थानीय पाठ्यक्रममा विशेषगरी स्थानीय स्तरका ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक, भाषिक, पेशा, व्यवसाय, चाडपर्वलगायतका विषयहरू समावेश गरिन्छ। त्यसको अध्ययनबाट आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूलाई औपचारिक रूपमै आफ्नो गाउँठाउँ र समाजको वस्तुगत ज्ञान प्राप्त गर्न मद्दत पुऱ्याउँछ।

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहमा अधिकार प्रत्यायोजन गरिसकेको छ। स्थानीय पाठ्यक्रमको निर्माण गरी आफ्नो क्षेत्रभित्रका विद्यालयहरूमा यसको पठनपाठन गरी कार्यान्वयन गर्नु आजको आवश्यकता पनि हो।

२०७५ साल वैशाखमा भक्तपुर नगरपालिकाले **ख्वपको पहिचान आधारभूत शिक्षा** (कक्षा १) र (कक्षा ६) को स्थानीय पाठ्यक्रमको प्रथम संस्करण प्रकाशनमा ल्याएको थियो। भक्तपुर नगरपालिकालाई स्थानीय पाठ्यक्रम तयार गरी लागू गर्ने सम्भवतः पहिलो अनुभव हुनुपर्दछ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ऐनमा बन्दोबस्त भएबमोजिम २०७४ माघ २३ गते भक्तपुर नपाको कार्यपालिका बैठकले कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छेँको संयोजकत्वमा पाँच सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरेको थियो। सो कार्यदलले २०७५ वैशाखमा कक्षा १ र ६ को पाठ्यक्रमको मस्यौदा तयार गरी आफ्नो जिम्मेवारी पूरा गरी नगरपालिकामा पाठ्यक्रम हस्तान्तरण गरेको कुरा पाठ्यक्रमको भूमिकामा उल्लेख छ। स्थानीय सरोकारका विषयमा छलफल गर्दा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्थानीय प्रतिनिधि, बुद्धिजीवी, समाजसेवी आदिको भेला गराउनुपर्ने हुन्छ। भेलामा आपसी छलफल र अन्तरक्रियाबाट स्थानीय आवश्यकताका विषयहरूको पहिचान गरी सूची तयार पारी स्थानीय पाठ्यक्रममा समेट्नुपर्ने हुन्छ। भक्तपुर नगरपालिकाले कक्षा भारअनुसार पाठ्यक्रममा समावेश गरिने विषयसूचीबारे विभिन्न विषयका विज्ञहरूसँगको चरणबद्ध गोष्ठीहरू आयोजना गरेको यथार्थ पनि पाठ्यक्रम अध्ययनबाट थाहा हुन्छ।

भक्तपुर नगरपालिकाले चार ओटा कक्षाहरूमा स्थानीय पाठ्यक्रम लागू गरिसकेको छ। यसरी स्थानीय पाठ्यक्रम लागू गर्ने भक्तपुर नगरपालिका देशकै पहिलो स्थानीय तह बनेको छ। भक्तपुर नगरपालिकाले सुरुमा कक्षा १ र ६ को स्थानीय



पाठ्यक्रम तयार पारेको थियो। कक्षा २ र ७ को पाठ्यक्रम पनि प्रकाशित गरी पठनपाठन सुरु गरिसकेको छ भने हाल ३ र ८ को पनि प्रकाशन भइसकेको नपा स्रोतले बताएको छ।

स्थानीय पाठ्यक्रम आधारभूत शिक्षा (कक्षा १ र ६) लाई ११ ओटा क्षेत्रमा विभाजन गरिएको छ जसअनुसार ख्वपको चिनारी अर्थात् ख्वपको नामाकरण अथवा भौगोलिक अवस्था, ख्वपको इतिहास, स्थानीय जातजाति, व्यक्तित्व र जनसङ्ख्या, स्थानीय संस्कृति, प्रचलित स्थानीय संस्कार, स्थानीय बोलीचाली र लिपी, स्थानीय सम्पदा र कला, स्थानीय व्यवसाय, स्थानीय उपचार विधि, स्थानीय खेल र पर्यटन रहेका छन्।

ख्वपको चिनारी नामक शीर्षकमा विद्यार्थीहरूलाई आफू बसेको ठाउँ, जन्मस्थल, वडा, नगर र जिल्लाको नामबारे अवगत गराउँदै ख्वपमा उब्जनी हुने तरकारी, अन्नबाली र फलफूलहरू के के छन् सोको जानकारी समावेश गरिएको छ। अहिलेका नयाँ पुस्तामा आफू बसेको वडा कुन हो, आफू बसेको जिल्लामा के कस्ता खेतीहरू गरिन्छ भन्ने सामान्य ज्ञानको कमी छ। विद्यार्थीहरूमा भएका यी र यस्तै कमीकमजोरी हटाउन स्थानीय पाठ्यक्रम अध्ययनले विद्यार्थीको ज्ञान बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गर्न सकिन्छ।

यसैगरी कक्षा १ का विद्यार्थीहरूलाई भक्तपुरका ६ जना शहीदहरू, प्रमुख मन्दिरहरू, विभिन्न जातजाति (थर), भक्तपुरका विशिष्ट व्यक्तित्व, भक्तपुरवासीले मनाउने चाडपर्व र जात्राको परिचयबारे यथार्थ विवरण पनि शिक्षकले पढाउँछन्। भक्तपुरका प्रचलित संस्कारहरू जस्तै ब्रतबन्ध, चुडाकर्म र बेलविवाहको परिचय र मुख्य मुख्य कार्यहरू थाहा पाउन,स्थानीय बोलीचालीका शब्द र वाक्यहरू बोल्न, स्थानीय बाजा, विभिन्न नाचहरूको नाम, कृषि औजारका नामहरू बताउन र चिनाउन स्थानीय पाठ्यक्रम अध्ययनले मद्दत पुऱ्याउने देखिन्छ। यसका साथै विद्यार्थीहरूलाई भान्छामा प्रयोग हुने मसलाजन्य जडीबुटीहरूबारे ज्ञान प्रदान गर्नकक्षा १ को पाठ्यक्रमले मद्दत गर्ने देखिन्छ।

कक्षा ६ का विद्यार्थीलाई माथि उल्लिखित विषयहरूमै थप परिस्कृत ढङ्गले पाठ्यक्रम निर्माण भएको देखिन्छ। कक्षा ६ का विद्यार्थीहरूलाई ख्वपको उत्पत्ति, ख्वपको भौगोलिक अवस्थिति र यसको क्षेत्रफल, प्राचीन इतिहास, नेपाल संवत्को प्रारम्भ, नेवार जातिको उद्गमबारे थाहा दिने पाठ्यक्रमको उद्देश्य रहेको छ। ख्वपको हिन्दु संस्कृति, प्रचलित संस्कारहरू जस्तै मचाजंक्व (पास्नी), बाह्रा तयगु (गुफा राख्ने) आदिको परिचय र महत्त्वलगायतको विषयलाई कक्षा ६ को पाठ्यक्रममा समेटिएको छ।

**ख्वपको पहिचान** नाम दिइएकोस्थानीय पाठ्यक्रमको आवरण पृष्ठमा भक्तपुरको मौलिक जात्रा, पर्व, सम्पदाहरूको तस्बिर आकर्षक छ। साथै विद्यार्थीको सिकाइ स्तर पत्ता लगाउन विद्यार्थी मूल्याङ्कनसम्बन्धी अभिलेख प्रक्रिया, विद्यार्थी मूल्याङ्कन फाराम र विद्यार्थी प्रगति विवरण राख्ने तरिका पनि स्थानीय पाठ्यक्रममा संलग्न गरिएको छ। नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा कक्षा १ र ६ को स्थानीय पाठ्यक्रम निर्माणसम्बन्धी विभिन्न मितिमा भएको कार्यशाला गोष्ठीमा सहभागी विभिन्न विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक र अभिभावकहरूको नामावलीलाई महत्त्वपूर्ण स्थान दिनु यस पाठ्यक्रमको सबल पक्षको रूपमा लिन सकिन्छ।

पाठ्यक्रममा भक्तपुर नगरपालिकाको प्रशासनिक नक्सा पनि समावेश गरिएको छ जसको अध्ययनबाट विद्यार्थीहरूले भक्तपुर नपाका १० वटा वडाहरू यकिन गर्न मद्दत पुऱ्याउने देखिन्छ। विद्यार्थीहरूलाई लक्षित गरी प्रकाशित गरेको स्थानीय पाठ्यक्रमका विषयवस्तु जोकोहीले पनि अध्ययन गर्न सक्नेछ र सोको अध्ययनबाट भक्तपुरबारे सत्यतथ्य ज्ञान प्राप्त हुनेछ। विद्यार्थीमा स्थानीय रहनसहन, भाषा, ज्ञान र सीपप्रति मोह र आकर्षण कम हुँदै गएको समयमा भक्तपुर नगरपालिकाले प्रकाशन गरेको पाठ्यक्रमले नयाँ पुस्ताका विद्यार्थीहरूलाई समाजसँग जोडिएका यी यावत विषय आदिबारे बुझ्न सघाउ पुऱ्याउनेमा दुईमत नहोला। विद्यार्थीहरूको लागि पठनीय शैक्षिक सामग्री प्रकाशनको लागि भक्तपुर नगरपालिका र स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सम्पूर्ण सदस्यहरू धन्यवादका पात्र छन्।

**भक्तपुर जिल्लामा कोरोना सङ्क्रमितको विवरण (पुस १४ गतेसम्म)**

| क्र. सं. | नगरपालिका | कूल सङ्क्रमित | | | निको भएका | | | सक्रिय सङ्क्रमित | | | मृत्यु | | | एकान्तबास | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | अस्पतालमा | | | घरमा | | |
| | | | | | | | | | | | | | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | भक्तपुर | ९२३ | ८२० | १७४३ | ८७१ | ७८८ | १६५९ | २४ | १७ | ४१ | २८ | १५ | ४३ | ४ | ३ | ७ | २० | १४ | ३४ |
| २ | चाँगुनारायण | ५१४ | ३०९ | ८२३ | ४९१ | २९४ | ७८५ | १६ | १४ | ३० | ७ | १ | ८ | १ | १ | २ | १५ | १३ | २८ |
| ३ | मध्यपुर थिमि | १८४० | १४९६ | ३३३६ | १७४३ | १४२५ | ३१६८ | ७२ | ५७ | १२९ | २५ | १४ | ३९ | ५ | २ | ७ | ६७ | ५५ | १२२ |
| ४ | सूर्यविनायक | १६९१ | १२३० | २९२१ | १५९३ | ११६२ | २७५५ | ८४ | ५५ | १३९ | १४ | १३ | २७ | ११ | ४ | १५ | ७३ | ५१ | १२४ |
| ५ | अन्य | १६२ | १०७ | २६९ | १४८ | १०३ | २५१ | १४ | ४ | १८ | | | ० | ० | ० | ० | १४ | ४ | १८ |
| | जम्मा | ५१३० | ३९६२ | ९०९२ | ४८४६ | ३७७२ | ८६१८ | २१० | १४७ | ३५७ | ७४ | ४३ | ११७ | २१ | १० | ३१ | १८९ | १३७ | ३२६ |

: जिल्ला स्वास्थ्य कार्यालय, भक्तपुर/मजदुर दैं

# ‘प्रकृतिको चिहानमाथि समृद्धिको महल’ – डा. मेरी डेसेन



*(मानवशास्त्री डा. मेरी डेसेनले नेपाली समाज र इतिहासको अध्ययनमा ३५ वर्ष बिताइन् । बितेको साढे तीन दशकमा उनले नेपालको महिला आन्दोलन, दलित आन्दोलन, सुकुमबासी आन्दोलन र वामआन्दोलनबारे गहिरो अध्ययन गरेकी छिन् । ०४२ देखि ०४४ सम्म **‘गुरुङ जातिको लाहुरे संस्कृति र इतिहास’**मा उनले स्ट्यान्डफर्ड युनिभर्सिटी, क्यालिफोर्नियाबाट विद्यावारिधि गरिन् ।*

*सिन्हास (स्टडिज् इन नेपाली हिस्ट्री एन्ड सोसाइटी) की संस्थापक सम्पादकमध्ये एकसमेत रहेकी उनले युनिभर्सिटी अफ ब्रिटिस कोलम्बियामा एक समय प्राध्यापनसमेत गरिन् । वासिङ्टन युनिभर्सिटीमा अनुसन्धाताका रूपमा आबद्ध रहेकी उनी हाल अमेरिकामा बस्दै आएकी छिन् । उनीसँग **राजु स्याङ्तान**ले विकास र समृद्धिबारे गरेको संवाद)*

## विकास र समृद्धि

☐ **नेपालमा भइरहेको विकास र समृद्धिको बहसलाई कसरी हेरिरहनुभएको छ ?**

यस कुरालाई विश्वव्यापी पर्यावरणीय सङ्कटको प्रतिक्रियाका रूपमा हेर्छु । किनभने यसलाई गहिरो ढङ्गले सम्बोधन गरिएन भने ‘विकास र समृद्धि’ दुवै हावादारी कुरा मात्रै हुनेछ । नेपालसहित विश्वभर अहिले मुख्यतः तीन प्रकारका प्रतिक्रिया देख्दै छु ।

**पहिलो,** पूँजीवादको दुष्परिणामलाई बेवास्ता गरेर जतिसक्दो छिटो सम्पत्ति कुम्ल्याउने र त्यसलाई विकास र समृद्धि भन्ने ।

**दोस्रो,** यो सङ्केतलाई सामान्य समस्याका रूपमा लिने र पश्चिमा पूँजीवादी विकासको धारणाभित्रै रहेर पृथ्वीलाई शोषण गरी नितान्त प्राविधिक समाधान निकाल्ने ।

**तेस्रो,** पूँजीवादभित्रको महत्त्वपूर्ण पक्षमध्ये रहेको ‘निरन्तर वृद्धि’ लाई रोक्ने पेट्रोलियम पदार्थमा आधारित अर्थतन्त्रबाट मुक्त हुने र अब प्रकृतिसँगै मिलेर र त्यसका विधिहरू नै नक्कल गरेर (बायोमिमिक्री) बस्न सिक्नुपर्छ भन्ने । अहिले मूलतः यही तीन प्रतिक्रिया देखिरहेको छु । नेपालमा पहिलो र दोस्रो धारणाको प्रयोग तीव्र गतिमा भइरहेको छ । तेस्रो धारणा नेपालमा छिटफुट, तर अत्यन्त महत्त्वपूर्ण वैकल्पिक कृषिजस्ता अभ्यास र विभिन्न आन्दोलनमा देखिने गरेको छ । पहिलो र दोस्रो धारणा नेपालले नीतिगत रूपले अङ्गीकार गरेको छ । त्यो भनेको **भूमण्डलीकृत पूँजीवादलाई देश बेचिदिने धारणा** हो । यसलाई स्वऔपनिवेशीकरण पनि भन्न सकिन्छ । त्यही दुई धारणाबाटै राष्ट्र र आममानिस समृद्ध हुन्छ भनेर मानिसहरूलाई भ्रमित तुल्याउने प्रयास भइरहेको छ ।

☐ **अहिले सरकारले अङ्गीकार गरेको विकास र समृद्धिको बाटोबाट संविधानमा लेखिएजस्तो समाजवादमा पुग्ने सम्भावना कति देख्नुहुन्छ ?**

समाजवादतर्फ अघि बढ्ने सम्भावना रत्तीभर छैन । वैदेशिक सहयोग र लगानीको खोजीमा राष्ट्रको वित्तीय प्रणालीलगायत, सार्वभौमिकताका आधारभूत तत्त्वहरू विदेशीलाई सुम्पेर विश्वव्यापी पर्यावरणीय सङ्कटसँग जुध्ने क्षमता नेपालको बढ्दैन । उल्टो घट्छ । एमसीसी, युरेनियम उत्खननलगायतको सीधै हानिकारक कदमलाई हेर्दा लाग्छ, **नेपाल क्रमशः स्वऔपनिवेशीकरणको बाटोमा छ ।**

☐ **त्यसो भए विकास र समृद्धिको महल कुन जगमा ठडिन्छ त ? यसबारे अन्तर्राष्ट्रिय अभ्यास कस्तो छ ?**

नेपालमा अहिले हुन थालेको ठूलो पूँजी प्रवेश र डोजर आतङ्क अन्य देशमा धेरै पहिलेदेखि सुरु भइसकेको छ । त्यसैले अति विकसित भनिने देशका भूलबाट सिक्नुका साथै तिनै देशका सिकारबाट पनि सिक्न सकिन्छ । **पूँजी नाफा निकाल्न पस्छ, स्रोत साधन उठाएर, श्रम निचोरेर बाहिरिन्छ ।** निकाल्ने क्रममा वातावरण ध्वस्त पार्ने, अनुकूल व्यवस्था मिलाउने ठालूहरूका शासन सघाउन पछि पर्दैन । त्यसबारे ल्याटिन अमेरिका र दक्षिण अमेरिकाबाट सिक्न सकिन्छ । विकास र समृद्धिको महल आदिवासी र प्रकृतिको चिहानमाथि ठडिन्छ ।

## एमसीसीको बल्छीमा अमेरिकी डलर

☐ **समृद्धिका लागि वैदेशिक सहयोग आवश्यक छ भनिन्छ । तपाईंचाहिँ वैदेशिक सहयोगले समृद्धि ल्याउँदैन भनिरहनुभएको छ । कुनै विकसित देशले अर्को देशलाई विकासमा हातेमालो गर्नु के नराम्रो हो र ?**

सबैभन्दा पहिला वैदेशिक सहयोगको अवधारणाबारे प्रस्ट हुन आवश्यक छ । **पश्चिमा प्रभुत्व कायम राख्न र पूँजीवादी मार्गहरू खोल्न बिछ्याएको जालो हो, वैदेशिक सहयोग ।** वैदेशिक सहयोगको अवधारणा दोस्रो विश्वयुद्धपछि सुरु भयो । यो प्रत्यक्ष औपनिवेशिकताको सट्टामा स्थापना भएको हो । दोस्रो विश्वयुद्धपछि विकासको मोडल आयो । ९० को दशकमा 'स्ट्रक्चरल एड्जसमेन्ट प्रोग्राम' (संरचनात्मक समायोजन कार्यक्रम) नेपाल भित्रियो । त्योसँगै उदारीकरण भित्रियो । पूँजीवाद बिनारोकतोक फैलाउन त्यो कार्यक्रम ल्याइएको थियो ।

यतिबेला नेपालमा वैदेशिक सहयोगको सट्टामा एफडिआई (फोरेन डाइरेक्ट इन्भेस्टमेन्ट– वैदेशिक प्रत्यक्ष लगानी) लाई प्राथमिकता दिने प्रवृत्ति देखिन्छ । मैले जहाँसम्म बुझेकी छु, तर्क यस प्रकार छ– यो सहयोग नभई लगानी भएकाले सर्त कम हुन्छ र एफडिआईबाट राष्ट्रिय पूँजी जम्मा हुन्छ । हेपाइ पनि कम हुन्छ, सम्मानपूर्वक व्यावसायिक सम्बन्ध हुन्छ । यदि मानिसहरूले त्यसरी ठानिरहेका छन् भने स्वभाविक रूपले एफडिआई आकर्षक मोडल हुन्छ । अप्ठ्यारो के भने एफडिआईमा पूर्वसर्तहरू यति खतरनाक छन् कि कानुन फेरेर, मजदुरका अधिकार, वातावरण संरक्षणजस्ता 'व्यापार विरोधी कुरा' हटाएर आउँछ एफडिआई । **नेपालमा ठूलो साहुको रूपमा एफडिआई उपस्थिति हुने सम्भावना बढ्दो छ ।**

**एमसीसी त्यसको विकसित डरलाग्दो अवतार हो, जसअन्तर्गत सार्वभौमिकता करिबकरिब समाप्त हुने बलियो सम्भावना देखिन्छ ।** वैदेशिक सहयोगको व्यवसायीकरण गरी अमेरिकी राष्ट्रिय सुरक्षा नीतिभित्र त्यसलाई दह्रो औजारका रूपमा चलाउने प्रयत्न हो, एमसीसी । त्यसका विकाससम्बन्धी पूर्ण सर्तहरू हेर्दा केही दशकअघि हाबी भएको 'स्ट्रक्चरल एड्जसमेन्ट, निजीकरण र उदारीकरण प्रोग्राम'को कठोर नयाँ संस्करणजस्तो देख्न सकिन्छ । देशको आर्थिक व्यवस्था नवउदारवादतिर लैजान, पश्चिमा प्रभुत्व कायम राख्न र पूँजीवादी मार्गहरू खोल्न बिछ्याएको जाल हो, एमसीसी । तर, एमसीसी जुन हदसम्म सरकारलाई किनारा लगाउँदै र नेपालको केही क्षेत्रफललाई आफ्नो मातहतमा ल्याउने व्यवस्था गर्छ, त्यो पूर्व 'स्ट्रक्चरल एड्जसमेन्ट प्रोग्राम' भन्दा सयौँगुणा खतरनाक हुन्छ । गाउँका किसानलाई साहुले ऋण तिर्नुपर्दैन भन्दै तमसुकमा ल्याप्चे गर्न लगाउने अनि पुस्तौँपुस्ता कमारा बनाउने खेलजस्तै हो, एमसीसी । एमसीसीको बल्छीमा अमेरिकी डलर झुन्डिरहेको छ । प्रस्ट कुरा के भने त्यसलाई निल्नु भनेको असंलग्न नीतिलाई त्यागनुसरहको गम्भीर कार्य हो ।

## पर्यावरणीय समाजवाद

☐ **तपाईंले पूँजीवादी विकासको मोडल ठीक छैन भन्नुभयो । तर, अहिले पूँजीवादी विश्व व्यवस्थाले नै संसारभर राज गरिरहेको छ । पूँजीवादी मोडल दुनियाँमा सफल नभएको भए ४/५ सय वर्षदेखि कसरी संसारमा हाबी छ त ?**

पूँजीपतिको कोणबाट हेर्दा यो सफल विश्वव्यवस्था हो । उनीहरूको दृष्टिबाट हेर्दा पूँजीवाद पूर्णतः सफल भएको छ । अहिले **संसारभरि असमानता जति बढेको छ, त्यसलाई सफलता मान्ने हो भने पूँजीवाद सफलताको उचाइमा पुगिरहेको छ ।** पूँजीवादको इतिहासमा सबैभन्दा बढी असमानता अहिले चुलिएको छ । सन् २०१७ सम्म आइपुग्दा सिङ्गो संसारको आधा जनसङ्ख्यासँग भएको सम्पत्ति जति छ त्योसरहको सम्पत्ति ८ जना धनीको हातमा छ । ती आठजनालाई यो धेरै सफल व्यवस्था हो । **पूँजीवाद संसारको पर्यावरण ध्वस्त पार्न सफल भएको व्यवस्था हो ।** चार–पाँच सय वर्षमा पूँजीवादले मानिस बाँच्न पृथ्वीलाई योग्य नरहने अवस्थातिर पुऱ्याउन सफल भएकै हो । त्यसैले पूँजीवादले सिर्जना गरेका विभिन्न सुविधालाई सम्झेर त्यसलाई समग्रमा सफल सामाजिक मोडल भन्नै सकिन्न ।

☐ **पूँजीवादको पूर्ण विकास नगरी समाजवादमा पुग्नै सकिन्न भन्ने बहस निकै सुनिन्छ । समाजवादमा पुग्न के पूँजीवादी चरण पार गर्नैपर्ने हो ?**

नेपालको वामआन्दोलनमा यो कुरा धेरै सुनिन्छ । यो यान्त्रिक बुझाइ नेपालमा कसरी स्थापित भयो, म भन्न सक्दिनँ ।

☐ **त्यसो भए समाजवादमा पुग्न नसकेपछि पूँजीवादमै रम्न चाहनेहरूले चलाएको हल्ला हुन सक्छ यो ?**

यो विचारको जरो खोतल्न आवश्यक छ । यो विचार नेपालभन्दा बाहिर पनि सुनिएकै हो । १९ औँ शताब्दीका उद्विकासवादीले यसरी सोचे । उनीहरूको यो अन्दाज मात्रै हो । यस्तो दृष्टिकोण मार्क्सको थिएन । सामाजिक–आर्थिक परिवर्तनको प्रक्रियाबारे उहाँको त्यसभन्दा मसिनो र संश्लेषित बुझाइ भएको पाइन्छ । यो बौद्धिक रूपमा 'डिसक्रेडिड' कुरा हो ।

सैद्धान्तिक कुरा थाती राखेर पर्यावरणीय यथार्थ हेर्दा पनि यो असान्दर्भिक देखिन्छ । **पूँजीवादको अन्तिम सास रहुन्जेल यसलाई कायम नै राख्ने हो भने हाम्रो पृथ्वी मानिस बस्नलायक रहने छैन भन्ने वैज्ञानिक अध्ययनले पुष्टि गरिसकेको छ ।** हेक्का राख्नुपर्ने के छ भने पूँजीवादको अन्त्य हुन लागेको अनुभूत मानिसले पटकपटक गरिसकेका छन् । पूँजीवाद सबै चिजलाई वस्तुकरण गरेर अघि बढिरहेको छ । उसले पर्यावरणीय सङ्कटलाई समेत व्यवसायीकरण गरेर आफूलाई जोगाउँदै अघि बढिरहेको छ धमाधम ।

**☐ सिङ्गो मानवजगत् र प्रकृतिजगत्लाई काम लाग्ने वास्तविक विकास र समृद्धिचाहिँ कस्तो हो त ?**

वास्तविक समृद्धि हुन पश्चिमा पूँजीवादको विचारभन्दा फरक प्रकृतिको सूक्ष्म जीवसम्म जोगाउने फरक दृष्टिकोण अपनाउनुपर्छ । हामी प्रकृतिका उपज र अङ्ग हौँ । हामी प्रकृतिभन्दा माथि पनि होइन र बाहिर पनि होइन । विभिन्न जीवमध्ये हामी एउटा हौँ । **जब सिङ्गो पर्यावरणीय प्रणाली स्वस्थ हुन्छ अनि मात्रै मानिस र मानव समाज स्वस्थ हुनसक्छ ।** प्रकृतिको समृद्धिसँग हाम्रो समृद्धि जोडिएको छ ।

प्रकृति स्रोतविहीन भयो भने हामी पनि स्रोतविहीन हुन्छौँ । प्रकृतिलाई पनि माया गर्ने समाज व्यवस्था हामीलाई चाहिएको छ भन्ने भावनात्मक कुरा मात्रै होइन । तर, के पनि बुझ्न जरुरी छ भने मानव समाजलाई मात्रै हेर्ने समाजवादले अब पुग्दैन । हामी इकोसोसलिज्म (पर्यावरणीय समाजवाद) तिर जानैपर्छ, यो धारणा लोकज्ञानका रूपमा विभिन्न स्वरूपमा संसारभर अझै विद्यमान छ भन्ने विज्ञानले 'गहिरो पर्यावरणीय सोच' (डिप इकोलोजी) भन्ने पनि अवधारणा ल्याएको छ । 'फ्युजन' र 'प्याकेज'मा जाने हो भने तिनीहरूको संयोजन चाहिन्छ, तर नवउदारवादी अर्थव्यवस्था र कर्पोरेट शासनको संयोजन भने होइन ।

**☐ विकास भन्नेबित्तिकै के पश्चिमा पूँजीवादको विचारलाई नै अङ्गीकार गर्नुपर्ने हो र ? विकासको नेपाली मोडल हुन सक्छ कि सक्दैन ?**

नेपाली मोडलको विकास हुन सक्छ र हुनु पनि पर्छ । हामीले देखिसक्यौँ, पश्चिमी विकासको मोडल प्राकृतिक प्रक्रियाहरू सम्पूर्ण रूपले मानिसको मातहतमा ल्याउने अहंवादी र अयथार्थवादी खालको छ । **हामीले पृथ्वीको दोहन गर्ने होइन, पृथ्वीसँगै मिलेर बस्ने हो ।** अहिले पूँजीवादी विकासको मोडल हाबी छ । तर, संसारभरि नै वैकल्पिक विकासका मोडलबारे पनि तीव्र छलफल र अभ्यास पनि चलिरहेकै छ ।

पश्चिमा विकासको मोडल नपछ्याई आफ्ना मोडल लागू भएको हामी देख्छौँ । दक्षिण अमेरिकी देश कोलम्बियाको दक्षिणपन्थी सरकार पनि जापानी संस्था जाइकाले ल्याएको सहरलाई टुक्र्याउने फ्लाइओभर र आठ–नौ लेनका सडक बनाउने योजना र पैसालाई इन्कार गरेर आफ्नो राजधानी भोगातालाई नमुना साइकलमैत्री र सार्वजनिक यातायात सम्पन्न सहर बनायो ।

एकातिर डोजर पनि चलिरहेको छ, अर्कातिर वैकल्पिक विकासको अभियान पनि चलिरहेकै छ । एकातिर सिमेन्टका घरहरू बनिरहेका छन्, अर्कातिर माटो र बाँसको चिटिक्क परेका घरहरूको विकास पनि भइरहेको छ । प्राङ्गारिक जैविक कृषि, पर्यावरणीय कृषि, प्राकृतिक खेतिपाती यी मोडलहरू पनि नेपालमा नभएका होइनन् । यस्ता अभियान संसारैभरि चलिरहेका छन् ।

नेपालका विकासका वैकल्पिक मोडलहरू मातृभाषालाई ठाउँ दिने, विविधता जोगाउने, प्रकृतिसँगको घनिष्ट अन्तरसम्बन्ध बच्चाहरूलाई सिकाउने, आफ्नो ठाउँको इतिहास बुझ्ने र सिर्जनशीलता प्रयोग गर्ने नेपालको विकासको वैकल्पिक मोडलभित्र पर्न सक्छन् । नेपालको प्राकृतिक विविधतालाई नष्ट गर्नुको सट्टा त्यसको संरक्षण गर्नु जीविकाको महत्त्वपूर्ण अङ्ग बन्न सक्छ । जुन कुरा अन्य देशहरूमा सुरु भइसकेको छ ।

संसारका अर्थतन्त्रमध्ये नेपालको अर्थतन्त्र सापेक्ष रूपमा धेरै ठूलो होइन । समृद्धिको अभावको कारणका रूपमा हेर्नुको सट्टा त्यसलाई फाइदाका रूपमा बुझ्न सकिन्छ । यो कसरी हो भने भूमण्डलीकृत पूँजीवादलाई निम्त्याएर देशको सारा स्रोतसाधन बेच्नुको सट्टा पर्यावरणीय संरक्षणमा केन्द्रित वैकल्पिक लगानी र साझेदारी पर्याप्त हुन सक्छ ।

## बाबुरामलाई लेखेको त्यो चिठी

**☐ छ वर्षअघि तपाईंले बाबुराम भट्टराईको 'खाँचो नयाँ शक्तिको' भन्ने लेखमा आधारित रहेर 'विकास वा विनाश' भनेर बाबुरामलाई चिठी लेख्नुभयो । ६ वर्षपछि अहिले नेपाल विकासतिर गएको देख्नुहुन्छ कि विनाशतिर ?**

छ वर्षपछि अहिले देख्दै छु, यहाँ विकास वा विनाश भन्ने वैकल्पिक प्रश्नको जरुरत नै छैन । **नेपाल विकासका नाममा विनाशतिर नै गइरहेको छ ।** नेपालका धेरै क्षेत्रमा विनाशको शृङ्खला जारी देखिन्छ । यस्तो खालको विकासले समाजलाई बढ्दो असमानतातिर लैजाने निश्चित छ । नेपालको इतिहासको विद्यार्थीको नाताले भन्नुपर्दा **नेपालको सार्वभौमिकता यति खतरामा यसभन्दा अघि कहिल्यै थिएन ।**

नेपालमा विकासको मूलप्रवाहको चर्चा विदेशी पूँजीपतिहरूले बनाएको खाकाभित्र चल्छ । उनीहरूले पूँजीवाद नै अन्तिम विकल्प हो भनेर मात्रै वकालत गर्दैनन्, आजकाल नवउदारवादी पूँजीवाद भनेको पूँजीवादको उत्तम रूप हो भन्ने दाबी पनि गर्छन् । पृथ्वी र मानवजातिको धेरै प्राचीन इतिहास छ । त्यो हिसाबमा पूँजीवादी युग एक पल मात्रै हो । यही एक पलमा हामीले पेट्रोलियम पदार्थ निकाली इन्धनका रूपमा प्रयोग गरेर सिङ्गो इकोलोजीको आधारभूत परिवर्तन गरिदियौँ । यो उल्लेखनीय कुरा भयो, तर 'उपलब्धि' होइन । त्यो ऊर्जाको प्रयोग गर्दागर्दा सिङ्गो पृथ्वीको पर्यावरणीय प्रणालीमा असन्तुलन पैदा गरिदियौँ । जलवायु परिवर्तन यसैको उपज हो ।

पृथ्वीमा करोडौँ वर्षमा जम्मा भएको पेट्रोलियम पदार्थ र वस्तुहरू हामी चार–पाँच सय वर्षमा सिध्याउन लाग्यौँ । पूँजीवादले उत्पन्न गरेको यो अवस्था मानवसमाजको इतिहासमा अहिलेसम्मकै सबैभन्दा ठूलो चुनौती हो । त्यसको समाधानका लागि सबैको ज्ञान चाहिन्छ र नेपालको इतिहासले गर्दा त्यसको योगदानको विशेष महत्त्व हुनसक्छ । त्यस्तो युगान्तकारी महत्त्वको काममा लाग्नुको सट्टा सरकारले चार–पाँच शताब्दीमा भएको उक्त विनाश अब नेपालमा चार–पाँच वर्षमै दोहोऱ्याउन कसम खाएको देखिन्छ । त्यसभन्दा विडम्बना अरू के हुनसक्छ !

## डोजर गाउँमा, युवा खाडीमा

☐ **नेपालमा एकातिर 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा लोकप्रिय छ, अर्कातिर गाउँ रित्तिएको रित्तियै छ, बाँझो खेत बढेको बढ्यै छ। समृद्धि भनेको युवाहरू गाउँबाट लखेटिने र रेमिट्यान्सले देश धान्ने भनेको हो र ?**

गाउँघरबाट विस्थापित हुनु, न्यूनतम जीविकाका निम्ति शोषित अवस्थामा श्रम गर्नुलाई विकास मान्न मिल्दैन। तर, पूँजीवादले नेपालको रेमिट्यान्समा निर्भर अर्थतन्त्रजस्तै संसारमा धेरैपटक उत्पन्न गरेको छ। नेपालको अहिलेको अवस्था बुझ्न ल्याटिन अमेरिका र मेक्सिकोको इतिहासले सघाउँछ। **यो कुनै विकास होइन, यसलाई 'सिलावाद' भने हुन्छ।** बाली उठाएर बाँकी रहेको अन्न खोज्नुलाई 'सिला खोज्नु' भनिन्छ, होइन र ? वैदेशिक पूँजीलाई मूल बाली उठाउन दिने, पूँजीलाई मार्गप्रशस्त गरेबापत बाँकी बचेको भाग पनि नेपालका पूँजीपतिले उठाउने, अनि अन्तिममा नेपाली जनताले सिला खोज्ने, यही हो सिलावाद भनेको। अहिलेको विकास यस्तै छ।

नवउदारवादको एजेन्डा त्यही हो। त्यसैलाई विकास भनिन्छ र कुल गार्हस्थ उत्पादन बढेको भन्दै त्यसलाई समृद्धि भन्न पछि पर्दैन। पूँजीपतिले राँडदाइँ गरेको खेतमा सिला खोज्नेहरू परदेसिएका हुन्। उनीहरूसँग अरू विकल्प पनि बाँकी रहेन। अन्न उठाउने पूँजीपति र सिला खोज्ने जनता एकै सिक्काका दुई पाटा हुन्। अहिलेकै विकास मोडलभित्रै उक्त कुरा अन्तरनिहित भएकाले वैकल्पिक विकासको मोडलबाट मात्रै यसलाई फेर्न सम्भव छ।

☐ **भूमण्डलीकृत विश्वव्यवस्थामा मानिस अब 'ग्लोबल सिटिजन' नबनी हुन्न, युवाहरू एउटा देशभित्र आफ्नोपन च्यापेर कहाँ कैदी जिन्दगी बिताउने हो र ? यस्तो पनि भनेको सुनिन्छ नि।**

यो हाम्रो समयको मूलभूत सङ्घर्ष हो। स्थानीय र विश्वव्यापी यी दुई मोडलको अहिले ध्रुवीकरण भइरहेको छ। विश्वको नागरिक हुने कुरा सुन्दर सुनिन्छ र जातिवाद, नश्लवादजस्ता कुराबाट माथि उठेर वा मजदुर एक हौँ भन्ने कोणबाट हेर्दा सुन्दर हुन्थ्यो पनि, भूमण्डलीकृत पूँजीवादको 'ग्लोबल सिटिजन' भन्ने अवधारणा कदापि त्यो होइन। स्थानीयताको कुरा सुन्दा पछि परेकोजस्तो सुनिन्छ। विश्व भूमण्डलीकृत व्यवस्थाले यो विषयलाई उचालिरहेको छ। पूँजीवादले संसारको कुनाकुना बिनारोकतोक पूँजी प्रवाह गराउन यो नारा फ्याँकिरहेको छ। यसको भित्री कुरा यही हो।

पूँजीवादीले सिङ्गो मानवजगत्लाई होमोजेनाइजेसन (एकनास) बनाउन खोजिरहेको छ। पर्यावरणीय, सामाजिक, सांस्कृतिक र आर्थिक एकरूपता ल्याउन खोजिरहेको छ। वास्तवमा प्रकृतिबाट सिक्ने हो भने विविधता नै स्थानीय समृद्धिको वास्तविक आधारशिला हो। चाहे प्राकृतिक कुरा गरौँ, चाहे सामाजिक कुरा गरौँ। चाहे भाषा र शिक्षाको कुरा गरौँ, चाहे मानिसको आन्द्रामा बसिरहेको ब्याक्टेरियाकै कुरा गरौँ। सबैतिर विविधता आवश्यक छ र सबैतिर पूँजीवादले विविधतालाई नष्ट गर्न खोजिरहेको छ। जब कि विविधता नै हाम्रो शक्ति हो। **पूँजीवादले सबै विविधता हटाएर अतिरिक्त नाफा निकाल्न सजिलो होस् भनी 'होमोजेनाइजेसन' गर्न खोजिरहेको छ।**

'इन्टरअप्रिविलिटी' भन्ने एउटा ध्यान दिनुपर्ने अवधारणा छ। सरल अर्थमा यो के हो भने फरकफरक सिस्टममा एकरूपता ल्याएर साझा ढङ्गले काम चलाउन सक्ने अवस्था ल्याउनु हो। त्यसपछि दुई पक्षले एक–अर्काको सामान सजिलै चलाउन सक्छन् र साझा कारबाही पनि गर्न सक्छन्। यो खासमा सैनिक र औद्योगिक अवधारणा हो, जुन अवधारणा अहिले हरेक व्यावसायिक क्षेत्रमा लागू भइरहेको छ।

अमेरिकाले धेरै देशसँग 'इन्टरअप्रिविलिटी' गराउन खोज्छ। उदाहरणका लागि अमेरिकाको बन्दुक किनेपछि उसैसँग गोली किन्नुपर्ने हुन्छ। उसैको हतियारको पार्ट किन्नुपर्ने हुन्छ। त्यसैगरी नेपालको वित्तीय प्रणाली संसारको वित्तीय प्रणालीसँग 'इन्टरअप्रुअल' बनाउन नेपालमा धेरै कानुन पारित भइसकेका छन्। यसले देशको स्वाधीनतामा असर पार्छ। अर्को उदाहरण, औद्योगिक कृषिको क्षेत्रमा संसारका चारवटा कम्पनीले ६० प्रतिशत बीउ कब्जा गरिसकेका छन्। तिनै चारवटा कम्पनीले ७० प्रतिशत विषादी पनि उत्पादन गरिरहेका छन्। **भौगोलिक रूपमा कब्जा नगरे पनि यसरी धेरै माध्यमबाट भूमण्डलीकृत पूँजीवादले देशको अर्थतन्त्रलाई आफ्नो कब्जामा लिइरहेको छ।** हेर्दा आधुनिकीकरण र विकासको उज्यालो किरणजस्तो देखिने यो प्रक्रिया एकरूपतामा ल्याउने प्रक्रिया हो, वास्तवमा यसले स्थानीय विविधतालाई ध्वस्त पारिरहेको छ। यसले जति ध्वस्त पार्छ, मानव समाजलाई टिकाउन त्यति नै कठिन हुँदै जान्छ।

## सडक र समृद्धि

☐ **नेपालमा सडक र समृद्धि पर्यायवाचीकै रूपमा प्रयोग हुने गरेका छन्। समृद्धिका लागि सडक कति आवश्यक छ ?**

सडक कसका लागि, कहाँ पुऱ्याउने, के पुऱ्याउने यो पक्षबारे सबैभन्दा पहिला सचेत हुनुपर्छ। किनकि सडक दुईतर्फी हुन्छ। **बाटो चिटिक्क पारेर असमानता र आधुनिक गरिबी परिवर्तन गरिएन भने त्यो बाटोको के काम ?** त्यस्तो बाटोबाट युवाहरू केवल सस्तो श्रम गर्न परदेसिन्छन् मात्रै। त्यस्तो बाटो न देशको बन्छ, न युवाको बन्छ, न स्थानीय विकासको साथी नै बन्छ।

ठूल्ठूला बाटा बनाएर आफ्नो देशका सारा कृषि उत्पादन सुक्खा बन्दरगाहसम्म पठाइदिने र स्थानीय पोसिलो कोदो र फापरजस्ता अन्नको सट्टा पोषणरहित चाउचाउ भित्रिन्छ भने खाद्यान्नको आत्मनिर्भरता पुनर्स्थापना गर्ने सम्भावना बढ्छ कि घट्छ ? कृषि उत्पादनलाई विश्व वस्तु बजार (कमोडिटी मार्केट) एकल बालीका रूपमा परिणत गरेर जब विश्व भाउ घट्छ, किसानलाई त्यो बाटो कति फाइदाजक भयो ? बाटोको पर्खाइमा बसेका किसानका लागि नयाँ बाटो नयाँ चोर पस्ने मार्ग बनेको संसारमा त्यसका थुप्रै कठोर उदाहरण छन् । त्यसैले ठूलो बाटो दैनिक सजिलो पार्ने हिसाबले जति आकर्षक भए पनि अर्थतन्त्रमा त्यसको भूमिका केही हुने हो र त्यो सामान्य श्रमजीवीको जीविका धान्ने भन्ने कोणबाट कस्तो फाइदा वा बेफाइदा ल्याउने हो भन्ने कुरा नियाल्न जरुरी छ । 'कनेक्टिभिटी'को नाममा उत्तरबाट दक्षिण जोड्ने सडक यस कुराको जटिल उदाहरण हो । यी त मुख्यतः कमोडिटीका सामान बाइपास गर्ने बाटो मात्रै हुन् ।

उत्तरको देशबाट दक्षिणको देशमा सामान ओसारपसार हुँदा बीचको देशलाई प्रचार गरिएजस्तै फाइदा हुँदैन । **पूँजीवादले सडक आफ्नो फाइदाका लागि बनाउँछ ।** उत्तर अमेरिकाबाट जनावरको छाला युरोपमा लगेर बेचियो । दक्षिण अमेरिकाको रबर बेच्न पूँजीवादले बाटो खन्यो । बाटोमा पर्ने आदिवासीका बस्ती उजाड बनाइयो । आदिवासीलाई दास बनाइयो । बाटाले पूँजीपति र साम्राज्यवादीलाई फाइदा त गऱ्यो होला, तर आदिवासीलाई विस्थापित मात्रै गराइएन, आमनरसंहार नै गरियो ।

उत्तर अमेरिकाको बाटो पश्चिमतिर विस्तार गर्दा बीचमा पर्ने आदिवासीको नरसंहार नै गरियो । औपनिवेशिक विस्तार गर्न पनि बाटो खनिनु सधैँ प्राथमिकताको काम बन्यो । त्यसैले बाटोलाई पूर्णतः त्याग्न पनि मिल्दैन । आममानिसको हित हुने गरी कस्तो बाटो खन्ने, त्यो हेरिनुपर्छ । **होमोजेनाइजेसन, विस्थापना, पर्यावरणीय विनाश निम्तिने बाटो राम्रो होइन ।** त्यसैले बाटो बनाउनुअघि स्थानीय हितका आवश्यकता केन्द्रमा राखेर कहाँ बनाउने–नबनाउने र उक्त खतराबाट आफ्नो बस्ती कसरी जोगाउने भन्नेबारे १० पटक सोच्नुपर्ने हुन्छ ।

अहिले नेपालमा एउटा डाँडामा पाँचओटासम्म डोजरले बाटो खनिरहेको सुनिन्छ । त्यसले स्थानीयलाई दीर्घकालीन रूपमा फाइदा गराउँदैन । त्यसैले स्थानीय विकासका लागि फरक बाटो अपनाउनुपर्छ । स्थानीय अर्थतन्त्रलाई पुनर्स्थापित गर्ने खालको बाटो खनिनुपर्छ ।

☐ **विकास र समृद्धिको कुरा गरिरहँदा आदिम हुने कि आधुनिक हुने भन्ने तर्क पनि सुनिन्छ नि ? यसबारे के भन्नुहुन्छ ?**


राजु स्याङ्तान

त्यस धारणाअनुसार आदिम भनेको श्रममा आधारित र, आधुनिक भनेको पूँजीमा आधारित हुने भनेको हो । विविधता आदिम हो । प्रकृतिको भर पर्नु आदिम हुनु हो । लोकज्ञान आदिम हो । पश्चिमी वैज्ञानिक विधिमार्फत उत्पन्न भएको ज्ञान आधुनिक हो । सानो स्केलको योजना, व्यवस्था वा गतिविधि आदिम हो भने विशाल स्केलको आधुनिक हो । विविधता आदिम हो, एकनासता नै आधुनिक हो ।

समाजशास्त्रीय भाषामा ती अवधारणा 'विकासवाद' का मूल तत्त्व मानिन्छन् । जसबाट प्रभावित भएर वर्तमान सरकार दृढताका साथ नवउदारवादी व्यवस्था स्थापना गर्न लागिपरेको हो कि ? कुनै मानिस, वस्तु, गतिविधि, विचार आदिम हो वा आधुनिक हो, वैज्ञानिक आधारभन्दा बुर्जुवावर्गीय दृष्टिकोणको आधारमा छुट्याएको पाइन्छ । त्यसैगरी 'परम्परागत'लाई पीछिडिएको र 'आधुनिकता' भन्नेबित्तिकै विकसित, रहरलाग्दो वा समृद्धिको साँचोका रूपमा हेर्नु अवैज्ञानिक कुरा हो । यहींनिर हाम्रो पृथ्वी र त्यसको छालामा टाँसिएका मानव समाजका वर्तमान सङ्कट र तिनका समाधानका लागि विविधताको आवश्यकतालाई मियो बनाएर हेर्नुपर्छ ।

विज्ञान भन्दैमा न कुनै जादु हो, न विश्वव्यापी पूँजीवादको जालोभन्दा बाहिरको कुरा । त्यसको ठीक उल्टो आफ्नो फाइदाका लागि वैज्ञानिक अनुसन्धान र नतिजा नियन्त्रण गर्न भूमण्डलीकृत पूँजीवाद अहिले कसरत गरिरहेको छ । तैपनि मानिसहरूलगायत सिङ्गो पर्यावरणीय प्रणालीको हितमा समर्पित वैज्ञानिक काम पनि भइरहेको छ । अब त्यस्तो वैज्ञानिक कामका केही साझा नतिजा स्थापित भइसकेका छन् ।

यदि मानव जातिले आफैलाई जोगाउने हो भने हामीले आदिम र आधुनिकजस्तो पूर्वाग्रही अवधारणा फ्याँक्नुपर्छ । हामी सांस्कृतिक, सामाजिक, आर्थिक र खासगरी पर्यावरणीय विविधतालाई संरक्षण गर्न र पालनपोषण हाम्रो एकसूत्रीय प्राथमिकता हुनुपर्छ, पूँजीवादी नाफा होइन वा त्यसबाट आउने कथित समृद्धि होइन । हामीले स्थानीय तहमा उपयोगको मूल्यलाई प्राथमिकता दिनुपर्छ । विश्वव्यापी तहमा विनिमय मूल्यलाई प्राथमिकता दिने होइन । **यदि नेपालमा भएको अति मूल्यवान् विविधता पूँजीवादी विकास र समृद्धिको खोजीमा ध्वस्त भएन भने मानवजातिका अघि देखिएका गहिरा चुनौती समाधान गर्न त्यो विविधताले ठूलो भूमिका खेल्न सक्छ ।** र, त्यही खोजीमा मात्रै वास्तविक समृद्धि हुने सम्भावना छ ।

(नयाँ पत्रिका, २०७६।११।१७ बाट)

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७७ मङ्सिर २२ गते, सोमबार

२. उपप्रमुख श्री रजनी जोशी ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल ऐ
९. वडाध्यक्ष श्री उकेश कवां ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल ऐ
१८. सचिव श्री रामलाल श्रेष्ठ ऐ

## निर्णयहरू

### स्थापना दिवसको कार्यक्रम

भक्तपुर नगरपालिका स्थापना भएको ७० वर्ष पूरा भई ७१ वर्षमा प्रवेश गरेको अवसरमा २०७७ पुस २ गते, विहीबार एक कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

### HDU सञ्चालन गर्ने अधिकार प्रत्यायोजन

हाल बढ्दो क्रममा रहेको कोभिड-१९ रोगको महामारीको Moderate Service Cases हरूको ICU र General Bed को Service बीचको अवस्थाको सेवा उपलब्ध गराउन आवश्यक सुविधा र उपकरणसहितको High Dependency Unit **(HDU)** सञ्चालनको लागि अर्थ मन्त्रालयबाट बजेट सुनिश्चितता समेत प्राप्त भएकोले सोही बमोजिम आवश्यक प्रबन्ध मिलाउन नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय नीति तथा योजना शाखाबाट भक्तपुर नगरको अस्पतालको नाममा मिति २०७७।७।५ गते प्राप्त पत्र बमोजिम भक्तपुर नगरपालिकाले HDU सञ्चालनको सम्पूर्ण प्रक्रिया अघि बढाउन यस नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

### विद्यालयहरू सञ्चालन गर्ने

कोभिड-१९ रोगको महामारीको कारण लामो समयदेखि बन्द रहेको यस नगरपालिका अन्तर्गतका विद्यालयमा हालका दिनहरूमा विद्यालयहरूले अनलाइन तथा भर्चुअल विधिबाट बैकल्पिक कक्षाहरू सञ्चालन गरिरहेकोमा नगरवासी अभिभावक, विद्यार्थी, विद्यालयका शिक्षक शिक्षिका, विद्यालय सञ्चालकलगायत सरोकारवालाहरूबाट प्राप्त राय सुझाव र नेपाल सरकार शिक्षा तथा संस्कृति मन्त्रालयबाट स्वीकृत विद्यालय सञ्चालनसम्बन्धी कार्यविधि-२०७७ बमोजिम यही २०७७ पुस १ गतेदेखि लागू हुने गरी नगरभित्रका विद्यालयहरूमा स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गर्ने गरी आलोपालो कक्षा सञ्चालन गर्ने र विद्यालयहरूले हाल सञ्चालन गरिरहेको वैकल्पिक शिक्षण विधिलाई समेत निरन्तरता दिने निर्णय गरियो ।

### जग्गा मूल्याङ्कन

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना अन्तर्गतका जग्गाहरूको मूल्याङ्कन भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुरबाट चालू आ.व. २०७७।०७८ का लागि निर्धारित दररेटभन्दा केही स्थानमा कम भएकोले उक्त आयोजनाको नक्सा नं. ७ र ८ क्षेत्रको ७ मिटर बाटो भएको जग्गा मूल्याङ्कन पुनरावलोकनसम्बन्धी सम्बन्धित प्राविधिक कर्मचारीबाट प्राप्त प्रतिवेदनअनुसार प्रति आना जग्गा रु.१३,२८,०००।- (अक्षेरूपी रु.तेह्र लाख अठ्ठाइस हजार) कायम गरी बाँकी यथावत राख्ने निर्णय गरियो ।

### आर्थिक सहयोग प्रदान

भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटीस्थित महानगरीय प्रहरी प्रभाग रहेको तीन तले सार्वजनिक भवन जीर्णोद्धार गर्न महानगरीय प्रहरी परिसरबाट अनुरोध भई आएअनुसार भक्तपुर नगरपालिकाको तर्फबाट रु.४,००,०००।-

(अक्षेरूपी चार लाख रूपैयाँ) मात्र मर्मत सम्भार बजेट शीर्षकबाट आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

## समितिका निर्णय अनुमोदन

नपाका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०७७ मङ्सिर १६ गते**

**१.** नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट चालू आ.व. २०७७।०७८ बाट प्रत्येक स्थानीय तहका लागि १५ शय्याको अस्पताल सञ्चालनको लागि बजेट विनियोजन गरी भक्तपुर नगरपालिकामा हाललाई रु.१,००,००,०००।– (अक्षेरूपी एक करोड रूपैयाँ मात्र) रकम निकासासमेत पठाइसकेको अवस्थामा भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने र निर्माणाधीन ख्वप अस्पताल भवन निर्माणमा उपयोग गर्ने व्यहोरासहित नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई **थप रकम निकासाको लागि नगरपालिकाको तर्फबाट अनुरोध गर्ने** निर्णय गरियो ।

**२.** नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भक्तपुर नगरपालिका अस्पताल भनी अस्पताल सञ्चालनको लागि भक्तपुर नगरपालिकाको खातामा रु.१,००,००,०००।– (अक्षेरूपी एक करोड रूपैयाँ मात्र) रकम निकासासमेत गरिसकेको अवस्थामा भक्तपुर नगरपालिकाद्वारा सञ्चालन गरिने ख्वप अस्पताल हाल भवन निर्माणको क्रममा रहेको र उक्त अस्पतालको सम्पूर्ण व्यवस्थापन एवं सञ्चालन नगरपालिका आफैले गर्ने व्यहोरासहित **'भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल'** भनी नाम परिवर्तन गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

**३.** भक्तपुर नगरपालिकाद्वारा हालै प्रकाशित **'सम्पदा पुनः निर्माण तथा जीर्णोद्वार'** पुस्तक १००० प्रति प्रकाशित भई वितरण गरिएकोमा उक्त पुस्तकको चौतर्फी माग बढिरहेको अवस्थालाई मध्यनजर गरी थप १००० प्रति सो पुस्तक साविककै दरमा भुक्तानी दिने गरी **प्रकाशन गर्ने** निर्णय गरियो ।

**४.** भक्तपुर नगरपालिका वडा नं. ४ स्थित श्री जनसेवा आधारभूत विद्यालयको नयाँ भवन निर्माणको लागि माटो परीक्षण गर्न भक्तपुर नगरपालिकाको तर्फबाट रु.१,५०,०००।– (अक्षेरूपी एक लाख पचास हजार रूपैयाँ मात्र) उक्त **विद्यालयलाई अनुदान सहयोग** प्रदान गर्ने निर्णय गरियो ।

### निर्माण समिति

**मिति २०७७।८।१४ गते**

| क्र.सं | योजनाकोविवरण | वडा नं | बजेट | ल.ई.रकम | रिल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | बेखाल आधारभूत स्वास्थ्य केन्द्र निर्माण कार्य | १० | बाग्मतीप्रदेश र नपा | ४,०५९,१२२।६६ | | | | | | | | |
| रिभाइज ल.ई. स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | हनुमानघाट द्विपपूर्व पर्खाल तथा वातावरण सुधार कार्य | ७ | नपा | १,९६२,८०३।८५ | १,७२२,५४६।८५ | | | | | | | |
| २ | क्मलविनायक बाल उद्यान निर्माण कार्य | १० | नपा | ५,६३५,४८४।२३ | १,५२६,६१८।२७ | | | | | साविक स्वीकृत ल.ई. को पाटी निर्माण कार्य टेण्डर प्रक्रियाबाट कार्य भइसकेको | | |
| उपभोक्ता समितिअनुमोदन सम्बन्धमा | | | | | | | | | | | | |
| १ | पाटिंगदेखि खंचा हनुमानघाटसम्म ढुङ्गा छपाइ बाटो मर्मत कार्य | ७ | सडक बोर्ड र नपा | १,०८८,४१६।३९ | | | | | | उ.स.अ. : राजाराम ख्याजू अ.स.स. : हेरा ख्याजू | | |
| २ | याताछेँदेखि थालाछेँ चोक हुँदै बसिकुल ईंटा छपाइ बाटो मर्मत कार्य | ९ | सडक बोर्ड र नपा | १,०९२,५३४।४० | | | | | | उ.स.अ. : पशुपतिमानथकु अ.स.स. : जगतलालमानन्धर | | |
| ३ | मिनिबस पार्क ढलान बाटो मर्मत कार्य | १ | सडक बोर्ड र नपा | १,०६६,७९३।६४ | | | | | | उ.स.अ. : मदनगाइसी अ.स.स. : सूर्यप्रसाद श्रेष्ठ | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | जगाती चोकदेखि आदर्श भिमसेन तीनदो बाटो ढुङ्गे पुलसम्म खानेपानी लाइन राख्ने कार्य | ७ | खानेपानी | ५०९,५३५।९८ | | | | | | | उ.स.अ. : नारायणप्रसाद त्वानाबासु अ.स.स. : बलराम न्हिसुतु | |
| ५ | भार्वाचो गेट, सिद्धपोखरीको वाल र नःपुखु गेटमा रङ्गरोग गर्ने कार्य | १ | वातावरण | ५०१,७२६।९० | | | | | | | उ.स.अ. : कृष्णबहादुर दुगुजु अ.स.स. : सूर्यप्रसाद श्रेष्ठ | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | न्पाल श्रृजनानगर बाटो पिच कार्य | १ | प्रदश बजेट | २,८३८,०१९।२६ | पाहला फछ्र्यौट | ९००,०००।०० | १९८,९३०।०० | १,०९८,९३०।०० | १,२९१,५९०।५५ | सम्पन्न | अमृत बस्नेत | |
| | | | | | दोस्रो फछ्र्यौट | ९०१,०७०।०० | | १,७५७,९१८।१२ | २,५५६,२९८।२१ | | | ८,५६,८४८।१२ आर्थिक सहयोग |
| | | | | | जम्मा | १,८०१,०७०।०० | | २,८५६,८४८।१२ | ३,८४७,८८८।७६ | | | |
| २ | हनुमानघाट द्विपपूर्व पर्खाल तथा वातावरण सुधार कार्य | ७ | नपा | १,९६२,८०३।८५ | १,७२२,५४६।८५ | ५००,०००।०० | ७७१,३२२।५१ | १,२७१,३२२।५१ | १,६९२,६८३।६८ | सम्पन्न | आस काजी बनमाला | |
| ३ | क्मलविनायक बाल उद्यान निर्माण कार्य | १० | नपा | ५,६३५,४८४।२३ | १,५२६,६१८।२७ | १,०००,०००।०० | ४,४३,४४८।१८ | १,४४३,४४८।१८ | १,४९७,४५६।३४ | सम्पन्न | श्याम प्रसाद प्रजापति | |
| **अन्य सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | ठेक्का नं. bktmun/NCB/works/01/077/78 (भ.न.पा. वडा नं ७, ४ र ८ को जगाती, राममन्दिर तथा लिबाली क्षेत्रमा पीचकार्य) का लागि म्याद भित्र प्राप्तभएका बोलपत्रहरूमध्ये रू. १,३६,२०,१९७।४४ (अक्षरूपी एक करोड छत्तीस लाखबीस हजार एक सय सन्तानब्बे रूपैयाँ चवालीस पैसा) कबोल गर्ने श्री आत्रेय निर्माण सेवाप्रा.लि. को प्रस्ताव न्यूनत्तम मूल्याङ्कीत सारभूतरूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिकालागि मूल्याङ्कन समितिको मिति २०७७ मंसिर २१ गतेको बैठकबाट सिफारिस भई आएकोले सोहीबमोजिम स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| २ | ठेक्का नं. bktmun/NCB/works/02/077/78 (भ.न.पा. वडा नं ३ स्थित बाराही पुल निर्माण कार्य दोस्रो चरण) का लागि म्यादभित्र प्राप्तभएका बोलपत्रहरूमध्ये प्राविधिक प्रस्तावमा सफल भएका निम्न बोलपत्र दाताहरूको नामावली मूल्याङ्कन समितिको मिति २०७७ मङ्सिर २१ गतेको बैठकबाट सिफारिस भइआएकोले सफल बोलपत्र दाताहरूको आर्थिक प्रस्तावहरू खोल्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । | | | | | | | | | | | |
| क | AattreyaNirman Sewa Pvt. Ltd., Sindhuli | | | | | | | | | | | |
| ख | Bhandari – R.R. JV, Bhaktapur | | | | | | | | | | | |
| ग | Dhulikhel – Bagmati – Slate JV, Kathmandu | | | | | | | | | | | |
| घ | Galwa – Shreya JV, Humla | | | | | | | | | | | |
| ङ | JagritiNirmanSewa Pvt. Ltd., Bajhang | | | | | | | | | | | |
| च | Jaybaeswari – Sisne JV, Bake | | | | | | | | | | | |
| छ | PM – Eureka-Simran JV, Kathmandu | | | | | | | | | | | |
| ज | PR – Saptapath – Drama JV, Lalitpur | | | | | | | | | | | |
| झ | Sobarna – Tulsi – Arisha JV, Bhaktapur | | | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क.** भक्तपुर नगरपालिकाको बा १ क ४५५४ को जेट मेशिन गाडी मर्मत गरे वापत रु.१३,५६०।- कार्य इन्टर प्राइजेजलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ख.** भनपाको फोहोर सङ्कलन गर्ने गाडी बा १ झ ८७५० को मर्मत गरे वापत रु.७,८७९।४९, बा १ ग २२६५ को मर्मत गरे वापत रु.२९,१३१।९४, बा १ ग २२६७ को मर्मत गरे वापत रु.१४,५६५।९७ र नपाको एम्बुलेन्स बा ३ च ७१४९ को मर्मत गरे वापत रु.१२,६२९।१९ गरी कुल ६४,२०६।५९ नेपाल अटो इलेक्ट्रिक ट्रेड लिंकलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ग.** भक्तपुर नगरपालिकाको स्काइभेटर डोजर बा १ क ८१५६ को मर्मत गरे वापत रु.७५,१४५।- निर्भिक मोटर पार्टसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**घ.** नपाको फोहोरमैला सङ्कलन गर्ने ट्राइसाइकल को १ स १६८१ को मर्मत गरे वापत रु. ३,६००।- र को १ स १६७७ को मर्मत गरे वापत रु.१३,६५०।- गरी कुल रु. १७,२५०।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ङ.** नपाद्वारा सञ्चालित बा १ क ९०२५ बाको डोजर मर्मत गरे वापत रु.५३,३७०।-, बा १ क ३५५८ को ट्रिपर गाडी मर्मत गर्दाको रु.५,२२०।- र बा १ ग २९४१ को लोडर गाडी मर्मत गर्दाको रु.१२,२००।- गरी कुल रु.७०,७९०।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**च.** नपाको बा ३ च ५४३ को शव वाहन गाडी मर्मत गरे वापत रु.४३,६७४।५० अजिमा अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।


**छ.** विश्वविद्यालय तहमा राजनीति शास्त्र, इतिहास, भूगोल, संस्कृति, कला र नेपाल भाषामा उच्च शिक्षा हासिल गर्न चाहने तथा अध्ययनरत नगरवासी विद्यार्थीहरूलाई नपाबाट छात्रवृत्ति प्रदान गर्ने भनी मिति २०७५ चैत्र १६ गते प्रकाशित सूचना अनुसार त्रिभुवन विश्वविद्यालय रत्न राज्यलक्ष्मी क्याम्पसमा अध्ययनरत स्नातकोत्तरका विद्यार्थीहरू यस नपाका वडा नं. ९ निवासी विवेक कोजू र भनपा वडा नं. १ का सनिस दुवाललाई क्याम्पसले लेखी पठाएको शुल्क अनुसार जनही रु.४९,०००।- **छात्रवृत्ति प्रदान** गर्ने निर्णय गरियो ।

**ज.** मिति २०७७।०७।२६ गते यस नगरपालिकाको कार्यपालिका बैठकको लागि विहानको नास्ता उपलब्ध गराए वापत रु.६,७८०।- र मिति २०७७।०८।१२ गते भक्तपुर नपाका सम्पदाहरूको अवलोकनका लागि पाल्नु भएका दक्षिणकाली नपाका जनप्रतिनिधिहरूलाई नास्ता उपलब्ध गराए वापत रु.६,७८०।- गरी कुल रु. १३,५६०।- सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**झ.**.नपाका विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.७,८३०।- बालकृष्ण खाजाघरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ञ.** नपामा खाजा उपलब्ध गराए वापत रु.२,०२०। ब्रदर्श क्याफेलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ट.** भक्तपुर नगरपालिका नगर शिक्षा शाखामा विभिन्न मितिमा सम्पन्न समितिको बैठक, कार्यशाला, प्र.अ बैठक, आधारभूत तह परीक्षा समितिको बैठकमा खाजा उपलब्ध गराए वापत रु.१५,२९०।- विपना क्यान्टिनलाई **भुक्तानी दिने** निर्णय गरियो ।



## तस्बिरमा केही गतिविधि






भक्तपुर नपाबाट आयोजित स्वयंसेविका दिवसमा उत्कृष्ट सेविकाहरूलाई पुरस्कृत गरियो (मङ्सिर २० गते)



भक्तपुर नपाबाट २९ औं अपाङ्गता दिवसमा सामग्री वितरण (मङ्सिर १८ गते)



भक्तपुरको न्हु पुखु (रानीपोखरी) सम्बन्धी अध्ययन प्रतिवेदन हस्तान्तरण कार्यक्रम (मङ्सिर १७ गते)

## तस्विरमा केही गतिविधि





भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति संसदीय अनुगमन टोलीलाई प्रदूषण गर्ने उद्योगहरू हटाउन पत्र र नपाको प्रकाशनहरू प्रदान गर्नुहुँदै (पुस ३ गते)



संसदीय अनुगमन टोलीसँगको सामुहिक तस्विर



नगर प्रमुख सुनिल प्रजापति कक्षा ११ का विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृत्तिको परीक्षाको निरीक्षणमा (मङ्सिर २२ गते)

## तस्बिरमा केही गतिविधि



नेमकिपाका सचिब, भक्तपुर नपाका प्रमुखलगायत सल्लाघारी–नगरकोट वैकल्पिक मार्गको निरीक्षणमा (पुस ९ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति छिपा ताँ (पुल) को अन्तिम ढलानको निरीक्षणमा (पुस ४ गते)



नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नगर क्षेत्रभित्र नयाँ सडक बत्तीको व्यवस्था, पुराना खम्बा र तार तथा केबुलहरू व्यवस्थापन गर्ने विषयमा बैठक (मङ्सिर २५ गते)



भक्तपुर नपाका प्रमुखलगायत नपाद्वारा सञ्चालित शिशुस्याहार केन्द्रको निरीक्षणमा (पुस १० गते)

## तस्बिरमा केही गतिविधि



नगर प्रमुख सुनिल प्रजापति सम्पदा संरक्षण परिषद् नेपालका अध्यक्ष भागवतनरसिंह प्रधानको नेतृत्वको प्रतिनिधिमण्डल टोलीलाई स्वागत गर्नुहुँदै (मङ्सिर १९ गते)



भक्तपुर नपाका उपप्रमुख एवं मल वितरण व्यवस्थापन समितिका संयोजक रजनी जोशीको नेतृत्वको टोली मल बिक्रेता सहकारी संस्थाहरूको अनुगमनमा (पुस ९ गते)



सम्पदा संरक्षण परिषद् नेपालको प्रतिनिधिमण्डल भक्तपुरको सम्पदा क्षेत्रको अवलोकनमा (मङ्सिर १९ गते)



भक्तपुर नपाका सफाइ मजदुरहरूबाट भक्तपुर तलेजुभित्रको सुन्धारा पोखरीको सरसफाइ (पुस ६ गते)

# ख्वपको धिमे बाजाको बोल



इन्दिरा लाछिमस्यु

## परिचय

पहिलेका नेवार समुदायका किसानहरूले आफू खुसी र हर्षित भएको देखाउन धिमे बाजा बजाउँथे। धिमेबाजा नबजाई कुनै पनि काम पूरा हुँदैन भन्ने चलन छ। सुरुमा बजाउन र सिक्नको लागि कुमार, गणेश, नास द्यः, हैमा द्यः को पूजा गरिन्छ। दिनदिनै नास द्यः र हैमा द्यःलाई ढोगे चाँडै र राम्रोसँग सिकिन्छ भन्ने गरिन्छ। नाच र बाजाहरूको देवताका रूपमा नास द्यः र हैमा द्यः लाई लिइन्छ।

प्राचीन कालदेखि नै धिमे बाजाको विशेष स्थान रहिआएको मानिन्छ। धिमे बाजाको आकार प्रकार फरक–फरक भएता पनि यसको उपयोगितामा भने कुनै पनि कमी देखिँदैन। नेपाली समाजमा धिमेको प्रचलन कहिलेदेखि र कहाँबाट आएको भन्ने कुरामा एक मत रहेको पाईँदैन। यसका बोलहरू पनि फरक फरक हुन्छन्।

धिमे बाजाको उत्पतिबारे एउटा किम्बदन्ती प्रचलित छ – कुनै बेला कविलाशको डाँडामा महादेव घुम्न जान्छ। त्यहाँ एक अप्सरासँग भेट हुन्छ। अप्सरा देख्ने बित्तिकै महादेव मोहित हुन्छ र बिवाह हुन्छ। समय बित्दै जान्छ, अप्सराबाट हड्डीमात्र भएको (कंकाल) र मासु नै मासु र कालो रौं भएको एकदम डरलाग्दो (ख्याक) गरी दुई सन्तानको जन्म भएछ। त्यस्तो सन्तान जन्मेको देखेर महादेवलाई अप्सराप्रति माया कम र दिक्क लाग्न थाल्यो। बिस्तारै दुईबीच मनमुताव र तनाव उत्पन्न हुन थाल्यो। यसै तनावमा एकान्त जङ्गलमा गएर काठको मुढोमा आराम लिन पुग्छ। आराम लिएको काठको मुढामा अचानक आफ्नो हात ठोकिन्दा खोक्रो काठ ठर्किएको आवाज सुनियो। महादेवले डमरुमा जस्तै यसमा पनि छाला मोड्यो भने यो पनि बज्ने रहेछ भन्ने मनमा लाग्यो। त्यही समय देखि नै काठको मुढोबाट धिमे बाजा बजाउने प्रचलनमा आएको भन्ने गरिन्छ।

रातो मछिन्द्रनाथको जात्रा सुरु भए देखि नै धिमे बाजा प्रचलनमा आएको भनाइ पनि रहेको छ। रातो मछिन्द्रनाथ ललितपुर ल्याउँदा धिमे बाजा बजाएर स्वागत गर्दै ल्याएको भन्ने जनविश्वास रहेको छ।

धिमे बाजा प्रचलनमा आएपछि विभिन्न ठाउँमा यसको विस्तार हुँदै गयो। नेवार समुदाय धेरै चाडपर्व जात्रामा बढी संलग्न भएको कारण अरु जातिमा भन्दा नेवार जातिमा बढी यो बाजाको प्रयोग देखिन थाल्यो।

नेवार संस्कृतिमा धिमे दुई किसिमका छन्।

१. धिमे २. धिमेपुच्चा

**धिमे –** आकारमा ठूलो हुन्छ। यो सिधा लामो रुखको ठीक बीच भागको काठ जसलाई 'मा' भनिन्छ बाट बनाइन्छ। यसरी बीचको भाग अर्थात माको त्यो ठूलो भागबाट बन्ने भएकोले यसलाई मा धिमे पनि भनिन्छ। यसलाई मु धिमे र तगो धिमे आदि पनि भनिन्छ। यसलाई दायाँपट्टी पुच्चा अर्थात सानो लट्ठीले र बायाँ हातले बजाइन्छ। यो सँगै सिच्छ्या, भुछ्या अनिवार्य चाहिन्छ।

**धिमेचा –** धिमेचा धिमेभन्दा आकारमा सानो हुन्छ र यो दुवैतिर हातले नै बजाइन्छ। यो नौ बाजा अन्तर्गत पर्ने बाजा पनि हो। धिमेचा धिमेपछि मात्र प्रचलनमा आएको हो भन्ने बुझिन्छ। बजाउने बोल र तरिका पनि फरक छ। नेवारी भाषामा कुनै सानो चीज वा सामानलाई पछाडि 'चा' थपी उच्चारण गरिन्छ। अचेल धिमे र धिमेचा काठको बाहेक तामा, पितलबाट पनि बनाइएको पाइन्छ।

**भिन्नता**

नेवार समुदायले धेरै पहिलेदेखि नै मनोरञ्जनको लागि विभिन्न ताल, विधा यन्त्रको सृष्टि गरेको पाइन्छ। यसमा नेवार समुदायले सफलता प्राप्त गर्दै आएको छ। भाषा र व्यवहारमा फरक भए तापनि आफ्नो मौलिकता झल्कने वाद्यहरूका साथ आफ्नो संस्कृतिको परिचय दिइरहेका छन्।

काठमाण्डौं, ललितपुर, भक्तपुरलगायत देशका धेरै ठाउँमा नेवार समुदाय रहेको छ। ती नेवारहरूको रहनसहन भाषा, संस्कृति झल्कने वाद्यहरू छन्। तर बाजा बजाउने तरिका बोल, ताल, लय आदि फरक फरक छन्। यसमा ती स्थानको भाषा, व्यवहार, रहनसहन, संस्कृतिको प्रभावपरेकोले फरक भएको अनुमान गर्न सकिन्छ। त्यसैले ताल, लय, बोलहरू थिमी, कीर्तिपुर, काठमाण्डौं, ललितपुर आदि ठाउँमा पनि आफ्नै किसिमको भिन्नता पाइन्छ।

ख्वप अर्थात भक्तपुरको धिमे बाजाका बोलहरू–

१. द्यः ल्हाय्गु २. मा

३. न्ह्या ४. छिना

५. च्व        ६. गुँ

**१. द्यः ल्हायगु–** द्यःल्हाय्गु खास गरी नास द्यः अथवा कुनै भगवानलाई प्रार्थनाको लागि बजाइन्छ । धिमे बजाउनु अगाडि र अन्तमा जहिले पनि द्यः ल्हाय्गु बजाउनु पर्छ । यो २ तरिकाबाट बजाइन्छ –

क. लामो द्यः ल्हाय्गु

ख. छोटो द्यःल्हाय्गु (लामो द्यः ल्हाय्गुको अन्तिमको ४ हरफ)

बाटोमा बजाउँदै जाने बेला कुनै ठाउँमा मन्दिर, द्यःछेँ, पवित्र खोला, पवित्र रुख, स्तुपा आदि भएको ठाउँमा छोटो द्यः ल्हाय्गु बजाउने गरिन्छ । यसबाट न्हया लिन सजिलो हुन्छ । कुनै ठूलो भगवानको अगाडि न्हया सकेपछि लामो द्यः ल्हाय्गु बजाइन्छ । धिमे बाजाको नायोले ‘चह’ भनेर सुरु गर्छ । सँगै सिछ्या भुछ्या पनि ताल मिलाउँदै बजाइन्छ । द्यः ल्हाय्गु सकेपछि गुरु र सम्पूर्णमा आदरका साथ नमस्कार गरिन्छ ।



**२. मा –** कुनै निश्चित ठाउँमा, मन्दिर अगाडिको चोकमा बसेर अथवा कुनै निश्चित कन्सर्ट हलमा बसेर बजाउने बोल हो । यो लामो हुन्छ । यसमा द्यः ल्हाय्गु, न्हया, च्व, गुँ मिसिएको हुन्छ । यो धिमे बाजाको मुख्य भागको रूपमा लिइन्छ ।

**३. न्ह्याँ –** यो अलि रमाइलो किसिमको बोलको रूपमा लिइन्छ । यो बोल बजाउँदा आफूलाई जति मन पर्छ दोहोर्‍याएर बजाउन सकिन्छ । यो बोल सबैलाई नाचुँ नाचुँ लाग्ने खालको हुन्छ । बाटोमा बिस्तारै जाँदा उकालो चढ्दा यो बोल बजाइन्छ ।

**४. छिना –** यो बोल ‘मा’ को अन्तिम तिर र कुनै पूजा आदिमा बजाइन्छ । छिना अरु भन्दा अलि फरक किसिमको हुन्छ । यो एक पटकमात्र दोहोर्‍याएर बजाइन्छ । बाटोमा बजाउँदै जाँदा बीचमा कहिलेकहिँ मात्र बजाइन्छ । यो अलि जोसिलो खालको बोल हो । यसलाई दुई पटकमात्र बजाइन्छ ।

**५. च्व –** धिमेको द्यःल्हाय्गु पछि न्ह्या, गुँ बजाउन अगाडि शुरु गर्ने बेला हो । यसलाई सुरुमा बिस्तारै बजाइन्छ भने पछि गति बढाउँदै लगिन्छ ।

**६. गुँ –** बाटोको समथल ठाउँमा शारीरिक हाउभाउसहित अथवा नाचेर बजाउने बोल हो । यसलाई धेरै पल्ट दोहोर्‍याएर बजाउन सकिन्छ । यो बोल बजाउँदा बजाउनेलाई शक्ति आएको अनुभव गर्छ । यो छिना लिनको लागि बजाउने बोल हो ।

## सिछ्या र भुछ्या

सिछ्या र भुछ्या सँगसँगै बजाइन्छ । एउटा लामो बोल र अर्को सानो बोलमा बजाइन्छ । भुछ्यालाई सिछ्याको भन्दा आधा गतिमा बजाइन्छ । दुई पल्ट सिछ्या बजाउनु भनेको एक पटक भुछ्या बजाउनु बराबर हो । धिमे बाजाको लागि सिछ्या र भुछ्या एकदमै महत्त्वपूर्ण बाजाको रूपमा लिइन्छ । जुन पितलबाट बनाइएको हुन्छ । यो बजाउने तरिका नमिल्दा र जोडले बजाउँदा फुट्ने सम्भावना पनि हुन्छ ।

धिमेको प्रयोग अचेल धेरै फराकिलो भएको छ । आज भोलि धिमे धार्मिक कार्य, कुनै समारोहमा मात्र नभइ पाहुनालाई स्वागत गर्न पनि बजाइन्छ । यो बाजाको ताल रमाइलो हुनुका साथै नाचुँ नाचुँ लाग्ने खालको भएकोले पनि यसको प्रचलन ब्यापक भएको हुनुपर्छ । नेपालका अन्य जाति र विदेशीहरूले समेत सिक्न थालेका छन् । अहिले यसको महत्त्व विश्वमा नै बढ्दै गइरहेको छ । नेपाली कलाकारहरूले विदेशमा गएर पनि आफ्नो मौलिकता झल्कने धिमे बाजा प्रस्तुत गर्ने मौका पाइरहेका छन् । यसले पनि आफ्नो देशको पहिचान बनाउने एक माध्यम बाजालाई लिन सकिन्छ । त्यसैले यस किसिमका मौलिक बाजाहरूलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै लानु अति नै आवश्यक छ ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरू सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

भक्तपुर नगरपालिकाको ७१ औं स्थापना दिवस

# जनप्रतिनिधि र कर्मचारीहरू जनताको निःस्वार्थ सेवामा समर्पित भएर लाग्नुपर्ने




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नपाको ७१ औं स्थापना दिवस पुस २ गते ख्वप इन्जिनियरिङ कलेजको सभाहलमा मनाइयो ।

कार्यक्रममा सांसद सुवालले स्थापना दिवसको सफलताको कामना गर्नुहुँदै सांस्कृतिक नगर भक्तपुरको सम्पदा संरक्षणमा भक्तपुर नपाले गरेको कामलाई चालु राख्नुपर्ने बताउनुभयो । उहाँले जनप्रतिनिधि र कर्मचारीहरू जनताको निःस्वार्थ सेवामा समर्पित भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।





प्रेम सुवाल

सांसद सुवालले सत्तामा गएका

दलभित्रको झगडा सैद्धान्तिक नभई भागबण्डाको विवाद भएको र यसबाट सरकारको कामकारबाही प्रभावित भइरहेको यथार्थबारे उल्लेख गर्नुहुँदै भ्रष्टाचार, अनियमितता र भागबण्डा २०४६ सालपछिका सरकारहरूले रोक्न नसकेको बताउनुभयो ।

भक्तपुर साना औद्योगिक क्षेत्रभित्रका ध्वनि, धुँवा र रसायन प्रदूषण फाल्ने टेक्सटाइल, डाइङ, प्लास्टिक, रङ्गरोगन उद्योगहरू हटाउनुपर्ने आवाज कुनै उद्योगीको व्यक्तिगत विरोध नभई स्थानीय जनताको स्वास्थ्यसँग सम्बन्धित भएको हुँदा सो उद्योग क्षेत्रलाई स्थानान्तरण गर्नुपर्ने र भक्तपुर औद्योगिक क्षेत्रका उद्योगहरूलाई भक्तपुरको परम्परागत सीपको हस्तकलामा आधारित साना उद्योग क्षेत्रको रूपमा कायम गर्नुपर्नेमा जोड दिनुभयो ।

कोभिडका कारण लामो समयदेखि विद्यालयहरू बन्द रहँदा विद्यार्थीहरू पढाइबाट वञ्चित भइरहेको बताउनुहुँदै सांसद सुवालले विद्यालय कक्षा सञ्चालनबारे शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयको भनाइमा विरोधाभास देखिएपछि विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र अभिभावकहरू अन्योलमा परेको स्पष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले कोभिड नियन्त्रण तथा रोकथामको लागि गरेका प्रयासहरू उल्लेखनीय भएको बताउनुहुँदै सांसद सुवालले इमानदार र नैतिकवान दक्ष जनशक्ति उत्पादन गर्न भक्तपुर नगरपालिकाले विभिन्न कलेजहरू सञ्चालनमा ल्याएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' को नारालाई सार्थक बनाउन स्थानीय जनताकै सहयोगमा यहाँका सम्पदाहरू संरक्षण गर्न भक्तपुर नगरपालिका प्रयत्नशील रहेको बताउनुहुँदै राज्यको अधिकांश बजेट स्थानीय तहलाई पठाउनुपर्ने र आवश्यकताको आधारमा योजना छनोट गर्ने अधिकार स्थानीय तहलाई हुनुपर्नेमा जोड दिनुभयो ।



सुनिल प्रजापति

उहाँले भन्नुभयो – 'का. रोहितले कल्पना गर्नुभएको '१०० वर्षपछिको भक्तपुर' नै भक्तपुर नगरपालिकाको सपना हो । हामी त्यसैलाई मार्ग दर्शनको रूपमा लिँदै काम गर्दै छौँ । सांस्कृतिक प्रशिक्षण, सम्पदाहरूको संरक्षण, सांस्कृतिक गतिविधिहरू र मौलिकता संरक्षण यसैको सिलसिला हो ।'

उहाँले हरेक कामको लागि जनप्रतिनिधिहरू सिंहदरबार धाउनुपर्ने प्रवृत्तिले सङ्घीयताको उपहास गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले स्थानीय जनताको मागअनुसार भक्तपुर साना औद्योगिक क्षेत्रका धुँवा र धूलो प्रदूषण गर्ने उद्योगहरू स्थानान्तरणको लागि उद्योगमन्त्री, उद्योग राज्यमन्त्री, उद्योग क्षेत्र व्यवस्थापन समितिका पदाधिकारीसमक्ष पटकपटक अनुरोध गर्दै आइरहेको बताउनुभयो ।

शुभकामना मन्तव्य राख्नुहुँदै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् बागमती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले सत्तारुढ दलको आपसी झगडाका कारण देशमा राजनीतिक सङ्कट पैदा भइरहेको र देशको विकासलाई अपव्याख्या गर्दै जनतालाई भ्रुक्याउने कामहरू भइरहेको बताउनुभयो ।

कोभिडका कारण भक्तपुरको शैक्षिक स्थिति भयावह बन्दै गइरहेको छ भन्नुहुँदै सांसद गोसाईले भक्तपुर नपाले शिक्षाको क्षेत्रमा नयाँ नयाँ अभ्यासहरू गर्दै विद्यालय स्तरोन्नतिमा ध्यान दिनुपर्ने, भक्तपुरमा नमुना शिशुस्याहार सञ्चालन गर्नुपर्ने र भक्तपुरका सामुदायिक र निजी विद्यालयहरूमा सामाजिक शिक्षाको प्रयोगशालाहरू बनाउँदै अगाडि बढ्नुपर्ने सुझावहरू दिनुभयो ।

कुनै पनि समयमा आउने विपद् र सङ्कटमा जनप्रतिनिधि र कर्मचारीहरू समर्पित भएर जनताको सेवामा लाग्नुपर्ने बताउनुहुँदै सांसद गोसाईले शिक्षा, स्वास्थ्य, विकास निर्माणका साथसाथै कोभिड नियन्त्रण र रोकथाममा भक्तपुर नपाबाट सबै स्थानीय तहहरूको लागि प्रेरणादायी कार्यहरू भइरहेको बताउनुभयो ।



सुरेन्द्रराज गोसाई

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपाका हरेक काममा नगरवासी जनताको रचनात्मक साथ र सहयोग रहँदै आएको



रजनी जोशी

बताउनुभयो । भक्तपुर नपाको कामकारबाही देशभरिका स्थानीय तहहरूको लागि अनुकरणीय बन्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुरको गौरव जोगाइराख्न सधैँ क्रियाशील भई अगाडि बढिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले भक्तपुर नपालाई कला र संस्कृतिको उत्कृष्ट सहर बनाउन नगरपालिकाले खेलिरहेको भूमिका उल्लेखनीय भएको बताउनुभयो । जनताको सबभन्दा नजिकको सरकार स्थानीय तह भएको बताउनुहुँदै प्रजिअ भट्टराईले भक्तपुर औद्योगिक क्षेत्रभित्रका उद्योगहरूबाट जनताहरू पीडित भएको र जनताको समस्या समाधानको लागि आफू तत्पर रहेको बताउनुभयो ।



प्रेमप्रसाद भट्टराई

इतिहासविद् प्रा.डा. श्री पुरुषोत्तमलोचन श्रेष्ठले भक्तपुरको ऐतिहासिक पृष्ठभूमिबारे प्रष्ट पार्नुहुँदै भक्तपुर नपाले स्थानीय जनताको सहभागितामा जनताको मन जितेर यहाँका विकास निर्माणलगायतका कार्यहरू गर्दै आइरहेको बताउनुभयो । उहाँले ऐतिहासिक र सांस्कृतिक हिसाबले महत्त्वपूर्ण भएका सम्पदा र ठाउँहरूको जगेर्ना गर्नुपर्नेमा जोड दिनुहुँदै इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरी भक्तपुर नपाले निकै सराहनीय कार्य गरिरहेको बताउनुभयो ।



पुरुषोत्तमलोचन श्रेष्ठ

भक्तपुर नगरपालिका नेपाल कर्मचारी एसोसियसनका अध्यक्ष गौतमप्रसाद लासिवाले भक्तपुर नगरपालिकाका कर्मचारीहरूले पोशाक भत्ता र खाजा खर्चको रकम कोभिड नियन्त्रणको लागि सहयोग प्रदान गरेको बताउनुहुँदै भक्तपुर औद्योगिक क्षेत्रभित्रका उद्योगहरूको प्रदूषणका कारण विभिन्न सरकारी कार्यालय, कर्मचारी, अस्पताल, विद्यालयहरू पीडित बनिरहेको र त्यस्ता



गौतमप्रसाद लासिवा

उद्योग बन्द गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले स्थानीय तहका कर्मचारीहरूको वृत्तिविकास र स्तरवृद्धि हुन नसक्दा कर्मचारीहरूमा नैराश्यता पैदा भइरहेको बताउनुहुँदै देश सङ्घीय व्यवस्थामा गएपनि स्थानीय तहको स्वायत्ततामाथि हस्तक्षेप भइरहेको बताउनुभयो ।



रामलाल श्रेष्ठ

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले पनि बोल्नुभएको थियो ।



हरिप्रसाद बासुकला

भक्तपुर नपाको स्थापना दिवसको अवसरमा छिपुङ ताइची खेल प्रदर्शन गरिएको थियो भने कार्यक्रमका प्रमुख अतिथि सांसद सुवालले खेलका प्रशिक्षक दिपक श्रेष्ठलाई टाइची सुट हस्तान्तरण गर्नुभएको थियो ।

# 'संसद विघटन स्वाभाविक कदम'

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले संसद विघटन स्वाभाविक कदम भएको बताउनुभएको छ ।

पुस ५ गते सञ्चारकर्मीहरूसँग प्रतिक्रिया दिनुहुँदै उहाँले सत्तारुढ दल नेकपाभित्रैको प्रधानमन्त्रीइत्तर समूहबाट भएका गलत माग र प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसको अकर्मण्य भूमिकाको कारण प्रधानमन्त्रीबाट चालिएको कदमलाई विगतमा भएका संसद विघटनका घटनालाई जस्तै अहिलेको यो घटनालाई पनि त्यही रूपमा हेरिनुपर्छ भन्नुभएको छ ।

उहाँले प्रमुख प्रतिपक्ष दलले सत्तापक्षको भाग खाएको हुँदा उसले आफ्नो राजनीतिक भूमिका खेल्न



नारायणमान बिजुक्छेँ

नसकेको प्रष्ट पार्नुहुँदै प्रधानमन्त्रीमार्फत सत्तारुढ दलकै विपक्षी खेमाबाट अपराधीलाई आममाफी दिलाउने, भ्रष्टाचारी, कालाबजारी र भगुवा ठेकेदारहरूलाई पखाल्नेजस्ता माग तेर्स्याएर सरकारलाई काम गर्न नदिने अवस्था सिर्जना हुँदा यस्तो कदम चालिएको हुन सक्ने बताउनुभयो ।

उहाँले संसद विघटन गर्न बाध्यपार्नेहरु भारतबाट सञ्चालित भएको विचार राख्नुभयो ।

उहाँले सरकारलाई काम गर्न नदिएको, संविधानमा धेरै दोष भएको, एउटै दलमा दुईजना अध्यक्षको बन्दोबस्तलाई निर्वाचन आयोगले मान्यता दिएको, राष्ट्रपति वा प्रधानमन्त्रीलाई देशको शान्ति-सुरक्षा र बन्दोबस्त गर्ने विशेष अधिकार हुनुपर्ने जस्ता कारणले संसद विघटनको परिस्थिति बनेको प्रष्ट बताउनुभयो ।

उहाँले कानुन र संविधानले मिल्ने-नमिल्ने कुराको व्याख्या गर्ने अधिकार अदालतलाई छोडिनुपर्छ भन्नुहुँदै सर्वोच्च अदालतले संसद विघटनको निर्णय बदर गरे अन्य जटिलता आउने बताउनुभयो ।

# उखु किसानको आन्दोलनप्रति नेमकिपाको ऐक्यबद्धता

उद्योग मालिकहरुले उखु किसानहरूको करोडौँ रकम भुक्तानी नदिएको विरोधमा माइतीघर मण्डलामा धर्ना बसिरहेका उखु किसानका मागप्रति नेपाल मजदुर किसान पार्टीले ऐक्यबद्धता व्यक्त गरेको छ ।



नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवाल र नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय समितिका पदाधिकारीहरू धर्नास्थलमा गएर पुस ५ गते ऐक्यबद्धता व्यक्त गरेको हो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालले पूँजीपतिहरूले वर्षौंदेखि उखु किसानहरूको बक्यौता बाँकी राखी किसानहरूप्रति अन्याय गरेको हुँदा उखु किसानहरूले बाध्य भएर आन्दोलन गर्नुपरेको र सो आन्दोलनमा नेमकिपाको समर्थन रहेको बताउनुभयो ।

उहाँले तराईमा क्रान्तिकारी भूमिसुधारले मात्र वास्तविक किसानहरूको समस्या समाधान गर्नसक्ने धारणा राख्नुहुँदै नेमकिपा क्रान्तिकारी भूमिसुधारको पक्षमा रहेको धारणा राख्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'विगतमा पनि पटक-पटक उखु किसानसँग बक्यौता रकम दिनेबारे सम्झौता भए पनि सबै किसानहरूले उखुको मूल्य पाउन सकेका छैनन् । सरकार कर्पोरेटहरूको चङ्गुलमा परेको कारण किसानहरू अन्यायमा परेका हुन् ।'

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले उखु किसानहरूको मागप्रति ऐक्यबद्धता जनाउनुहुँदै तराईमा उखु किसानहरूको समस्या समाधानको लागि सिडिओमार्फत प्रधानमन्त्रीको ध्यानाकर्षण गरेको बताउनुभयो ।

कार्यक्रममा सङ्घका केन्द्रीय सचिव हरिराम सुवालले उखु किसानहरूप्रति ऐक्यबद्धता जनाउनुहुँदै सरकारले तदारूकतासाथ बाँकी बक्यौता दिलाउन पहल गर्नुपर्ने बताउनुभयो ।

# प्रमुख र उपप्रमुखद्वारा शिशुस्याहार तथा बालविकास केन्द्रहरूको निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा स्थापित शिशुस्याहार तथा बालविकास केन्द्रहरू सञ्चालनको तयारीबारे पुस १० गते स्थलगत निरीक्षण गर्नुभयो। कोभिड सङ्क्रमण जोखिमका कारण लामो समयदेखि



बन्द रहेका शिशुस्याहार केन्द्रहरूमा सरसफाइ, रङ्गरोगन, साजसज्जालगायतका कार्यहरू भइरहेको छ। अभिभावकहरूको मागअनुसार शिक्षकहरूलाई आलोपालो मिलाएर अझ व्यवस्थित र स्तरीय बनाउने कोसिसका साथ छिट्टै नै शिशुस्याहार केन्द्रहरू सञ्चालनमा ल्याउने तयारीमा रहेको बताइएको छ। भक्तपुर नगरपालिकाले ६ वटा शिशुस्याहार केन्द्रहरू सञ्चालन गर्दै आएको छ।



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाद्वारा स्थापित शिशुस्याहार तथा बालविकास केन्द्रहरु सञ्चालनको तयारीबारे पुस १२ गते स्थलगत निरीक्षण गर्नुभयो। त्यसक्रममा उहाले आवश्यक निर्देशन दिनुभयो।

# कक्षा सञ्चालनबारे प्रधानाध्यापकहरूसँग बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर क्षेत्रभित्रका कक्षा ११ र १२ सञ्चालन भएका सामुदायिक एवम् संस्थागत विद्यालयका प्रधानाध्यापकहरूको बैठक पुस १० गते बस्यो। बैठकमा कक्षा ११ र १२ का विद्यार्थीहरूलाई भौतिक उपस्थितिमा कक्षा सञ्चालन र कोभिडका कारण ती कक्षाहरूलाई मासिक शुल्क छुट गर्ने सम्बन्धमा छलफल भयो।

बैठकमा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले नगरभित्र सञ्चालित विद्यालयहरूमा ८, ९ र १० का कक्षाहरू आवश्यक स्वास्थ्य सुरक्षा अपनाई भौतिक उपस्थितिमा आलोपालो गरी कक्षाहरू परीक्षणको रूपमा सुरु गरिसकेको र आगामी दिनमा ११ र १२ कक्षा भौतिक उपस्थितिमा सुरु गर्न सम्बन्धित सरोकारवालाहरूसँग छलफल तथा परामर्शमा जुटिरहेको बताउनुभयो। विद्यालयहरू बन्द रहँदा विद्यार्थीहरूको भविष्य अन्योलमा रहेको बताउनुहुँदै नगरपालिकाले समयसापेक्ष ढङ्गले चरणबद्ध रूपमा विद्यालय सञ्चालन गर्ने योजनाअनुरूप अगाडि बढिरहेको बताउनुभयो।



बैठकमा उपस्थिति प्रधानाध्यापकहरूले कम विद्यार्थी सङ्ख्या भएका विद्यालयहरूमा भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न उपयुक्त हुने सुझाव दिनुभयो भने कक्षा ११ र १२ का विद्यार्थीहरूलाई नगरपालिकाले निर्णय गरेअनुसार मासिक शुल्कमा छुट दिन आफूहरू तयार रहेको विचार व्यक्त गर्नुभयो। उहाँहरूले कक्षा ११ र १२ को प्रयोगात्मक कक्षाहरू सुचारु गर्नको निम्ति भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै अनलाइन मार्फत कक्षाहरू सञ्चालनमा जोड दिइरहेको बताउनुभयो।

संसदीय समितिबाट प्रदूषण गर्ने उद्योगहरूको अनुगमन

# प्रतिनिधिसभा संसदीय समितिबाट भक्तपुर साना उद्योग क्षेत्रको प्रदूषण गर्ने उद्योगहरूको अनुगमन

नेपाल मजदुर किसान पार्टीका संघीय सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति विमलप्रसाद श्रीवास्तवको नेतृत्वमा आएको संसदीय समितिका सदस्यहरूबीच पुस ३ गते नगरपालिकाको सभाकक्षमा छलफल कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर साना औद्योगिक क्षेत्रको प्रदूषणबारे स्थलगत निरीक्षणको लागि आउनुभएका सांसदहरूको टोलीले भक्तपुर औद्योगिक क्षेत्रभित्रका उद्योगहरूको स्थलगत निरीक्षणपश्चात भक्तपुर नगरपालिकामा छलफल कार्यक्रम भएको थियो । टोलीलाई नगर प्रमुख प्रजापतिले भादगाउँले टोपी र खादा ओढाई नगरपालिकामा स्वागत गर्नु भएको भयो ।



प्रेम सुवाल

बैठकमा सांसद सुवालले भक्तपुरको हस्तकलामा आधारित परम्परागत सीपलाई व्यावसायिक रूपमा दिन स्थापना भएको भक्तपुर साना उद्योग क्षेत्रमा हाल ध्वनि, धुँवा र रसायन प्रदूषण फाल्ने उद्योगहरू सञ्चालन गरिएको र त्यसबाट स्थानीय जनताको स्वास्थ्यमा नकारात्मक असर पुगिरहेको र उद्योग क्षेत्रभित्र जालसाजी भएको जनताको गुनासो रहेको बताउनुभयो ।

भक्तपुर औद्योगिक क्षेत्र स्थानान्तरण गर्नेतर्फ आवश्यक पहलको निम्ति अनुरोध गर्नुहुँदै सांसद सुवालले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा पेश भएको उजुरीबारे आवश्यक सुनुवाई हुनेमा विश्वास व्यक्त गर्नुभयो ।



सुनिल प्रजापति

बैठकमा नगर प्रमुख प्रजापतिले भक्तपुर औद्योगिक क्षेत्र स्थापनाको उद्देश्य र वर्तमान अवस्थाबारे अवगत गराउनुहुँदै औद्योगिक क्षेत्र वरपर भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, शैक्षिक संस्थाहरू, अस्पताल तथा भक्तपुर दरबार क्षेत्र जोडिएको हुँदा सरकारको प्रतिबद्धताअनुरूप भक्तपुर औद्योगिक क्षेत्रबाट यथाशक्य चाँडो धुवाँ, ध्वनि र रसायन प्रदूषण फाल्ने उद्योगहरू स्थानान्तरण गर्नुपर्ने माग गर्नुभयो ।

उहाँले कतिपय ठूला उद्योगहरूले नगरपालिकालाई तिर्नु पर्ने करसमेत नतिरी जथाभावी जनताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने कार्य गरिरहेको अवगत गराउनु भयो ।

उहाँले पटक पटक जनताको मागअनुसार प्रदूषण फाल्ने उद्योगहरू स्थानान्तरणको माग गर्दा पनि सरकारले ध्यान नदिएको बताउनु हुँदै संसदीय समितिले जनताको मागलाई सम्बोधन गर्नेमा नगरपालिका आशावादी रहेको बताउनुभयो ।



विमलप्रसाद श्रीवास्तव

बैठकमा प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित



संसदीय समितिबाट प्रदूषण गर्ने उद्योगहरूको अनुगमन

समितिका सभापति विमलप्रसाद श्रीवास्तवले स्थलगत अध्ययन समितिबाट प्राप्त प्रतिवेदनको आधारमा नेपाल सरकारलाई आवश्यक निर्देशन दिनुका साथै सम्बन्धित सबै निकायहरूमा घच्घच्याउने काममा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थित तरिकाबाट सञ्चालन भइरहेको छैन, उद्योग क्षेत्रभित्र सरसफाइ पनि छैन भन्नुहुँदै सांसद श्रीवास्तवले भक्तपुर नपाका जनप्रतिनिधि, कर्मचारी, स्थानीय प्रशासन र स्थानीय पीडित जनताको संयुक्त प्रयासबाट औद्योगिक क्षेत्र स्थानान्तरणको लागि आवश्यक पहलको आवश्यकता औँल्याउनुभयो ।


भीमसेनदास प्रधान

समितिका सांसद भीमसेनदास प्रधानले मानव बस्तीलाई हानि हुने गरी प्रदूषण फाल्ने उद्योग सञ्चालन गर्न नपाउने उल्लेख गर्नुहुँदै नेपाल सरकारको निर्णयअनुरूप काठमाडौं उपत्यकाबाट प्रदूषण फाल्ने उद्योगहरू स्थानान्तरण गर्नुपर्ने बताउनुभयो ।


देवेन्द्र पौडेल

सोही समितिका सांसद एवम् अध्ययन समितिका संयोजक देवेन्द्र पौडेलले भक्तपुरको पहिचान र गौरव गर्न लायक संस्कृति बचाइराख्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै भक्तपुरको कला, संस्कृति र सम्पदाहरू बचाइराख्न र स्थानीय पीडित जनताको गुनासो सम्बोधन गर्न समिति प्रतिबद्ध रहेको बताउनुभयो ।


सुजाता परियार

बैठकमा समितिका सांसद सुजाता परियारले भक्तपुर औद्योगिक क्षेत्रभित्रका उद्योगहरूको स्थलगत भ्रमण गरी यहाँको वास्तविक समस्या बुझ्ने अवसर पाएको बताउनुहुँदै पीडित जनताको गुनासो छिटोभन्दा छिटो समाधान हुनेछ भन्नुभयो ।

सांसद प्रमोद शाहले मानव बस्तीबीच सञ्चालित उद्योगहरूले मानव स्वास्थ्यमा परिरहेको असर र समस्या निकै संवेदनशील भएको बताउनुहुँदै उद्योग राज्यमन्त्री, उद्योग व्यवस्थापन कार्यालयलगायतबाट निरीक्षण भइसक्दा पनि समस्याको सुनुवाई नहुनु दुखद् पक्ष भएको औँल्याउनुभयो ।


प्रमोद शाह


सोही क्रममा नगर प्रमुख प्रजापतिले समितिका सभापति श्रीवास्तव र कार्यदलका संयोजक पौडेललाई भक्तपुर साना उद्योग क्षेत्रको धुँवा, धूलो र ध्वनि प्रदूषण सृजना गर्ने उद्योगहरूबारे उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, औद्योगिक क्षेत्र व्यवस्थापन लि.लगायत विभिन्न सरोकारवाला निकायहरूमा गरेका पत्रहरूको प्रतिलिपि र स्थानीय पीडित जनता तथा भक्तपुर नगरपालिकाका कर्मचारीहरूको निवेदन, औद्योगिक क्षेत्रका उद्योगहरूले नगरपालिकालाई तिर्नुपर्ने कर बक्यौतासम्बन्धी विभिन्न मितिमा बसेका बैठक निर्णयका प्रतिलिपि तथा पत्रपत्रिकामा प्रकाशित समाचारहरूको प्रतिलिपिसहित आवश्यक कारबाहीको लागि सभापतिसमक्ष अनुरोधसहितको ध्यानाकर्षण पत्र हस्तान्तरण गर्नुभयो । साथै संयोजक पौडेललाई कर्मचारीहरूको तर्फबाट नेपाल कर्मचारी एशोसियसन भक्तपुर एकाइ समितिका अध्यक्ष गौतमप्रसाद लासिवा र स्थानीय पीडित जनताको तर्फबाट विनोदचरण रायले पनि स्थानीय जनताको उजुरीसहित ज्ञापन पत्र हस्तान्तरण गर्नुभयो ।




प्रमुख प्रजापति मायाको चिनो प्रदान गर्नुहुँदै

सोही क्रममा नगर प्रमुख प्रजापतिले समितिका सभापति श्रीवास्तवलाई भक्तपुरको प्रसिद्ध 'मयूर झ्याल' मायाको चिनोको रूपमा प्रदान गर्नुभयो भने उपस्थित सबै सांसदहरूलाई भक्तपुर नगरपालिकाका प्रकाशनहरू र नगरपालिकाद्वारा प्रकाशित 'फोटो पुस्तक' उपहारस्वरूप प्रदान गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, कार्यपालिका सदस्य र पीडित जनताहरूको पनि उपस्थिति रहेको सो बैठकमा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।



खप्व नगरपालिका
भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ६८१
चलानी नं. : १३६९

मितिः- २०७७।८।१२

माननीय सभापतिज्यू,
उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति,
प्रतिनिधि सभा, सिंहदरवार, काठमाडौं ।

*विषयः भक्तपुर औद्योगिक क्षेत्रको धुवाँ, धुलो र ध्वनी प्रदुषण सृजना गर्ने उद्योग स्थानान्तरण बारे ।*


नेपाल सरकारले वि.सं. २०३६ सालमा मित्र देश जर्मनीको सहयोगमा स्थानीय किसानहरुको जग्गा अधिग्रहण गरी घरेलु तथा कुटीर उद्योग विकास गरी स्थानीय नागरिकहरुलाई रोजगारी प्रदान गरी आर्थिक स्तर उकास्ने उद्देश्यले भक्तपुर साना उद्योग क्षेत्र स्थापना गरेको हो । यो यथार्थ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्मारिका २०७५ को पृष्ठ ८६ र ८७, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको संक्षिप्त झलक साउन १, २०७५ को पृष्ठ १६ र भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको संक्षिप्त झलक २०७५ मा पनि उल्लेख गरिएको छ ।

यसरी घरेलु र कुटीर उद्योग संचालन गर्ने उद्देश्यका साथ स्थापना भएको भक्तपुर औद्योगिक क्षेत्रमा ठूल्ठूला ध्वनी र वायु प्रदुषण सृजना गर्ने टेक्सटायल उद्योग, रङ्ग उद्योग, डाइङ्ग उद्योग प्लाष्टिक उद्योगलगायतका मानव स्वास्थ्य र विश्व सम्पदा सूचीमा सूचिकृत नजिकैको दरबार क्षेत्रको सम्पदाहरुलाई समेत हानी पुऱ्याउने उद्योगहरु स्थापना र संचालन भइरहेका छन् । यसरी घरेलु र साना उद्योगहरु संचालन हुनुपर्ने क्षेत्रमा ठूल्ठूला उद्योग संचालनबाट धुवाँ, ध्वनी र वायु प्रदुषण सृजना भइ स्थानीय जनताहरु पीडित भएपछि पीडित जनताबाट नगरपालिकामा संयुक्त निवेदन पेश गरेपछि सो सम्बन्धमा मिति २०५७ जेठ २ गते भक्तपुर नगरपालिकाका तत्कालीन प्रमुख प्रेम सुवालको अध्यक्षतामा सम्बन्धित वडाध्यक्ष, भक्तपुरका प्रमुख जिल्ला अधिकारी, भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका कार्यालय प्रमुख, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि डीएसपी, भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष र स्थानीय पीडित जनताहरुको उपस्थितिमा बसेको बैठकबाट यस क्षेत्रमा रहेको ध्वनी, धुवाँ र रसायन प्रदुषण फाल्ने टेक्सटाइल, डाइङ्गजस्ता उद्योगहरु हटाउने निर्णयसमेत भएको व्यहोरा अनुरोध छ ।

औद्योगिक व्यवसाय ऐन २०७३ को दफा ३ को उपदफा ६ मा उद्योग संचालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्नुपर्ने स्पष्ट उल्लेख छ । नेपाल सरकारको आव २०७३।७४ को बजेट वक्तव्यमा काठमाडौं उपत्यकाका औद्योगिक क्षेत्रहरु काठमाडौं उपत्यकाबाहिर स्थानान्तर गर्ने, भक्तपुर नगरपालिकाको भौतिकपूर्वाधार तथा निर्माण मापदण्डसम्बन्धी २०६० को दफा ३.१.५ मा भक्तपुर औद्योगिक क्षेत्रमा ध्वनी, धुवां, रसायन, वातावरण र अन्य प्रदुषणमूलक उद्योग संचालन गर्न नपाइने स्पष्ट उल्लेख छ ।

उक्त औद्योगिक क्षेत्रमा संचालित विभिन्न ठूल्ठूला उद्योगहरुले यस नगरपालिकालाई बुझाउनु पर्ने कर समयमा नबुझाएको हुँदा सम्बन्धित उद्योगपतिहरुसँग पटक पटक छलफल गरी बक्यौता कर तिर्न आग्रह गर्दा समेत कर तिर्न आनाकानी गर्दै आएकोमा मिति २०७५।६।१६ गते यस नगरपालिकाका प्रमुखको अध्यक्षतामा प्रमुख जिल्ला अधिकारी र

प्रमुखः ६६१००९६, उपप्रमुखः ६६२०६७०, प्रशासन शाखाः ६६१२९२७, प्रमुख प्रशासकीय अधिकृतः ६६१००७६, लेखा शाखाः ६६१२०२१, योजना शाखाः ६६१४८१३
ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेभसाइट :- www.bhaktapurmun.gov.np



खप्व नगरपालिका
भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ६८१
चलानी नं. : १३६९

मितिः- २०७७।८।१२

सम्बन्धित उद्योगपतिहरुकोसमेत उपस्थितिमा बसेको बैठकले नगरपालिकालाई उद्योगहरुले तिर्न बाँकी करहरु मिति २०७५ चैत्र मसान्तभित्र किस्ताबन्दीमा तिर्ने निर्णय भएकोमा सो निर्णय समेत हालसम्म सम्बन्धित उद्योगपतिहरुले कार्यान्वयन नगरेको व्यहोरा समेत जानकारी गराउँदछु ।

भक्तपुर औद्योगिक क्षेत्रभित्र संचालित ध्वनी, धुवाँ र रसायन प्रदुषण फाल्ने टेक्सटायल, डाइङ्ग, प्लाष्टिक र रङ्ग रोगन उद्योगहरुबाट यसको वरिपरिका बासिन्दा, यो औद्योगिक क्षेत्रसँगै रहेको भक्तपुर नगरपालिका कार्यालयका कर्मचारी र सेवाग्राही जनताको स्वास्थ्यलाई हानी पुऱ्याएको र यसबारे पीडित जनताबाट औद्योगिक क्षेत्र व्यवस्थापन लि. र जिल्ला प्रशासन कार्यालय भक्तपुरमा समेत निवेदन पेश भएको, नेपाल सरकारको आ.व २०७३/७४ को बजेट वक्तव्यमा समेत काठमाडौं उपत्यकाका औद्योगिक क्षेत्रहरुलाई काठमाडौं उपत्यकाबाहिर स्थानान्तरण गर्ने प्रतिबद्धता भएको, भक्तपुर नगरपालिकाको सातौं नगरसभाको बैठकबाट भक्तपुर औद्योगिक क्षेत्रलाई काठमाडौं उपत्यकाबाहिर स्थानान्तरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय भई परिपत्रसमेत भएको हुँदा भक्तपुर औद्योगिक क्षेत्रमा संचालित धुवाँ, ध्वनी र रसायन प्रदुषण फाल्ने टेक्सटायल, डाइङ्ग, प्लाष्टिक र रङ्ग रोगन उद्योगहरुको सम्झौता नवीकरण नगराउन सम्झौतापत्रमा उल्लेख भए अनुसारको अवधिमा सूचना दिइ ती उद्योग हटाउने व्यवस्था गराउन र अन्य कुनै किसिमको नयाँ उद्योग दर्ता नगराउनु हुन र यस नगरपालिकाको सहमति विना उद्योगहरुको हक हस्तान्तरण र उद्देश्य परिवर्तनसमेत नगराउन सम्बन्धित मन्त्रालय, विभाग, घरेलु तथा साना उद्योग कार्यालय र औद्योगिक क्षेत्र व्यवस्थापन लि.लाई पत्राचार समेत भइसकेको र घरेलु तथा साना उद्योग कार्यालयले मिति २०७७।८।२४ गते भक्तपुर औद्योगिक क्षेत्रका धुवाँ, ध्वनी र वायु प्रदुषण गर्ने विभिन्न ८ वटा उद्योगहरुलाई प्रदुषण न्यूनीकरण योजना पेश गर्नुहुन र समयमै योजना पेश नभए उद्योग खारेजीको प्रकृया अगाडि बढाइने र नवीकरण रोकिने सम्बन्धी पत्राचार समेत भइसकेको जानकारी गराउँदछु ।

सोही सम्बन्धमा भक्तपुर नगरपालिका वडा नं. २ ब्यासी स्थित भक्तपुर औद्योगिक क्षेत्रको धुवाँ, धुलो र ध्वनी प्रदुषण सृजना गर्ने उद्योगहरु बारे उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, औद्योगिक क्षेत्र व्यवस्थापन लि. लगायत विभिन्न सरोकारवाला निकायहरुमा गरेका पत्रहरुको प्रतिलिपिहरु र स्थानीय पीडित जनताहरुको निवेदन तथा यस नगरपालिकाका कर्मचारीहरुको निवेदन एवम् उक्त उद्योगबाट फालिएका प्रदुषण सम्बन्धी विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरुको प्रतिलिपिका साथै उक्त औद्योगिक क्षेत्रका उद्योगहरुले यस नगरपालिकालाई तिर्नुपर्ने कर बक्यौता सम्बन्धी विभिन्न मितिमा बसेको बैठक निर्णयको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी उक्त भक्तपुर औद्योगिक क्षेत्रका धुवाँ, धुलो, ध्वनी र रसायन प्रदुषण फाल्ने टेक्सटायल, डाइङ्ग, रङ्गरोगन, प्लाष्टिकलगायतका उद्योगहरुलाई यथाशिघ्र काठमाडौं उपत्यका बाहिर स्थानान्तरणको लागि आवश्यक पहल गरिदिनु हुन श्रीमान् सभापतिज्यूमा अनुरोध गर्दछु ।

२०७७।८।१२

सुनिल प्रजापति
प्रमुख

प्रमुखः ६६१००९६, उपप्रमुखः ६६२०६७०, प्रशासन शाखाः ६६१२९२७, प्रमुख प्रशासकीय अधिकृतः ६६१००७६, लेखा शाखाः ६६१२०२१, योजना शाखाः ६६१४८१३
ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेभसाइट :- www.bhaktapurmun.gov.np

भक्तपुर नपाले अनुगमन टोलीलाई दिएको पत्र

# सम्यक महादान पर्व औपचारिकतामा सीमित गर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा २०७७ माघ १ गते थथुबही परिसरमा मनाइने सम्यक महादान पर्वसँग सम्बन्धित सरोकारवालाहरूसँगको बैठक पुस १३ गते बस्यो । बैठकले कोभिड १९ रोगको महामारीलाई मध्यनजर गरी २०७७ माघ १ गते मनाइने सम्यक महादान पर्वलाई औपचारिकतामा सीमित गर्ने निर्णय गऱ्यो ।

बैठकमा नगर प्रमुख प्रजापतिले कोभिड महामारीलाई मध्यनजर गरी भीडभाड हुने गतिविधि तत्काल नगर्नु उपयुक्त



हुने बताउनुहुँदै यस वर्षको सम्यक महादान पर्व पनि औपचारिकतामा सीमित गर्नु उचित हुने बताउनुभयो । कोभिड नियन्त्रण तथा रोकथामको लागि भक्तपुर नपाले गरिरहेको गतिविधिबारे अवगत गराउनुहुँदै उहाँले नेपाल सरकारको स्वीकृतिमा भक्तपुर नपाले एच.डी.यु. सञ्चालन गर्ने तयारीमा जुटिरहेको बताउनुभयो ।

बैठकमा उपस्थित सम्यक महादानसँग सम्बन्धित सरोकारवालाहरूले कोभिडको जोखिमलाई ध्यानमा राखी यस पटकको लागि सम्यक महादान पर्व सामान्य पूजाआजामा सीमित गर्न सहमत भएको विचार व्यक्त गर्नुभयो ।

सहभागीहरूले सम्यक महादान भक्तपुरमा प्रत्येक वर्ष, ललितपुरमा हरेक ५ वर्षमा र काठमाडौंमा १२ वर्षमा मनाइने परम्परा रहेको पनि बैठकमा जानकारी गराउनुभयो ।

बैठकमा प्रशन्नशील महाविहार– क्वाठण्डौ, मंगल धर्मदीप महाविहार– भौरबही, चर्तुब्रम्ह महाविहार–दरबार क्षेत्र, बौद्ध समंकृत विहार–कुथुबही र जयकृति महाविहार–थथुबहीका प्रतिनिधिहरूको उपस्थिति थियो ।

# जिल्ला प्रशासनलाई भक्तपुर नपाका कर्मचारीहरूको निवेदन

**विषय : भक्तपुर औद्योगिक क्षेत्रबाट ध्वनि, धुँवा र रसायन प्रदूषण फाल्ने टेक्स्टाइल र डाइङलगायत उद्योगको दर्ता खारेजी सम्बन्धमा ।**

**१)** नेपाल सरकारले वि.सं. २०३६ सालमा मित्र देश जर्मनीको सहयोगमा स्थानीय किसानहरूको जग्गा अधिग्रहण गरी यहाँको परम्परागत सीपलाई व्यवसायीक रूप दिन भक्तपुर साना उद्योग क्षेत्र स्थापना गरेको हो । यो यथार्थ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्मारिका २०७५ को पृष्ठ ८६ र ८७, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सङ्क्षिप्त झलक साउन १, २०७५ को पृष्ठ १६ र भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सङ्क्षिप्त झलक २०७५ मा स्वीकार गरिएको छ ।

**२)** भक्तपुर औद्योगिक क्षेत्रका उद्योगबारे मिति २०५७ जेठ २ गते भक्तपुर नगरपालिकाका जनप्रतिनिधि तत्कालीन प्रमुख प्रेम सुवाल र सम्बन्धित वडाध्यक्ष रविन्द्र खर्बुजा, भक्तपुरका प्रमुख जिल्ला अधिकारी धुवराज वाग्ले, भक्तपुर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका कार्यालय प्रमुख रत्नहरी गौतम, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि डीएसपी तिलकबहादुर श्रेष्ठ, भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णप्रसाद ताम्राकार र पीडित जनताबीच भएको बैठकबाट यस क्षेत्रमा रहेको ध्वनि, धुवाँ र रसायन प्रदूषण फाल्ने टेक्सटाइल, डाइङ जस्ता उद्योगहरू हटाउने निर्णय समेत भएको व्यहोरा अनुरोध छ । औद्योगिक व्यवसाय ऐन २०७३ को दफा ३ को उपदफा ६ मा उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्नुपर्ने स्पष्ट उल्लेख छ । भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड २०६० को ३.१.५ मा भक्तपुर औद्योगिक क्षेत्रमा ध्वनि, धुवाँ, रसायन, वातावरण र अन्य प्रदूषणमूलक उद्योग सञ्चालन गर्न नपाइने स्पष्ट उल्लेख छ । नेपाल सरकारको आ.व. २०७३।७४ को बजेट वक्तव्यमा काठमाडौं उपत्यकाका औद्योगिक क्षेत्रहरू काठमाडौं उपत्यका बाहिर स्थानान्तर गर्ने, भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड २०६० को ३.१.५ मा भक्तपुर औद्योगिक क्षेत्रमा ध्वनि, धुवाँ, रसायन, वातावरण र अन्य प्रदूषणमूलक उद्योग सञ्चालन गर्न नपाइने स्पष्ट प्रतिबद्धता छ ।

**३)** मानव बस्तीबीचमा परेको यो उद्योग क्षेत्रमा कानुनी बन्दोवस्त र नगरपालिकाको निर्णय विपरीत सञ्चालित उल्लिखित उद्योगहरूबाट विश्व सम्पदा सूचीभित्रको भक्तपुर दरबार क्षेत्र, ब्यासी, खौमा, शहीद उद्यान, शहीद स्मृति खेल मैदान, कालदह लगायतका ठाउँमा बसेका हजारौं मानिसलाई ध्वनि, धुवाँ, रसायन प्रदूषण फाल्ने कृति टेक्स्टाइल्स इन्टरप्राइजेज प्रा.लिमा ५६ ओटा स्वचालित टेक्स्टाइल मेशिन र काठमाडौं उपत्यकाभित्र राख्न नपाउने प्रदूषण फाल्ने डाइङसमेत सञ्चालन भइरहेको, नेपो इन्डष्ट्रिज प्रा.लि.मा २८ ओटा स्वचालित टेक्स्टाइल मेशिन सञ्चालन भइरहेको, घरेलु तथा साना उद्योग कार्यालय भक्तपुरमा पश्मिना, सल, स्वेटर उत्पादन गर्न दर्ता भएको मेमोर्स इण्डस्ट्रिजमा यस क्षेत्रको जग्गामा बनेको भवनमा अन्य व्यक्तिलाई प्रयोग गर्न दिन नहुने र तोकिएको उद्देश्य विपरीतको कार्य गर्न नहुने सम्झौताको शर्त उलङ्घन गराई सरदारजी भन्ने अर्को व्यक्तिलाई १८ ओटा स्वचालित टेक्स्टाइल मेशिन सञ्चालन गराइरहेको, अरुणा टेक्स्टाइल प्रा.लि.मा १४ ओटा स्वचालित टेक्स्टाइल मेशिन सञ्चालन भइरहेको, शिवबाबा टे. प्रा.लि. को २५ ओटा स्वचालित टेक्स्टाइल मेशिन ईशान फेब्रिक इण्डस्ट्रिजमा दर्जनौं स्वचालित टेक्स्टाइल मेशिन सञ्चालन भइरहेको, पशुपति फेब्रिक इण्डस्ट्रिजमा दर्जनौं स्वचालित टेक्स्टाइल मेशिन सञ्चालन भइरहेको, बर्जर जोन्सन एण्ड निकल्सन नेपाल प्रा. लि. अति प्रज्वलनशीन रङ्गरोगन उत्पादनका मेशिन सञ्चालन भइरहेको, ओम सत्यसाई प्लास्टिक उद्योग, बेष्ट प्लास्टिक इण्डस्ट्रिज, शिवा पोलिमर्शलगायत प्लास्टिक एवम् पोलिथिन ब्याग बनाउने उद्योगहरूबाट जनस्वास्थ्यमा हानी भइरहेको, पीडित जनता दिनभरि नै ५-६ रेक्टरको भूकम्प गएको जस्तो कम्पनको पीडामा छन् भने विद्यालय र कलेज बन्द रहेको बेला विद्यार्थीहरूको अनलाइन कक्षा र स्वअध्ययनमा समेत बाधा पुगिरहेको छ । सरकारी र सार्वजनिक सम्पत्तिबाट व्यक्तिगत लाभ उठाएका सरकारी अधिकारी र उद्योगीहरूको कारण राजस्वसमेत चुहावट भइरहेको छ । भक्तपुर नगरपालिका कार्यालय भवनसमेत यही औद्योगिक क्षेत्रसँग जोडिएको र जिल्ला प्रशाशन कार्यालय, महानगरीय प्रहरी परिसर पनि यस औद्योगिक क्षेत्रको नजिक भएको हुँदा यहाँको ध्वनि, धुवाँ र रसायन प्रदूषणबाट झण्डै ४०० जना हामी कर्मचारीहरू र हजारौं सेवाग्राहीहरूसमेतको स्वास्थमा प्रतिकूल असर पुगिरहेको छ । मिति २०७७ कार्तिक १८ गते माननीय उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतिलाल दुगडज्यू र मिति २०७७ कार्त्तिक १४ गते औद्योगिक क्षेत्र व्यवस्थापन लि. केन्द्रीय कार्यालयका प्रतिनिधि सृजना श्रेष्ठज्यूले ध्वनि, धुवाँ र रसायन प्रदूषण फाल्ने नेपो इण्डस्ट्रिज र

डाइङलगायतका उद्योगहरू निरीक्षण गरिसक्नु भएको छ। उल्लिखित उद्योगहरूले फालेको प्रदूषणको स्थलगत अध्ययनमा पुगेका टोलीलाई साना उद्योग क्षेत्रका अधिकारी र सम्बन्धित उद्योगीहरूको मिलेमतोमा सबै मेशिन र डाइङ सञ्चालन गरी नदेखाउने तर उक्त टोली फर्के लगत्तै मेशिन सञ्चालन गरी प्रदूषण फाल्ने मानवता विरोधी अपराधसमेत गरिरहेका छन्। तसर्थ तत्काललाई उल्लिखित ध्वनि, धुवाँ, रसायन प्रदूषण फाल्ने उद्योगहरू कृति टेक्स्टाइल्स इन्टरप्राइजेज प्रा.लि, नेपो इन्डष्ट्रिज प्रा.लि., मेमोर्स इण्डस्ट्रिज, अरुणा टेक्स्टाइल प्रा. लि., शिवबाबा टे. प्रा.लि., ईशान फेब्रिक इण्डस्ट्रिज, पशुपति फेब्रिक इण्डस्ट्रिज, बर्जर जोन्सन एण्ड निकल्सन नेपाल प्रा.लि., ओम सत्यसाई प्लास्टिक उद्योग, बेष्ट प्लास्टिक इण्डस्ट्रिज, शिवा पोलिमर्शलगायतको सरकारी निकायमा दर्ता खारेजीको लागि श्रीमान प्रमुख जिल्ला अधिकारीज्यूबाट आवश्यक निर्णय गरी घरेलु तथा साना उद्योग कार्यालय भक्तपुर, उद्योग विभाग काठमाडौं, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा लेखी पठाउनको लागि अनुरोध गर्दछौं। यस औद्योगिक क्षेत्रको सरकारी स्वामित्वको जग्गा र भवन भित्रभित्रै बेचबिखन भइरहेकोसमेत रोक्न औद्योगिक क्षेत्र व्यवस्थापन लि. केन्द्रीय कार्यालय काठमाण्डौं र जिल्ला कार्यालय, भक्तपुरलाई लेखी पठाउन अनुरोध गर्दछौं। यी प्रदूषण फाल्ने उद्योगहरूबाट जनस्वास्थ्यमा हानि पुगेका र मानव अधिकार हनन् भएका व्यासी, लायकु, खौमा, इटाछेँ, कालदह, मेठीबारी, शहीद उद्यानका पीडित जनतालाई सम्बन्धित उद्योगबाट उचित क्षतिपूर्ति दिलाउन आवश्यक सिफारिसको लागि राष्ट्रिय मानव अधिकार आयोगलाई लेखी पठाउनसमेत अनुरोध गर्दछौं र यस क्षेत्रबाट ध्वनि, धुवाँ र रसायन प्रदूषण फाल्ने र मानव स्वास्थ्यलाई हानि पुऱ्याउने उल्लिखित उद्योगहरू अविलम्ब हटाउने व्यवस्थाको लागि हामी सम्पूर्ण कर्मचारीहरूको तर्फबाट यो संयुक्त निवेदन पेश गर्दछौं।

**बोधार्थ तथा कार्यार्थ**

श्री प्रधानमन्त्री कार्यालय, सिंहदरबार, काठमाण्डौ।

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।

श्री भक्तपुर नगरपालिका, भक्तपुर।

श्री उद्योग विभाग, काठमाण्डौ।

श्री औद्योगिक क्षेत्र व्यवस्थापन लि. केन्द्रीय कार्यालय, बालाजु, काठमाण्डौ।

श्री औद्योगिक क्षेत्र व्यवस्थापन लि. कार्यालय, भक्तपुर।

*(भक्तपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईलाई भक्तपुर औद्योगिक क्षेत्रको ध्वनि, धुवाँ-धूलो र दृष्य प्रदूषणबारे भक्तपुर नगरपालिकाका कर्मचारीहरूको तर्फबाट मंसिर १४ गते बुझाएको निवेदन)*



राष्ट्रिय पुन:निर्माण प्राधिकरण भक्तपुरको बैठक

# भूकम्प पीडितहरूलाई रु. १० लाख अनुदान दिनुपर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा राष्ट्रिय पुन:निर्माण प्राधिकरण भक्तपुर जिल्ला निजी आवास पुन:निर्माणसम्बन्धी बैठक पुस १२ गते बस्यो। बैठकमा भक्तपुर जिल्लाको निजी आवास पुन:निर्माणको प्रगति प्रतिवेदनमाथि छलफल भयो।

बैठकले भूकम्प पीडितहरूलाई प्रदान गरिने भूकम्प पुन:निर्माणको अनुदान रकम १० लाख पुऱ्याउनुपर्ने, अनुदान रकमलाई किस्ता किस्ता गरी लिनुपर्ने बाध्यताको अन्त्य गरी एकमुष्ठ वितरण गर्नुपर्ने र किस्ता लिने समय सीमा थप गर्नुपर्ने निर्णय गऱ्यो।

साथै भक्तपुर नगरपालिकाका सबै वडाभित्रका निजी आवास पुन:निर्माणको सम्झौता गरिसकेको तर दोस्रो तथा तेस्रो किस्ता लिन बाँकी रहेका भूकम्प पीडित लाभग्राहीहरूलाई पहिचान गरी स्थलगत अनुगमन समेतबाट निजहरूलाई पर्न आएको समस्या र बाधाहरूको निराकरणमा नगरपालिकाको तर्फबाट आवश्यक पहल गर्ने निर्णय सो बैठकले गऱ्यो।

बैठकमा राष्ट्रिय पुन:निर्माण प्राधिकरण तथा स्थानीय पूर्वाधार कार्यालय भक्तपुरका प्रमुख अनन्तप्रसाद आचार्यले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

हालसम्म भक्तपुर नगरपालिकाभित्र ७,८५८ लाभग्राही भएकोमा पहिलो किस्ता लिने ५,६९२, दोस्रो किस्ता लिने २,१७९ र तेस्रो किस्ता लिनेहरू २,०२६ रहेको प्रतिवेदनमा उल्लेख छ।



बैठकमा भक्तपुर नपाका प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधारका लेखा अधिकृत कृष्णप्रसाद भट्टराई र एमआइएस विज्ञ भोजराज भट्टको पनि उपस्थिति थियो।

# सैनिक महाविद्यालयको ४३ औं वार्षिकोत्सव

नेपाली सेनाका बलाधिकृत रथी प्रभुराम शर्माको प्रमुख आतिथ्यमा सैनिक आवासीय महाविद्यालय भक्तपुरको ४३ औं वार्षिकोत्सव २०७७ को अवसरमा पुस १४ गते पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो।



कार्यक्रममा नेपाली सेनाका महारथी पूर्णचन्द्र थापाले भर्चुअलमार्फत शुभकामना दिनुहुँदै सैनिक आवासीय महाविद्यालयले नेपालको शैक्षिक क्षेत्रमा विशिष्ट स्थान हासिल गर्न सफल विद्यालय भएको बताउनुहुँदै विद्यार्थीहरूलाई आफूले हासिल गरेको ज्ञानलाई देश र समाजप्रति समर्पित भएर अगाडि बढ्न आग्रह गर्नुभयो। उहाँले विद्यार्थीहरू परिवर्तनका संवाहक भएको बताउनुहुँदै महाविद्यालयको शैक्षिक उन्नतिको लागि योगदान गर्ने सम्पूर्णमा आभार प्रकट गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि प्रभुराम शर्माले महाविद्यालयले आर्जेको उपलब्धीलाई सकारात्मक दिशातर्फ अग्रसर भएर लाग्नुपर्नेमा जोड दिनुहुँदै सैनिक आवासीय महाविद्यालय नेपालकै उत्कृष्ट महाविद्यालयको रूपमा स्थापित रहेको बताउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि शर्माले विद्यालयका सर्वोत्कृष्ट विद्यार्थी, २५ वर्षीय दीर्घ सेवा पुरस्कार र उत्कृष्ट सेवा पुरस्कार प्रदान गर्नुभयो भने कार्यक्रमका अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले १५ वर्षसम्म अनवरत रूपमा महाविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई कदर पत्र प्रदान गर्नुभयो।

कार्यक्रममा महाविद्यालयका सम्पर्क अधिकृत एवम् प्रमुख सेनानी अनुप शाहले धन्यवादज्ञापन गर्नुभएको थियो।

# भक्तपुर नपाबाट मल बिक्रेताहरूको अनुगमन

भक्तपुर नगरपालिका मल वितरण व्यवस्थापन समितिका संयोजक एवं उपप्रमुख रजनी जोशीको नेतृत्वको टोलीले मल वितरण व्यवस्थापन समितिका पदाधिकारीहरूले विभिन्न तीन ओटा मल बिक्रेता सहकारी संस्थाहरूको अनुगमन पुस ९ गते गऱ्यो ।



देशको कृषि उत्पादन वृद्धि गर्न नेपाल सरकारबाट अनुदान लिई मल आपूर्ति गरी कृषकहरूलाई बिक्री वितरण गर्न र सो को 'नियमन र अनुगमन गर्न अनुदान मल वितरण व्यवस्थापन निर्देशिका २०७७' अनुसार उक्त समिति गठन भएको हो ।

टोलीले अनुगमन गरेका भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि., सिद्धि कृषि सहकारी संस्था लि. र सिद्धि गणेश सहकारी संस्था लि.का सम्बन्धित कर्मचारी र प्रबन्धकहरूलाई नेपाल सरकारले अनुदान दिएर सुपथ मूल्यमा कृषकहरूलाई उपलब्ध गराउन व्यवस्था गरेको रसायनिक मल व्यवस्थित ढङ्गले बिक्री वितरण गर्न र भक्तपुर नगरपालिकाले निर्धारण गरे बमोजिम युरिया प्रति बोरा रु. १०००।–, डि.ए.पी. प्रति बोरा रु. २४५०।– र पोटास प्रति बोरा रु. १८५०।– मा बेच्न निर्देशन दियो ।

अनुगमनको क्रममा सहकारी संस्थाहरूमा बिल भर्पाई, नगदी रसिद र मल बिक्री वितरण फाराम व्यवस्थित रूपले राख्न समेत अनुगमन टोलीले सहकारी संस्थाहरूलाई निर्देशन दियो ।

अनुगमनमा भक्तपुर नगरपालिकाका मल वितरण व्यवस्थापन समितिका सदस्य प्रमुख प्रशासकीय अधिकृत र कृषि शाखा प्रमुखको पनि उपस्थित थियो ।

# कक्षा ११ को पाठ्यक्रमको अन्योल अन्त्य गर्न नेक्राविसङ्घको माग

कोरोना महामारीको कारण अन्य क्षेत्रसँगै शिक्षा क्षेत्र पनि प्रभावित भएको छ । यसैक्रममा सरकारले ठोस निर्णय नगर्दा र अदालतको कारण कक्षा ११ को नयाँ वा पुरानोमध्ये कुन पाठ्यक्रम लागू गर्ने भन्ने अन्योलका कारण देशभरका विद्यालय र लाखौं विद्यार्थी अलमलमा परेका छन् । नयाँ वा पुरानोमध्ये कुन पाठ्यक्रम लागू गर्ने भन्ने विषयमा सर्वोच्च अदालतमा मुद्दा परेपछि समयमा फैसला नहुँदा अन्योल भएको हो ।

यसबारे नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ केन्द्रीय समितिले पुस ८ गत प्रेस वक्तव्य जारी गरी अन्योलको अन्त्यको माग गरेको छ । नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष सविन ख्याजूले जारी गर्नुभएको वक्तव्यमा भनिएको छ–

'देशभर कक्षा ११ मा अध्ययनरत लाखौं विद्यार्थी अन्योलमा छन् । नेपाल सरकारले कक्षा ११ मा नयाँ पाठ्यक्रम २०७७ भदौ १ गतेदेखि लागू गर्न निर्देशन गऱ्यो । नयाँ पाठ्यक्रम लागू नगराउन असोज २८ गते सर्वोच्च अदालतमा मुद्दा दायर भयो ।

नयाँ पाठ्यक्रमअनुसार पढाउन सरकारले कार्तिक ३ गते पुनः निर्देशन गऱ्यो । सर्वोच्च अदालतले कार्तिक २० गते नयाँ पाठ्यक्रम लागू नगर्न अन्तरिम आदेश जारी गर्दै कार्तिक २६, मंसिर ४ र २४, पुस ६ गतेको लागि पेशी तोकेकोमा अन्तिम निर्णय भएको छैन । देशभर कतै नयाँ पाठ्यक्रम त कतै पुरानो पाठ्यक्रम लागू भइरहेको अलमलको स्थिति छ ।

नयाँ र पुरानो पाठ्यक्रमको अलमलका कारण शिक्षक, विद्यार्थीलगायतका सम्बन्धित पक्षहरू अन्योलमा परेका छन् । तसर्थ, यस परिस्थितिलाई नलम्ब्याई एउटा निश्चित निर्णय दिन जोडदार माग गर्दछ ।

सरकारले देशभर भौतिक उपस्थितिमा स्वास्थ्य मापदण्ड पालना गरेर कक्षा सञ्चालन गर्न निर्देशन जारी गरेको थियो । तर आवश्यक पूर्वाधारको कमीका कारण सबैतिर स्वास्थ्य सतर्कता नअपनाइएको समाचार छ । तसर्थ, सरकारले सबै शैक्षिक संस्थाहरूमा आवश्यक अनुगमन गर्न माग गर्दछौं ।

समाजवादउन्मुख संविधानअन्तर्गतको यो सरकारले स्वास्थ्य सेवा निःशुल्क गर्न नसक्नु बदमासी हो । कोभिड–१९ रोग पहिचान र उपचारमा सरकारले पूर्ण निःशुल्क नगरेबाट यो सरकार पूँजीवादी सरकार भएको थप प्रस्ट भएको छ । विद्यार्थीलाई कोभिड–१९ रोगको उपचार निःशुल्क गर्न नेक्राविसङ्घ माग गर्दछ । नेक्राविसङ्घ मावि तहको शिक्षा निःशुल्क र अनिवार्य साथै उच्च शिक्षा निःशुल्क र स्वास्थ्य पूर्ण निःशुल्क गर्न जोडदार माग गर्दछ ।'

# गोविन्दप्रसाद लोहनीको निधन

लेखक, अर्थविद् र कूटनीतिज्ञ गोविन्दप्रसाद लोहनीको ९३ वर्षको उमेरमा पुस ११ गते शनिबार निधन भयो । केही समयदेखि विभिन्न रोगबाट ग्रस्त उहाँको उपचारकै क्रममा निधन भएको उहाँका कान्छा छोरा कपिल लोहनीले जानकारी दिनुभयो । लोहनीको आइतबार पशुपति आर्यघाटमा अन्तिम संस्कार गरियो । उहाँको पार्थिव शरीरमा नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घका केन्द्रीय अध्यक्ष एवम् बागमती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले माल्यार्पण गरी सम्मान व्यक्त गर्नुभयो ।



विसं १९८५ को भाइटीकाको दिन काठमाडौंको न्हैकंतलामा जन्मनुभएका लोहनीको बाल्यकाल बनारसमा बितेको थियो । उहाँका पिता दीपकेश्वर शर्मा लोहनी संस्कृत, साहित्य र दर्शनशास्त्रका विद्वान् एवम् अनेक भाषाका ज्ञाता हुनुहुन्थ्यो । गोविन्दप्रसाद लोहनीले विद्यालय तहको पढाइ बनारस र काठमाडौंको जुद्धोदय पब्लिक हाइस्कूलमा निरन्तरता दिनुभयो । उहाँले कलेजस्तरको अध्ययन बनारसबाटै गर्नुभयो र बनारस हिन्दू विश्वविद्यालयबाट स्नातकोत्तर तह (एमए) सम्मको अध्ययन पूरा गर्नुभयो ।

लामो सक्रिय जीवनमा लोहनीले अध्ययन र अनुभवको आधारमा समाजवाद, राजनीति, साहित्य, दर्शनशास्त्र, अर्थशास्त्र, विकास योजना, बैंकिङ आदि विषयमा गहिरो ज्ञान हासिल गर्नुभयो ।

नेपाल राष्ट्र बैंक स्थापनाका तीन हस्तीमध्ये हिमालयशमशेर राणा र विश्वनाथ उपाध्यायसँगै लोहनीको नाम पनि आउने गरेको छ । नेपाल–भारत सीमा बजारको महिनौंको अध्ययनपछि भारु एक सयको नेरु १६० रुपैयाँ तय गर्ने प्रस्ताव लोहनीकै नेतृत्वमा भएको थियो । पञ्चायतकालमा उहाँ पाकिस्तानको लागि नेपाली राजदूत बन्नुभयो । उहाँले राष्ट्रिय योजना आयोगको सदस्यको रूपमा नेपालको विकास क्षेत्रको रेखाङ्कन गर्नेदेखि विकास रणनीति, नयाँ शिक्षा योजना र प्रविधि शिक्षामा योगदान गर्नुभयो ।


२०४६ सालको जनआन्दोलनमा बहुदलको पक्षमा विभिन्न लेख, साहित्य र भाषणको माध्यमबाट लाग्नुभएका लोहनीले तत्कालीन नेता, साहित्यकार, पत्रकार र मानव अधिकारवादीहरूका विभिन्न भेलाहरू आफ्नै निवासमा राखेर बहुलीय प्रजातन्त्र ल्याउन सहयोग गर्नुभयो । कैयन् राजनीतिक बन्दीहरूलाई जेलमुक्त गर्ने काममा उहाँ सक्रियतापूर्वक लाग्नुभयो ।

लोहनीका विभिन्न साहित्यिक कृतिहरू प्रकाशित छन् । उहाँको **'यो हो सोभियत रुस'**, **'चीनको कम्युन'** जस्ता पुस्तकले तत्कालीन समयमा समाजवादी देशहरूबारे नेपाली जनतालाई सरल भाषामा बुझ्न मद्दत गरेको थियो । उहाँले विभिन्न समयमा लेख्नुभएका दार्शनिक निबन्धहरूको सङ्ग्रह नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित छ । लोहनीले विसं २०२० अघि लेख्नुभएका विभिन्न कथाहरूको सङ्ग्रह **'नेतृत्वको भोक र अन्य कथाहरू'** गत भाइटीकाको दिन आफ्नो जन्म दिनको अवसरमा अस्पतालबाटै लोकार्पण गर्नुभएको थियो । समालोचना विधामा उहाँको कलम परिमार्जित मानिन्छ ।

उहाँका विभिन्न रचनाहरू विगतमा यस मासिकमा प्रकाशित भएका थिए ।

लोहनीका दुई छोरा र एक छोरी हुनुहुन्छ । उहाँ कान्छो छोरा लेखक कपिल लोहनीको साथमा काठमाडौंमा बस्दै आउनुभएको थियो ।

गोविन्दप्रसाद लोहनीमा हाम्रो श्रद्धाञ्जली !



# दुईतिहाइको प्रतिनिधिसभा विघटन

राष्ट्रपतिबाट प्रधानमन्त्रीको सिफारिसमा पुस ५ गते प्रतिनिधिसभा विघटन भएको छ। सत्ताधारी दलभित्र लामो समयदेखि आरोप-प्रत्यारोप चलिरहेको थियो।

पुस ५ गते बिहान बसेको मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटनको सिफारिस गर्न लागेको जानकारी दिए लगत्तै शीतलनिवास पुगेर राष्ट्रपति समक्ष विघटनको सिफारिस पेश गरेका थिए। प्रधानमन्त्रीले प्रस्तुत गरेको सिफारिसलाई राष्ट्रपतिले अनुमोदन गर्दै प्रतिनिधिसभा विघटनको घोषणा गरेका थिए। राष्ट्रपति कार्यालयबाट जारी विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधानको धारा ७६ को उपधारा (१) र (७) तथा धारा ८५ एवम् संसदीय प्रणालीको आधारभूत मर्म एवम् मूल्यमान्यता तथा हाम्रो आफ्नै र संसदीय प्रणाली भएका विभिन्न मुलुकहरूको अभ्यासबमोजिम सङ्घीय संसदको वर्तमान प्रतिनिधिसभा विघटन गरी ताजा जनादेशका लागि नेपाली जनतासमक्ष जान २०७८ वैशाख १७ गते शुक्रबार पहिलो चरणमा र २०७८ वैशाख २७ गते सोमबार दोस्रो चरणमा अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्न नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकबाट निर्णय भई सोहीबमोजिम प्रधानमन्त्रीबाट सिफारिस भएकोले उक्त सिफारिसबमोजिम सङ्घीय संसदको वर्तमान प्रतिनिधिसभा विघटन गरी २०७८ साल वैशाख १७ गते शुक्रबार पहिलो चरणमा र २०७८ साल वैशाख २७ गते सोमबार दोस्रो चरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्ने गरी निर्वाचनको मिति तोक्नुभएको छ।'



संसद् विघटनको सत्तारुढ नेकपाको विपक्षी खेमाले भर्त्सना गरेको छ। नेकपा स्थायी समितिको बैठकले नेकपा अध्यक्ष ओलीलाई पार्टी अनुशासनको कारबाही गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्रीले चालेको कदमप्रति असन्तोष व्यक्त गर्दै सातजना मन्त्रीहरूले आइतबार सामूहिक राजीनामा दिएका छन्। राजीनामा दिने मन्त्रीहरूमा कृषिमन्त्री घनश्याम भुसाल, ऊर्जा मन्त्री वर्षमान पुन, पर्यटनमन्त्री योगेश भट्टराई, शिक्षामन्त्री गिरिराजमणि पोखरेल, खानेपानी तथा सरसफाइ मन्त्री बिना मगर, वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेत र श्रम तथा रोजगारमन्त्री रामेश्वर राय यादव हुन्।

प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले संसद विघटनको विरोध गरेको छ।

केही कानुन व्यवसायीहरूले पनि संसद विघटनलाई असंवैधानिक भनेका छन्।

## भक्तपुर सल्लाघारीदेखि नगरकोट जाने वैकल्पिक मार्गको स्थलगत निरीक्षण

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको नेतृत्वमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, सडक डिभिजन कार्यालयका प्रमुख सुमन योगेश र विभागका इन्जिनियरिहरुको संयुक्त टोलीले पुस ९ गते भक्तपुर सल्लाघारीदेखि नगरकोट जाने वैकल्पिक सडक निर्माणको सम्बन्धमा स्थलगत निरीक्षण गर्नुभयो।



**प्रमुख प्रजापतिको टिभी अन्तरसंवाद**

# 'उपत्यकामा आधुनिक सहरको विकास गर्ने नेपाल सरकारको योजना समयसापेक्ष छैन'

'कोभिड महामारीबीच पनि भक्तपुरको विकास निर्माणका काम चालु रहेको र नगरवासीहरूको चाहना, भावना र आवश्यकताअनुसार नगरको विकासका कामहरू प्राथमिकताका साथ अगाडि बढिरहेको छ ।'

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले **ब्युजिनेस प्लस टिभी**का प्रस्तोता सञ्चिता बुढाथोकीसँग मङ्सिर १९ गते 'स्थानीय सरकार' कार्यक्रममा बताउनु भएको हो ।



प्रमुख प्रजापति ब्युजिनेस प्लस टिभीमा

प्रमुख प्रजापतिले भक्तपुर नपाले इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपाल भाषा विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरिरहेको बताउनुभयो । उहाँले स्थानीय तहबाटै ख्वप विश्वविद्यालय सञ्चालनको लागि स्वीकृतिको माग गरिरहेको र देशकै नमुना विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने योजनाका साथ अगाडि बढिरहेको बताउनुभयो ।

उहाँले कोभिड महामारीबीच भक्तपुरका अधिकांश विद्यालयहरूमा अनलाइनमार्फत कक्षा र परीक्षाहरू सञ्चालन भइरहेको बताउनुहुँदै पर्यटकहरूलाई लक्षित गर्दै भक्तपुरको पुन:निर्माण तथा सरसफाइ तदारुकताका साथ अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर नपाले कृषक समूहमार्फत मौसमअनुसारको उन्नत जातको धान, गहुँ र आलुलगायतको बिऊ वितरण गरिरहेको बताउनुहुँदै उहाँले खेतीयोग्य जमिन म्हासिँदै गएको समयमा उपत्यकामा आधुनिक सहरको विकास गर्ने नेपाल सरकारको योजना समयसापेक्ष नभएको बताउनुभयो । उहाँले उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नु आवश्यक भएको बताउनुभयो ।

**न्युज २४ टिभी**

त्यस्तै मङ्सिर २२ गते **न्युज २४ टिभी**को 'फ्रन्टलाइन शो' अन्तरसंवादमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले कोभिड नियन्त्रण तथा रोकथामको लागि ७५ बेडको सुविधासम्पन्न आइसोलेसन निर्माण गरी नगरवासीहरूलाई स्वास्थ राख्न नगरको प्रत्येक वडाहरूमा नि:शुल्क व्यायामशालाको स्थापना गरेको बताउनुभयो ।

न्युज २४ टिभीको 'फ्रन्टलाइन शो' कार्यक्रमका प्रस्तोता मातृका सुवेदीसँगको अन्तरसंवाद कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले कोभिडको समयमा भक्तपुरका सम्पूर्ण चाड-पर्वहरू औपचारिकता सीमित गर्न जनताको साथ र सहयोग उत्साहजनक रहेको बताउनुभयो ।

भक्तपुरको स्वास्थ्य क्षेत्रमा सुधारको लागि नगरपालिकाले घरदैलो नर्सिङ सेवा, ख्वप अस्पताल निर्माण, जनस्वास्थ्य सेवा केन्द्रमा इमर्जेन्सी सेवा सञ्चालनलगायतका गरिब जनतालाई लक्षित गर्दै धेरै सुविधाहरू प्रदान गरिरहेको उहाँले बताउनुभयो ।

भक्तपुरको सम्पदा तथा विकास निर्माणका कार्यहरूमा जनताको उत्साहजनक रूपमा जनश्रमदान, आर्थिक तथा भौतिक सहयोग प्राप्त भएको बताउनुहुँदै उहाँले नेपालकै अग्लो पाँचतले मन्दिर जीर्णोद्धार निकै कम लागतमा पुन:निर्माण सम्पन्न भएको यथार्थबारे प्रष्ट पार्नुभयो ।

देशको कुनै पनि भाषा र लिपी देशकै सम्पत्ति भएको र त्यसको संरक्षण गर्नु सबैको साझा दायित्व भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले भक्तपुरका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरी संस्कृति र सम्पदालाई जीवन्त बनाउने प्रयासमा अग्रसर भएर लागिरहेको बताउनुभयो ।

भक्तपुर नपाले संस्कृतिकर्मीहरूलाई सम्मान गर्दै संस्कृति जोगाउन कार्यमा आवश्यक भूमिका खेलिरहेको बताउनुहुँदै उहाँले धाँ बाजा, धिमे बाजा, बाँसुरी बाजा प्रतियोगिताहरू सञ्चालन गरी नयाँ पुस्तालाई यहाँको संस्कृतिबारे उत्साहित गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।

# कलेज सञ्चालनबारे प्राचार्यहरूसँग बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा कलेज सञ्चालनबारे भक्तपुर नगरभित्रका कलेजका प्राचार्यहरूको बैठक पुस १ गते बस्यो ।



लामो समयदेखि बन्द रहेका कलेजहरू विद्यार्थीको भौतिक उपस्थितिमा सञ्चालन गर्ने सम्बन्धमा बसेको बैठकमा नगर प्रमुख प्रजापतिले भक्तपुरको शैक्षिक विकास र उन्नतिको निम्ति भक्तपुरका विद्यालय तथा कलेजहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुहुँदै सामुदायिक र संस्थागत शैक्षिक संस्थाहरूबीच गुणस्तरमा समानता ल्याउने उद्देश्यले भक्तपुर नगरपालिकाले विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

सक्षम स्थानीय तहले विश्वविद्यालय सञ्चालन गर्न पाउनुपर्ने धारणा व्यक्त गर्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका शैक्षिक क्षेत्रको विकासको लागि सबैसँग हातेमालो गर्दै अगाडि बढिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले कलेज सञ्चालन र लकडाउनको समयको शुल्क समायोजनबारे नगरवासी अभिभावक, विद्यार्थी, विद्यालयका शिक्षक–शिक्षिका, विद्यालय सञ्चालकलगायत सरोकारवालाहरूसँग राय सुझाव सङ्कलनको क्रममा रहेको बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले पुस १ गतेबाट नगरपालिकाले आवश्यक सुरक्षा सतर्कता अपनाई ८, ९ र १० को कक्षा सञ्चालन भइसकेको बताउनुहुँदै विद्यार्थीहरूलाई सुरक्षित र उपलब्धीमूलक ढङ्गले कक्षा सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो ।

बैठकमा नगरभित्रका क्याम्पस प्रमुखहरूले नगरपालिकाको निर्देशनअनुसार सुरक्षाको मापदण्ड पूर्ण पालना गरी कक्षा सञ्चालन गर्न आफूहरू प्रतिबद्ध रहेको र अनलाइन कक्षालाई पनि थप परिष्कृत गर्दै लाने विचार व्यक्त गर्नुभयो । बैठकमा उपस्थित ११ वटा कलेजका प्राचार्य तथा प्रतिनिधिहरूले नगरपालिकाको निर्देशनअनुसार स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न तयार भएको र अनलाइन कक्षालाई पनि निरन्तरता दिँदै शिक्षकमार्फत विद्यार्थीलाई मनोपरामर्शका कक्षाहरू पनि सञ्चालन गर्ने बताउनुभयो ।

लकडाउन अवधिभर पनि भक्तपुरका अधिकांश कलेजहरूमा अनलाइनबाट पठनपाठन, परीक्षा, भर्नाका कार्यक्रमहरू सञ्चालन हुँदै आएको अवगत गराउँदै भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न विद्यार्थी तथा अभिभावकहरूबाट सुझावहरू प्राप्त भएको हुँदा शैक्षिक सत्रलाई सदुपयोग गर्न पनि भौतिक उपस्थितिमा कक्षाहरूलाई सुचारु गर्नुपर्नेलगायतका धारणाहरू व्यक्त भयो ।

बैठकमा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, भक्तपुर नपा शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्यहरू रबिन्द्र ज्याख्व, उकेश कवां, प्रेमगोपाल कर्माचार्य, छोरीमैयाँ सुजखुलगायतको उपस्थिति थियो ।

## 'भक्तपुर' मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।

साथमा सम्बन्धित तस्बिरहरू भए प्राथमिकतासाथ स्थान दिइनेछ ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

**रचना पठाउने ठेगाना:**

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com

# विद्यालय सञ्चालन गर्ने बारे छलफल

भक्तपुर नगरपालिकाले विद्यालयहरू सञ्चालन गर्ने बारे सरोकार विविध पक्षसँग विभिन्न चरणमा छलफल गरेको छ ।

यसैक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा मङ्सिर २३ गते अभिभावकहरूको धारणा बुझ्न अभिभावक सङ्घका प्रतिनिधिहरू बीच बैठक बस्यो ।



अभिभावकहरूसँगको बैठक

बैठकमा प्रमुख सुनिल प्रजापतिले छिटपुट कक्षा सञ्चालन गरिरहेको, शिक्षकहरू बसीबसी तलब खाइरहेको, कक्षा पाँचभन्दा माथि अनलाइन कक्षा अलि प्रभावकारी भइरहेको, तल्लो कक्षामा बालबालिकाहरू सानो भएकोले कक्षामा सहभागी नहुने र प्रभावकारी नहुने भएकोले विद्यालय सञ्चालनमा शिक्षकलगायत सरोकारवालाहरू, समुदाय परीक्षा समिति, शिक्षा समिति, प्रध्यानाध्यापक, शिक्षक सङ्घ संस्था, इसान, प्याब्सन र एन प्याब्सनहरूसँग छलफल गर्दै आएकोले यसबारे अभिभावकहरूको धारणा बुझ्न यो बैठक राखिएको बताउनुभयो । उहाँले हिउँदे बिदा हुने बेला कक्षा सञ्चालनको कुराहरू आइरहेको छ । जाडोमा कोरोना सङ्क्रमित बढ्ने कुराहरू पनि आइरहेको छ । त्यसैले विद्यालय सञ्चालनमा सरोकारवालाहरूको सुझावको आधारमा कक्षा सञ्चालन गर्ने नगर्ने निर्णय गर्ने बताउनु भयो ।

कार्यक्रममा संस्थागत विद्यालय अभिभावक सङ्घका केन्द्रीय अध्यक्ष **सुवास भण्डारी**ले शैक्षिक सत्र दुई महिना बाँकी रहेको, जाडोमा कोभिड १९ सङ्क्रमित बढ्ने हुँदा सबै विद्यार्थीको निःशुल्क परीक्षणको सम्भावना नभएकोले विद्यालय सञ्चालनको लागि सिसिएमसिको स्वास्थ्य मापदण्डको गाइडलाइन नआएसम्म केही समय कुर्नुपर्ने हो कि भन्नुभयो । उहाँले सामुदायिक विद्यालयका शिक्षकहरूलाई बसीबसी तलब खाएको आरोप र संस्थागत विद्यालयले अभिभावकसँग पैसा असुल्न विद्यालय सञ्चालनका कुराहरू आइरहेको बताउनुहुँदै शैक्षिक सत्र पछाडि सारेर पुसको चिसोमा भन्दा माघमा मात्र विद्यालय सञ्चालन गर्नु पर्ने बताउनुभयो । उहाँले अहिले शुल्क निर्धारण, शैक्षिक बातावरण बनाउने, करिकुलम बनाउनेतर्फ ध्यान दिनुपर्ने बताउनु भयो ।

कार्यक्रममा संस्थागत विद्यालय अभिभावक सङ्घका महासचिव **रामचन्द्र सुवेदी**ले निरोधात्मक उपाय, उपचारात्मक र प्रवर्द्धनात्मकमा जोडदिदैं विद्यालय सञ्चालन गर्न हुने नहुने विश्लेषण, मापदण्ड र रिकभर कसरी गर्ने ? आदि विषयहरूमा ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थागत विद्यालय अभिभावक सङ्घका केन्द्रीय सचिव एवम् अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला समितिका सचिव **रामकृष्ण प्रजापति**ले अभिभावकहरू आ-आफ्नो व्यवसाय, व्यापार र नोकरीको लागि दिनभरि बाहिर रही घरमा बालबालिकासँगै घुलमिल हुने भएकोले बरु विद्यालयमा बालबालिकालाई पठाए उनीहरूलाई कोरोना के हो भने विद्यालयमा सिकाउने हुन्छ साथै कोरोनाबाट बच्ने उपायहरू सिकाउने भएकोले विद्यालयमा विद्यार्थीहरू सुरक्षित हुनसक्ने भन्नुभयो । उहाँले माध्यमिक कक्षा सञ्चालन गरेर त्यसको प्रभाव हेरी क्रमशः तल्लो कक्षा सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले स्वास्थ्य सावधानी अपनाई कुनै घटना भए विद्यालयबाट तुरुन्तै अस्पताल लान सक्ने गरी व्यवस्थापन हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला समितिका अध्यक्ष **मणिरत्न बज्राचार्य**ले स्वास्थ्य र शिक्षा मन्त्रालय पन्छिएर स्थानीय सरकारको थाप्लोमा थुपारेको बताउनुहुँदै यदि कोभिडको समस्या नभए अधिकार सबै केन्द्रीकृत गरिराख्थ्यो भन्नुभयो ।

कार्यक्रममा सङ्घका सल्लाहकार **विनोद चरण राय**ले पनि विद्यालय सञ्चानल सम्बन्धमा आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, प्रशासकीय अधिकृत दामोदर सुवाल, अभिभावक सङ्घका राम सुवाल, कृष्णप्रसाद दुमरु, जीवनकुमार जोशीको उपस्थित रहेको थियो ।

# नगर प्रमुख र उपप्रमुखद्वारा विद्यालयहरूको निरीक्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीको नेतृत्वमा जनप्रतिनिधिलगायतको टोलीले मंसिर ३० गते भक्तपुर नगरभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूको स्थलगत निरीक्षण गर्नुभयो ।



भक्तपुर नगरपालिका नगर शिक्षा शाखाको बैठकले नगरभित्रका विद्यालयहरूमा भौतिक उपस्थिति र स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गर्ने गरी चरणबद्ध रूपमा पुस १ गतेदेखि ८, ९ र १० का कक्षाहरू आलोपालो गरी सञ्चालनको सुरुवात गर्ने निर्णय गरेसँगै ती विद्यालयहरूमा के कस्तो रूपमा भौतिक तयारी रहेको छ सोको जानकारी लिने उद्देश्यले उहाँहरूले विद्यालयहरूको निरीक्षण गर्नुभएको हो ।

निरीक्षणका क्रममा सबै विद्यालयहरूले भोलिबाट हुने कक्षा सञ्चालनको लागि आवश्यक तयारी तथा कक्षाकोठालगायतको सरसफाइ गरिएको पाइएको छ । साथै विद्यालय प्रवेश गर्न विद्यार्थीहरूलाई अनिवार्य मास्क प्रयोग गर्न, साबुनपानीले हात धुने र स्यानिटाइजरको व्यवस्था पनि विद्यालयले गरेको जनाइएको छ ।

यसैक्रममा भौतिक उपस्थितिमा हुन लागेको विद्यालय सञ्चालनलाई सहज र सुरक्षित बनाउन भक्तपुर नगरपालिकाले नगरभित्रका सामुदायिक विद्यालयहरूलाई हातधुने साबुन र



क्लोरिन सहयोग गरेको छ ।

उक्त टोलीले विद्यार्थी निकेतन मावि, शारदा मावि, बासु मावि, सरस्वती विद्यागृह, वागीश्वरी मावि र आदर्शआजाद माविको स्थलगत निरीक्षण गर्नुभयो भने उपप्रमुख रजनी जोशी नेतृत्वको टोलीले शान्ति निकेतन मावि, तारा मावि, गणेश मावि, मेधा मावि, पद्म मावि र जागृति माविको निरीक्षण गर्नुभएको थियो ।

निरीक्षणमा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति थियो ।

**बजार अनुगमन**

# लान्चाफल्चादेखि यातुमहादेवसम्म

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक एवं वडा नं ३ का वडाध्यक्ष राजकृष्ण गोराको नेतृत्वको टोलीले पुस १४ र १५ गते लान्चाफल्चादेखि यातुमहादेवसम्मका १८ ओटा पसल अनुगमन गरियो ।

अनुगमनमा विभिन्न नामबाट दशौँ वर्ष बिनादर्ता भोजनालय सञ्चालन गर्नुका साथै बिनाअनुमति मादकपदार्थसमेत बिक्रीवितरण गरेकोले टेबुल १ र मेच २ वटा जफत गरियो भने म्याद नाघेका विभिन्न सामानहरू नष्ट गरियो ।

त्यस्तै अन्य पसलमा दर्ता नवीकरण गर्न, दर्ता प्रमाणपत्र पसलमा देखिने गरी राख्न, साइनवोर्ड राख्न, पसल व्यवस्थित र सफा गर्न, ढक तराजू नापतौल विभागमा नवीकरण गर्न निर्देशन दिँदै म्याद नाघेका विभिन्न सामानहरू जफत गरी नष्ट गरियो ।

अनुगमनको क्रममा एक चिया पसललाई पटक पटक दर्ता गर्न अनुरोध गर्दा पनि नगरेकोले तीन दिनभित्र दर्ता गर्न निर्देशन दिँदै तराजू १, पाँच केजीको ढक १, दुई केजीको ढक १, एक केजीको ढक १, आधा केजीको ढक १ जफत गरियो ।

अनुगमन टोलीमा समितिका सदस्यहरू वडाध्यक्ष हरिराम सुवाल, कार्यपालिका सदस्य राशनमैया सुवाल, भनपा श्यानिटेशन उपशाखाका निमित्त प्रमुख व.नि.रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेवी व्याञ्जू, महानगरीय प्रहरी परिसर का प्रहरी सहायक निरीक्षक राजकुमार दनुवार, भक्तपुर घरेलु तथा साना उद्योगका लक्ष्मीप्रसाद बाटी र घरेलु कार्यालयका सीताराम त्वायना सहभागी रहेको थियो ।

**श्वेत भैरव साकोसको वार्षिक साधारणसभा**

# नेकपा विभाजन सिद्धान्त नभई सत्ता र व्यक्तिगत स्वार्थबाट




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि. को १३ औँ वार्षिक साधारणसभा २०७७ को उद्घाटन कार्यक्रम पुस १६ गते सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै नगर प्रमुख प्रजापतिले बचत तथा ऋण सहकारी संस्थाको उद्देश्य नाफा कमाउने मात्र नभई सदस्यहरूको हितमा काम गर्ने हुनुपर्ने बताउनुहुँदै संस्थाले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्ने र भक्तपुरवासी किसानहरूको लागि सहयोगी भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

वर्तमान समसामयिक राजनीतिक विषयमा चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले पूँजीवादी व्यवस्थामा प्रधानमन्त्रीलाई संसद भङ्ग गर्ने अधिकार हुने र प्रधानमन्त्री केपी ओलीबाट त्यस अधिकारको प्रयोग भएको बताउनुहुँदै नेकपा विभाजन सिद्धान्तको नभई सत्ता प्राप्ति र व्यक्तिगत स्वार्थबाट उत्पन्न भएको बताउनुभयो ।

कोरोना रोकथाम तथा नियन्त्रणमा नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा विभिन्न सहकारी सङ्घ–संस्थाहरूबाट आर्थिक तथा भौतिक सहयोग गरेर कोरोनाविरुद्धको लडाइँमा नगरपालिकालाई निरन्तर साथ दिइरहेको बताउनुहुँदै उहाँले भक्तपुरलाई देशकै सुन्दर नगरको रूपमा विकास गर्ने उद्देश्य रहेको र नगरलाई सफा राख्न नगरवासीहरूको साथ र सहयोगको आग्रह गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले संस्थाले उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुपर्ने औँल्याउनुहुँदै सहकारी संस्थालाई नियन्त्रण गर्ने ढङ्गले माफियाहरू सक्रिय रहेकोतर्फ सचेत पार्नुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला साकोसका अध्यक्ष कृष्णगोविन्द लाखाजुले 'एक व्यक्ति एक सहकारी' अन्तर्राष्ट्रिय सहकारीको मूल्यमान्यताविपरीत भएको बताउनुहुँदै साधारणसभामार्फत संस्थाको गतिविधिबारे सुसूचित गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा संस्थाका पूर्व उपाध्यक्ष कृष्णप्रसाद कोजु, सङ्घका उपाध्यक्ष जितेन्द्र खायमली, सचिव सत्यनारायण गाइजुलगायतले संस्थाको स्थापनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै स्थानीय जनताको आर्थिक तथा सामाजिक विकासमा संस्थाले महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो ।


## हार्दिक समवेदना



**स्व. सुनकुमार त्वायना**

जन्म : २००० चैत्र १ | निधन : २०७७ पुस ८

भक्तपुर नगरपालिकाका कर्मचारी राजकुमार त्वायनाका पूजनीय पिता **सुनकुमार त्वायना**को दु:खद निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**भक्तपुर नगरपालिका परिवार**

२९ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस

# भक्तपुर नपाबाट अपाङ्गता सहायक सामग्री वितरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा २९ औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा अपाङ्गता सहायक सामग्री वितरण कार्यक्रम मङ्सिर १८ गते, ख्वप कलेज प्राङ्गणमा सम्पन्न भयो ।



प्रमुख अतिथि प्रजापतिले पूर्ण अपाङ्गता भएका ७ जनालाई ट्वाइलेट र ह्विल चेयर तथा १६ जनालाई ह्विल चेयर वितरण गर्नुहुँदै अपाङ्गता भएका व्यक्तिको परिवारलाई सम्मान र सहयोग गर्नु हामी सबैको कर्तव्य हो भन्नुभयो ।

उहाँले अपाङ्गता भएका व्यक्तिहरूको सीप प्रस्फुटन गराउन उनीहरूमा लुकेको सीपलाई उजागर गरी फरक क्षमता भएको व्यक्तिको रूपमा हेर्नुपर्ने उल्लेख गर्नुहुँदै आजको प्रविधिको युगमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्रविधिमैत्री सामग्रीहरू प्रयोग गरी समाजमा आफूमा भएको कला प्रस्तुत गर्ने अवसर प्रदान गर्नुपर्ने बताउनुभयो ।

कोभिड-१९ का कारण यस वर्ष नगरपालिकाले सार्वजनिक जमघटका विभिन्न भेला, सहकारी संस्थाको साधारण सभा लगायतका कार्यहरूमा भीडभाड नगर्न अनुरोध गर्दै आइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले जेष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूमा रोग प्रतिरोधात्मक क्षमता कम हुने भएकोले उनीहरूको सुरक्षामा अझ बढी सावधानी अपनाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख एवं अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिका संयोजक एवम् उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकामा रातो कार्ड प्राप्त गर्ने ८९ जना पूर्ण अपाङ्ग, नीलो कार्ड प्राप्त गर्ने २३८ जना आंशिक असक्त, पहेंलो कार्ड प्राप्त गर्ने १४३ जना र सेतो कार्ड प्राप्त गर्ने ३८ जना गरी ५०८ जना अपाङ्गता भएका व्यक्तिहरूलाई कार्ड वितरण गरेको बताउनुहुँदै नगरपालिकाले हरेक वर्ष शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रलाई प्राथमिकतामा राख्दै गत वर्ष १५ लाख बजेट विनियोजन गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको बताउनुभयो ।

उहाँले अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी नपाले निरन्तर कार्यक्रमहरू सञ्चालन गरिरहने लक्ष्य रहेको बताउनुहुँदै अपाङ्गता भएका व्यक्ति र उनीहरूको परिवारलाई लक्षित गरी तालिम सञ्चालन गर्ने सोच रहेको बताउनुभयो ।

कोभिड-१९ का कारण नपाले वार्षिक कार्यक्रममा रहेका साङ्केतिक भाषालगायतका तालिमहरू सञ्चालन स्थगित गरिएकोमा सहज परिस्थितिमा सो तालिम सञ्चालन गरिने उपप्रमुख जोशीले बताउनुभयो ।

वडा नं. १ का वडाध्यक्ष एवं समन्वय समितिका सदस्य श्यामकृष्ण खत्रीले सहायक सामग्री माग गर्ने ८९ जना अपाङ्गता भएका व्यक्तिहरू मध्ये ट्वाइलेट र ह्विल चेयर ७ जना, ह्विल चेयर १८ जना, वाकर ६ जना, सेतो छडी २ जना, कालो चश्मा १ जना, बैशाखी ४ जना, कान सुन्ने मेसिन २१ जना, हिट बेल्ट ३ जना, एअर मेट्रेस ३ जना, लौरो ३ जना र अन्य सामग्री २१ जनालाई वितरण गरिएको जानकारी गराउनुभयो ।

समितिकै संयोजक डा. रत्नसुन्दर लासिवाले अपाङ्गता भएका व्यक्तिका परिवारमा हेरचाह गर्ने व्यक्ति आर्थिक कार्यमा संलग्न हुन नसकी आर्थिक रूपमा कमजोर हुन गई खानपानका कारण स्वास्थ्यमा नकारात्मक असर पर्न जाने भएकोले अपाङ्गता जनस्वास्थ्य सरोकारको विषय हो भन्नुभयो ।



उहाँले अपाङ्गता समुदाय, जिल्ला र देशकै लागि समस्या भएकोले हरेक परिवारले गर्भावस्थादेखिनै नियमित स्वास्थ्य परीक्षण गराई अपाङ्गता सम्बन्धी समस्यालाई समाधान गर्न सकिने जानकारी दिनुहुँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रले नगरवासीहरूलाई सस्तो र सुलभ स्वास्थ्य सेवा प्रदान गर्दै आएको स्मरण गराउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य एवं समन्वय समितिका सदस्य रोशनमैया सुवालले अपाङ्गता भएका व्यक्तिहरूको माग बमोजिमको कोभिड-१९ महामारीको कारण वितरण गर्न बाँकी अन्य सहायक सामग्रीहरू सम्बन्धित वडा कार्यालयहरू मार्फत अपाङ्गता भएका व्यक्तिहरूको घरघरमा पुऱ्याइने जानकारी दिनुभयो ।

# पुस १ गतेबाट आंशिक कक्षाहरू सञ्चालन

भक्तपुर नगर शिक्षा समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा कोभिड १९ जोखिमका कारण बन्द रहेका विद्यालय सञ्चालनबारे नगर शिक्षा समितिको बैठक मङ्सिर २५ गते बस्यो।



नगर शिक्षा समितिको बैठक

बैठकले कोभिड–१९ रोगको महामारीको कारण लामो समयदेखि बन्द रहेको विद्यालयमा हालका दिनहरूमा विद्यालयहरूले अनलाइन तथा भर्चुअल विधिबाट वैकल्पिक कक्षाहरू सञ्चालन गरिरहेकोमा नगरवासी अभिभावक, विद्यार्थी, विद्यालयका शिक्षक–शिक्षिका, विद्यालय सञ्चालकलगायत सरोकारवालाहरूबाट प्राप्त राय सुझाव र नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा–२०७७ बमोजिम नगरभित्रका विद्यालयहरूमा स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गर्ने गरी आलोपालो गरी चरणबद्ध रूपमा कक्षा सञ्चालन गर्दै जाने र विद्यालयहरूले हाल सञ्चालन गरिरहेको वैकल्पिक शिक्षण विधिलाईसमेत निरन्तरता दिने निर्णय गऱ्यो।

बैठकले २०७७ पुस १ गतेदेखि नै सञ्चालन गर्ने गरी नगरभित्रका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरूमा विद्यालय सञ्चालनसम्बन्धी प्रस्तावनासहितको कार्ययोजना भक्तपुर नगरपालिका शिक्षा शाखामा पेश गरी कक्षा ८, ९ र १० को कक्षा आलोपालो गरी सञ्चालनको सुरुवात गर्ने निर्णय गऱ्यो।

विद्यार्थी सङ्ख्या १०० भन्दा कम भएका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूको हकमा स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड कार्यान्वयन गरी विद्यालय सञ्चालनसम्बन्धी प्रस्तावनासहितको कार्ययोजना भक्तपुर नगरपालिका शिक्षा शाखामा पेश गरी कक्षा सञ्चालन गर्ने निर्णय गऱ्यो।

बैठकले सबै प्रकारका सामुदायिक एवम् संस्थागत विद्यालयहरूले कक्षा सञ्चालन सम्बन्धमा विद्यालयहरूबाट विद्यालय व्यवस्थापन समिति बैठक, शिक्षक–कर्मचारी बैठक, विद्यार्थी र अभिभावकसँग सरसल्लाह गरेको बैठकको निर्णयको फोटोकपीसहित यही २०७७ मङ्सिर मसान्तभित्र विद्यालय सञ्चालनसम्बन्धी प्रस्तावनासहितको कार्ययोजना भक्तपुर नगरपालिका शिक्षा शाखामा पेश गर्नुपर्ने निर्णय गऱ्यो।

विद्यालय सञ्चालन अन्योल भइरहेको बेला नगरपालिकाले संस्थागत र सामुदायिक विद्यालयका प्रतिनिधिहरू, शिक्षक, विद्यार्थी तथा अभिभावक सङ्घका प्रतिनिधिहरूसँग पनि विद्यालय सञ्चालन के कसरी गर्नु उपयुक्त हुने भनी चरणबद्ध छलफल गरी सुझावहरू सङ्कलन गरेको थियो। प्राप्त सुझावहरूको आधारमा उपरोक्त निर्णय गरेको हो।

# स्वास्थ्य मापदण्ड पालना गरी कक्षा सञ्चालन गर्न प्रधानाध्यापकहरू प्रतिबद्ध

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरभित्रका सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूको बैठक मङ्सिर २९ गते बस्यो।

विद्यार्थीहरूको भौतिक उपस्थितिमा कक्षा सञ्चालनबारे छलफल गर्न बोलाइएको बैठकमा नगर प्रमुख प्रजापतिले नगर शिक्षा समितिको बैठकले भक्तपुर नपाभित्रका सामुदायिक तथा निजी विद्यालयमा अनलाइन कक्षालाई निरन्तरता दिँदै स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएरमात्र सुरक्षित रूपमा विद्यालय सञ्चालन गर्न जोड दिनुभयो।

भक्तपुरका विद्यार्थीहरूको शैक्षिक स्तर माथि उकास्न र शैक्षिक सत्रलाई खेर जान नदिन भौतिक उपस्थितिमा चरणबद्ध रूपमा कक्षा सञ्चालन गर्ने निर्णय गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूमा स्वास्थ्यमा कुनै समस्या आएमा तत्काल विद्यालय बन्द गर्नुपर्ने अवस्था पनि आउनसक्नेतर्फ सचेत पार्नुभयो।

कोरोनाको जोखिम अहिले पनि यथावत रहेको बताउनुहुँदै भक्तपुर नपाले परीक्षणको रूपमा ८, ९ र १० का कक्षाहरू सञ्चालन गर्न लागेको उहाँले बताउनुभयो।

बैठकमा नगरभित्रका १३ वटा मा.वि.हरूमध्ये १२ मा.वि. का प्रधानाध्यापकहरूले नगरपालिकाको निर्देशनअनुसार सुरक्षाको मापदण्ड पूर्ण पालना गरी कक्षा सञ्चालन गर्न तयार रहेको बताउनुभयो। अधिकांश प्रअहरूले अनलाइन कक्षालाई पनि निरन्तरता दिने र विद्यार्थीहरूको भौतिक उपस्थितिलाई पनि सँगसँगै लाने विचार व्यक्त गर्नुभयो।



संस्थागत विद्यालयका प्रधानाध्यापकहरूसँगको बैठक

उहाँहरूले नगरपालिकाले विद्यार्थीहरूको लागि वितरण गरेको वर्कसिट निकै प्रभावकारी रहेको बताउनुहुँदै कक्षा सञ्चालनको क्रममा यदि कुनै विद्यार्थी बिरामी भए वा कोरोना सङ्क्रमित भएमा उनीहरूलाई विद्यालयमा नआउन जानकारी गराइने बताउनुभयो।

# तार तथा केबुलहरू व्यवस्थापन सम्बन्धी बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नगर क्षेत्रभित्र नयाँ सडक बत्ती व्यवस्था गर्ने योजनाअन्तर्गत नगरका विभिन्न स्थानहरूमा पुराना खम्बा (पोल)हरू स्थानान्तरण गर्ने र तार तथा केबुलहरू व्यवस्थापन गर्ने विषयमा सरोकारवालाहरूबीच मङ्सिर २५ गते बैठक बस्यो ।



बैठकमा प्रमुख प्रजापतिले ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुरको सुन्दरता कायम गर्न नगरभित्रका विभिन्न स्थानहरूमा छरपष्ट रूपमा राखिएका तारहरूलाई दीर्घकालीन रूपमा व्यवस्थित गर्दै तारहरू भूमिगत गर्ने क्रममा रहेको बताउनुभयो । नगरभित्रका छरपष्ट रहेका तार तथा केबुलहरूले नगरको स्वरूपलाई कुरूप बनाइरहेको छ भन्नुहुँदै उहाँले सिङ्गो नगरलाई सुन्दर बनाउन सरोकारवाला सबैले आ–आफ्नो क्षेत्रबाट आवश्यक पहल र समन्वय गरिदिन पनि अनुरोध गर्नुभयो ।

भक्तपुर नपाले भक्तपुर नगरका विभिन्न ठाउँहरूमा नयाँ पोलहरू जडानका क्रममा कुनै पनि बाधा अवरोध नहोस् भनी सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी छलफलहरू चलाउँदै आइरहेको उहाँले बताउनुभयो । साथै भक्तपुर नगरपालिकाभित्रका सम्पदाहरूमा राखिएको रात्रीकालीन बत्ती व्यवस्थापनले आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुगिरहेको पनि प्रमुख प्रजापतिले बताउनुभयो ।

उक्त बैठकले भक्तपुर नगरका सडक बत्ती जडान गर्ने स्थानहरूमा विभिन्न सेवा प्रदायकहरूको तार/केबुलहरू झुन्डिएका, लत्रिएका, बढी भएका, छरपष्ट तथा अव्यवस्थित केबुलहरूलाई सम्बन्धित निकायहरू (एनईए, टेलिकम, आइएसपी, केबल टिभी) को तर्फबाट व्यवस्थित गर्न लगाउने निर्णय गऱ्यो ।

साथै उक्त स्थानमाहरूमा बढी भएका काम नलागेका पोलहरू हटाउने र आवश्यक स्थानमा सम्बन्धित निकायको निश्चित मापदण्डभित्र रही नयाँ पोलहरू व्यवस्था गरी सडक बत्ती जडान गर्ने निर्णय पनि सो बैठकले गऱ्यो ।

बैठकले विभिन्न सेवा प्रदायकहरूका केबुल तथा तारहरू, पोलहरूलाई सम्बन्धित निकाय तथा सरोकारवालाहरूले मापदण्डमा नियमित गर्न लगाई हालको अवस्थालाई सुधार अथवा व्यवस्थित गर्ने निर्णय गऱ्यो ।

बैठकले नयाँ सडक बत्ती जडान गर्ने क्रममा आइपरेका विविध समस्यालाई स्थानीय निकाय (भक्तपुर नपा), एनईए, टेलिकम, आइएसपी, केबल टिभीका सरोकारवालाहरूसँग समन्वय गर्दै व्यवस्थित सडक बत्ती जडान कार्य हालको योजनाअनुसार सम्पन्न गर्ने निर्णय गऱ्यो ।

सो बैठकमा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको थियो भने ख्वप इन्जिनियरिङ कलेजका राकेश ग्वाछाले भक्तपुर नगरका पोलहरूको अवस्थाबारे प्रस्तुतीकरण देखाउनुभयो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधि, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, भक्तपुर नगर क्षेत्रमा केबुल तथा इन्टरनेट सेवा प्रदान गर्ने सेवा प्रदायकलगायतका प्रतिनिधिहरूको उपस्थिति थियो ।

## बसिबियाँलोको उत्तर

|   |   |   |
|---|---|---|
|   | 1 | 7 |
| × |   | 4 |
|   | 6 | 8 |
| + | 2 | 5 |
|   | 9 | 3 |

# रानीपोखरी पुन:निर्माणसम्बन्धी प्रतिवेदन हस्तान्तरण

भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित ऐतिहासिक रानीपोखरी पुन:निर्माणसम्बन्धी रानी पोखरी अध्ययन समितिद्वारा तयार गरिएको प्रतिवेदन एक कार्यक्रमबीच मङ्सिर १७ गते हस्तान्तरण गरियो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई रानी पोखरी अध्ययन समिति कार्यदलका संयोजक इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले रानी पोखरी पुन:निर्माणसम्बन्धी प्रतिवेदन हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका सम्पदाहरूको ऐतिहासिक दस्तावेजीकरण गर्ने ढङ्गले सम्पदाहरू पुन:निर्माण तथा जीर्णोद्धार कार्यलाई तीव्रता दिइरहेको बताउनुभयो ।

भक्तपुर नपाले नेपाली सेनासँग समन्वय र सहकार्य गर्दै भक्तपुरको ऐतिहासिक रानीपोखरी पुन:निर्माणलगायत सार्वजनिक सम्पत्तिहरू संरक्षणको कार्यलाई अगाडि बढाइरहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले काठमाडौंको रानीपोखरी पुन:निर्माणमा पनि भक्तपुर नपाले प्राविधिक तथा आवश्यक कालीगडहरू सहयोग गरेको स्मरण गर्नुभयो ।

भक्तपुरमा अवस्थित सार्वजनिक सम्पत्ति संरक्षणको निम्ति नगरपालिकाले सम्बन्धित निकायहरूमा निरन्तर पहल गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको सार्वजनिक सम्पत्तिहरू जनताको साझा सम्पत्तिको रूपमा ग्रहण गर्ने उद्देश्यले नगरपालिका अगाडि बढिरहेको बताउनुभयो ।

मानव जातिले गरेका कुनै पनि कार्यहरू इतिहासको रूपमा नयाँ पुस्तामाझ रहिरहने बताउनुहुँदै उहाँले सम्पदा संरक्षण गर्ने क्रममा भक्तपुरको इतिहासलाई जीवित बनाउने कार्यमा पनि जोड दिइरहेको बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकामा २०७४ सालको स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधि बहालीपश्चात लामो समयदेखि जीर्ण रहेको भक्तपुरको रानीपोखरीको संरक्षण गरी पुन:निर्माण कार्यलाई अगाडि बढाएको बताउनुभयो । रानी पोखरी पुन:निर्माणका क्रममा विभिन्न अध्ययन अनुसन्धानहरू भएको र सोबाट नयाँ तथ्य र प्रमाणहरूसमेत प्राप्त भएको बताउनुहुँदै रानीपोखरी अध्ययन समिति कार्यदलप्रति उहाँले धन्यवाद ज्ञापन गर्नुभयो ।

पुरातत्त्व विभागका पूर्व महानिर्देशक विष्णुराज कार्कीले काठमाडौं उपत्यकाका सम्पदाहरू बिस्तारै म्हासिँदै र हराउँदै गएको समयमा भक्तपुर नगरपालिकाले यहाँका मूर्त अमूर्त सम्पदालाई मौलिक शैलीमा पुन:निर्माण गर्ने कार्य प्रशंसनीय भएको बताउनुभयो ।

उहाँले सम्पदा पुन:निर्माण र जीर्णोद्धार गर्ने क्रममा त्यसको मौलिक स्वरूप कायम गर्नु महत्त्वपूर्ण भएको बताउनुहुँदै उपत्यकाका पोखरीहरूबारे अध्ययन अनुसन्धान गर्नुपर्ने र पोखरी वरिपरिको सौन्दर्य वातावरणमैत्री हुने ढङ्गले निर्माण गरिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।



कार्यक्रममा रानी पोखरी अध्ययन समिति कार्यदलका संयोजक पुरुषोत्तमलोचन श्रेष्ठले कान्तिपुरको रानीपोखरी निर्माणभन्दा चालिस वर्ष अगाडि बनेको भक्तपुरको रानीपोखरीको पुरातात्त्विक नाम 'न्हु पुखु' रहेको बताउनुभयो ।

रानीपोखरीको ऐतिहासिक महत्त्वमाथि प्रष्ट पार्नुहुँदै प्रा.डा. श्रेष्ठले पाँच महिनाको छोटो समयावधिमा भक्तपुरको रानीपोखरीको निर्माण भएको इतिहास त्यहाँ अवस्थित शिलालेखहरूबाट थाहा हुन आएको बताउनुभयो ।

सोही कार्यक्रममा भक्तपुर नगरपालिका सम्पदा शाखाका आर्किटेक्ट सरिता धुख्वाले ऐतिहासिक रानी पोखरीबारे थ्रीडी प्रस्तुतिकरण देखाउनुभयो भने कार्यदलका सदस्य सचिव रामगोविन्द श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सम्पन्न

### ♦ महिलाहरू राजनीतिक रूपले अगाडि बढ्नुपर्ने आवश्यकता

'लैङ्गिक हिंसा अन्त्यको प्रतिद्धबद्धता, व्यक्ति, समाज र सबैको ऐक्यबद्धता' भन्ने मूल नाराका साथ यस वर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान भक्तपुर नपाले सम्पन्न गरेको छ । हरेक वर्ष देशमा नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसाविरुद्धको अभियान सञ्चालन गरिन्छ ।



भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर २५ गते सचेतनामूलक कार्यक्रम जुममार्फत सम्पन्न गरियो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लैङ्गिक हिंसाको स्रोतको पहिचान गर्नु आजको आवश्यकता भएको बताउनुहुँदै उहाँले छाउपडी, दाइजो प्रथालगायतका अन्धविश्वासका कारण नेपाली समाजमा लैङ्गिक हिंसा दिनप्रतिदिन बढिरहेको छ भन्नुभयो ।

भक्तपुर नपाले लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानलाई जनताको सांस्कृतिक स्तर उठाउन र जनचेतना जगाउने अभियानको रूपमा लिएको बताउनुहुँदै एनजीओ आइएनजीओले लैङ्गिक समानताको नाममा लाखौं रकम अनावश्यक रूपमा खर्च गरिरहेको उहाँले बताउनुभयो ।

गरिबीका कारण धेरै मानिसहरू समाजमा हेपिनुपर्ने यथार्थ प्रस्तुत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले समाजलाई माथि उठाउन युवा–विद्यार्थीहरूलाई समानस्तरको शिक्षा र रोजगारीको बन्दोबस्त अपरिहार्य भएको बताउनुभयो ।

उहाँले सिङ्गो समाजलाई बदल्नको निम्ति भक्तपुर नपाले शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरिका विद्यार्थीहरूलाई समानस्तरको शिक्षा प्रदान गरिरहेको बताउनुहुँदै महिलाहरूलाई आरक्षणको बन्दोबस्तले गर्दा अगाडि बढ्न महत्त्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो । महिलाहरू राजनीतिक रूपले अगाडि बढ्नुपर्ने आवश्यकताबोध गराउनुहुँदै उहाँले समाजवादी देशमा आर्थिक समानता हुने हुँदा महिला र पुरुषबीच कुनै भेदभाव नरहने बताउनुभयो ।

इमानदारीपूर्वक देश र जनताको सेवा गर्नु नै राजनीति भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले नेमकिपाको नीतिअनुरूप समाजलाई बदल्न जनप्रतिनिधिहरू प्रतिबद्ध भई नगरको सन्तुलित विकासको लागि समर्पित भएर काम गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपाले न्यायिक समितिमार्फत स्थानीय पीडित जनताहरूको पक्षमा कार्य गर्दै आइरहेको बताउनुहुँदै मानवमाथिको हिंसा निर्मूल गर्नुपर्ने आजको आवश्यकता भएको बताउनुभयो । लैङ्गिक हिंसाबाट सबै जनता सचेत हुनुपर्ने बताउनुहुँदै उपप्रमुख जोशीले नागरिक भावना र सुसंस्कृत समाज निर्माणको निम्ति भक्तपुर नपा प्रतिबद्ध भएर अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर नपा कर्मचारी एशोसियसनका अध्यक्ष गौतमप्रसाद लासिवाले नेपालमा हिंसासम्बन्धी ऐन कानुनको फितलो कार्यान्वयनका कारण लैङ्गिक हिंसाका घटना दिनप्रतिदिन बढिरहेको बताउनुहुँदै पूँजीवादी बन्दोबस्तमा तुलनात्मक रूपमा लैङ्गिक हिंसाका घटनाहरू बढी हुने गरेको बताउनुभयो ।

भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेट डा. सुमित्रा गौतमले भक्तपुर अस्पतालमा लैङ्गिक हिंसामा परेका व्यक्तिहरूको पनि उपचार हुँदै आइरहेको बताउनुहुँदै लिङ्गको आधारमा कसैलाई हिंसा गर्नु अपराध हो भन्नुभयो ।

भक्तपुर महानगरीय प्रहरी परिसरका सई सानुमैयाँ श्रेष्ठले भक्तपुरमा घरेलु हिंसा र महिला हिंसाको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै आफन्तबाटै यौनजन्य हिंसा हुनेतर्फ सबैजना सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यपालिका सदस्यद्वय रोशनमैँया सुवाल र सरिना द्योलाले लैङ्गिक हिंसाका विभिन्न पक्षबारे प्रष्ट पार्नुहुँदै हरेक क्षेत्रमा महिलाहरूको संलग्नता र सहभागिताले घरेलु हिंसाहरूमा कमी आएको बताउनुभयो ।

### ♦ लैङ्गिक हिंसाविरुद्ध नयाँ पुस्तालाई सचेत पार्नुपर्ने

भक्तपुर नपा वडा नं. ९ को आयोजनामा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा ➲

# भक्तपुरका कीर्तिमानी खेलाडी राजेशलाई विश्वकपमा रजत प्राप्त

भक्तपुर पाण्डुबजारका राजेश सुवालले 'वर्ल्ड पावर लिफ्टिङ च्याम्पियनसीप २०२०' मा रजत पदक हासिल गरेका छन् ।

विगत १५ वर्षदेखि शारीरिक सुगठनमा सक्रिय सुवालले वर्ल्ड पावर लिफ्टिङ फेडेरेसन (लण्डन) तथा एमेच्योर पावर लिफ्टिङ फेडेरेसन इन्डियाको आयोजनामा भएको स्पर्धामा रजत पदक हासिल गरेका हुन् ।

डिसेम्बर ५ देखि ८ सम्म भएको २१ औँ संस्करणको प्रतियोगितामा सिनियरतर्फ १०० केजीमा सुवालले रजत पदक हासिल गरेको आयोजकले जनाएको छ । सुवालले कुल ५ सय ४५ केजी तौल उठाएका थिए ।

प्रतियोगितामा सहभागी सिनियरतर्फ हसन गुरुङ, जुनियरतर्फ आशिष आले मगर, श्रुति कार्कीले गोल्ड



मेडल तथा सिनियरतर्फका राजेश सुवालले रजत पदक जितेको एसियन पावर लिफ्टिङ फेडेरेसनका उपाध्यक्ष तथा नेपाली टीमका प्रशिक्षक जीवन गिरीले बताउनुभयो ।

स्पर्धामा तीन खेलाडीले स्वर्ण पदक र एकले रजत गरी कुल चार उपाधि नेपालले हासिल गरेको प्रशिक्षक गिरीले जानकारी दिनुभयो । उहाँले स्वर्ण पदक विजेता गुरुङले ८२.५ केजी, आलेमगरले १ सय १० केजी र श्रुती कार्कीले ५६ केजी तौल उठाएर जीत हासिल गरेको बताउनुभयो ।

प्रतियोगितामा दक्षिण एसियालगायत विभिन्न देशका खेलाडीहरूले सहभागिता जनाएका थिए । प्रतियोगितामा ५ जना खेलाडीसहित २ जना अफिसियल, एसियन पावर लिफ्टिङ फेडेरेसनका प्रशिक्षक जीवन गिरी तथा नेपाल पावर लिफ्टिङ फेडेरेसनका सल्लाहकार केदार स्थापित सहभागी हुनुभएको थियो ।

सुवालले गत वर्ष भक्तपुरमा आयोजना भएको बेन्च प्रेस प्रतियोगितामा १६५ केजी तौल उठाई नेपालको ऐतिहासिक कीर्तिमान बनाउनुभएको थियो । सुवालले पोखरामा पावर जिम एन्ड फिटनेस सञ्चालन गर्दै आउनुभएको छ ।

---

➲ लैङ्गिक हिंसाविरुद्ध सचेतना कार्यक्रम मङ्सिर २५ गते भयो ।

कार्यक्रममा उपप्रमुख जोशीले लैङ्गिक हिंसा दिन प्रतिदिन बढिरहेको बताउनुहुँदै लिङ्गको आधारमा दिइने शारीरिक तथा मानसिक हिंसाको विषयमा नयाँ पुस्तालाई सचेत पार्नुपर्ने बताउनुभयो ।

सामाजिक सञ्जालको दुरूपयोगले पनि हिंसाका घटनाहरू बढिरहेकोतर्फ ध्यानाकृष्ट पार्नुहुँदै उपप्रमुख जोशीले भक्तपुर नपाले न्यायिक समितिमार्फत पीडितहरूको पक्षमा कार्य गर्दै आएको बताउनुभयो ।



भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले जन्मदर्ता, विवाह दर्तालगायतका व्यक्तिगत घटना दर्ता समयमै वडामा गराउनुपर्ने आवश्यकताबोध गराउनुहुँदै समयमा दर्ता नहुँदा विवाहपश्चात महिलाहरूले नागरिकता प्रमाणपत्र लिन गाह्रो भएको, विवाह दर्तालाई अंशसँग जोडेर मानसिक यातनाहरू दिइरहेको यथार्थबारे प्रष्ट पार्नुभयो ।

कार्यक्रममा अधिवक्ता अनिता जधारीले अनलाइन कक्षा सञ्चालन भइरहँदा विद्यार्थीहरूमा फेसबुक, युट्युब र टिकटकजस्ता सामाजिक सञ्जालको लट बसेको तर्फ सचेत हुनुपर्ने बताउनुहुँदै बच्चाहरूलाई आधुनिक सूचना प्रविधिको पहुँचमा राख्दा अभिभावकले समय-समयमा निगरानी राख्नुपर्ने बताउनुभयो ।

वडा सदस्य इन्द्रबहादुर प्याथले अष्ट्रेलिया, युरोप जाने लोभमा नयाँ पुस्ताका युवा-युवतीहरू अभिभावकको जानकारीबिना वडा कार्यालयमा विवाह दर्ता गर्नेहरू बढिरहेको बताउनुभयो ।

कार्यक्रममा वडा कार्यालयका कर्मचारी मीरा बासुकलाले पनि बोल्नुभयो ।

# भक्तपुरका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईलाई स्वागत

भक्तपुर नगरपालिकाको आयोजनामा धनुषा जिल्लाबाट सरुवा भई भक्तपुरमा आउनुभएका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईको स्वागत कार्यक्रम मङ्सिर २४ गते भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रजिअ भट्टराईलाई भादगाउँले टोपी लगाइदिनुभएर खादा ओढाई सांस्कृतिक नगरी भक्तपुरमा स्वागत गर्नुभयो ।



स्वागत कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले देश र जनतालाई केन्द्रबिन्दुमा राखी सामूहिक हितको निम्ति काम गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाले सल्लाघारीमा अवस्थित १०८ रोपनी जग्गाको संरक्षण र सम्बर्द्धन गर्दै आइरहेको अवगत गराउनुहुँदै भक्तपुर क्यान्सर अस्पताल नेपाल सरकार मातहत सञ्चालन हुन सकारात्मक रहेको प्रजापतिले बताउनुभयो ।

भक्तपुर औद्योगिक क्षेत्रबाट हुने धुँवा तथा धूलो प्रदूषणबारे स्थानीय पीडित जनताले लामो समयदेखि गुनासो गर्दै आइरहेको बताउनुहुँदै जनताको स्वास्थ्यमा नकारात्मक असर पुऱ्याइरहेको उद्योग स्थानान्तरणको लागि आवश्यक पहल भइरहेको बताउनुभयो ।

सांस्कृतिक नगरको रूपमा परिचित भक्तपुरका सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार विदेशी सहयोग बिना नै जनताको सहयोग र जनश्रमदानमार्फत भइरहेको बताउनुहुँदै उहाँले जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासले नै जनताको बढी सेवा गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले ऐतिहासिक नगरको रूपमा ख्याति कमाइरहेको भक्तपुरलाई सफा, स्वच्छ, पर्यटकीय गन्तव्य र शिक्षाको केन्द्र बनाउने उद्देश्यका साथ अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर जिल्लाका प्रजिअ प्रेमप्रसाद भट्टराईले भक्तपुर नगरपालिकाको कार्यशैली उदाहरणीय रहँदै आएको बताउनुहुँदै भक्तपुरको शान्ति सुरक्षा र भक्तपुरवासी जनताको स्वास्थ्य सुरक्षामा प्रतिबद्ध भएर लाग्ने बताउनुभयो ।

उपत्यकाका तीन सहरहरू विश्वको उत्कृष्ट सहरमध्ये परिचित भएको बताउनुहुँदै प्रजिअ भट्टराईले भक्तपुर औद्योगिक क्षेत्रबाट भएको धुँवा–धूलो प्रदूषण गर्ने उद्योगहरू स्थानान्तरण गर्ने विषयमा आफू सकारात्मक रहेको बताउनुभयो । सार्वजनिक सम्पत्ति रक्षा गर्न आफू सधैँ तत्पर रहने विश्वास प्रकट गर्नुहुँदै उहाँले भक्तपुर नपाले कोरोना रोकथाम र नियन्त्रणमा गरेका गतिविधिहरू उल्लेखनीय भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पनि बोल्नुभएको उक्त कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य तथा शाखा प्रमुखहरूको पनि उपस्थिति थियो ।

नगर प्रमुख प्रजापतिले प्रजिअ भट्टराईलाई भक्तपुरको प्रसिद्ध मयूरको झ्याल र नगरपालिकाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो ।

# प्रकोप व्यवस्थापनलाई सहयोग जारी

लोकेश्वर बचत तथा ऋण सहकारी संस्थाद्वारा महामारी रूपमा फैलिरहेको कोभिड नियन्त्रण तथा रोकथामको लागि मङ्सिर २१ गते भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा रु. ५०,५५५।– रूपैयाँ आर्थिक सहयोग प्रदान गऱ्यो ।



लोकेश्वर साकोस



भक्तपुर उद्यमी साकोस

# उत्कृष्ट स्वयंसेविका पुरस्कृत

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले १७ औं राष्ट्रिय महिला सामुदायिक स्वयंसेविका दिवसको अवसरमा मङ्सिर २० गते एक कार्यक्रमबीच उत्कृष्ट स्वयंसेविकाहरूलाई पुरस्कृत गर्नुभयो ।




प्रमुख प्रजापति उत्कृष्ट स्वयंसेविकालाई पुरस्कृत गर्नुहुँदै

समुदायबीच एक वर्षमा गरेका स्वास्थ्यसम्बन्धी कार्यहरूको विभिन्न सूचकहरूको आधारमा भनपा ७ का लक्ष्मीकेशरी तुइतुई प्रथम, वडा नं २ का स्वयंसेविकाद्वय कृष्णश्वरी दथेपुथे द्वितीय र बबीमैयाँ लघू तृतीय हुन सफल हुनुभएको छ ।

उत्कृष्ट स्वयंसेविकाहरूलाई नगद पुरस्कार तथा प्रशंसापत्र वितरण गर्नुहुँदै प्रमुख प्रजापतिले समाजलाई स्वस्थ र निरोगी बनाउन निरन्तर निःस्वार्थरूपमा सेवा गर्न सबैलाई आग्रह गर्नुभयो । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड–१९ रोगको सङ्क्रमणबाट समाजलाई जोगाउन नगरपालिकाको निर्देशनबमोजिम परिचालित भइरहेकोमा खुसी व्यक्त गर्नुहुँदै उहाँले निरन्तरको मिहिनेत, लगनशीलता, निःस्वार्थ मन र सेवाभाव नै स्वयंसेविकाहरूको परिचय हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले सत्ताधारी दलका नेताहरूले व्यापारी र ठेकेदारहरूसँग मिलेमतो गरी कोभिड–१९ महामारीको सङ्कटको समयमा स्वास्थ्य सामग्री, कृषि सामग्री तथा दैनिक उपभोग्य वस्तुमा भ्रष्टाचार, कालोबजारी र कृत्रिम अभाव सिर्जना गरेको उल्लेख गर्नुहुँदै सङ्कटको समयमा कालोबजारी गर्नु अपराध भएको प्रस्ट पार्नुभयो ।

कार्यक्रममा भनपा वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले जाडो बढेसँगै कोभिड–१९ सङ्क्रमण बढ्नसक्ने हुँदा विज्ञहरूबाट थप सचेत रहन आग्रह गरिरहेको चर्चा गर्नुहुँदै महामारीबाट समाजलाई बचाउन स्वास्थ्य स्वयंसेविकाहरू अझै सक्रिय हुनुपर्ने बताउनुभयो ।

विवाह, व्रतबन्ध, इहिलगायतका सामाजिक संस्कृति तथा भोजभतेरहरूमा मानिसको भीड हुने र सङ्क्रमणको जोखिम बढ्ने सम्भावना रहेकोले स्थानीयवासीहरूलाई संस्कृतिलाई औपचारिकतामा सीमित गर्न तथा स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड अवलम्बन गर्न अनुरोध गर्नुपर्नेमा जोड दिनुभयो ।

जिल्ला स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख कृष्णबहादुर मिजारले शिशु तथा मातृ मृत्युदरमा उल्लेखनीय सुधार आउनु, सरुवा रोग नियन्त्रण एवं विभिन्न रोगविरुद्ध खोप कार्यक्रम प्रभावकारीरूपमा अघि बढ्नुमा महिला स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका रहेको चर्चा गर्नुहुँदै स्वयंसेविकाहरूलाई समयानुकूल स्वास्थ्य तालिम तथा अभिमुखीकरण गर्दै लगिने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रका इन्चार्ज डा. रत्नसुन्दर लासिवाले नेपाल सरकारले स्वास्थ्य स्वयंसेविका परिचालनसम्बन्धी नयाँ कार्यविधि तयारी गरिरहेको चर्चा गर्नुहुँदै नयाँ व्यवस्थाअनुसार स्वयंसेविकाहरूको थप प्रभावकारी परिचालन गर्ने बताउनुभयो ।

कार्यक्रममा सामुदायिक स्वास्थ्य परिचालिका कमलकेशरी राजचल र नर्स रचना सुवालले पनि बोल्नुभएको थियो ।

---



वाल्मीकि आश्रम

भक्तपुर उद्यमी बचत तथा ऋण सहकारी संस्थाद्वारा कोभिड नियन्त्रण तथा रोकथामको लागि मङ्सिर २४ गते भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा रु. १ लाख ९६ हजार २६९ (अक्षेरूपी एक लाख छ्यानब्बे हजार दुई सय उनान्सत्तरी) रूपैयाँ आर्थिक सहयोग प्रदान गऱ्यो ।

वाल्मीकि आश्रम (कृष्ण भजन मण्डल), हनुमानघाटद्वारा भक्तपुरमा कोभिड नियन्त्रण तथा रोकथामको लागि भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा रु. २५,०००।– (अक्षेरुपी पच्चीस हजार) रुपैयाँ पुस ७ गते सहयोग प्रदान गरेको छ ।

भक्तपुर नपाका प्रमुख प्रजापतिले सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुहुँदै नगरपालिकाद्वारा प्रकाशित 'फोटो पुस्तक' र केही प्रकाशनहरू उपहारस्वरूप उहाँहरूलाई प्रदान गर्नुभयो ।

**प्रदूषण फाल्ने उद्योगविरुद्ध**

# भक्तपुर साना उद्योग क्षेत्रमा पीडितको धर्ना

भक्तपुर साना उद्योग क्षेत्रका प्रदूषण फाल्ने टेक्सटाइल, डाइङ, प्लास्टिक र रङ्गरोगन उद्योगबाट पीडित जनताले मङ्सिर २१ गते बिहान ९:३० बजेदेखि ११:३० बजेसम्म भक्तपुरको उद्योग व्यवस्थापन कार्यालयमा धर्ना दिए ।

पीडितहरूले उद्योग व्यवस्थापन कार्यालयका कार्यालय प्रमुख बलराम बोगटीले कोभिड–१९ सङ्क्रमणको बेला नेपो नामको टेक्सटाइल उद्योगलाई क्रेन ल्याएर स्वचालित



मेसिन राख्न लगाएको, घरेलु उद्योगको नाममा मेमोर्स नामको उद्योगलाई स्वचालित टेक्सटाइल उद्योग उद्योगीबाहेक अर्को व्यक्तिलाई सञ्चालन गराएको, कृति नामको टेक्सटाइल उद्योगलाई डाइङसमेत सञ्चालन गराएकोमा विरोध गर्दै आएका छन् ।

धर्ना कार्यक्रममा पीडित विनोदचरण रायले पीडितहरूको अपिल वाचन गर्नुभयो र जनताको अनुनयलाई व्यवस्थापन कार्यालयले कमजोरी नठान्न आग्रह गर्नुभयो ।

पीडित जनताको अपिलमा सरकारले किसानको जग्गा सस्तोमा अधिग्रहण गरी अर्बपति र खर्बपतिहरूलाई लुट्न लगाएको र गाई मारी बाघ पोस्ने काम गरेको हुँदा ध्वनि, धुवाँ र रसायन प्रदूषण फाल्ने उद्योग हटाई सो जग्गा सम्बन्धित किसानलाई फिर्ता गर्नुपर्ने उल्लेख छ ।

अर्का वक्ता रामकृष्ण प्रजापतिले यस क्षेत्रका प्रदूषण फाल्ने टेक्सटाइल, प्लास्टिक, रङ्गरोगन र डाइङ उद्योगबाट जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय र सेवाग्राही जनताको स्वास्थ्यमा समेत हानि पुऱ्याएको बताउनुभयो ।

उपेन्द्र सुवालले ध्वनि, धुवाँ र रसायन प्रदूषण फाल्ने उद्योगहरू काठमाडौं उपत्यकाबाट हटाइएको उल्लेख गर्नुहुँदै सरकारको प्रतिबद्धताअनुसार भक्तपुर उद्योग क्षेत्र स्थानान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । हस्तकलामा आधारित साना उद्योग क्षेत्रको लागि अधिग्रहण गरिएको जग्गामा ध्वनि, धुवाँ र रसायन प्रदूषण फाल्ने उद्योग सञ्चालन गर्नु जनतामाथि नै विश्वासघात भएको सहभागीहरूको मत रहेको छ ।

प्रधानमन्त्री केपी ओलीले काठमाडौं उपत्यकाका औद्योगिक क्षेत्रहरू स्थानान्तरण गर्ने प्रतिबद्धता आफ्नो दोस्रो कार्यकालको तीन वर्षपछि पनि पहिलो कार्यकालको प्रतिबद्धता पूरा गर्न सकेको छैन । प्रदूषण फाल्ने उद्योगहरू हटाउन यहाँका पीडित जनता विगत २५–३० वर्षदेखि आन्दोलनमा छन् । आजसम्मका सरकारहरू जनताप्रति जिम्मेवार नहुँदा अर्बपति र खर्बपति कर्पोरेटहरूको स्वार्थ पूरा भइरहेको छ ।

## भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. विष्णुदत्त पौडेललाई बधाई तथा स्वागत

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा भक्तपुर क्यान्सर अस्पतालका नवनियुक्त निर्देशक डा. विष्णुदत्त पौडेललाई मङ्सिर २५ गते बधाई तथा स्वागत गर्नुभयो ।



# प्रमुख प्रजापतिसित प्रधानको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भक्तपुर नपाभित्रका महत्त्वपूर्ण सम्पदाहरूको अवलोकन भ्रमणमा आउनुभएका सम्पदा संरक्षण परिषद् नेपालका अध्यक्ष भागवत नरसिंह प्रधानको नेतृत्वको प्रतिनिधिमण्डल टोलीले मङ्सिर १९ गते भेट गऱ्यो। सोही अवसरमा नगरपालिकाका जनप्रतिनिधि र सो टोलीबीच नगरको शिक्षा, स्वास्थ्य, विकास निर्माण, सम्पदा संरक्षणलगायतका विषयमा अन्तरक्रियात्मक कार्यक्रम पनि भयो।



प्रमुख प्रजापति प्रधानलाई मायाको चिनो प्रदान गर्नुहुँदै

टोलीलाई सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नेपालमा सार्वजनिक सम्पत्ति हडप्ने प्रवृत्तिले गर्दा यसको सुरक्षा चुनौतीपूर्ण बन्दै गइरहेको बताउनुहुँदै सार्वजनिक सम्पत्तिको रक्षा गर्नु सबैको कर्तव्य भएको बताउनुभयो।

भक्तपुरका सार्वजनिक सम्पत्तिहरू व्यक्तिले हडपेका थुप्रै उदाहरणहरू प्रस्तुत गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरमा अवस्थित सार्वजनिक सम्पत्ति संरक्षणको निम्ति निरन्तर क्रियाशील रहेको बताउनुभयो।

भक्तपुर नपाले विदेशी सहयोगबिना नै सम्पदा पुनःनिर्माणलाई तीव्रता दिइरहेको बताउनुहुँदै उहाँले भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूको पुनःनिर्माण र भक्तपुरको विकास निर्माणका काममा नगरवासीहरूको निरन्तर साथ र सहयोग पाइरहेको उहाँले बताउनुभयो। भक्तपुरको सांस्कृतिक सम्पदा, मौलिक सीप, स्थानीय खेलहरू आदि संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने लक्ष्यसहित नपा अगाडि बढिरहेको उहाँले बताउनुभयो।

काठमाडौंको रानीपोखरी पुनःनिर्माणमा भक्तपुर नपाले गरेको सहयोगबारे चर्चा गर्नुहुँदै उहाँले इतिहास, भूगोल, राजनीतिशास्त्र, संस्कृति र नेपालभाषा विषय अध्ययनरत विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था नगरपालिकाले गरिरहेको छ भन्नुभयो।

सोही क्रममा सम्पदा संरक्षण परिषद् नेपालका अध्यक्ष भागवत नरसिंह प्रधानले भक्तपुरका मूर्त अमूर्त सम्पदाहरूको स्थलगत अवलोकन गर्न पाउँदा गौरवान्वित महसुस भएको बताउनुहुँदै भक्तपुरमा सम्पदा संरक्षण कार्यहरू निकै सराहनीय ढङ्गले भइरहेको भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले नेपालकै पहिचान संरक्षण गर्ने ढङ्गले काम गरिरहेको र सम्पदा संरक्षण गर्ने अभियानमा भक्तपुर नपा अग्रस्थानमा रहेको चर्चा गर्नुहुँदै अध्यक्ष प्रधानले काठमाडौंको ठमेलस्थित पुरातात्त्विक कमलपोखरी संरक्षण र पुनःस्थापना अभियानमा भक्तपुरका जनताको निरन्तर साथ र सहयोग पाइरहनेमा विश्वास व्यक्त गर्नुभयो।

स्वागत मन्तव्य राख्नुहुँदै भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नपाले जनताको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै ख्वप अस्पतालको निर्माण भइरहेको बताउनुहुँदै काठमाडौंको थःबहीमा अवस्थित पले स्वाँ पुखु संरक्षणको निम्ति सम्पदा संरक्षण परिषद्ले गरिरहेको सङ्घर्षप्रति ऐक्यबद्धता जनाउनुभयो।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले पनि बोल्नुभएको कार्यक्रममा भक्तपुर नपाका कर्मचारी जौबन कोजुले भक्तपुरको सांस्कृतिक सम्पदाहरूकोबारे प्रस्तुतीकरण देखाउनुभयो।

नगर प्रमुख प्रजापतिले उहाँहरूलाई नपाले हालसम्म सम्पन्न गरेका र निर्माणाधीन सम्पदाहरूको विवरण समेटिएको 'फोटो पुस्तक' र नपाका केही प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो भने भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले प्रतिनिधिमण्डल टोलीलाई भक्तपुरको भादगाउँले टोपी र थैली दिई स्वागत गर्नुभयो। सोही क्रममा अध्यक्ष भागवत नरसिंह प्रधानले पनि प्रमुख प्रजापतिलाई मायाको चिनो प्रदान गर्नुभयो।



सम्पदा संरक्षण परिषद् नेपालको टोली अवलोकनमा

सो टोलीलाई पर्यटन सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले भक्तपुरको सिद्धपोखरी, भाजु पोखरी, नःपुखु, भक्तपुर दरबार क्षेत्र, तलेजु परिसर, वत्सला मन्दिर, टौमढी, दत्तात्रय स्क्वायरलगायतका सम्पदाहरू र भक्तपुर नपाबाट सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रको स्थलगत अवलोकन गराउनुभएको थियो।

# कोभिड सङ्क्रमितको शव व्यवस्थापनमा महिला सैनिक

नेपाली समाजमा महिला मलामी जानुहुन्न भन्ने परम्परागत मान्यता छ। शव छुने वा शवदाह गर्ने कुरा त परको हो। त्यसो त महिलाले हलो जोत्नु हुँदैन भन्ने पनि मान्यता छ। तर बाध्यताले वा स्वेच्छाले ती मान्यतालाई महिलाहरुले भत्काउँदै समाज परिवर्तनको उज्यालो छर्न थालेका छन्। धेरैजसो पुरुष विदेशमा हुने र महिला पनि रुढिवादी परम्परालाई चिर्न अघि सरेका कारण महिला मलामी जाने थालेका छन्। तनहुँका महिलाहरुले शव बोकेर अन्तिम संस्कारसमेत गरेका थिए।



तनहुँका महिलाहरुले महिलाहरुद्वारा सञ्चालित वेदव्यास ज्येष्ठ नागरिक आश्रमका एक वृद्धको निधन भएपछि शव बोकेर अन्तिम संस्कारसमेत गरे।

तस्बिर : थाहा खबर

यसैक्रममा कोरोना महामारीको सङ्कटमा मानवीय कार्यमा महिला सैनिक स्वेच्छाले शव व्यवस्थापनमा लागेका छन्।

सरकारले सेनालाई शव व्यवस्थापनको जिम्मेवारी दिएपछि सरकारले जारी गरेका दुई निर्देशिका पालना गर्दै कोभिड–१९ सङ्कट व्यवस्थापन समितिसँगको समन्वयमा नेपाली सेनाले काम गर्दै आएको छ।

नेपाली सेनाले देशभर गरेर झण्डै तीन हजार तालीमप्राप्त जनशक्ति शव व्यवस्थापनमा खटाउँदै आएको छ। प्रत्येक जिल्लामा दुई या त्योभन्दा बढी समूह तयार गरेर राखिएको छ। उपत्यकामा १३ टोली परिचालित छन्।

सरकारले जिम्मेवारी दिएपछि नेपाली सेना शुरुआती चरणदेखि नै चुनौतीको सामना गर्दै शव व्यवस्थापनमा खटिँदै आएको छ। यसमा महिला सैनिकहरु पनि अग्रपङ्क्तिमा देखिएका छन्।

गोरखकाली गुल्म नेपाली सेनाको पहिलो महिला मात्रको गुल्म हो। यहाँ १७८ महिला सैनिक छन्। गुल्मका उपसेनानी सीताको नेतृत्वमा टोली परिचालन हुन्छन्।

उपत्यका पृतनाले दुई हप्ते तालीम दिएपछि समूह बाँधेर यसरी महिला सैनिकहरुलाई खटाएको हो। असोज २६ गते महिला टोलीले पहिलो पटक शव उठाएको थियो।

कोभिड–१९ सङ्कट व्यवस्थापन समिति (सिसिएमसी) बाट सङ्क्रमित व्यक्तिको मृत्युको खबर आउनासाथ नेपाली



सेनाको उपत्यका पृतनाले तालीमप्राप्त सैनिक टोलीलाई तम्तयार हुन निर्देशन दिन्छ। कमाण्डरको साथमा निर्देशनप्राप्त टोली शव लिन अस्पताल पुग्छ।

टोलीमा मोर्चा सम्हाल्नेमध्ये उपत्यकामा दुईवटा महिला समूह पनि सधैँ तयारीको अवस्थामा रहेका हुन्छन्। एक टोलीमा हुद्दा कृष्णकुमारी, प्यूठ सीता तथा हीरादेवी र सिपाही पुष्पा छिन् अर्कोमा प्यूठ रचना र रश्मी तथा सिपाही लीला।

आवश्यक सुरक्षा सावधानीका साथ टोलीले शवलाई पशुपति आर्यघाटमा पुऱ्याउँछन्। उनीहरू मृतकलाई सलामी दिन छुटाउँदैनन्।

गोरखकाली गुल्मकी सहायक गुल्मपति सहसेनानी रोशनी कार्कीका अनुसार यसरी शवदाह गर्दा आफन्तले चाहेअनुसारको धार्मिक परम्पराअनुसार नै गराउने गरिएको छ।

राष्ट्रको सुरक्षा गर्ने वाचा पूरा गर्नकै लागि कृष्णकुमारीले आममानिसले छुन नमिल्ने सङ्क्रमितको शव काँधमा बोक्न हिच्किचाइनन्। कहिल्यै ननिम्तिएको सङ्क्रमणको महामारी र अनि उपचारसमेत फेला नपरेको रोगबाट ज्यान गुमाएका व्यक्तिको शव व्यवस्थापन गर्नु चानचुने कुरा होइन। सावधानी नअपनाउँदा आफै सङ्क्रमणको शिकार हुने जोखिम उत्तिकै छ।

शव व्यवस्थापन गरिसकेपछि सिधै घर वा कार्यालय

जान पाइँदैन । तत्काल शरीरलाई नै विसङ्क्रमण (डिसइन्फेक्ट) गर्नु पर्ने उनी बताउँछिन् । शव व्यवस्थापन गरेपछि त्यसका लागि लगाएका व्यक्तिगत सुरक्षा उपकरण (पिपिइ) सेट विसङ्क्रमण का लागि छुट्टै भाँडोमा राखेर



आवश्यक स्वास्थ्य सुरक्षा सावधानीका साथ क्वारेन्टाइनमा जानुपर्छ । त्यसपछि अर्को टोलीको शव व्यवस्थापनको पालो आउँछ । घर नगई महिला टोलीले शव व्यवस्थापनको काम गरिरहेको छ ।

दुवै समूहमा बसेर शव व्यवस्थापनमा खटिरहेकी कृष्णाकुमारी त्यस कार्यमा निक्कै अनुभवी छिन् । कृष्णाकुमारी भन्छिन्, 'महिला सैनिक भएर सङ्कटपूर्ण अवस्थामा राज्यले दिएको जिम्मेवारी पूरा गर्न पाउँदा गौरव लागेको छ ।'

शव उठाउन टोली पालैपालो खटिन्छन् । एक दिन शव व्यवस्थापन भएपछि त्यो टोलीका सबै सदस्य क्वारेन्टाइनमा बस्छन् । मापदण्ड पूरा गरी रिपोर्ट नेगेटिभ आएपछि पुनः परिचालित हुन्छन् ।

मुलुकभर गरेर नेपाली सेनाले झण्डै तीन हजार व्यक्तिको शव व्यवस्थापन गरिसकेको छ । सैनिक प्रवक्ता सहायक रथी सन्तोषबल्लभ पौडेल भन्छन्, 'राष्ट्रलाई आइपरेको सङ्कटको अवस्थामा हामीले आफ्नो दायित्व निर्वाह गरेका हौँ । सेनाले जोखिमका बीच काम गरिरहेको छ ।'

शव व्यवस्थापनमा उपत्यका पृतनामार्फत् तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर)का छवटा छाउनीमा तयार पारिएका १३ समूह क्रियाशील छन् । नेपालकै पहिलो महिला सेनाको गुल्म गोरखकालीका दुई महिला समूह त्यसमा सामेल छन् ।

दाहसंस्कारका बेला सम्बन्धित परिवारको सहमतिमा उनीहरुकै धार्मिक परम्पराअनुसार शवको व्यवस्थापन गर्ने गरिएको नेपाली सेनाको उपत्यका पृतनाका प्रमुख सेनानी बालमुकुन्द थापाले जानकारी दिए ।

*तस्बिर : इन्टरनेट*

# उपभोक्ता समिति गठन

गपली कुवादेखि अरनिको राजमार्गसम्म ब्लक छपाइ कार्य गर्न स्थानीयहरुको भेला वडा नं. ४ गपलीमा पुस ७ गते भयो ।

उक्त भेलामा कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले बाटो उपभोग गर्नेहरु बसेर उपभोक्ता समिति गठन गरे अपनत्व हुनुको साथै कमसल निर्माण गरे वा गुणस्तरहीन सामग्री प्रयोग गरे त्यसको रेखदेख गर्ने हुँदा बलियो गुणस्तरीय निर्माण हुने बताउनुभयो । उहाँले नगरपालिका नगरबासीहरूको आफ्नै संस्था भएकोले नगरवासीहरूको हितमा निरन्तर काम गरिरहको बताउनुभयो । उहाँले कोरोनाका कारण आइसोलेशनमा नर्सहरू खटाउनु पर्दा घरदैलो नर्सिङ सेवा बन्द भएकोमा पुस १२ गतेदेखि सञ्चालन गर्ने बताउनुहुँदै प्रेसर जाँचलाई सामान्य रूपमा नलिन यसले दीर्घकालीन समस्या मुटु रोग, पारालाईसिस र किड्नी रोगबाट बचाउन मद्दत गर्छ भन्नुभयो। उहाँले वैकल्पिक शिक्षा अनलाईन कक्षा प्रभावकारीतामा प्रश्न उठेको कारण विस्तारै विद्यालय सञ्चालनको तयारी गरिरहेको समेत बताउनुभयो ।

कार्यक्रममा वडासदस्य राजेन्द्र माकले आफ्नो ठाउँको विकास निर्माण उपभोक्ता समिति मार्फत हुँदा बलियो गुणस्तर र भरपर्दो हुने बताउनुहुँदै ठेक्कापट्टाले फाइदामा ध्यानमा राखेर काम गर्ने भएकोले निर्माण कमसल हुने बताउनुभयो। उहाँले कोरोनालाई हेलचक्र्याइँ नगर्न र स्वास्थ्य मापदण्ड पालन गर्न अनुरोध गर्नुहुँदै त्यसको लागि भक्तपुर नपाले आईसोलेशन निर्माण गरेको, राहतको बन्दोबस्त र स्वास्थ्य सामग्री वितरण गरेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा-४ का सहसचिव विश्वराम त्वायनाले उपभोक्ता मार्फत कार्य गरे करको सदुपयोग हुने बताउनुहुँदै कम खर्चमा गुणस्तरीय निर्माण गर्न स्थानीयले आफ्नो ठाउँ राम्रो बनाउन समय दिनुपर्ने बताउनुभयो ।


कार्यक्रममा स्थानीय रामकृष्ण प्रजापति, कर्मचारी इन्द्र मचामसीले पनि बोल्नु भएको थियो ।

उक्त भेलाले विश्वराम त्वायनाको अध्यक्षतामा सात सदस्यीय उपभोक्ता समिति र राजेन्द्र माकको संयोजकत्वमा पाँच सदस्यीय अनुगमन समिति गठन गरियो ।

# चिनियाँ छाङ अ-५ को सफल चन्द्र अभियान

## अवतरण

मानवरहित चिनियाँ अन्तरिक्ष यान छाङ अ-५ (Chang'e 5) चन्द्रमामा मङ्सिर १७ गते सफलतापूर्वक अवतरण गरेको थियो ।



चीनको हैनान प्रान्तबाट उक्त यान गत नोभेम्बर २३ मा प्रक्षेपण गरिएको थियो ।


अमेरिकी र रुसी अन्तरिक्ष कार्यक्रमका अधिकारीहरूले चिनियाँ सफलताका लागि बधाई दिएका छन् ।

चन्द्रमा ४ अर्ब ५० करोड वर्ष पुरानो छ । तर, चन्द्रमाको विगतबारे मानिसलाई ज्यादै थोरैमात्र थाहा छ । छाङ अ-५ चन्द्रमाको उत्तरपूर्वी भाग ओसिनस प्रोसेलारम अर्थात् 'आँधीबेहरीको महासागर'मा अवतरण भएको थियो । यो भेगमा चन्द्रमाको सबभन्दा 'कान्छो' ढुङ्गा र माटो छ ।

## चन्द्रमामा फहरियो चीनको झन्डा

चीनले चन्द्रमामा मङ्सिर २१ गते रातो पृष्ठभूमिमा पाँच तारायुक्त चीनको झन्डा फहराएको छ । चन्द्रमामा आफ्नो झन्डा गाड्ने चीन दोस्रो देश बनेको छ ।

अमेरिकाले सन् १९६९ मा एपोलो ११ अन्तरिक्ष



अभियानमार्फत चन्द्रमामा पहिलोपटक आफ्नो झन्डा गाडेको थियो ।

चन्द्र सतहमा ४८ घण्टा विताएर यान फर्कियो ।

## चन्द्रमाको चट्टान लिएर फर्कियो

चिनियाँ अन्तरिक्षयान छाङ अ-५ चन्द्रमाबाट केही महत्वपूर्ण चट्टानका एक केजी ७३२ ग्राम नमूनाहरू लिएर पुस २ गते उत्तरी चीनको सिजिवाङ व्यानरको पूर्वनिर्धारित स्थानमै सफलतापूर्वक अवतरण गरेको छ ।

प्राधिकरणका प्रमुख चाङ केचिआनले छाङ अ-५ मिसन सफल भएको घोषणा गरेको छ ।

चन्द्रमाको सतहबाट चट्टान सङ्कलन गरी चन्द्रमाको उत्पत्तिबारे अनुसन्धान गर्ने उद्देश्य रहेको बताइएको चन्द्रमा अभियान ४० वर्षभन्दा बढी समययता चन्द्रमा पुगेर फर्किने सफल पहिलो भएको छ । यो चन्द्रमाको सबभन्दा ताजा नमूना भएको छ ।

चीनले सन् २००४ मा थालेको चन्द्रमा पुग्ने मिसनको यो तेस्रो चरण थियो । पहिलो चरणमा चीनको अन्तरिक्ष यान चन्द्रमाको कक्षमा घुमेको थियो । दोस्रो चरणमा चद्रमामा अन्तरिक्ष यान अवतरण गरेको थियो भने यो पटकको अन्तरिक्ष यानले चन्द्रमाबाट केही चट्टानका नमूना पनि लिएर फर्केको छ ।

चिनियाँ अन्तरिक्ष अनुसन्धान संस्थाले अन्तरिक्ष नमूनाहरूको वैज्ञानिकहरूले विश्लेषण र अध्ययन गर्न सिधै पेइचिङमा लगेर मात्र खोलिने बताएको छ

चीनले छाङ अ-५ ले ल्याएको नमूनामध्ये केही नमूना अन्य देशका वैज्ञानिकहरूलाई पनि उपलब्ध गराउने बताएको छ । चन्द्रमाको सबभन्दा कान्छो भूभागमा छाङ अ-५ अवतरण गरेको हुनाले त्यहाँबाट सङ्कलित नमूना चन्द्रमासम्बन्धी थप अध्ययनको लागि महत्वपूर्ण हुने वैज्ञानिकहरूले बताएका छन् ।

चिनियाँ राष्ट्रिय अन्तरिक्ष प्राधिकरणअन्तर्गत अन्तर्राष्ट्रिय सहकार्यका निर्देशक स्यु याङसोङले 'चन्द्रमाबाट ल्याइएका नमुनाहरूको अध्ययनले चन्द्रमा भएका स्रोतको मानव हितको लागि प्रयोगमा ल्याउनमात्र नभई ऊर्जा क्षेत्रमा मानिसको प्रगतिमा समेत दीर्घकालीन प्रभाव पार्न सक्छ', भने ।

उदाहरणको लागि, हेलियम-३ नामको तत्व सम्मिलन (फ्युजन) को लागि प्रभावकारी, सफा र सुरक्षित ऊर्जा भएको बताइएको छ । एक सय टन हेलियम-३ को प्रयोग गर्ने न्युक्लिर फ्युजन रिआक्टर्सले एक वर्षमा सारा विश्वले प्रयोग गर्ने ऊर्जा बराबरको ऊर्जा उत्पादन गर्छ ।

तर, पृथ्वीमा हेलियम-३ को अभाव छ । पृथ्वीमा



अहिलेसम्म ५ सय किलोग्राम मात्र हेलियम–३ तत्व भेटिएको छ। चन्द्रमाको सतहमा वैज्ञानिकहरूले लाखौं लाख टन हेलियम अहिले नै भेटाइसकेका छन्। चन्द्रमाको हेलियम–३ को खानी संसारको ऊर्जाको स्थायी समाधान हुन सक्छ।

उनले छाङ अ–५ अभियानले आगामी दिनमा चन्द्रमामा अनुसन्धान केन्द्र बनाउन र मानवसहित चन्द्रमामा पठाउने अभियानमा महत्वपूर्ण प्राविधिक आधार बनाएको छ भन्दै भविष्यमा चन्द्रमालाई अन्तरिक्षको अनुसन्धान गर्न मानिसको बाह्य चौकीको रूपमा प्रयोग गर्न सकिने बताए।

आउँदा केही दशकमा चीनले चन्द्रमामै अध्ययन केन्द्र स्थापना गर्ने र मानिसलाई मङ्गल ग्रह पठाउने योजना बनाएको छ।

चीनका राष्ट्रपति सी चिनफिङले छाङ अ–५ को सफल यात्राको लागि बधाई दिनुभएको छ।

चिनियाँ कम्युनिस्ट पार्टी, राज्य परिषद्, केन्द्रीय सैनिक आयोगको तर्फबाट छाङ अ–५ मिसनका सबै सदस्यहरूलाई बधाई दिनुभएको हो।

## "ठूली दिदी" को चर्चा

छाङ अ–५ को सफलतासँगै अभियानमा संलग्न एकजना २४ वर्षीया महिला चर्चाको विषय बनेको छ।



वेनचाङ अन्तरिक्षयान प्रक्षेपण परिसरमा सबैभन्दा कान्छी अन्तरिक्ष कमाण्डर भएपनि चाउ चेङयु (Zhou Chengyu) लाई उनको कामप्रति सम्मान दर्शाउँदै सामाजिक सञ्जालमा 'अन्तरिक्ष जगतमा अग्रमोर्चाकी सेना', 'ठूली दिदी' भन्ने गरिन्छ।

चीनको क्वीचौ प्रान्तकी यी अल्पसङ्ख्यक जातीकी चाउ त्यो प्रक्षेपणको रकेट कनेक्टर प्रणालीकी प्रमुखको जिम्मेवारीमा छिन्।

उनले सानै उमेरमा गरेको कामले धेरैलाई आकर्षित गरेको छ। प्रक्षेपण केन्द्रमा काम गरेको साढे २ वर्षमा उनले रकेटको ५ परीक्षात्मक प्रक्षेपणमा भाग लिएकी छन्। यति सानो उमेरमा त्यति अनुभवी भइसकेकी यी चिनियाँ नारीको प्रशंसा प्रशस्त भइरहेको छ।

प्रयोगकर्ताहरूले उनलाई 'विलक्षण' भन्दै उनी देशका लागि 'प्रेरणाको स्रोत' को रुपमा समेत चर्चा गरिरहेका छन्। यी युवतीप्रति मानिसहरूको चासो अत्याधिक भए पनि त्यसले उनलाई खासै प्रभाव पारेको छैन।

आफ्नो काममा चर्चाले अवरोध नपुऱ्याओस् भन्दै अन्तर्वार्ताको लागि बारम्बार गरिएको प्रयासलाई उनले अस्वीकार गरेकी थिइन्।

## चिनियाँ नारी शक्ति

चालू वर्ष चीनका विभिन्न ठाउँमा महामारी नियन्त्रणका काममा महिला चिकित्सक ली लानच्वानलगायत प्रशस्त महिला डाक्टरहरू र नर्सहरूको नाम व्यापक चिनियाँहरूको मनमा बसेको छ र उनीहरूका मन छुने कथाहरू पनि सर्वसाधारणहरूबीच लोकप्रिय बनेका छन्। यसका साथै फर्ब्स चाइनाले सार्वजनिक गरेको 'वैज्ञानिक चिनियाँ महिला २०२०' नामावलीमा विशेष गरी विज्ञान प्रविधि क्षेत्रमा महामारी प्रतिरोध गरेका ५० जना चिनियाँ नारीहरूलाई समेटिएको छ। यसका अतिरिक्त, चालू वर्षमा चिनियाँ इन्टर्नेट प्रयोगकर्ताहरूमाझ 'छङफङ फोलाङ त चेचे' भन्ने एउटा मनोरन्जनात्मक कार्यक्रम निकै लोकप्रिय देखियो। यस कार्यक्रममा सन् १९९० पछि जन्मेका ३० जना चिनियाँ नारीलाई भेला गरेर ३० वर्षीया चिनियाँ नारीको नयाँ प्रारूप बनाइएको छ। उनीहरूले यस कार्यक्रममार्फत महिलाको स्वतन्त्र चेतना अभिव्यक्ति प्रसारण गरेका छन्।

वास्तवमा चिनियाँ सञ्चारमाध्यम तथा सर्वसाधारणमाझ लोकप्रिय बनेका ती नारीहरू विभिन्न क्षेत्रमा काम गर्ने असङ्ख्य चिनियाँ नारीका प्रतिनिधि हुन्। उनीहरूले देखाएको कुरा भनेको चिनियाँ नारीको सामाजिक स्थानको बढावा हो र महामारीको अवधिमा चिनियाँ नारीलगायत सम्पूर्ण चिनियाँहरूले कठिनाइ पार गर्दै अघि बढेको साहस हो र अन्तरिक्ष, चिकित्सा, विज्ञान तथा प्रविधिलगायतका विविध क्षेत्रमा चीनले पाएको उपलब्धि तथा क्षमता हो।

# बढ्यो सगरमाथाको उचाइ

विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइ ८६ सेन्टिमिटरले बढेर आठ हजार ८४८.८६ मिटर कायम भएको छ ।

नेपालले करिब दुई वर्ष लगाएर उचाइ मापन गरेको थियो । गत वर्ष चीनका राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका क्रममा दुवै देशले मिलेर सगरमाथाको उचाइ घोषणा गर्ने सम्झौता गरेका थिए । सोहीअनुरूप नेपाल र चीन सरकारले मङ्सिर २३ गते संयुक्तरूपमा सगरमाथाको उचाइ वृद्धि भएको घोषणा गरेका हुन् । अब सगरमाथाको उचाइ आठ हजार ८४८.८६ मिटर हुने भएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नापी विभागले सगरमाथाको उचाइ मापन गरेको हो । विभागले रु. १३ करोड खर्चेर झन्डै दुई वर्षको अवधिमा सगरमाथाको मापन कार्य सम्पन्न गरेको थियो । विसं २०७२ मा गएको भूकम्पपछि सगरमाथाको उचाइ घटबढ भएको हुनसक्ने विषयमा अन्तर्राष्ट्रिय बहस सुरु भएपछि नेपालले पहिलोपटक आफ्नै स्रोत साधनमा सगरमाथाको उचाइ नापेको हो । सो अवसरमा सगरमाथाको उचाइ मापन कार्यमा संलग्नहरूलाई सम्मान गरिएको थियो ।

**यसरी नापियो सगरमाथाको उचाइ**

सगरमाथाको उचाइ मापनका लागि नापी विभागका प्रमुख अधिकृत (हालका उपसचिव) खिमलाल गौतमको नेतृत्वमा अधिकृत रविन कार्की, सर्भेयर सुरजसिंह भण्डारी र अमिन युवराज धितालको टोली गएको थियो । टोलीलाई छिरिङ जाङ्बु शेर्पाको टोलीले गाइड गरेका थिए ।



सगरमाथाको उचाइ मापन कार्य परम्परागत विधि (समतल नापी) तथा आधुनिक विधि (जीएनएसएस) र स्थलगत भू-आकर्षण सर्वेक्षणजस्ता विधि अवलम्बन गरिएको विभागले जनाएको छ ।

विभागले दुई वर्षअघि भारत, चीन, अमेरिका, इटालीलगायत देशका वैज्ञानिकलाई अन्तर्राष्ट्रिय गोष्ठीमा डाकेर कसरी मापन गर्ने भन्ने विषयमा छलफल गरेको थियो र विज्ञहरूकै सुझावका आधारमा कार्यविधि तयार गरिएको थियो ।

यसअघि सन् १९५४ मा तत्कालीन सर्वे अफ इन्डियाले सगरमाथाको उचाइ मापन गरी आठ हजार ८४८ मिटर भएको निष्कर्ष निकालेको थियो । त्यसपछि विभिन्न समयमा विभिन्न निकायले उचाइ मापन गरी फरकफरक उचाइ निकालेको भएपनि त्यसले आधिकारिक मान्यता भने पाएको थिएन । सन् १९५४ मा भारत र सन् १९७५ चीनले सगरमाथाको उचाइ मापन गरेको थियो । त्यसैगरी सन् १९८७, सन् १९९२ र सन् २००४ मा इटालीले तथा सन् १९८९ मा अमेरिकाले मापन गरेको थियो । त्यस्तै सन् २००५ मा पुनः चीन र सन् २०१० मा इटालीले सगरमाथाको उचाइ मापन गरेका थिए ।

सगरमाथाको उचाइ नाप्न तीन वटा विधि 'डाइरेक्ट मिजरमेन्ट' अन्तर्गत प्रत्यक्षरूपमा अगाडि/पछाडि गरेर चुचुरोसम्मको उचाइ नापिएको छ । त्यस्तै, 'ट्रँगुलेसन' विधिबाट पनि उचाइ नापिएको छ । यसअनुसार निश्चित बिन्दुलाई आधार बनाएर त्यसको कोण पत्ता लगाउने र सोही आधारमा क्रमशः अन्य बिन्दुको कोण बनाउँदै उचाइ मापन गरिएको हो । तेस्रो विधि गुरुत्वलाई आधार बनाई जीपीएस प्रणालीबाट पनि उचाइ मापन हुन्छ । सन् २००५ मा चीनले यही विधिबाट सगरमाथाको उचाइ नापेको थियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# नेपालमा कोरोना सङ्क्रमण

**(पुस १६ गते)**

**परीक्षण प्रयोगशाला : ८१ (सरकारी–४६, निजी–३५)**
**परीक्षण सङ्ख्या (पीसीआर) : १९,३२,४७७**
**कूल सङ्क्रमित सङ्ख्या : २,६०,५९३**
**सक्रिय सङ्क्रमित सङ्ख्या : ६,३७८**
**निको भएका सङ्ख्या : २,५२,३५९**
**मृत्यु भएको सङ्ख्या : १,८५६**

| प्रदेश | क्रसं | जिल्ला | सङ्क्रमित | निको | मृत्यु |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | ताप्लेजुङ | १५९ | १५६ | ० |
| | २ | पाँचथर | १७१ | १६८ | १ |
| | ३ | तेह्रथुम | १५१ | १३८ | ५ |
| | ४ | इलाम | ४६२ | ४४८ | ५ |
| | ५ | मोरङ | १२९८४ | १२८७८ | ६६ |
| | ६ | झापा | ४८९९ | ४८३३ | ३६ |
| | ७ | संखुवासभा | ३८५ | ३८० | १ |
| | ८ | भोजपुर | १५६ | १५० | २ |
| | ९ | खोटाङ | २१६ | २०८ | ० |
| | १० | धनकुटा | २६३ | २५१ | ७ |
| | ११ | सुनसरी | ९००९ | ८९१० | ७६ |
| | १२ | उदयपुर | ६५८ | ६४६ | ९ |
| | १३ | सोलुखुम्बू | १८७ | १८१ | ३ |
| | १४ | ओखलढुंगा | २६२ | २४४ | ४ |
| प्रदेश नं. २ | १५ | सप्तरी | २१०५ | २०७९ | २५ |
| | १६ | सिरहा | २२५७ | २२३५ | २१ |
| | १७ | धनुषा | ३०३७ | ३००२ | २७ |
| | १८ | महोत्तरी | २०३४ | २०१५ | १९ |
| | १९ | सर्लाही | २८२९ | २८०८ | २० |
| | २० | रौतहट | २७८१ | २७५९ | १७ |
| | २१ | बारा | २१३६ | २१०२ | ३० |
| | २२ | पर्सा | ३४५९ | ३३९४ | ५४ |
| बागमती | २३ | दोलखा | ७३४ | ६७७ | १२ |
| | २४ | रामेछाप | ५४१ | ५२६ | ८ |
| | २५ | सिन्धुली | ५६९ | ५३१ | ७ |
| | २६ | सिन्धुपाल्चोक | ९७० | ९४२ | १४ |
| | २७ | काभ्रेपलाञ्चोक | ३४४७ | ३३२७ | ३१ |
| | २८ | काठमाडौं | ९७१९० | ९३७७७ | ४७० |
| | २९ | भक्तपुर | ८८८७ | ८६०५ | १०४ |
| | ३० | ललितपुर | १५२६१ | १४७३० | १४६ |
| | ३१ | रसुवा | २१४ | २०२ | १ |
| | ३२ | नुवाकोट | १४३६ | १३७७ | १५ |
| | ३३ | धादिङ | १७०२ | १६५१ | २२ |
| | ३४ | मकवानपुर | ४३२९ | ४२१८ | ३३ |
| | ३५ | चितवन | ७३९६ | ७२६४ | ६१ |
| गण्डकी | ३६ | गोरखा | १४४८ | १३७६ | १७ |
| | ३७ | तनहुँ | १७६५ | १६९६ | २८ |
| | ३८ | नवलपरासी पूर्व | २९८९ | २९५१ | ७ |
| | ३९ | मनाङ | १० | ५ | ० |
| | ४० | लमजुङ | १०८४ | १०४५ | ६ |
| | ४१ | कास्की | ७०१२ | ६६२४ | १०० |
| | ४२ | स्याङ्जा | ११५४ | ११२१ | १३ |
| | ४३ | पर्वत | ४४८ | ४३३ | ४ |
| | ४४ | मुस्ताङ | ४२ | ३९ | २ |
| | ४५ | म्याग्दी | २४५ | २२५ | ४ |
| | ४६ | बागलुङ | ११६८ | ११४० | ४ |
| लुम्बिनी | ४७ | पाल्पा | २११४ | २०४७ | ६ |
| | ४८ | नवलपरासी पश्चिम | १५५५ | १५०२ | २१ |
| | ४९ | रुपन्देही | ९१५८ | ८७७९ | ७२ |
| | ५० | गुल्मी | ११७९ | ११११ | १० |
| | ५१ | अर्घाखाँची | ९७९ | ९२८ | ९ |
| | ५२ | कपिलवस्तु | २१७९ | २११२ | १८ |
| | ५३ | प्युठान | १०५५ | १०३४ | ५ |
| | ५४ | रूकुम पूर्व | ११३ | १०६ | ० |
| | ५५ | रोल्पा | ३०० | २८६ | ३ |
| | ५६ | दाङ | ४०१८ | ३८४० | ३६ |
| | ५७ | बाँके | ४६१७ | ४४९३ | ४० |
| | ५८ | बर्दिया | १८४१ | १७८६ | १४ |
| कर्णाली | ५९ | डोल्पा | ४७ | ३६ | १ |
| | ६० | रूकुम पश्चिम | २५३ | २५१ | २ |
| | ६१ | सल्यान | ६६९ | ६५९ | ० |
| | ६२ | मुगु | ३५ | ३५ | ० |
| | ६३ | जुम्ला | ४७० | ४४५ | १ |
| | ६४ | जाजरकोट | ११८ | ११२ | ० |
| | ६५ | सुर्खेत | २९०९ | २८२६ | १४ |
| | ६६ | हुम्ला | ३५ | ३० | १ |
| | ६७ | कालिकोट | २८९ | २८४ | २ |
| | ६८ | दैलेख | १६१७ | १६०७ | ४ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ७०७ | ६९८ | २ |
| | ७० | अछाम | १७२६ | १६५८ | ५ |
| | ७१ | कैलाली | ५८७५ | ५४८८ | ३३ |
| | ७२ | बझाङ | १००३ | ९६० | १ |
| | ७३ | डोटी | १४०९ | १३८९ | २ |
| | ७४ | दार्चुला | ३९८ | ३८७ | ४ |
| | ७५ | बैतडी | ७१३ | ६६४ | २ |
| | ७६ | डडेलधुरा | ७४४ | ७१० | ० |
| | ७७ | कञ्चनपुर | १८२७ | १६२९ | ११ |
| | | **जम्मा** | २,६०,५३९ | २,५२,३५९ | १,८५६ |
| | | **मंसिर १५ सम्म जम्मा** | १,७०,७४३ | १,३१,२२२ | ९३७ |

स्रोत : स्वास्थ्य मन्त्रालय/कान्तिपुर (इन्टरनेट)

# विश्वमा कोभिड–१९ को स्थिति (पुस १५ गते)

| क्र. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | मंसिर १५ मा स्थान |
|---|---|---|---|---|---|
| | **विश्व** | ८२,३२७,४९८ | ५८,३३८,९०६ | १,७९६,५४५ | |
| १ | संरा अमेरिका | १९,९७७,७०४ | ११,८४४,४७२ | ३४६,५७९ | १ |
| २ | भारत | १०,२४५,३२६ | ९,८३४,१४१ | १४८,४७५ | २ |
| ३ | ब्राजील | ७,५६४,११७ | ६,६४७,५३८ | १९२,७१६ | ३ |
| ४ | रूस | ३,१०५,०३७ | २,४९६,१८३ | ५५,८२७ | ४ |
| ५ | फ्रान्स | २,५७४,०४१ | १९१,८०६ | ६४,०७८ | ५ |
| ६ | स्पेन | १,९०६,०५७ | अप्राप्त | ५०,४४२ | ६ |
| ७ | अर्जेन्टिना | १,६०२,१६३ | १,४२०,८८५ | ४३,०१८ | ९ |
| ८ | कोलम्बिया | १,६१४,८२२ | १,४८३,०१७ | ४२,६२० | १० |
| ९ | संयुक्त अधिराज्य | २,३८२,८६५ | अप्राप्त | ७१,५६७ | ७ |
| १० | मेक्सिको | १,४०१,५२९ | १,०५८,४२९ | १२३,८४५ | ११ |
| ११ | पेरू | १,०१०,४९६ | ९४९,३९१ | ३७,५७४ | १४ |
| १२ | दक्षिण अफ्रिका | १,०२१,४५१ | ८५८,४५६ | २७,५६८ | १६ |
| १३ | इटाली | २,०६७,४८७ | १,४२५,७३० | ७३,०२९ | ८ |
| १४ | इरान | १,२१२,४८१ | ९६९,४०८ | ५४,९४६ | १५ |
| १५ | जर्मनी | १,६८६,१५४ | १,२७७,९०० | ३२,१११ | १२ |
| १६ | चिली | ६०३,९८६ | ५७३,६८१ | १६,४८८ | २१ |
| १७ | इराक | ५९३,५४१ | ५३४,८०१ | १२,८०० | २० |
| १८ | बेल्जीयम | ६४१,४११ | ४४,१३६ | १९,३६१ | १९ |
| १९ | इन्डोनेसिया | ७२७,१२२ | ५९६,७८३ | २१,७०३ | २२ |
| २० | बंगलादेश | ५११,२६१ | ४५४,५६३ | ७,५०९ | २६ |
| २१ | फिलिपिन्स | ४७१,५२६ | ४३९,०१६ | ९,१६२ | २७ |
| २२ | युक्रेन | १,०३७,३६२ | ६८१,८३५ | १८,०८१ | १७ |
| २३ | टर्की | २,१७८,५८० | २,०५८,४३७ | २०,३८८ | १८ |
| २४ | साउदी अरेबिया | ३६२,४८८ | ३५३,५१२ | ६,२०४ | ३० |
| २५ | नेडरलान्ड | ७७७,९०२ | अप्राप्त | ११,२१२ | २४ |
| २६ | पोलान्ड | १,२६८,६३४ | १,०१४,००५ | २७,४५४ | १३ |
| २७ | पाकिस्तान | ४७७,२४० | ४३०,११३ | १०,०४७ | २८ |
| २८ | चेक गणतन्त्र | ६८५,२०२ | ५७६,४९९ | ११,३०२ | २३ |
| २९ | इजरायल | ४१२,३९८ | ३६९,११७ | ३,२९२ | ३२ |
| ३० | रोमानिया | ६२३,०६६ | ५४९,२६२ | १५,४६९ | २५ |
| ३१ | क्यानाडा | ५६५,५०६ | ४७८,१५७ | १५,३७८ | २९ |
| ३२ | मोरोक्को | ४३५,१८९ | ४०१,४२९ | ७,३१४ | ३१ |
| ३३ | नेपाल | २५९,५४८ | २५१,३१२ | १,८४० | ३७ |
| ३४ | इक्वेडर | २१०,३२६ | १८४,५०७ | १४,००१ | ४० |
| ३५ | स्वित्जरलान्ड | ४४२,४८१ | ३१७,६०० | ७,४९३ | ३३ |
| ३६ | बोलिभिया | १५६,८८७ | १३०,९१० | ९,१३५ | ४५ |
| ३७ | पोर्तुगल | ४००,००२ | ३२७,७९४ | ६,७५१ | ३४ |
| ३८ | पनामा | २३८,२७९ | १८९,७६४ | ३,९३३ | ४३ |
| ३९ | कतार | १४३,४२८ | १४१,१४७ | २४५ | ४९ |
| ४० | संयुक्त अरब इमिरेटस | २०४,३६९ | १८१,४०० | ६६२ | ४२ |
| ४१ | डोमिनिकन गणतन्त्र | १६८,२६५ | १२९,९६५ | २,४०५ | ४६ |
| ४२ | कुवेत | १५०,०९३ | १४६,०५६ | ९३२ | ४८ |
| ४३ | स्वीडेन | ४२८,५३३ | अप्राप्त | ८,४८४ | ३६ |
| ४४ | ओमान | १२८,६३३ | १२१,३५६ | १,४९७ | ५७ |
| ४५ | कजाख्स्तान | १५३,९२५ | १४१,७३१ | २,२६२ | ५४ |
| ४६ | कोस्टा रिका | १६६,७९९ | १३०,९८९ | २,१५६ | ५० |
| ४७ | मीश्र | १३५,२३३ | १११,०४० | ७,५२० | ६० |
| ४८ | ग्वाटेमाला | १३६,२८७ | १२५,१६१ | ४,७८१ | ५८ |
| ४९ | जापान | २२३,१२० | १८६,९४६ | ३,३०६ | ४४ |
| ५० | अस्ट्रिया | ३५५,३५२ | ३२८,९७४ | ६,०५९ | ३५ |
| ५१ | बेलारूस | १९०,४०४ | १६९,२५७ | १,४०४ | ५१ |
| ५२ | होन्डुरस | १२०,९१२ | ५६,५८० | ३,१११ | ६२ |
| ५३ | इथियोपिया | १२३,३८८ | ११०,७३९ | १,९१३ | ६१ |
| ५४ | भेनेजुयला | ११२,८६१ | १०६,९५८ | १,०२१ | ६६ |
| ५५ | आर्मेनिया | १५८,२९६ | १४०,९४२ | २,७९७ | ५२ |
| ५६ | चीन | ८७,०२७ | ८२,०३७ | ४,६३४ | ७१ |
| ५७ | बहराइन | ९२,१६९ | ८९,८०४ | ३५१ | ७० |
| ५८ | लेबनान | १७५,११८ | १२५,४७३ | १,४३० | ५५ |
| ५९ | मोल्डोभा | १४२,८५१ | १२८,५०१ | २,९३४ | ६३ |
| ६० | हङ्गेरी | ३१७,५७१ | १३८,३६५ | ९,२९२ | ३९ |
| ६१ | जोर्डान | २९१,३९३ | २६६,६२२ | ३,८०१ | ३८ |
| ६२ | उज्बेकिस्तान | ७६,९८५ | ७४,७८९ | ६१४ | ७९ |
| ६३ | नाइजेरिया | ८५,५६० | ७१,९३७ | १,२६७ | ८२ |
| ६४ | पारागुए | १०६,१३६ | ८०,०९७ | २,२२० | ७६ |
| ६५ | आयरलान्ड | ८८,४३९ | २३,३६४ | २,२१३ | ८१ |
| ६६ | लिबिया | ९९,३५० | ७०,४१२ | १,४४४ | ७४ |
| ६७ | कीर्गीज्स्तान | ८०,८४३ | ७५,६२४ | १,३५४ | ८० |
| ६८ | ट्युनिसिया | १३४,८०२ | १०४,४०१ | ४,५७० | ६७ |
| ६९ | सिंगापुर | ५८,५४२ | ५८,४०० | २९ | ८६ |
| ७० | अल्जेरिया | ९८,९८८ | ६६,५५० | २,७४५ | ७५ |
| ७१ | स्लोभाकिया | १७०,१८७ | १२१,७६० | १,९८३ | ६४ |
| ७२ | अजरबैजान | २१६,५८४ | १७६,२२८ | २,५७५ | ५९ |
| ७३ | केन्या | ९६,१३९ | ७७,६५९ | १,६६५ | ७३ |
| ७४ | प्यालेस्टिन | १३५,४५९ | ११३,०८२ | १,३५१ | ७२ |
| ७५ | म्यानमार | १२३,१५३ | १०५,२७९ | २,६३७ | ६८ |
| ७६ | बुल्गेरिया | १९९,४९१ | ११५,४०२ | ७,४०५ | ४७ |
| ७७ | बोस्निया र हर्जगोभिना | ११०,४५४ | ७६,८०२ | ४,०२४ | ६९ |
| ७८ | घाना | ५४,६८१ | ५३,४६२ | ३३५ | ८७ |
| ७९ | क्रोएसिया | २०६,५९६ | १९५,१२८ | ३,७९५ | ५६ |
| ८० | डेनमार्क | १५८,४४७ | ११८,७२७ | १,२२६ | ७७ |
| ८१ | सर्बिया | ३३१,७५५ | ३१,५३६ | ३,११९ | ४१ |
| ८२ | अफगानिस्तान | ५२,३३० | ४१,८०१ | २,१८९ | ८८ |
| ८३ | जर्जीया | २२४,१५५ | २०८,९५१ | २,४४३ | ५३ |
| ८४ | ग्रीस | १३६,९७६ | ९,९८९ | ४,७३० | ६५ |
| ८५ | एल साल्भाडोर | ४५,४१५ | ४०,६६२ | १,३१३ | ८९ |
| ८६ | स्लोभेनिया | ११७,३०५ | ९५,६८८ | २,६३१ | ७८ |
| ८७ | मलेसिया | १०८,६१५ | ८६,७१५ | ४५७ | ८३ |
| ८८ | उत्तर मेसेडोनिया | ८२,३०१ | ६०,२५६ | २,४७३ | ८४ |
| ८९ | अस्ट्रेलिया | २८,३८१ | २५,७५२ | ९०९ | ९५ |
| ९० | दक्षिण कोरिया | ५९,७७३ | ४१,४३५ | ८७९ | ९४ |
| ९१ | क्यामरून | २६,२७७ | २४,८९२ | ४४८ | ९७ |
| ९२ | आइभोरि कोस्ट | २२,२५० | २१,८७२ | १३७ | ९९ |
| ९३ | अल्बानिया | ५७,१४६ | ३२,७०० | १,१७० | ९० |
| ९४ | नर्वे | ४८,२७८ | ३७,६५८ | ४३३ | ९१ |
| ९५ | मोन्टेनेग्रो | ४७,४०४ | ३७,९०० | ६७७ | ९२ |
| ९६ | लक्जम्बर्ग | ४६,०८८ | ४०,६०८ | ४८९ | ९३ |
| ९७ | मडागास्कर | १७,७१४ | १७,२२८ | २६१ | १०३ |
| ९८ | जाम्बिया | २०,१७७ | १८,३८० | ३८५ | १०१ |
| ९९ | फिन्लान्ड | ३५,४२० | २६,००० | ५५० | ९६ |
| १०० | सेनेगल | १८,८०६ | १७,०९६ | ३९५ | १०५ |
| १०१ | लिथुआनिया | १३४,२८५ | ६६,४८५ | १,३४७ | ८५ |
| १०२ | सुडान | २३,३१६ | १३,५२४ | १,४६८ | १०२ |
| १०३ | नामिबिया | २२,८५१ | १८,७४३ | १९५ | १०८ |
| १०४ | मोजाम्बिक | १८,३७२ | १६,४३९ | १६२ | १०६ |
| १०५ | उगान्डा | ३४,२८१ | ११,४५० | २५० | १०० |
| १०६ | गिनी | १३,६८८ | १३,०८२ | ८० | ११० |
| १०७ | माल्दिभ्स | १३,६९१ | १३,१०९ | ४८ | १११ |
| १०८ | प्रजातान्त्रिक गणतन्त्र कंगो | १७,१८२ | १४,६५८ | ५८४ | ११२ |
| १०९ | ताजिकिस्तान | १३,२६५ | १२,७६३ | ९० | ११३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११० | अंगोला | १७,३७१ | १०,६२७ | ४०३ | १०७ |
| १११ | फ्रेन्च गीयाना | १२,८९६ | ९,९९५ | ७१ | ११५ |
| ११२ | श्री लंका | ४२,०५६ | ३३,९२५ | १९५ | ९८ |
| ११३ | हैटी | ९,९५८ | ८,५८२ | २३६ | १२२ |
| ११४ | जमैका | १२,७५२ | १०,२०७ | २९८ | ११७ |
| ११५ | ग्याबोन | ९,५१० | ९,३५६ | ६४ | १२३ |
| ११६ | क्याबो भर्ड | ११,७५२ | ११,५०४ | ११२ | ११६ |
| ११७ | जिम्बाबे | १३,३२५ | ११,०६७ | ३५९ | १२० |
| ११८ | मौरितानिया | १३,९८९ | १०,८३० | ३३४ | १२४ |
| ११९ | ग्वाडेलौप | ८,५८८ | २,२४२ | १५४ | १२५ |
| १२० | फ्रेन्च पोलीनेसिया | १६,७९५ | ४,८४२ | ११३ | १०९ |
| १२१ | क्युबा | ११,६०१ | ९,८७५ | १४३ | १२६ |
| १२२ | बहामाज | ७,८४६ | ६,१७७ | १७० | १२९ |
| १२३ | बोत्स्वाना | १४,०२५ | ११,६२७ | ४० | ११९ |
| १२४ | माल्टा | १२,५४१ | १०,९१९ | २१५ | १२१ |
| १२५ | मलावी | ६,३८८ | ५,६८८ | १८८ | १३४ |
| १२६ | इस्वाटिनी | ८,९३४ | ७,०४८ | १७५ | १३२ |
| १२७ | सिरिया | ११,२४३ | ५,२४८ | ६९६ | १२८ |
| १२८ | लात्भिया | ३७,६७६ | २६,११५ | ६०३ | १०४ |
| १२९ | ट्रिनिडाड एन्ड टोबागो | ७,१२७ | ६,५९५ | १२५ | १३१ |
| १३० | रियुनियन | ८,९३६ | ८,४९६ | ४२ | १२७ |
| १३१ | जिबौटी | ५,८१३ | ५,७१६ | ६१ | १४० |
| १३२ | निकारागुआ | ६,०४६ | ४,२२५ | १६५ | १३६ |
| १३३ | हङकङ | ८,७२५ | ७,६१६ | १४३ | १३३ |
| १३४ | कंगो | ६,९०८ | ५,८३१ | १०७ | १३७ |
| १३५ | सुरिनाम | ६,०९८ | ५,६३३ | १२० | १४४ |
| १३६ | र्वान्डा | ८,१२८ | ६,३३९ | ७९ | १३५ |
| १३७ | इक्वेटोरियल गिनी | ५,२४८ | ५,०९७ | ८६ | १४६ |
| १३८ | केन्द्रीय अफ्रिकी गणतन्त्र | ४,९६१ | १,९२४ | ६३ | १४७ |
| १३९ | आइसलान्ड | ५,७३६ | ५,५६६ | २८ | १४२ |
| १४० | इस्टोनिया | २६,२८३ | १६,९६५ | २२१ | ११४ |
| १४१ | अन्डोरा | ७,९१९ | ७,३६० | ८४ | १३० |
| १४२ | अरूबा | ५,३७३ | ५,११८ | ४९ | १४८ |
| १४३ | मायोत्ते | ५,८९० | २,९६४ | ५५ | १४५ |
| १४४ | साइप्रस | २१,३१५ | २,०५७ | ११७ | ११८ |
| १४५ | गुयाना | ६,३०१ | ५,७७७ | १६४ | १४३ |
| १४६ | सोमालिया | ४,६९० | ३,६०५ | १२७ | १५० |
| १४७ | थाइलान्ड | ६,६९० | ४,२१२ | ६१ | १५१ |
| १४८ | गाम्बिया | ३,७९७ | ३,६६४ | १२४ | १५२ |
| १४९ | मार्टिनक्यू | ६,०९१ | ९८ | ४३ | १४१ |
| १५० | माली | ६,७९६ | ४,४९२ | २६२ | १४९ |
| १५१ | बेलिज | १०,६६८ | ९,५९३ | २४१ | १३८ |
| १५२ | उरूग्वे | १७,९६२ | १२,५०६ | १६८ | १३९ |
| १५३ | दक्षिण सुडान | ३,५११ | ३,१३१ | ६३ | १५३ |
| १५४ | बेनिन | ३,२०५ | ३,०६१ | ४४ | १५४ |
| १५५ | बुर्किना फासो | ६,५३७ | ४,८०३ | ८२ | १५६ |
| १५६ | गिनी बिसाउ | २,४५२ | २,३९७ | ४५ | १५७ |
| १५७ | सिएरा लियोन | २,५६९ | १,८७५ | ७६ | १५८ |
| १५८ | टोगो | ३,६०४ | ३,३६६ | ६८ | १५५ |
| १५९ | यमन | २,०९६ | १,३८७ | ६१० | १६० |
| १६० | न्यु जीलान्ड | २,१५१ | २,०७७ | २५ | १६२ |
| १६१ | लेसोथो | ३,००५ | १,४८० | ५१ | १६१ |
| १६२ | चाड | २,०४८ | १,६८६ | १०४ | १६३ |
| १६३ | लाइबेरिया | १,७७९ | १,४०६ | ८३ | १६४ |
| १६४ | नाइजर | ३,२०८ | १,७६७ | १०२ | १६६ |
| १६५ | भियतनाम | १,४५४ | १,३१९ | ३५ | १६७ |
| १६६ | कुरासाओ | ४,१७९ | २,६५७ | १४ | १५९ |
| १६७ | साओ टोम एन्ड प्रिन्सिप | १,०१४ | ९६३ | १७ | १७२ |
| १६८ | सान मारिनो | २,३३३ | २,०१० | ५९ | १६५ |
| १६९ | च्यानल टापू | ३,००४ | २,१८० | ५७ | १६९ |
| १७० | सिन्ट मार्टेन | १,४२३ | १,३०८ | २७ | १७० |
| १७१ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | १७५ |
| १७२ | टर्क्स एन्ड कैकोस | ८६५ | ७६३ | ६ | १७४ |
| १७३ | जिब्राल्टर | १,७९३ | १,१७६ | ६ | १७१ |
| १७४ | पपुआ न्यू गिनी | ७८० | ६६१ | ९ | १७९ |
| १७५ | बुरून्डि | ८०९ | ६८७ | २ | १७७ |
| १७६ | सेन्ट मार्टिन | ९६१ | ८५५ | १२ | १७६ |
| १७७ | ताइवान | ७९५ | ६६१ | ७ | १७८ |
| १७८ | कोमोरोस | ७६५ | ७०० | ९ | १८० |
| १७९ | लिक्टेन्स्टाइन | २,०६९ | १,७६४ | ३८ | १६८ |
| १८० | तान्जानिया | ५०९ | १८३ | २१ | १८३ |
| १८१ | फैरोए टापू | ६०१ | ५३५ | | १८४ |
| १८२ | इरिट्रिया | १,२२० | ६४३ | १ | १८२ |
| १८३ | मौरिसियस | ५२७ | ४९६ | १० | १८५ |
| १८४ | मोनाको | ८२७ | ६९२ | ३ | १८१ |
| १८५ | आइल अफ मान | ३७४ | ३४६ | २५ | १८७ |
| १८६ | भुटान | ६३६ | ४४५ | | १८६ |
| १८७ | मंगोलिया | १,१९५ | ८२४ | १ | १७३ |
| १८८ | कम्बोडिया | ३६४ | ३६१ | | १८८ |
| १८९ | केमान आइलान्ड | ३२६ | २९३ | २ | १९० |
| १९० | बार्बाडोस | ३७१ | ३०७ | ७ | १८९ |
| १९१ | बर्मुडा | ५९५ | ४२१ | १० | १९२ |
| १९२ | क्यारिबियन नेडरलान्ड | १८२ | १७४ | ३ | १९४ |
| १९३ | सेशेल्स | २१७ | २०७ | | १९३ |
| १९४ | ब्रुनइ | १५२ | १४९ | ३ | १९५ |
| १९५ | एन्टिगुआ एन्ड बर्बुडा | १५८ | १४७ | ५ | १९६ |
| १९६ | सेन्ट बार्थ | १८४ | १७२ | १ | १९७ |
| १९७ | सेन्ट लुसिया | ३३१ | २७४ | ५ | १९१ |
| १९८ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ११३ | ८९ | | १९९ |
| १९९ | ब्रिटिस भर्जिन टापू | ८६ | ७४ | १ | २०० |
| २०० | मकाओ | ४६ | ४६ | | २०१ |
| २०१ | डोमिनिका | ८८ | ८३ | | १९८ |
| २०२ | फिजी | ४९ | ४४ | २ | २०४ |
| २०३ | टिमोर लेस्टे | ४४ | ३२ | | २०६ |
| २०४ | ग्रेनाडा | १२७ | १०७ | | २०२ |
| २०५ | न्यू क्यालेडोनिया | ३८ | ३७ | | २०५ |
| २०६ | भेटिकन सिटी | २७ | १५ | | २०७ |
| २०७ | लावस | ४१ | ४० | | २०३ |
| २०८ | सेन्ट किट्स एन्ड नेभिस | ३२ | २७ | | २०८ |
| २०९ | ग्रीनलान्ड | २६ | १९ | | २०९ |
| २१० | सेन्ट पीरे मिक्वेलोन | १५ | १४ | | २१२ |
| २११ | मोन्टसेराट | १३ | १२ | १ | २१३ |
| २१२ | फकलान्ड टापू | २९ | १७ | | २११ |
| २१३ | पश्चिमी सहारा | १० | ८ | १ | २१४ |
| २१४ | एमएस जान्डाम | ९ | ७ | २ | २१५ |
| २१५ | सोलोमन टापू | १७ | १० | | २१० |
| २१६ | अन्गिवला | १३ | १२ | | २१६ |
| २१७ | मार्शल टापू | ४ | ४ | | २१७ |
| २१८ | वालिस एन्ड फुटुना | ४ | १ | | २१८ |
| २१९ | समोआ | २ | २ | | २१९ |
| २२० | भनौतु | १ | १ | | २२० |
| | जम्मा | ८,२३,२७,४९८ | ५,८३,३८,९०६ | १७,९६,५४५ | |
| | मंसिर १५ सम्म जम्मा | ४,५९,२१,७९४ | ३,३२,५२,२८४ | ११,९३,९१२ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७७।०९।१५ समय : ११:४५ (GMT: 06:00) | | | |

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (१४)

## परिच्छेद-७

### भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था

**२७. नक्सा पास नगराई भवन निर्माण गर्न नहुने :** (१) कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन ।

तर गाउँपालिका वा नगरपालिकाले तोकेको क्षेत्र र संरचनाको हकमा नक्सा पास नगराई पनि भवन निर्माण गर्न बाधा पर्ने छैन ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि 'भवन निर्माण' भन्नाले नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहडा फेर्ने वा साविकमा थपघट गरी झ्याल, ढोका, बार्दली, कौशी, दलान, टहरा, तवेला वा ग्यारेज बनाउने वा कम्पाउण्ड वाल लगाउने कार्य सम्झनु पर्छ र सो शब्दले संयुक्त आवासको लागि बनाइने भवन समेतलाई जनाउँछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नु पर्नेछ र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्नेछ ।

(३) गाउँपालिका वा नगरपालिकाको पूर्व स्वीकृति नलिई भवनका लागि जग्गाको खण्डीकरण वा प्लटिङ गर्न पाइने छैन ।

(४) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रमा रहेका भवनहरूको वर्गीकरण गरी भूकम्प वा विपद्का दृष्टिले जोखिमयुक्त भवनहरूलाई पुनर्निमाण गर्न, प्रबलीकरण (रेक्टोफिटिङ) गर्न वा भत्काउन आदेश दिन सक्नेछ ।

(५) गाउँपालिका तथा नगरपालिकाले प्रचलित कानून र नेपाल सरकारले तोकेको मापदण्ड विपरीत नहुने गरी ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय वा पुरातात्त्विक दृष्टिले महत्त्वपूर्ण देखिएका कुनै बस्ती वा सोको कुनै क्षेत्रमा बन्ने भवनको उचाई, सेट ब्याक, छानो, अग्रभाग, निर्माण सामग्रीको किसिम, रंग वा कलात्मकता झल्कने गरी भवन निर्माणको मापदण्ड तोक्न सक्नेछ ।

(६) गाउँपालिका तथा नगरपालिकाले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरूको लागि जग्गा तथा भवनको प्रकृति, आकार प्रकार र क्षेत्रफलको आधारमा समान ढाँचाको नमुना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

**२८. अनुमतिको लागि दरखास्त दिनु पर्ने :** (१) गाउँपालिका वा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सासहित गाउँपालिका वा नगरपालिकाले तोकेको ढाँचामा गाउँपालिका वा नगरपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

**स्पष्टीकरण :** यस परिच्छेदको प्रयोजनको लागि 'सरकारी कार्यालय' भन्नाले राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल, नेपाल प्रहरी, प्रदेश प्रहरीलगायतका सबै सरकारी कार्यालय र अदालत सम्झनु पर्छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भवन निर्माण गर्ने अनुमतिको लागि दरखास्त दिँदा कुनै सरकारी निकायले राष्ट्रिय सुरक्षाको दृष्टिले भवनको नक्सा पेश गर्न नमिल्ने भएमा त्यस्तो दरखास्तमा भवनको लम्बाइ, चौडाइ, उचाइ र तला तथा जम्मा क्षेत्रफल मात्र उल्लेख गर्न सक्नेछ ।

**स्पष्टीकरण :** यस परिच्छेदको प्रयोजनको लागि 'नक्सा' भन्नाले भवन निर्माण सम्बन्धी रेखाचित्र, विवरण र अन्य कागजपत्र सम्झनु पर्दछ ।

**२९. नक्सामा खुलाउनु पर्ने :** नयाँ भवन निर्माण गर्ने नक्सामा अन्य कुराहरूको अतिरिक्त सो भवनको छुट्टै चर्पी र सकपिट तथा त्यस्तो भवन अर्को भवनसँग जोडी बनाउने भएमा सो भवनको छुट्टै किलास रहने गरी नक्सामा खुलाउनु पर्नेछ ।

**३०. हक भोगको निस्सा वा मञ्जुरीको लिखत पेश गर्नु पर्ने :** दफा २८ बमोजिम भवन निर्माण गर्ने अनुमतिको लागि दरखास्त दिँदा आफ्नो हक भोगको जग्गामा भवन निर्माण गर्ने भए हक भोगको निस्सा र अरूको हक भोगको जग्गामा भवन निर्माण गर्ने भए निजको हक भोगको निस्सासहित मञ्जुरीको लिखतसमेत पेश गर्नु पर्नेछ ।

तर नक्सा पास प्रयोजनको निमित्त आवश्यक मापदण्ड पूरा गर्न अरु कसैको जग्गा लिज वा भाडामा लिन पाइने छैन ।

**३१. जाचबुझ गर्ने :** दफा २८ बमोजिम भवन निर्माण

गर्ने अनुमतिको लागि दरखास्त परेको सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सो दरखास्त रीतपूर्वकको छ छैन जाँचबुझ गरी कुनै रीत नपुगेको भए सो पुऱ्याउन लगाई रीतपूर्वकको दरखास्त परे देहाय बमोजिम गर्नु पर्नेछः-

(क) त्यस्तो भवनको निर्माणबाट सँधियार कसैलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई पन्ध्र दिनभित्र उजुर गर्न आउनु भनी आफ्नो कार्यालय, सँधियारको घर दैलो र भवन निर्माण हुने ठाउँमा सबैले देख्ने गरी सूचना टाँस्ने,

(ख) खण्ड (क) बमोजिमको सूचनामा उल्लेखित म्याद नाघेको तीन दिनभित्र इञ्जिनियर वा सबइञ्जिनियर र अन्य कर्मचारीसमेत संयुक्त रूपमा खटाई दरखास्तमा उल्लेख भए बमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने कुराको जाँच गर्न लगाउने ।

**३२. प्रतिवेदन पेश गर्ने :** दफा ३१ को खण्ड (ख) बमोजिम खटिएका कर्मचारीहरूले नेपाल सरकारबाट तोकेको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड बमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने कुराको जाँचबुझ गर्नको लागि सर्जमिन गरी सर्जमिनमा उपस्थित भएका व्यक्तिले भनेका कुराहरू समेत खुलाई सर्जमिन मुचुल्का तयार गरी दरखास्तमा उल्लेख भए बमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने व्यहोरा खुलाई त्यसरी जाँचबुझ गर्न खटिएको मितिले पन्ध्र दिनभित्र गाँउपालिका वा नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**३३. अनुमति दिने :** (१) दफा ३१ को खण्ड (क) बमोजिम उजुर नपरेकोमा दफा ३२ बमोजिम प्रतिवेदन प्राप्त भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले भवन निर्माण गर्ने अनुमति दिनु पर्नेछ ।

(२) दफा ३१ को खण्ड (क) बमोजिम कसैको उजुर परी हक बेहकमा निर्णय दिनु पर्ने अवस्थामा बाहेक दफा ३२ बमोजिम प्रतिवेदन प्राप्त भएको मितिले तीस दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले भवन निर्माणको अनुमति दिनु पर्नेछ ।

(३) दफा ३१ को खण्ड (क) बमोजिम परेको उजुरीबाट भवन निर्माण गर्ने जग्गामा तेरो मेरो परी हक बेहक छुट्याउनु पर्ने देखिन आएमा त्यस्तो उजुरी परेको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष उजुर गर्न जानु भनी पर्चा खडा गरी सम्बन्धित पक्षहरूलाई सुनाउनु पर्नेछ ।

तर त्यस्तो जग्गामध्ये केही भागमा मात्र विवाद परेको र त्यस्तो विवाद परेजतिको जग्गामा अदालतबाट ठहरे बमोजिम हुने गरी बाँकी जग्गामा भवन निर्माण गर्न मञ्जुर गरी अर्को नक्सासहित दरखास्त दिएमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिन सक्नेछ ।

(४) यस दफा बमोजिम भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिका वा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**३४. नक्सा पास गर्ने :** (१) दफा ३३ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले कुनै भवन निर्माण गर्न अनुमति दिँदा त्यस्तो भवनको नक्सासमेत पास गरिदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले कुनै भवनको नक्सा पास गर्दा भौतिक विकास योजना र प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड अनुकूल हुने गरी नक्सामा आवश्यक थपघट गरी पास गर्न सक्नेछ ।

**३५. नक्सामा हेरफेर गर्ने :** दफा ३४ बमोजिम पास भएको नक्सामा पछि केही हेरफेर गर्नु परेमा तला थप्ने, मोहडा बदल्ने वा लम्बाइ, चौडाइ बढाउने कुरा बाहेक प्रचलित कानून बमोजिम निर्धारित मापदण्डमा प्रतिकूल असर नपर्ने गरी अन्य कुरा गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतले नक्सामा हेरफेर गर्न स्वीकृति दिन सक्नेछ ।


तर तला थप्ने, मोहडा बदल्ने वा लम्बाइ, चौडाइ बढाउने कार्यका लागि निर्धारित मापदण्ड अनुकूल हुने गरी संशोधित नक्सा पेश गरेमा गाउँपालिका वा नगरपालिकाले तोकेको थप दस्तुर लिई स्वीकृत गर्न सकिनेछ ।

**३६. सूचना दिने :** यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३२ बमोजिम प्राप्त प्रतिवेदन अनुसार वा अन्य कुनै कारणले भवन निर्माण गर्न अनुमति दिन नमिल्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यसको कारण खुलाई त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले सात दिनभित्र दफा २८ बमोजिम भवन निर्माण गर्न अनुमतिको लागि दरखास्त दिने व्यक्ति वा सरकारी निकायलाई सूचना दिनु पर्नेछ ।

**३७. उजुरी दिन सक्ने :** (१) दफा ३३ बमोजिमको म्यादभित्र अनुमति नपाएमा त्यस्तो म्याद नाघेको मितिले र दफा ३६ बमोजिम दिएको सूचनामा चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले पैंतीस दिनभित्र दफा २८ बमोजिम भवन निर्माण गर्न अनुमतिको लागि दरखास्त दिने व्यक्ति वा निकायले अध्यक्ष वा प्रमुख समक्ष उजुर दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उजुरी परेमा अध्यक्ष वा प्रमुखले सो सम्बन्धमा जाँचबुझ गरी भवन निर्माणको अनुमति दिनु पर्ने देखिएमा यथाशीघ्र अनुमति दिनको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिनु पर्नेछ ।

(क्रमशः)



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 56

## CHAPTER XXV.

### PLOT AGAINST GAGAN SINGH

The Rajah apparently kept now on good terms both with the Queen and the Prince ; but the amour of the former with Gagan Singh, not only as affecting his personal honour, but as giving too much power to the faction opposed to his own interests, made him determine on destroying General Gagan Singh.* He dissembled, however, so cleverly that the Queen even never suspected him of feeling any jealousy on the subject, nor of being in any way implicated in the death of her lover. The King secretly pointed out to his two sons the disgrace attaching to the royal house from the intimacy notoriously existing between the Queen and her favourite Minister, adding that he was powerless against the lady, but that the two princes had better avenge the family honour, and adopt some measures to have Gagan Singh destroyed. The younger prince (Mahila Sahib) being quite a lad, was allowed to go about without restraint or suspicion, and had become very intimate with Fateh Jang's family. To Fateh Jang he disclosed the scheme, and by his assistance he managed to secure a man, named Lal Jha, who undertook to shoot the General.**

Besides Fateh Jang, General Abhiman Singh Rana, Kaji Dalbanjan Pandi, and Bir Kishor Pandi were all privy to the scheme, as, of course, was the King him- self, who had originated the whole. Jang Bahadur, as being supposed to be inclined to the Queen's side, was kept in perfect ignorance of everything connected with the plot.

On the night of the 14th of September 1846, at 10 p.m., General Gagan Singh, while engaged in prayer in a chamber in his own house, was killed by a shot fired at him through an open window from an adjoining roof of the building. The shot was fired by Lal Jha, who, in the confusion that ensued, managed to escape from the city, and proceeding direct to the plains, arrived safely at Bettiah.

### THE QUEEN'S PROCEEDINGS

The news of this murder was immediately carried to the Queen, at her palace, Hanuman Dhoka, by the General's son, Captain Wazir Singh. The Queen at once set out on foot for the late General's house, attended by only four female servants. After viewing the corpse of her lover, she vowed vengeance on his murderers, promised him a funeral at the public expense, and forbad his three widows to perform satti. Then taking the sword of state (to which, as a sort of Regent, she was entitled) in her own hand, she proceeded to the Kot, or Court of Assembly for Military Purposes, and ordered the bugles to be sounded for the collection of the troops, and messengers to be sent to summon an immediate assembly of all the civil and military functionaries of the State.

Meantime, Jang Bahadur, having heard of what had passed, arrived at the Kot, in company of his brothers, at the head of the three regiments under his command. He stated that, as General Gagan Singh and himself had been together the Rani's especial servants, and, as Gagan Singh was now murdered, he felt that his own life was also in danger from the same quarter ; and that as the Queen's own life and that of her sons were probably in danger, he advised that an immediate and strict examination into all the circumstances of the case should be instituted, and that severe punishment should be inflicted on all those who should be proved to be guilty, At the same time he urged on the Queen that, as the King- had already, in January 1843, invested her with full political authority in all affairs of the State, she should now act entirely on her own responsibility.

"While Jang was conversing with the Queen, General Abhiman Singh Rana had gone to the Palace and brought the King to the Kot, where, meantime, all the sardars and officers of the State, mostly unarmed, had assembled in pursuance of the Queen's orders — with the exception of Fateh Jang Chautria and his relatives, who had not yet arrived.

* This account of the causes which led to Gagan Singh's death, and of the parties who brought it about, was given to Colonel Thoresby, in 1847, in conversation, by the Heir-Apparent after lie had ascended the throne. It accounts for some apparent inconsistencies as to the origin of the massacre at the Kot, and may be believed as true.

* *Lal Jha was an intriguing mischievous Brahman — a notorious scoundrel — who had frequently been confined, but had always managed to escape for want of positive evidence against him. After the murder of Gagan he escaped to Bettiah, where he met Kaji Jagat Bam Pandi, of the Kalapandar, an exile, who engaged him in a plot to return to Nipal and kill Jang Bahadur. On the road to Nipal, through the Terai, he and his accomplices were seized by the 'awal' fever, but managed to get on to Kathmandu, where Lal Jha was arrested as a suspicious character. He sank under the ' awal,' and when near his death he publicly confessed that he had killed Gagan Sing, and had come back to kill Jang Bahadur, having been promised promotion and rewards by Jagat Bam Pandi if he succeeded in doing so.


Remarking their absence, the Queen sent Jang's brother Bam Baha- dur to summon them without delay. At the same time, she ordered General Abhiman Singh Rana to have Kaji Bir Kishor Pandi put in irons, as she suspected him of being a party, if not a principal, to the murder of the General. The order was immediately executed, the Kaji strongly asserting his own innocence. Enraged at his continued denials of all knowledge of the crime, the Queen ordered General Abhiman Rana to cut off his head. The General referred to the King, who was present, for his orders; but the King, knowing well who was the real criminal, would not sanction such an execution without the trial or confession of the prisoner. The General, therefore, refused to obey the Rani, as her orders were in defiance of those of the King, and left the Queen's presence.

## JANG BAHADUR'S PROPOSAL

The Rani at once sent for Jang, and ordered an immediate council to be held without waiting for the return of Bam and the Chauntrias. The King, however, only too glad of an excuse for postponing the stormy discussion which he knew would arise, and in which he was afraid it might transpire that he himself was the author, and the Chauntrias the abettors, of the late murder, said that no council would be safe, nor investigation complete, without Fateh Jang's presence and prudence to guide it, and rode off in company with Kaji Badrinar Singh (Jang's brother) to Fateh Jang's house. After delaying some time there, he sent off Fateh Jang to the Kot in company with his son Kharak Bikram Sah and his two brothers — Sirdar Bir Bahadur Sah and Captain Ransher Sah — with some other members of the family, as well as with Bam Bahadur and Badrinar Singh.

The King himself then, afraid to be present at the investigation ordered by the Rani, with his usual cowardice, slunk away alone, and repaired to the Jang bahadur's proposal.

British Residency under the pretext of wishing to inform the Resident, whom the event in no way concerned, of the murder of Gagan Singh. It being past midnight, an interview was not affected, and the King returned towards the Kot. On reaching its neighbourhood, the gutter in the street was crimson from the blood flowing from the inside of the Kot. So sudden had been the massacre. The people about persuaded the King to retire, out of harm's way, into his Hanuman Dhoka Palace.



On the approach of Fateh Jang and his party to the Kot, they were met by General Jang Bahadur, who was now acting as agent for the Queen. After relating to the Chauntrias all that had occurred, and how Abhiman Rana had refused to execute Bir Kishor Pandi although ordered to do so by the Rani, whose authority was now supreme, he proposed, as a means of appeasing the infuriated Queen and so bringing matters into a tranquil state, that both Abhiman Rana and the Pandi should be summarily executed ; and he offered, with Fateh Jang's approval, to effect their deaths at once. In which case, he added, Fateh Jang should continue as Premier, while he, Jang, would be Commander-in- Chief, and would act under Fateh Jang's orders.

It is evident, from this proposal, that neither the Queen nor her spokesman, Jang, at that time suspected the Chauntrias of being privy to Gagan Singh's death ; and also that at that time Jang had no idea or anticipation of the massacre which was about to ensue, which was not premeditated by anyone, but arose suddenly and unexpectedly out of an accidental collision between a few individuals, at a time when the passions of all were strongly excited by the tragic event which had just occurred, and to investigate which they were then assembled.

Fateh Jang, however, refused to be a party to this plan, and proposed that the Pandi should be fairly tried, and, if found guilty, punished; but he thought that Abhiman Rana had only done his duty. In making this proposal, Fateh Jang well knew that no evidence could be brought against the Pandi ; and he probably calculated that, during the trial, time would be gained, during which he and the other Ministers, who were privy to the murder, might adopt measures of defence against the Queen and her partisans. Had the King but had the courage to have been present to support with his authority and approval the reason- able proposal of his minister and friend, there can be no doubt that the whole affair would have been quietly settled, and the subsequent bloodshed avoided. Throughout the whole proceedings the King exhibited the greatest weakness, cowardice, and irresolution; and on him, not on Jang, ought the responsibility and blame of the subsequent slaughter to be fixed.

**(To be continued)**

सम्पादकको पृष्ठ

# संवैधानिक कू कस्तो हुन्छ ?

संसदीय व्यवस्थाभएका पूँजीवादी देशहरूमा सत्ताधारी दलभित्र लुछाचुँडी, खुट्टा तानातान, कहिलेकाहीँ हानाहानसमेत हुने गरेको विश्व राजनीतिक परिदृश्यमा कुनै नौलो कुरा होइन। यद्यपि कहिलेकाहीँ त्यस्तो दृश्य नीति र कार्यक्रमको मूल मुद्दामा पनि देखिने गरेको छ।

देशको सत्ताधारी दलभित्र पनि अहिले त्यस्तै दृश्य उत्कर्षमा प्रदर्शन भइरहेको छ। हिजो सत्तामा छँदा नेका र राप्रपामा पनि त्यस्तो दृश्य देखिएकै हो। त्यसैले सचेत नेपालीहरूलाई नेकपाले प्रदर्शन गरिरहेको दृश्य न नौलो हो न अन्तिम नै।

सत्ताधारी दलको नाममा कम्युनिष्ट शब्द भएकोले सिद्धान्त, विचार, कार्यनीति, दृष्टिकोणको विषयमा यस्तो विवाद र झगडा भएको वा गरेको भए धेरै राम्रो हुन्थ्यो। तर 'कम्युनिष्ट' शब्दलाई ट्रेडमार्क बनाइसकेको, सिद्धान्त र विचार उहिल्यै टुकुचामा बगाइसके पनि अहिले शासकीय नीति र कार्यक्रमको लागि होइन निकृष्ट पूँजीवादी चरित्र अनुकूल पद र पैसामा झगडा केन्द्रित भएको छ। त्यसैले यो झगडा धेरैलाई हर्ष न विस्मात भएको छ। यद्यपि एक पक्षले अर्को पक्षमाथि लगाएको आरोप र पोलापोलबाट दुवै पक्ष वास्तवमा के हो र को हो भन्ने बुझ्न सजिलो भएको छ। 'सर्पको खुट्टा सर्पलेमात्र देख्छ' भन्ने आहानमात्र चरितार्थ भइरहेको छ।

राजनीति राजनीतिक कर्मीले गरेके राम्रो हुन्छ। तर देशको राजनीति नोकरशाह, उद्योगी–व्यापारी, ठेकेदार, कालाबजारी, कमिसनखोरको खेलौना बनेको छ। यसमा बेलाबखत अदालतले पनि मज्जैले खेलाउँछ। राजनीतिले पनि शपथग्रहणको प्रतिध्वनी नथामिन्दै न्यायकर्मीलाई पार्टी मुख्यालयमा हाजिर गराउँछ। यसले राजनीतिमात्र होइन न्यायपालिका पनि बिटुलो भएको अनुभव गर्न बाध्य पारेको छ।

प्रतिनिधिसभा विघटन गरेपछि संविधानको धारा ७६ निक्कै चर्चामा आएको छ। एक पक्षले धारा अनुकूल र अर्को पक्षले प्रतिकूल दाबी गरिरहेका छन्। अब संवैधानिक अदालतले त्यही धाराको व्याख्या गर्ने बताइएको छ।

विघटनको विरोध गर्नेहरूले शक्ति प्रदर्शनमा लगाइएका नाराहरु अराजनीतिकमात्र होइन अश्लील, नारीद्वेषी, असभ्य पनि थिए। त्यहाँ भट्याएको एउटा नारा भने बडो रोचक लागेको छ – 'असंवैधानिक कू खारेज गर।'

'कू' को अर्थ सत्ता र व्यवस्थाको हेरफेर, उथलपुथल हो। प्रतिनिधिसभा विघटनबाट त्यस्तो परिवर्तन भएको कतै दृष्टिगोचर भएको छैन। दुवै पक्ष संविधानको धारा ७६ मै टेकेर अदालत धाइरहेका छन्। तब यो 'कू' कसरी भयो ? 'कू' भनेको संविधान निर्देशित हुँदैन र कानून अनुकूल पनि हुँदैन। यदि विघटन मन नपराउनेहरूको कुरा मान्ने हो भने संवैधानिक कू कस्तोलाई भनिन्छ ? मानौं विघटन भइसकेको प्रतिनिधिसभा कथंकदाचित भोलि पुनःस्थापना भएमा के त्यो संवैधानिक कू हुन्छ ? सर्वत्र जिज्ञासाको विषय भएको छ।


## भक्तपुर नपाबाट नगरका कलेज र विद्यालयहरू सञ्चालनसम्बन्धमा छलफल



पुस १ गते कलेजका प्राचार्यहरूसँग



मङ्सिर २९ गते विद्यालयका प्रधानाध्यापकहरूसँग



भक्तपुर नपाबाट पुन:निर्माण सम्पन्न गय्‌भिंद्योको पुल